
साहित्यिक त्रैमासिक

# अन्तर्दृष्टि (Insight)




**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**

**International Nepali Literary Society (INLS)**

केन्द्रीय कार्य समिति, वासिङ्टन डि.सी., अमेरिका

साहित्यिक त्रैमासिक
अन्तर्दृष्टि
(Insight)

| | | |
|---|---|---|
| प्रकाशक | : | अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) केन्द्रीय कार्य समिति, वासिङ्टन डि.सी., अमेरिका |
| संस्करण | : | प्रथम |
| प्रधान सम्पादक | : | दीप पाठक |
| कार्यकारी सम्पादक | : | भरतविक्रम ढकाल |
| प्रति | : | ५०० प्रति |
| प्रकाशन | : | वि.सं. २०७५ (सन् २०१९, जनवरी) |
| सर्वाधिकार | : | © प्रकाशकमा |
| मूल्य | : | रु. २००।-, ५ डलर ($) |
| आवरण कला | : | विष्णु विश्वकर्मा |
| कम्प्युटर सेटिङ | : | दीपेन्द्रकुमार जोशी 'निक'/सुमिना जोशी निक द डिजाइनर, नारायणगढ, चितवन ०५६-५७१७४०/९८४५०५३३९१ |

Anterdristi (Insight)
by INLS Central Committee

वर्ष : २५ अङ्क : १ पूर्णाङ्क : ४३ जनवरी २०१९

प्रमुख सल्लाहकार :

**राधेश्याम लेकाली**

**गीता खत्री**

प्रधान सम्पादक :

**दीप पाठक**

कार्यकारी सम्पादक :

**भरतविक्रम ढकाल**

सल्लाहकार सम्पादक :

**प्रकाश पौडेल 'माइला'** **शान्तिराम ढकाल**

**भीमसेन सापकोटा** **सुनिल सङ्गम**

**निशा अर्याल** **गणेश घिमिरे**

**लालगोपाल सुवेदी** **विकास विष्ट**

सम्पादक मण्डल :

**लक्ष्मी राई** (बेलायत)

**अग्निप्रसाद पराजुली** (न्यु ह्याम्पसायर)

**सानु घिमिरे** (अस्ट्रेलिया)

**प्रमोद सारङ्ग** (कोरिया)

**प्रेमप्रसाद भट्टराई** (कतार)

**वाई.बी. गुरुङ** (पोर्चुगल)

**राजेन्द्र श्रेष्ठ 'राज'** (न्युयोर्क)

**निरज क्षेत्री** (अस्ट्रेलिया)

**डन कार्की** (लस एन्जलस)

**मनोज प्रधान** (नर्थ क्यारोलाइना)

**रविन शर्मा** (जापान)

# अध्यक्षको मन्तव्य



नेपाली भाषा, साहित्य, कला र संस्कृतिको उन्नयन र विकासमा विगत सत्ताईस वर्षदेखि निरन्तर योगदान पुऱ्याउँदै आएको गरिमामय अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) को हालै सम्पन्न निर्वाचन (२०१८-२०२०) मा आफ्नो अमूल्य मत प्रदान गरेर विजयी गराउनु हुने सम्पूर्ण ट्रस्टी, आजीवन सदस्यज्यूहरू र निर्वाचन समितिलगायत सबैप्रति हार्दिक कृतज्ञता व्यक्त गर्छु ।

विश्वभरिका स्रष्टाहरूको साझा संस्था हो अनेसास । यसले नियमित आयोजना गर्दै आएका कार्यक्रमहरू, प्रकाशनहरू सबैलाई निरन्तरता दिँदै थप नयाँ कार्यक्रहरूबारे सुझाव सङ्कलन तथा सरसल्लाह गरिरहेको छ। अनेसासका क्षेत्रीय सम्मेलनहरू, च्याप्टर सम्मेलन, चौथो अन्तर्राष्ट्रिय नेपाली महिला साहित्य सम्मेलन, छैटौँ अन्तर्राष्ट्रिय नेपाली महिला साहित्य सम्मेलनको, तयारी भइरहेको छ । साहित्यिक त्रैमासिक **अन्तर्दृष्टि**को प्रकाशन रेडियो हिमालय डट कमबाट प्रसारित हुने अनेसास सञ्चार डबलीको प्रसारण, अनेसास दर्पणको प्रकाशन, विभिन्न विधाहरूको कृति प्रकाशन, विदेशी लेखकसँगको सङ्गोष्ठी, आन्मा, नासिया, एनए, ब्लड डोनर्स एसोसिएसनलगायत विभिन्न संस्थाहरूसितको संयुक्त कार्यक्रम, वेभ साइटको थप व्यवस्थापन, सदस्यहरूको अभिलेखीकरण, च्याप्टरहरूको व्यवस्थापन, पुरस्कारहरूको व्यवस्थापन, विधान संशोधनको प्रक्रिया, अनुवादको कामहरूका बारे वर्तमान कार्य समितिले गृहकार्य गर्दै अघि बढिसकेको अवस्था छ ।

यसैबीच पूर्व अध्यक्षहरूको परिषद् गठन गरिएको छ । यसका साथै विभिन्न अन्य विधाहरूको समिति निर्माण गरेर पनि काम गर्ने गृहकार्य गरिरहेको छ । नेपाली पाठशालालाई प्रभावकारी बनाउन पनि गृहकार्य छ ।

नेपालमा स्थापना गरिएको 'डायस्पोरा डेक्स' को थप व्यवस्थापन, अनेसास भवन निर्माणका लागि आवश्यक पहल आदि कार्य गर्न पनि यो कार्य समिति प्रतिबद्ध रहेको छ ।

रजतजयन्ती मनाइसकेको अनेसासलाई थप गरिमामय बनाउन सबैको सद्भाव, साथ र सहयोगको अपेक्षा गर्छौं । नेपाली साहित्यको विश्वव्यापीकरण गर्न, अन्तर्राष्ट्रिय पुरस्कारहरूमा पहुँच पुऱ्याउन वर्तमान कार्य समिति प्रतिबद्ध छ ।

अन्त्यमा, हालै सम्पन्न निर्वाचनपछि **अन्तर्दृष्टि**को प्रकाशनले हर्षविभोर तुल्याएको छ । **अन्तर्दृष्टि**को प्रकाशनमा अहोरात्र खटेर योगदान पुऱ्याउनु हुने प्रधान सम्पादक दीप पाठक, कार्यकारी सम्पादक भरतविक्रम ढकाल, सम्पूर्ण सम्पादक मण्डल र विशेष गरेर वरिष्ठ उपाध्यक्ष प्रकाश पौडेल 'माइला' र महासचिव गणेश घिमिरेलाई विशेष धन्यवाद ज्ञापन गर्छु ।

अनेसासले **अन्तर्दृष्टि** साहित्यिक त्रैमासिकका माध्यमबाट अनेसासका गतिविधि सारांश प्रकाशन गर्ने नीति पनि अवलम्बन गरेको हो । यथासक्य स्रष्टाहरूको सिर्जनालाई समेट्ने प्रयास पनि हो । **अन्तर्दृष्टि**लाई भविष्यमा अझ परिष्कृत र परिमार्जत गर्ने प्रतिवद्धता पनि हाम्रो छ ।

नेपाली भाषा, साहित्य, कला र संस्कृतिलाई अनेसासले गौरवपूर्ण पहिचानको रूपमा लिएको छ । अनेसासको केन्द्रीय समिति, बोर्ड अफ ट्रस्टी, सबै च्याप्टर र सदस्यहरूले गौरवपूर्ण योगदान पुऱ्याइरहनु भएको छ । सबैजना धन्यवादका पात्र हुनुहुन्छ ।

जय अनेसास !

**राधेश्याम लेकाली**
अध्यक्ष
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
केन्द्रीय कार्य समिति

# शुभकामना



अनेसास केन्द्रीय कार्य समितिले **अन्तर्दृष्टि**को नयाँ अङ्क प्रकाशित गर्न लागिरहेकोमा मलाई ज्यादै खुसी लागेको छ । मानिसहरूको मौलिक परिचयसँगै भाषासाहित्य, कला संस्कृति जोडिएको हुन्छ। भाषाले नै मान्छेको मौलिकता र संस्कृतिलाई सम्बर्द्धन र संरक्षण गर्दै समाजलाई अगाडि बढाइरहेको हुन्छ । साहित्यकै अध्ययनबाट समाजको अवस्था, संसारलाई हेर्ने दृष्टिकोण, भाषिक समृद्धि, भावनाहरूको सम्प्रेषण तथा सभ्यताको परिचय पाउन सकिन्छ। त्यसैले हामी नेपालीहरू जहाँ बसे पनि जहाँ रहे पनि आफ्नो भाषा संस्कृतिलाई सधैँ संरक्षण सम्बर्द्धन गर्न तल्लीन हुन्छौँ ।

यसै सिलसिलामा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले संसारभरि छरिएर बसेका नेपालीहरूलाई एकताको सूत्रमा आबद्ध गर्न नेपाली भाषा साहित्य तथा संस्कृतिको सेवा र यसको प्रचारप्रसार गर्दै आइरहेको छ। नेपाली भाषा साहित्य दिन-प्रतिदिन संसारभर मौलाउँदै र विस्तारित हुँदै गइरहेको हामीले देखिरहेका छौँ। यसै पुनित कार्यमा सरिक हुँदै विगत पच्चीस वर्षदेखि **अन्तर्दृष्टि** प्रकाशित भइरहेको छ। यसको प्रकाशनमा संलग्न सम्पादन मण्डल तथा सहयोगीहरू सबैमा धेरै-धेरै धन्यवाद दिँदै यसको पूर्ण सफलताका निम्ति हृदयदेखि नै शुभकामना दिन चाहन्छ।

जनवरी ६, २०१९

**गीता खत्री**
अध्यक्ष
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
बोर्ड अफ ट्रस्टी (BoT)

# प्रकाशकीय

- **अन्तर्दृष्टि**को यो नवीन अङ्क (अङ्क १, पूर्णाङ्क ४३, वर्ष २५) मा सम्पूर्ण घरदेश र परदेशमा रहनुहुने सबै साहित्यिक मनहरूप्रति हार्दिक स्वागत गर्दछौँ ।
- सन् २०१९ को शुभबिहानीसँगै अनेसासका गतिविधिहरूलाई अझ चुस्त, दुरुस्त बनाउने अभिभाराको महसुस गरेका छौँ ।
- अनेसासको नयाँ केन्द्रीय कार्य समिति बनिसकेको वर्तमान अवस्थामा अनेसासलाई अझ सुदृढ बनाउनु छ, जगाउनु छ र देश र विदेशका साहित्यिक मनहरूलाई जोड्ने सेतु बन्नु छ ।
- नेपाली भाषा र साहित्यलाई माया गर्ने, आफ्ना मनका कुराहरूलाई साहित्यमार्फत् सुनाउने सबै आत्मीय मनहरूलाई हामी अनेसासको मुखपत्रको माध्यमबाट एकत्रित बनाउने क्रममा अगाडि बढेका छौँ ।
- अनेसासलाई कवि, लेखकहरूको मूल थलो बनाई नेपाली साहित्यको मूलधारसँग जोड्ने प्रयत्नमा हामी लागि परिरहेका छौँ ।
- अनेसासको नियमित कार्यक्रमहरूलाई नियमितता र थप केही नयाँ काम गर्न सक्यौँ भने हाम्रो कार्यकाल सफल भएको हामी ठान्नेछौँ अन्यथा हामी एउटा निरन्तरताका लागि आएको मात्र ठहरिनेछ ।
- **अन्तर्दृष्टि**को प्रधानसम्पादकको अभिभारा लिनुहुने कवि दीप पाठक, कार्यकारी सम्पादक भरतविक्रम ढकाल तथा उहाँको सिर्जनशील समूहप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ ।
- यस अङ्कको लेख-रचना उपलब्ध गराइदिनु हुने श्रद्धेय साहित्यकारहरू तथा विज्ञापनदाताहरू हार्दिक नमन गर्दै यो अङ्क यहाँहरूका समक्ष प्रस्तुत गरेका छौँ ।

**राधेश्याम लेकाली**
अध्यक्ष
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
केन्द्रीय कार्य समिति

# सम्पादकीय



- गहिराइपूर्ण हेराइ : अन्तर्दृष्टि ।
- घरदेश छोडेर परदेश हुनेहरूको अलिकति सुस्केरा, अलिकति खुसी, अलिकति स्वाभिमानको खोजी अनि अलिकति बाध्यताको फेहरिस्त : अन्तर्दृष्टि ।
- गुँडबाट बिछोडिएकाहरूको सामूहिक गुँडको खोजी, बचेराबासको निर्माणका खातिर स्वदेश छाडेर सुदूर सहरहरूमा सुदूर उज्यालोका लागि लागिपरेका मनहरूको बिसौनी : अन्तर्दृष्टि ।
- नेपाली भाषा र साहित्यको आँगनमा मखमली बनेर थोरै भए पनि नेपाली भाषालाई गोडमेल गरिरहने साहित्यिक अभियन्ता : अन्तर्दृष्टि ।
- नेपालमा बसेर नेपाल हाँसेको र दुखेको लेख्ने अनि परदेशमा बसेर नेपाल हाँसेको र दुखेको देख्नेहरूको थलो : अन्तर्दृष्टि ।
- नेपाली पाठशालामा बसेर नेपाली वर्णमाला पढी बाह्रखरीको माध्यमबाट घरबारी लेख्नेहरूको साझा चौतारी : अन्तर्दृष्टि ।
- डायस्पोरिक चिन्तन र अभिव्यक्ति प्रस्फुटनको माध्यम : अन्तर्दृष्टि ।
- अन्तर्मनको साहित्यिक सृष्टि र डायस्पोरिक दृष्टि : अन्तर्दृष्टि ।

**दीप पाठक**
प्रधान सम्पादक
अन्तर्दृष्टि प्रकाशन समिति

# विषयसूची

## अन्तर्वार्ता


अहिले पनि आमाको अभाव महसुस हुन्छ ... राष्ट्रकवि माधव घिमिरे ... अन्तर्वार्ताकार : अश्विनी कोइराला ... ११३


## कविता/गीत/गजल/हाइकु/मुक्तक


गजल ... हिमाल अञ्जान (हिमराज न्यौपाने) ... २४ / हड्तालको अवसान ... राजेश प्रसाईं 'सिनामे' ... २५ / चार मुक्तक ... विमल गिरी ... २६ / पालुवा ... विमला निरौला ... ३६ / गजल ... लेख कार्की ... ३७ / माटो ... हरिप्रसाद काफ्ले 'शैव' ... ३८ / तीन हाइकु ... किरण पौडेल ... ४५ / जीवन एब्सट्र्याक्ट आर्ट ... प्रा.डा. गोपी उप्रेती ... ४६ / प्रेमिल रूख ... प्रकाश पौडेल 'माइला' ... ४७ / गजल ... डीआर न्यौपाने 'सूर्य' ... ४८ / साइत ... शान्तिराम ढकाल ... ५२ / गजल ... शान्ता घिमिरे ... ५३ / गजल ... ध्रुव बन्जाडे ... ५३ / दूधको अर्घ ... रबिन शर्मा ... ५४ / जीवन महिमाका : टुक्राहरू ... मोहन सिटौला ... ६० / पद-लुप्त ... राजेन्द्र श्रेष्ठ 'राज' ... ६१ / गजल ... भीमसेन सापकोटा ... ६२ / ब्रड वेका बटुवा ... विकास विष्ट ... ६७ / शब्द ... ललिता जोशी क्षेत्री ... ६८ / गजल ... चक्र कार्की ... ७३ / उसको म ! ... निरज क्षेत्री ... ७४ / गजल ... प्रकाश बन्जारा 'बिहानी' ... ७५ / गजल ... गणेश क्षेत्री ... ७६ / गजल ... प्रेम कटवाल 'जिजीविषा' ... ७८ / निर्मला भन्छिन् ...... सानु घिमिरे ... ७९ / आमा ... विनोद खड्का ... ८१ / गजल ... गणेश घिमिरे ... ८२ / मुक्तकहरू ... कल्पना पराजुली (तिलस्मी प्रभास) ... ८८ / देश दुख्छ ... विन्देश्वर ठाकुर ... ८९ / बोल्न बिर्सिएको वर्तमान ... दीप मिलन ... ९० / गजल ... चन्द्र खड्का 'श्रमिक' ... ९२ / म हराएको सूचना ... सेवकराज

**पौडेल ... ९३ / गजल ... दीपा घिमिरे ... ९४ / गजल ... पुरुषोत्तम सुवेदी ... ९७ / तिमी ... विष्णुप्रसाद घिमिरे ... ९८ / गजल ... नीलकण्ठ सुवेदी ... ९८ / गजल ... विनोदप्रसाद धिमाल 'स्पन्दन विनोद' ... ९९ / गजल ... बिन्दा लामा 'तृष्णा' ... ९९ / चर्खा जिन्दगीको ... रमेश लामिछाने ... १०० / गजल ... विष्णुमाया 'विभु' ... १०७ / गजल ... कल्पना सुवेदी ... १०७ / समयको विद्रोह ... रूप रसाइली विश्वकर्मा ... १०८ / थाहा छ जमाना ... सबी श्रेष्ठ ... १०९ / मुक्तकहरू ... प्रकाश नेपाल ... ११० / कविताको नायकलाई सम्बोधन ... रेगिस्तानी कवि तीर्थ सङ्गम राई ... १११ / मुक्तक ... वाई.बी. गुरुङ ... ११२**

## कथा/लघुकथा

**अन्तिम समाचार ... डा. गोविन्द रावत ... २७ / सम्झनामा मेरी प्यारी ... सन्तोष शर्मा ... ४९ / लोग्नेमान्छे ... शारदा पौडेल ... ५५ / चाँदीको बट्टाभित्रको सपना ... अर्जुन थापा ... ६३ / लेस्बियन ... गोविन्द गिरी प्रेरणा ... ६९ / दृष्टिकोण ... लीलाराज दाहाल ... ७७ / स्नातक ... सुरेन्द्र अस्तफल ... ९१ / अनुगमन ... गणेश श्रमण ... ९५**

## निबन्ध/संस्मरण/नियात्रा

**मुसे धान ... युवराज नयाँघरे ... ३९ / आहा पैसा ! थुइक्क पैसा ! ... रश्मि भट्ट ... १०१**

## समीक्षा/समालोचना

**भाग्यमानी साहित्यकार इन्द्रबहादुर राई ... सुकराज दियाली ... ८३ / गीता खत्रीको 'अन्त्यहीन इच्छा' माथि एक दृष्टि ... प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल ... ११३**

## अनेसास गतिविधि


**अध्यक्ष पदम विश्वकर्माको मन्तव्य (अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको वार्षिक साधारण सभा र नवनिर्वाचित पदाधिकारीहरूको सपथ ग्रहण तथा हस्तान्तरण कार्यक्रम) ... ११७ / पोर्चुगलमा अनेसास खुल्ला वनभोज कार्यक्रम तथा १५ औँ शृङ्खला रचना वाचन कार्यक्रम सम्पन्न ... १२० / पोर्चुगलमा २०४ औँ भानु जयन्ती विशेष बालकविता तथा चित्रकला प्रतियोगिता भव्यरूपमा सम्पन्न ... १२२ / पोर्चुगलमा पहिलोपटक लाइभ साहित्य सङ्गम कार्यक्रम सम्पन्न ... १२४ / पोर्चुगलमा नलिना एकल साङ्गीतिक कार्यक्रम भव्य रूपमा सम्पन्न ... १२५ / पोर्चुगलमा साहित्य र मानवअधिकारविषयक साक्षात्कार तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न ... १२६ / पोर्चुगलमा ११० औँ लक्ष्मीजयन्ती मनाइयो ... १२८ / अनेसास जर्जिया च्याप्टरले गरेका कार्यक्रमहरू ... १३० / जापानमा तातेसिना हाइकुसङ्ग्रहको विमोचन ... १३१ / जापानमा 'काव्यडबली' भव्यताका साथ सम्पन्न ... १३२ / 'लिभिङ टुगेदर' को विमोचन र 'हजार हाइकु' माथि अन्तर्क्रिया सम्पन्न ... १३४ / टोक्योमा अन्तर्राष्ट्रिय नेपाली हाइकु महोत्सव–२०१८ को आयोजना ... १३५ / रचना वाचनसहित जापानमा महाकवि देवकोटाको सम्झना ... १३८ / सेन्ट लुइस मिजौरीमा साहित्यिक भेला सम्पन्न ... १४० / अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज हङकङ च्याप्टरको गतिविधि ... १४१ / नर्थक्यारोलाइना च्याप्टरका गतिविधिहरू ... १४२ / अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कतारको परिचय तथा गतिविधि ... १४३ / अनेसास कोरिया च्याप्टरका गतिविधिहरू ... १४७ / ११० औँ लक्ष्मीजयन्ती तथा राष्ट्रकविज्यूको १०० औँ जन्मोत्सव न्युयोर्कमा सम्पन्न ... १५० / अनेसास न्यु ह्यामसायरको वार्षिक कार्य (प्रगति प्रतिवेदन–२०१८) ... १५२ / अमेरिकाको बोस्टनमा १०९ औँ लक्ष्मीजयन्ती मनाइयो ... १६० / अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको पद हस्तान्तरण ... १६२ / ड्यालसमा लक्ष्मीजयन्ती तथा कविता प्रतियोगिता सम्पन्न ... १६३ / पोर्टल्यान्डमा विशेष साहित्यिक कार्यक्रमको आयोजना ... १६४ / नेपालको तीज बिर्साउने गरी अमेरिकामा यसरी सम्पन्न भयो तीज महोत्सव २०१८ ... १६५ / वरिष्ठ कलाकार नीर शाहको कोलोराडोमा अभिनन्दन ... १६७ / कोलोराडोमा तीन स्रष्टाको स्मृतिमा कवि गोष्ठी सम्पन्न ... १७० / लस एन्जलसमा भानु जयन्ती भव्यताका साथ मनाइयो ... १७१ / अनेसास**

लस एन्जलस च्याप्टरद्वारा साहित्यिक शुभकामना कार्यक्रम सम्पन्न ... १७३ / अनेसास नर्वे च्याप्टरका गतिविधि ... १७५ / बेल्जियम च्याप्टरद्वारा लक्ष्मी जयन्तीको आयोजना ... १७६ / अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज स्पेन च्याप्टरले गऱ्यो साहित्यिक रचनावाचन भेला ... १७८ / अन्तर्राष्ट्रिय बेलायत च्याप्टरको गतिविधि – २०१८ ... १७९ / अनेसास बेलायत च्याप्टरद्वारा स्रष्टाहरूप्रति श्रद्धाञ्जलि ... १८१ / लन्डनमा पारिजात जयन्ती तथा मुक्तकमणि तीर्थराज अधिकारीको एकल मुक्तक वाचन ... १८२ / वातावरण गोष्ठी कविता ... १८३ / लन्डनमा भानुजयन्ती र पाँचौँ सुप्रमा पुरस्कार समारोह सम्पन्न ... १८४ / पूर्वी लन्डनमा अनेसास तथा नेपाली समाजले ऐना बार्कालाई स्वागत ... १८५ / अनेसास बेलायत च्याप्टरको नेतृत्वमा पुनः सुमलकुमार गुरुङ ... १८७ / पर्थ च्याप्टरमा नयाँ नेतृत्व ... १८८ / अनेसास एन.एस.डब्लु सिड्नी, अस्ट्रेलियाका गतिविधि ... १९० / चर्चित साहित्यकार डा. नवराज लम्सालको अस्ट्रेलियामा काव्ययात्रा सम्पन्न ... १९० / अनेसास नयाँ कार्य समितिलाई जिम्मेवारी हस्तान्तरण ... १९२ / 'सुखसूत्र' कृतिको अन्तर्क्रिया सम्पन्न ... १९३ / भानुजयन्ती विशेष सम्पन्न ... १९४ / बालसाहित्य महोत्सव भव्यताका साथ सम्पन्न ... १९५ / अनेसास अस्ट्रेलियाको गतिविधि ... १९६ / काठमाडौँमा ११० औँ देवकोटा जयन्ती सम्पन्न ... १९८ / अध्यक्ष लेकालीलाई बधाई तथा सम्मान कार्यक्रम ... २०० / 'भन्दिनू है बा !' को लोकार्पण ... २०२ / अनेसास बोर्ड अफ ट्रस्टीको निर्वाचन सम्पन्न, गीता खत्री अध्यक्ष निर्वाचित ... २०३ / अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) जापान च्याप्टरका प्रकाशनहरू ... २०५ / अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) नवनिर्वाचित केन्द्रीय कार्य समितिका पदाधिकारीहरू (सन् २०१८–२०२०) ... २०६ / अनेसास बोर्ड अफ ट्रस्टी ... २०७ / अनेसास केन्द्रीय कार्य समितिका हालसम्मका अध्यक्षहरू ... २०९ / अनेसासको मुखपत्र 'अन्तर्दृष्टि' का प्रधान सम्पादकहरू ... २०९ / अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) बोर्ड अफ ट्रस्टीको नवनिर्वाचित कार्य समिति ... २१० / अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) – अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन सम्पन्न भएका मिति र संयोजकहरू ... २११

●

अन्तर्वार्ता

# अहिले पनि आमाको अभाव महसुस हुन्छ



● राष्ट्रकवि माधव घिमिरे



**अन्तर्वार्ताकार :**
**अश्विनी कोइराला**

(सय वर्ष बाँच्ने पृथ्वीमा धेरै थिए र अहिले पनि छन् तर जीवनलाई सार्थक बनाएर सय वर्ष बाँच्नेहरू धेरै कम हुन्छन् । नेपाल यस्तै भाग्यमानी मुलुक हो । सरदर ६९ वर्ष आयु बोकेका नेपालीहरूमध्ये कसैले सार्थक सय वर्ष बाँच्नु करिब-करिब असम्भव जस्तै हो तर राष्ट्रकवि माधव घिमिरे तिनै विरलै व्यक्तिहरूमध्ये एक हुन्, जसले सार्थक सय वर्षको उमेर पार गर्दै छन् ।

राष्ट्रकवि माधव घिमिरेले नेपालमा नपाएको सम्मान र पुरस्कार विरलै छन् । प्रज्ञा प्रतिष्ठान गठन भएको पहिलो कार्यकालमा प्राज्ञ नियुक्त भएका घिमिरे त्यसका कुलपतिसम्म भए । उनको 'अश्वस्थामा' कृति नोबेल पुरस्कारका निम्ति नेपालबाट चयन भयो । राष्ट्रपतिबाट प्राप्त हुने उपल्लो दर्जाको सम्मान र सेनाको सम्मान पनि प्राप्त गरे । उनको खण्डकाव्य **गौरी**ले देवकोटाको **मुनामदन**पछि सबैभन्दा बढी बिक्री भएको रेकर्ड राखेको छ । उनले नपाएको भनेको मदन पुरस्कार हो ।

सय वर्षको उमेरमा **ऋतम्भरा** महाकाव्य लेखिरहेका राष्ट्रकविसँग अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको पत्रिका **अन्तर्दृष्टि**का लागि आख्यानकार

तथा पत्रकार **अश्विनी कोइराला**ले लामो कुराकानी गरेका थिए । उमेरका कारण धेरै बोल्न गाह्रो हुने, मानिसको भीड भइरहने र कतिपय सन्दर्भमा उमेरका कारण बहकिँदै जाने कारणले यो अन्तर्वार्ताका लागि पटक-पटक मिहिनेत गर्नुपरेको कोइरालाले **अन्तर्दृष्टि**लाई जानकारी गराएका छन् । यही कारण यो अन्तर्वार्ता तोकिएको मितिभन्दा केही ढिलो पनि प्राप्त भएको थियो । राष्ट्रकविसँग पटक-पटक गरिएको कुराकानीको सन्दर्भ जोड्दै जाँदा केही लामो भएको महसुस पनि हामीले गरेका छौँ । राष्ट्रकविले यति लामो अन्तर्वार्ता सम्भवतः अन्तिम नै हुनसक्ने भन्दै बेला-बेलामा कुराकानीमा ठठ्यौली पनि गरेका थिए । लामो भए पनि यी कुराकानीहरूबाट उनको जीवनदृष्टि र केही महत्त्वपूर्ण घटना पनि बुझ्न सकिने भएकाले यसलाई त्यही रूपमा प्रस्तुत गरिएको छ - सम्पादक)

**सय वर्षबाट उकालो चढ्दै हुनुहुन्छ, यो उकालो कति गाह्रो छ ?**

अरू धेरैले चढ्न नपाएको उकालो चढ्दा खुसी लागेको छ तर गाह्रो हुन्छ नै । यो बुढेसकाल भन्ने कुरा कस्तो रै'छ भने, धेरै काम गर्न सकिन्थ्यो, सयममा गर्न सकिएन कि भन्ने मनमा आइरहने । अनि बलले र भावनाले साथ नदिँदा-नदिँदै पनि (काम) गर्न तम्सने । तैपनि खुसी लागेको छ । सबैले बधाई दिएका छन्, हर्षित भएका छन् । सरकारले धुमधाम नै गर्‍यो । सबै लेखक, कवि आइपुगे । यत्रो सम्मान हुनु कम्ता ठूलो कुरा होइन ।

**अलिकति स्मरणशक्तिको कुरा गरौँ, मलाई कहीँकतै देख्नुभएको थियो ?**

देखेको हुँ । कमल बाबु (कमल ढकाल, घोस्टराइटिङका अध्यक्ष) सँग आउनुभएको जस्तो लाग्छ । हो/होइन, लौ तपाईं नै भन्नुस् ।

**हो, हो । कसरी ठम्याउनुभयो ?**

तपाईंहरूले दसैँमा टीका लगाउँदा मलाई पैसा दिनुभयो । कमल बाबुले हजार-हजारका नोट दिनुभयो । लिन्न भन्दा-भन्दै तपाईंले देउतालाई चढाएको, स्वीकार गर्नुहोस् भन्नुभयो । त्यो राति मेरो मनमा कुरा खेल्यो - 'अहो ! म देवता जस्तो पो भएँ है ! मान्छे पनि सय वर्ष पुगेपछि देउता बन्दोरहेछ' भन्ने लाग्यो । तपाईंले म पनि लेखक हुँ,

दुई/चार पुस्तक लेखेको छु । खुबै बिक्री भएको छ भन्नुभएको थियो, त्यो सम्झिएँ । बूढो उमेरमा मान्छेलाई प्रभावित बनाउन यस्ता अलि गतिला कुरा भन्नुपर्छ । तपाईंले कुरा गर्न जान्नुभएको रहेछ । अँ ! मैले त्यसरी नै सम्झिएँ हुँला तपाईंलाई । दसैंअघि पनि आउनुहुन्थ्यो क्यार ! तर माफ गर्नुहोला, म तपाईंलाई नामले चाहिँ चिन्दिनँ, अनुहारले चिन्छु । तपाईंका पुस्तक पनि पढेको छैन । दिनुभयो भने पनि पढ्न सक्तिनँ ।

**सबैलाई यसैगरी सम्झन सक्नुहुन्छ ?**

यहाँ बारम्बार आइरहने मानिसको अनुहार सम्झन्छु । कुनै विशेष घटना छन् भने त्यो घटना तानेर उसको नाम पनि सम्झन्छु । न त ऊ को हो ? के गर्छ भन्ने कुरासम्म अलि-अलि थाहा हुन्छ । ठ्याम्मै लक्का जवान जस्तो गरी सम्झन गाह्रो हुन्छ ।

**अरूले बोलेका कुरा कतिसम्म टिप्न सक्नुहुन्छ ?**

कान अलि लाटा भएका छन् । तैपनि कस्तो लाग्छ भने तपाईंले यी प्रश्न गर्दा अलि चर्को स्वरले सोधिरहनु भएको छ र मेरा कान ठीक हुँदाहुँदै यसरी किन सोधेको भन्ने मनमा फुत्त आइदिन्छ । (हाँसो)

**तपाईंका सेता कपाल पनि कालो हुन थालेको छ, के कारणले होला ?**

त्यही त । दसैँमा यही कुरा सोध्नुभएको थियो । मैले भनेको थिएँ क्यारे ! सय वर्ष पुगेपछि मानिस पुरानै चक्रमा घुम्न थाल्छ । फेरि कपाल पलाउने, दाँत आउने हुन्छन् रे । मेरो पनि त्यही भएको होला । खानपान र योगले हो कि भन्ने पनि लाग्छ ।

**दाँत पनि नयाँ आउन थालेका हुन् ?**

पुराना दाँत नै बलिया छन् । पाकेको मासु अझै टोक्न सक्छु तर जोगाउन मन लाग्छ । होसियार गरेर चपाउँछु । शरीरका यी अङ्ग बहुमूल्य सम्पत्ति हुन् भन्ने कुरा बुढेसकाल लागेपछि थाहा हुन्छ ।

**स्वास्थमा केही समस्या छ कि ?**

त्यही एकपल्ट आन्द्रामा समस्या आयो । कहिलेकाहीँ गाह्रो भएजस्तो लाग्छ तर मनलाई बुझाउँछु, बुढेसकालमा अलि-अलि समस्या भैहाल्छ । यी तल ओर्लदा छडीको सहारा लिनुपऱ्यो । मन म ठीक छु भन्छ, शरीरले धर्म छाडिदिन्छ ।

**खानपानमा के रुचि छ ? कस्तो कुरा खान रुचाउनु हुन्छ ?**

म दूध-भात नियमित खान्छु । सानैदेखि गोठमा बसेकोले होला मलाई त्यो मनपर्छ । खाना चाहिन्छ नै । मासु पनि खान्छु तर ब्लड प्रेसर बढेयता डाक्टरले धेरै मासु नखानु भनेकाले अलि अपहेलना जस्तो गर्छु तर कहिलेकाहीँ मनले खोज्छ ।

**यो समयमा के-के अभाव महसुस गर्नुहुन्छ ?**

मानिसको जात कस्तो हो भने कहिल्यै सन्तुष्ट नहुने । फेरि आँखा चारैतिर डुलाएर हेर्दा सबै कुरा पुगेजस्तो लाग्छ । म चार वर्षको छँदा आमा बित्नुभयो । आज पनि आमाको अभाव महसुस हुन्छ । त्यो किनभने सानै उमेरमा विवाह भएको थियो गौरीसँग । त्योबेला उनले मातृत्व दुई छोरीहरूमा मात्र होइन, ममाथि पनि खन्याएकी थिइन् । काठमाडौँको डेरामा बसेर हामी सङ्घर्ष गर्दै थियौँ । त्योबेला टाइफाइडको औषधि बनेकै थिएन । त्यसलाई निको नहुने रोग भनिन्थ्यो । १९ दिन थला परेर बितिन् । उनी बितेपछि मलाई पहिले गौरीको अभाव भएजस्तो महसुस हुन्थ्यो । महाकालीलाई विवाह गरेपछि भने कहिलेकाहीँ आमाको अभाव महसुस हुन्छ ।

**यो कति सालतिरको कुरा हो, सम्झनुहुन्छ ?**

२००४ सालको हुनुपर्छ । त्योबेला म **गोरखापत्र**मा जागिरे थिएँ । राणाहरूले बोलेको कुरा उतार्नु पर्दथ्यो । यस्तो जागिर पाएपछि घरमा छाडेकी गौरीलाई छोरीसहित काठमाडौँ झिकाएँ । उनी पनि नेपाल हेर्न पाउँदा खुसी थिइन् । त्यसपछि अर्की छोरी जन्मिइन् । भर्खर चार/पाँच महिना भएकी थिइन्, गौरी बिरामी भइदिइन् । ती दुःखका कुरा भएकाले हुनुपर्छ, ती कुरा याद छन् । ठूली छोरीले आमालाई त्योबेला पानी तताएर खान दिन्थिन् ।

**'गौरी' खण्डकाव्य कुन बेला लेख्नुभयो ? छापिन किन ढिला भयो ?**

उनी बितेको केहीदिन त रोएरै बिताएँ । छोरीहरूको अनुहारमा उनी नै याद आउने, उनीहरू रुँदा पनि उनी नै याद आउने, नरुँदा पनि उनी नै याद आउने । मैले त्यही श्लोक लेखेको छु । (उनले गाएर त्यो टुक्रा पनि सुनाए ) केही दिनपछि त आँसुसँगै कविताको भेल बग्न थाल्यो ।

त्यो खण्डकाव्य मैले लेखेकै होइन, भित्र ब्रह्माण्ड फुटेर निस्किएको जस्तो लाग्छ । छापिन किन ढिला भयो भने त्यो लेखिसकेपछि पनि मन शान्त भएन । काठमाडौँ बस्नै सकिन । जागिर छाडेर दुई छोरी च्यापेर म गाउँ लमजुङ, पुस्तुन फर्किएँ । त्यसलाई आजभोलि बाहुन गाउँ पनि भन्छन् क्यारे ! उता गएपछि सबैले यतै मास्टर भएर बस, विवाह गर भने । कुरा ठीकै थियो । अनि गाउँमा हेडमास्टरी गरेर बिहे गरेर उतै बसेँ । **गौरी** काव्य गाढधन जस्तो लुकाएर राखेँ । पछि १५ सालतिर हो कि त, छापिएजस्तो लाग्छ ।

**तपाईंका गीतहरू पनि उस्तै अमर छन्, गीत कसरी लेख्नुहुन्छ ?**

कुन गीतको कुरा गर्नुभएको ?

**'आजै र राति के देखेँ सपना...', 'फूलको थुँगा बगेर गयो गङ्गाको पानीमा ...', 'सारङ्गी त रटे पनि ...', 'गाउँछ गीत नेपाली ...' आदि–आदि ।**

ए ... ए ! बुझेँ-बुझेँ, सबै गाइरहनै पर्दैन । ल म भन्छु सुन्नू । कुरा के भने, म गीत गाउँदै गोठमा हुर्किएको केटो थिएँ । हाम्रो घरमा बिहानै शङ्ख-घण्ट बज्दथ्यो । शङ्ख बजेपछि हामी उठ्थ्यौँ । राति भजन-कीर्तन हुन्थ्यो, त्यही सुन्दै हामी निदाउँथ्यौँ । वैदिक मन्त्रोत्चारण सुनेर हामी हुर्किएका हौँ । हाम्रातिर लोकगीत भाका गाउँछन् । यो आजको जस्तो मुखडा र अन्तरा भन्ने पहाडतिर हुँदैन । भानुभक्त र लेखनाथ पौडेल पढेपछि कविता पनि गीतजस्ता हुन्छन् भन्ने थाह भयो । मेरा सबै कविता नै गीतजस्ता छन् तर कविता र गीतमा के फरक हुन्छ भने गीत थोरैमा सक्नुपर्छ, कविता केही लामो पनि बनाउन सकिन्छ । अझ गीतिकाव्यले त कथा नै भन्छ, होइन त ? यसरी मानिसका मनका कुरा पक्रेर उनीहरूको भावनासँग एकाकार हुने शब्द र घटनाका केस्रा समाएर लेख्दा ती राम्रा भएका हुन् ।

**पढाइमा कस्तो हुनुहुन्थ्यो ?**

म उत्तम थिएँ । एकपल्ट मात्रै म दोस्रो भएको उदाहरण छ, नत्र म पहिलो नै भएँ । गाउँमा मात्र होइन, काठमाडौँ र वनारसमा उत्तरमध्यमामा पनि पहिलो भएजस्तो लाग्छ । त्यही भएर त मैले छानी-छानी जागिर पाएँ नि !

**तपाईंका विरोधीले तपाईंलाई अवसरवादी कवि भन्ने गर्छन् । सत्ताको नजिक पर्नु तपाईंको विशेषता नै थियो रे ! इतिहास हेर्दा पनि त्यही देखिन्छ । यो आरोपका विषयमा केही भन्न मन लागेको छ ?**

हेर्नुस् ! ती भन्नेहरूलाई कहिल्यै पनि मैले नराम्रो भनिनँ। त्यो उनीहरूको दृष्टिकोण हो भनेर चुप लागेँ तर उनीहरूले लगाएका आरोपलाई भने म खण्डन गर्छु। कसरी खण्डन गर्छु भनेँ, कवि न त सत्तापक्षको हुन्छ न विरोधी हुन्छ। कविको आफ्नै विशेषता हुन्छ। मेरो पनि छ। मेरो के छ भने मैले सधैँ आफूलाई राजनीतिबाट माथि राखेँ। केदारमान व्यथित जस्तो आफूलाई राजनीतिमा होमिनँ तर राष्ट्रका कला, लोकभाका र पाखा-पखेरा, खोलानाला पनि जनता नै हुन् भन्ने मेरो कवि मनले भन्थ्यो र तीप्रति सधैँ चिन्तित भएँ। मैले मानवतालाई केन्द्रमा राखेँ। राष्ट्रनिर्माता लेख्दा मैले पृथ्वीनारायण शाहलाई मात्र केन्द्रमा राखेको होइन, संसारका सबै राष्ट्रनिर्माताको सोचलाई त्यहाँ राखेको हुँ । मालती मङ्गले लेख्दा मैले दासहरूको जीवनगाथा मात्र लेखेको होइन, उनीहरूप्रति समयले गरेको अन्यायलाई पनि लिपिबद्ध गरेको हुँ । मेरै आँखाले मेरो घरमा कमाराकमारी देखेको छ। म जन्मँदा देशबाट दासप्रथा भर्खरै उन्मुलन भएको थियो तर उनीहरूको जाने ठाउँ थिएन । त्यही भएर हामीसँगै बसे । उनीहरूको कथा लेखेँ। यसरी लेख्नु सत्ताको गुणगान गाउनु हो जस्तो लाग्दैन। हामीले समयको गाथा गाउने हो। अझ म त प्रकृतिको गाथा गाउने मान्छे परेँ ।

**मानिसको जीवन केका निम्ति हो भन्ने लाग्छ ?**

सिर्जनाको निम्ति हो । मानिसलाई दुःख हुन्छ, सुख हुन्छ । सफलता-असफलता के-के आउँछ। जीवनमा अनेक आरोह-अवरोह आउँछन्। ती सबैले मानिसलाई केही गर्न उक्साउँछ। कविका रूपमा यी कुराहरूलाई हेर्दा जीवन सिर्जनाका निम्ति हो भन्ने कुरा म सजिलै भन्न सक्छु।

**जीवनमा तपाईंले सबै कुरा प्राप्त गरिसक्नु भयो । अब मृत्यु आउँदा डर लाग्छ कि लाग्दैन ?**

म **ऋतम्भरा** महाकाव्य लेख्दै छु । अब एक सर्ग मात्र बाँकी छ । यो नसकिकन मृत्यु आउला कि भन्ने डर थियो । छ महिनाअघि

अचानक बिरामी परेँ । त्योबेला मलाई एकपल्ट मृत्यु आयो होला भन्ने लागेको थियो । तर बाँचे । अब त्यो महाकाव्य पूरा नगरी मृत्यु आउँदैन भन्ने लागेको छ तर राम्रो कुरा जति भने पनि भनेर सकिँदैन, लेखेर सकिँदैन । त्यति पूरा होला भन्ने चाहिँ लागेको छ ।

**कस्तो जीवनलाई सफल मान्नुहुन्छ ?**

मानिसलाई केही दिनका निम्ति कोही मर्छ भने त्यो सबैभन्दा उत्तम जीवन । सहिदहरू यो कोटिमा पर्छन् । अरूका लागि मर्न सकेन तर बाँच्दा जीवनभरि अरूका लागि केही दिइरह्यो भने त्यो मध्यम जीवन हो । जस्तो कवि, लेखक, उद्यमी राम्रा मानिसहरू ।

सबैभन्दा अधम जीवन त्यो हो, जसले अरूबाट लिने मात्र चाहना राख्यो । धेरैजसो मानिसले यो कुरा बुझ्ेका हुँदैनन् त्यसैले अधम जीवनमै चित्त बुझाउँछन् ।

**सबैभन्दा ठूलो को हो ?**

यो धर्ती । मानिसहरू आमालाई सबैभन्दा ठूलो मान्छन् तर धर्ती त आमाकी पनि आमा हुन् । सबै आमाहरूलाई यिनले पालेकी छन् । यो धर्तीलाई दिउँसो एउटा आँखा (सूर्य) ले हेरिरहेको छ । रात असङ्ख्य (चन्द्र र ताराहरू) आँखाहरूले हेरिरहेका छन् । यसरी हेर्दा सम्पूर्ण ब्रह्माण्डले मानिसलाई सहयोग गरिरहेका छन् । हामी सबै अरूको भरमा बाँचेका छौँ । यो कुरा जसले बुझ्ेको छ, ऊ अरूका लागि बाँच्छ । आफ्ना लागि ईश्वरले धेरै कुरा निर्माण गरिदिएका छन् । हावा, पानी, ताप, विभिन्न ऋतुहरू, प्रकृतिका सबै अवयबहरू ।

**देशलाई माया गर्नेहरूका लागि कुनै गीत सुनाउन मन लागेको छ ?**

जलस्रोतको धनी देश, छैन पिउने पानी<br>
नदी-नाला सुकिसके, धारा-कुवा पानी<br>
वन जङ्गल फँडानी, विनाश भयो आज<br>
बाढी-पहिरो बढ्यो, धेरै जनको क्षति ।<br>
हिउँदमा पानी अभाव, हुन्छ बर्खामा धेरै<br>
जमिनको उर्वर माटो बगाई लान्छ पूरै

जल, जमिन जङ्गल हुन् प्राकृतिक सम्पदा
आजैदेखि सोचौँ बुझाऔँ सबैलाई पूरै ।

**जीवनमा धेरै पढ्नुभयो । केही कुरा छुटे जस्तो लाग्छ ?**

म अङ्ग्रेजी उति जान्दिनँ । जति पढेँ, संस्कृत र हिन्दी पढेँ । बङ्गाली पनि पढेँ तर अङ्ग्रेजीका धेरै कुरा पढ्न नपाई उमेर ढल्कियो । अङ्ग्रेजी नजान्दा साहित्यको एउटा ठूलो पाटो छुट्यो भन्ने लाग्छ । तैपनि संसार हेर्ने त्यही मानवतावादी, प्रकृतिवादी दृष्टिकोण हो, जुन सबै कविहरूको एउटै होला, हो पनि । त्यसमा धेरै विस्मात छैन । तैपनि त्यहाँ लेखिएका कुरा सबै पढेर भन्नु र अलि-अलि मात्रै बुझेर भन्नुमा फरक छ ।

**तपाईं धेरै सोचेर लेख्ने, बारम्बार परिष्कार गर्ने कविमा पर्नुहुन्छ । किन होला ?**

लेखेपछि राम्रो लेख्नुपर्छ । मनमा जे आयो, त्यही कविता हुँदैन । त्यसलाई फल्न, फूल्न र पाक्न दिनुपर्छ । पकाउनुपर्छ । काँटछाँट गर्नुपर्छ । माया पनि एकपल्ट लाएर पुग्दैन, गीत पनि एकबाजी गाएर पुग्दैन । गुन्गुनाउनु पर्छ । लेखेर त्यसलाई मिलाउनु पर्छ । म अघोरीजस्तै लागेपछि लागिरहन्छु, चित्त नबुझेसम्म ।

**तपाईंलाई एउटा कृति लेख्न कति समय लाग्छ ?**

म कापीमा लेख्न थालेपछि मात्रै एउटा सिर्जनाको लेखन सुरु भयो भन्ने मान्दिनँ । जुन दिन कुनै कुराको बीजारोपण कवितामा पर्छ, त्यही दिनदेखि त्यो लेखिन सुरु गर्छ । बीज हृदयमा परेपछि त्यो गुन्गुनाउँदै बढ्छ, हुर्कन्छ र पोखिन थाल्छ । पोखिएपछि देखिने हो तर त्यहाँभन्दा अघि मनमा उम्लिएको कुरालाई पनि गणना गर्नुपर्छ ।

**साहित्यमा लाग्नेहरूले किन सन्तोष गर्ने ? अरूको जीवनभन्दा साहित्यकारको जीवन के मानेमा फरक छ ?**

विज्ञानले सुविधा दिन्छ । साहित्यले संस्कार दिन्छ । साहित्यकारले सन्तोष गर्ने कुरा के भने उसले लेखेको कुरा पढेर पाठकले एउटा सकारात्मक संस्कार पैदा गर्छ । त्यो संस्कार पछि समाजमा सर्छ । समाजले देशलाई प्रभाव पार्छ, सम्पूर्ण मानवलाई प्रभाव पार्छ । आज पूर्वीय समाज कालिदासबाट प्रभावित छ । पश्चिममा दाँतेबाट प्रभावित छ । यो कविले

सन्तोष गर्नुपर्ने कुरा हो । गोरुले घाँस खाएको चर्चा हुँदैन तर फूल खायो भने चर्चा हुन्छ । किनभने घाँस खानु उसको धर्म हो फूल खानु अलि असामान्य हो । साहित्य मानिसका लागि त्यही फूल हो ।

**कविहरू सौन्दर्यप्रति किन भुतुक्क हुन्छन् । सामान्य मानिसमा भन्दा उनीहरूमा सौन्दर्यलाई हेर्ने के खुबी हुन्छ ?**

सामान्य मानिस कुनै सुन्दर युवती देख्यो भने उसले बिहे गर्न खोज्छ । गर्छ पनि । तर कविले उसको बारेमा कविता लेख्छ । कविले पैसा होइन, ऐसा (आनन्द) हेर्छ । कविता भनेको हृदयको वस्तु हो । हृदयलाई छोएन भने त्यो कविता होइन । कविले रातलाई पनि सामान्य रातजस्तो हेर्दैन, कविता जसरी हेर्छ । चर्को घामलाई पनि पोल्ने वस्तुका रूपमा हेर्दैन, पोल्ने कविताको रूपमा हेर्छ । सौन्दर्य के हो भनेर पहिले कविले हेर्छ र लेख्छ, त्यसपछि अरूले त्यसलाई यो सुन्दर वस्तु हो भनेर भन्न थाल्छन् । सुरुमा कविले फूललाई सुन्दर देखेकै हुनाले अरूले फूललाई सुन्दर भनेका हुन् । कविले काँडालाई सुन्दर भन्न थालेपछि काँडा पनि सुन्दर देखिन थालेको हो । कुरा बुझ्नु भएन ? दुःख भनेको काँडा हो । आजभोलि दुःखलाई पनि मानिस सौन्दर्यकै रूपमा बुझ्न थालेको छ । किनभने कविले दुःखभित्र पनि खुसी देख्न थाल्यो, त्यसको प्रभाव आममानिसमा पर्‍यो ।

**सबै मानिसभित्र कवित्व हुन्छ, कविता लेख्न खोज्छन् तर त्यो कविता बन्न सक्तैन । भन्नुको अर्थ साहित्य बन्न सक्तैन । किन होला ?**

हृदय जबसम्म नरम हुन्छ र जीवन जगत्लाई अलि फरक तरिकाले हेर्ने दृष्टिकोण बन्छ, ऊ कवि नै हो । तर कुरा के भने ती कुरालाई कवितामा अझ तपाईंको कुरालाई नै भन्ने हो भने साहित्यमा परिवर्तन गर्ने क्षमता हुनुपर्छ । जसले देखेका कुरा साहित्यमा परिवर्तन गर्न सक्दैन, ऊ कवि होइन । त्यो सामर्थ्य आफूलाई बनाउनुपर्छ । त्यो भनेको अरू कविले कसरी त्यसो गरे भनेर त्यो सीप सिक्नु हो । सङ्गतले, अध्ययनले, विचारले त्यो प्राप्त हुन्छ । कविको दृष्टिकोण के हो ? त्यसको एउटा सानो उदाहरण नेपालको झण्डाबाट दिन्छु । नेपालको झण्डा के हो भनेर बुझाउन अनेक व्याख्या होलान् तर कविले यसरी बुझाउँछ :

दिउँसो लाग्ने घाम राति लाग्ने जून
एकैपल्ट लागे कस्तो हुन्छ भन
यति कुरा बुझ्न लाग्यो रहर
नेपालको झण्डा हेर फरर ।

दाजुजस्तो घाम, बैनीजस्तो जून
एकैपल्ट हाँस्दा कस्तो हुन्छ भन
यति कुरा बुझ्न लाग्यो रहर
नेपालको झण्डा हेर फरर ।

ज्ञानजस्तो घाम, गुनजस्तो जून
एकैपल्ट पाए कस्तो हुन्छ भन
यति कुरा बुझ्न कति रहर
नेपालको झण्डा हेर फरर ।

**तपाईंले एकपल्ट 'अश्वस्थामा' कृतिलाई नोबेल पुरस्कार नदिनुको कारण नेपाली लेखक कवि हुन् भनेर आक्रोश पोख्नुभएको थियो, यो कुरा सत्य हो ?**

मैले कुनै व्यक्तिलाई भनेको होइन, प्रवृत्तिलाई भनेको हुँ । मैले नोबेल पुरस्कार पाएको भए मेरो नामभन्दा देशको नाम अघि आउँथ्यो । माधव घिमिरे बिर्सन्थे मानिसहरूले तर नेपाली साहित्यले पाएको कुरा सम्झन्थे । हाम्रा लेखक-कविले यो कुरा बुझेनन् । संस्कार नभएर पनि होला तर गाली गरिनँ । किन भन्नुहोस् न ? किनभने मलाई राष्ट्रकवि बनाउने मानिस पनि छन् । मलाई पुरस्कार र सम्मान दिनुपर्छ भनेर सरकारसम्म सूचना पुऱ्याउनेहरू पनि छन् । म सबैप्रति कृतज्ञ छु र गाली गर्नेहरूप्रति पनि नराम्रो सोच छैन । जीवनमा दिन मात्र हुन्न, रात पनि हुन्छ । फूल मात्र हुन्न, काँडा पनि हुन्छ । कवि भएकाले यो कुरा मलाई राम्रोसँग थाहा छ । तपाईंले लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटादेखि आजका कवि-लेखक सबैलाई देख्नुभयो, पढ्नुभयो । सङ्गत गर्नुभयो, के फरक पाउनुहुन्छ ?

हाम्रा पालामा खुलेर लेख्दा जेल जानु पर्दथ्यो । तपाईंका पालामा आउँदा

यो सम्मानित भएको छ । यसको गुणस्तरको कुरा नगरौँ । किनभने नोबेल प्राइज पाउने हुनुपर्छ नेपाली साहित्यले । अब त लेख्न रोकतोक छैन, गुणस्तर लेख्नुपर्छ । यसका लागि लेखक, कवि मात्र गुणस्तरीय भएर हुँदैन, गायक पनि त्यस्तै हुनुपर्‍यो । जसले ती कुरा बुझेर गाउँछ र धेरै पाठकसम्म पुग्छ । नारायणगोपालले मालती मङ्गले नगाएका भए आज त्यो यति लोकप्रिय हुने थिएन । उनले मेरा अरू गीत पनि गाएका छन् ।

**नारायणगोपालको के कुरा सम्झनुहुन्छ** ?

मैले भनेँ नि ! उनी कला बुझ्ने गायक हुन् । सबै गायक उनीजस्ता हुँदैनन् । एकपल्ट मेरो गीतमा दरौँदी खोला मर्स्याङ्दीमा मिसिएको कुरा उल्लेख थियो । यसरी मिसिँदा खोलाले मीठो गीत गाउँछ भनेर लेखेको थिएँ । उनी त्यो सुन्न दरौँदीको दोभान पुगेछन् । काठमाडौँको मान्छे, त्यति दुःख नगरे पनि हुन्थ्यो । यो हो कला ।

**तपाईं सत्ता र शक्तिमा हुँदा गद्य कवितालाई कविता नै होइन भन्नुहुन्थ्यो रे** !

म एकेडेमीमा कविता प्रमुख थिएँ । पद्य कविता प्रमुख पनि भएँ । त्योबेला मैले पद्य कविताको पक्षमा अडान लिएको हुँ तर गद्यलाई नराम्रो भनेको होइन । मैले पद्यका पक्षमा अडान लिनुको कारण के थियो भने कविताले गति छाड्दै गयो भने त्यो छाडा हुन्छ । छाडा भयो भने उसले बालीनाली खान्छ । छाडा हुनु नराम्रो होइन तर जङ्गलतिर छाडा हुनु राम्रो हो, बालीनाली भएकातिर छाडा छाड्दा त्यसले हानि गर्छ ।

३१. **अहिले त पद्य कविता नै हरायो, के भन्नुहुन्छ** ?

हराएको छैन, प्रभाव कम भएको मात्र हो । जबसम्म कविता प्रभावशाली हुन्छ, हराउनै सक्तैन । नत्र मुनामदन र गौरी यति धेरै देश-विदेशमा लोकप्रिय हुने थिएन । आज पनि ती दुई कविता नै माथि छन् भन्ने सुन्छु ।

३२. **मेरो अन्तर्वार्ता सकिन लाग्यो, केही भन्न मन लागेको छ** ?

राम्रो लेख्नू राम्रो कुरा पढ्नू । साहित्य नछाड्नू । लेख्दा यो प्रकाशन योग्य छ/छैन विचार गर्नू । लौ त धन्यवाद !

●

# गजल



● **हिमाल अञ्जान (हिमराज न्यौपाने)**
अध्यक्ष, अनेसास, कुवेत च्याप्टर

सिसाहरूको पछि-पछि घन दौडियो,
रुपियाँको खोजीमा कफन दौडियो ।

छुटको पनि यस्तो घडी पार गरिएछ,
गर्नुपर्ने केही नगरी बचपन दौडियो ।

जति कोसिस गर्दा पनि काबुमा छैन,
खै क-कसको तलासमा मन दौडियो ।

उनले पराइलाई रोजेको त्यो दिनबाट,
भयानक अवस्थामा मेरो लगन दौडियो ।

अति शक्ति छ यी फूलहरूको खुस्बुमा,
छेउमा राख्दा मुर्दाको धड्कन दौडियो ।

●

**हार्दिक शुभकामना**

**अङ्ग्रेजी नयाँ वर्ष २०१९**

को सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा सु-स्वास्थ्य, दीर्घायु एवम् सुख-शान्ति
तथा समृद्धिका लागि **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दै
**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)** को मुखपत्र
**अन्तर्दृष्टि**को **४३ औं अङ्क** प्रकाशन हुन लागेकोमा
खुसी प्रकट गर्दछु ।

**विष्णुप्रसाद घिमिरे**
सचिव
**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**
**एसिया समिति**

कविता

# हड्तालको अवसान



● **राजेश प्रसाईं 'सिनामे'**
साउदी अरब

आफ्नो स्वार्थका लागि
सत्यनिष्ठा जनतालाई
ज्यावल बनाएर प्रयोग गर्ने
बलजफ्ती गरेर
डर/धाक देखाएर
बाध्य बनाउने तिम्रो राजनीति
सडकमार्गहरूमा
भोकै/प्यासै अहोरात्र खट्ने
तिम्रा देशभक्ति आश्वासनमा
तिम्रो निर्दयितामाथि
राजनीतिक पार्टीको नाममा
सम्बन्ध बिगारेर
आफन्त, शुभेच्छुकसँग पनि अलग्गिएर
तिम्रो व्याक्तिगत स्वार्थका लागि
अलपत्रिएको भएर
तिम्रा लागि निर्धो बन्नुछैन
हड्तालको अवसानमा ।

अब म अब्बल बन्नुपर्छ
नेता होइन सिङ्गो देशको
मैले चिन्तन गर्न सक्नुपर्छ
समाजमा विखण्डन गर्नुहुन्न
सुन्दर नमुना शान्त बनाउनुछ
सीमा देशको किल्ला गाड्नुपर्छ
रातारात मिचिने जङ्गे पिल्लर
अब अडिग बनाउनु छ
पूर्वमा टिस्टा पश्चिममा काकँडा
सीमाकृत गर्नै छ
त्यसैले राजनीतिको नाममा
तिम्रा व्यक्तिविषेशका स्वार्थ
परिपूर्ति गराउन यहाँ
तिम्रो पछौटे बन्नुछैन
बेरोजगारीमा मैले सधैं
फोगटिया जनताले
हड्तालको अवसानमा ।

कारखाना उद्योग चलाउंनु छ
जनताको मन जलाउनु पनि छैन
समान हक-अधिकार दिलाउनु छ
टाल्नु छ जीर्ण घरहरूका छाना
राजनेताले टुक्रिएका मुटुहरू
जोड्नु छ अब यहाँ

निष्कर्मेलाई प्रतिबिम्व बनाउनु छ समाजमा
छुटिनेछैन महल र झुप्रा
अनि हुनेछैन तिरस्कार र अवहेलना
आ-आफ्नै मौलिकता झल्किनेछ
संस्कार र संस्कृति पनि
कसैको पेवा हुँदै होइनन् सडकहरू
रैकर ठानेर अवरोध गर्न
पतन भएर गयौ
सकियो प्रायश्चित गर्ने ठाउँ छैन
गल्लीमा हिँड्ने श्वान भयौ
त्यसैले भो अब प्रलोभन नदेखाऊ
झुक्किएर पनि अब गर्दै नगर
हड्तालको अवसानमा ।

●

मुक्तक

# चार मुक्तक



● **विमल गिरी**
बेल्जियम, ब्रसेल्स

१

कहिले आफ्नै जिन्दगी आफैलाई भार हुन्छ
कहिले त्यही भार जीवन जिउने आधार हुन्छ
जिउन नजान्दा विष हुन्छ दुष्मनजस्तै हुन्छ
जाने यही जिन्दगी अमृत हुन्छ उपहार हुन्छ।

२

दुःखमा अरू रुँदा, मन हुनेले रुनुपर्छ
शब्दले मलहम हुँदै अरूको मन छुनुपर्छ
अरूलाई बोलीबाट प्रभाव पार्न चाहनेले
मुखमा मिस्री अनि हृदयमा प्रेम हुनुपर्छ ।

३

उज्यालो हिमचुलीजस्तै लाग्छौ तिमी
कैले घरकी मुलीजस्तै लाग्छौ तिमी
सदाबहार तिम्रो पारिलो मुस्कान हेर्दा
क्षितिजको गोधूलीजस्तै लाग्छौ तिमी ।

४

बाहिर चिप्ला कुरा गर्छन् भित्र छुरा हुन्छ
टाढा-टाढा भाग्छन् जब इच्छा पूरा हुन्छ
अनमोल जिन्दगीलाई नबुझेर मान्छेहरू
धनदौलतकै चर्चा गर्छन् जब कुरा हुन्छ।

●

कथा

# अन्तिम समाचार



● डा. गोविन्द रावत
टोरन्टो, क्यानाडा

त्यसबेला म मन्त्रालयमा सचिवको कोठामा थिएँ । मन्त्रीज्यूले पाँच महिनापछि हुने स्थानीय चुनावका लागि ब्रिफिङ गर्न बोलाउनु भएको थियो । म सचिवको कोठामा बसेर रेडियोबाट प्रसारण गरिने सूचनामूलक सामग्रीका बारेमा जानकारी गराउँदै थिएँ ।

अचानक सचिवको कोठामा उनका स्वकीय सचिव आत्तिँदै पसेर मलाई हेरेर - 'रेडियोले के भनेको हजुर ? राजतन्त्र फर्किंदै छ रे नि ! ड्राइभरले भर्खर सुनेको रे' भनेपछि म के भयो भन्दै उठेँ । मसँगै सचिवज्यू मतिर हेर्दै जुरुक्क उठेर मलाई सोध्नुभयो - 'के भनेको यो ?'

म आफै तर्सिरहेको थिएँ । मैले रेडियोमा फोन गर्न थालेँ । सचिवज्यू उठेर मन्त्रीज्यूको कोठातिर लाग्दा म पनि फोन गर्दै उनको पछि-पछि लागेँ । फोन सामाचार डेस्कको कर्मचारीले उठाएपछि मैले यस बेलाको समाचार वाचक को हो भनेर सोधेँ । उनले शक्ति सर हो भनेर जानकारी गरायो । मैले समाचारमा राजतन्त्र कसरी आयो भनेर सोध्दा कर्मचारीले केही बोल्नै सकेन । ऊ आफै आत्तियो । अनि अत्तिएर के भनेको हजुर भन्दै उल्टै मलाई प्रतिप्रश्न गर्न थाल्यो । मैले तुरुन्त बुझेर फोन गर्न भनेँ, उसको बोली लरबराइरहेको थियो ।

मन्त्रीज्यूको कोठामा चारजना कार्यकर्ताहरू थिए । सचिव र मभित्र बस्दा मन्त्रीज्यू बेला भयो र ! भन्दै घडी हेर्न थाल्नुभयो । अचानक त्यहाँ मन्त्रीज्यू, सचिव र मेरो फोन सँगसँगै अरूको पनि फोन बज्न थाल्यो ।

सबैको मुखबाट के ....... हँ..... कसरी.....कसले .......? जस्ता शब्दहरू निस्केर सबैको नजर ममाथि परिरहेको थियो । समाचार डेस्को कर्मचारीले भर्खर राजतन्त्र फर्कने समाचार रेडियोबाट गएको पुष्टि गऱ्यो ।

मन्त्रीज्यूले रेडियो खोल्नुभयो । रेडियोबाट समाचार आइरहेको थियो तर बाहिर हल्ला चलेको समाचार त्यसबेला सुनिएन ।

मन्त्रीज्यू मलाई हेर्दै कराउनुभयो - 'के सुन्दै छु म । रेडियोबाट राजतन्त्र फर्कने समाचार गयो रे ! तपाईंलाई केही थाहा छ ?'

म आफै अनभिज्ञ थिएँ । बोल्नै सकिनँ ।

मन्त्रीज्यूको फोन फेरि बज्यो । प्रधानमन्त्रीज्यूले गर्नुभएको जानकारी दिँदै उहाँले बुझ्दै छु । हजुर तुरुन्तै हुन्छ भनेर फोन राख्दै मतिर झम्टिदै यो के भएको - 'तपाईं के हेरेर बसिरहनुभएको छ ? को हो त्यो ? तुरुन्त समात्नुपर्दैन ?' भनेर कराउनुभयो ।

म आफैसँग त्यसको उत्तर थिएन । मन्त्रीज्यू रिसाएर कराउन थाल्नुभयो - तुरुन्तै त्यो समाचारको टेप पठाउनुस् । जानुस् भनेपछि म हतारिँदै कोठाबाट बाहिर निस्कँदै फोन गरेर ड्राइभरलाई गाडी अगाडि ल्याउनु भनेँ । अनि तुरुन्त फेरि रिसेप्सनमा फोन गरेर समाचार शाखा मागेँ ।

मेरो स्वर चिनेर कर्मचारीले आत्तिएर रेडियोमा भीड लागेको छ सर भन्ने जानकारी दियो । मैले प्रशासक प्रमुखलाई फोन गरेँ । तीन/चारपटक लगातार गरेपछि बल्ल उठ्यो । उनले समाचारको बारेमा जानकारी गराएँ । समाचारवाचक ६ नम्बर स्टुडियोमा समाचार वाचन गरिरहेको र भित्रबाट ढोका लगाएकाले सबैजना बाहिर कुरेर बसेको जानकारी गराएपछि मैले भीड नियन्त्रणका लागि प्रहरीलाई खबर गर्ने भन्दा उनले सञ्चार मन्त्रालयबाट जानकारी भएपछि सशस्त्र प्रहरी आउने जानकारी गराएँ ।

फोनमा कुरा गर्दै म गाडीमा बसेँ । ड्राइभरले मतिर जिज्ञासापूर्ण दृष्टिले हेर्‍यो । मैले बुझेझैँ गरेर, तिमीले पनि सुन्यौ भनेर सोधेको मात्र थिएँ, उसले देशमा दलहरूबीच सत्ताका लागि हानाथाप र एउटा दलले अर्को दलको विरोधमा बारम्बार नेपाल बन्द गरेर राष्ट्रको विकासमा अवरोध गर्दै आएको र जनतालाई दुःख दिने गरेकाले जनता परिवर्तनको खोजीमा रहेकोले वर्तमान सरकारको विकल्प खोज्न जनता जाग्नुपर्ने भनेर समाचारमा भनेका कुरा सुनाउँदा सुनाउँदै हामी रेडियोको कार्यालय पुग्यौँ । त्यहाँको भीड देखेर म आफै डराएको थिएँ । मेरै मातहतमा रहेको रेडियोको कार्यालयभित्र छिर्न मलाई गाह्रो भइरहेको थियो ।

मलाई देखेपछि गार्डले मन्छे पन्छाउन थाल्यो । म ६ नम्बर स्टुडियोमा पुग्दा त्यहाँ रेडियोका प्रायः सबै कर्मचारीहरू जम्मा भइसकेका थिए । मलाई देख्नासाथ कार्यक्रम प्रबन्धक र समाचार संयोजक मसँगै ६ नम्बर स्टुडियोको कन्ट्रोल रुममा पस्यौँ । नरहरि नेपाल समाचार वाचन गरिरहेका थिए र अन्त्यमा पुगिसकेर मौसमको जानकारी दिँदै थिए ।

मैले कन्ट्रोल रुमको रेकर्डिङ मेसिनमा हेरेँ । ११ मिनेट २३ सेकेन्ड भएको थियो अर्थात् म सचिवको कोठाबाट मन्त्रीज्यूको कोठा हुँदै यहाँ पुग्दाको समय पनि त्यस्तै भएको हुनुपर्छ । समाचार वाचक नेपालजीले मतिर हेर्दै समाचार समाप्त गर्दै हुनुहुन्थ्यो । टेक्निसियनले हातबाट इसारा गर्दै समाचार समाप्तपछिको धुन दिन थाल्यो । नेपालजीले कागजपत्र बटुल्दै मलाई हेरेर मुस्काउँदै ढोकातिर आउनुभयो । तर स्टुडियोको ढोका बाहिरबाट बन्द गरिएको थियो । कार्यक्रम प्रबन्धकजीको भनाइअनुसार समाचार प्रसारण भएलगतै रेडियो कर्मचारी सङ्घका अध्यक्ष दौडदै आएर समाचार तुरुन्तै बन्द गर्नु भनेपछि उनीसँगै ६ नम्बरको स्टुडियो पुग्दा समाचार वाचक नेपालजीले भित्रबाट चुकुल लगाएर समाचार भन्दै गरेकाले अध्यक्षले नै बाहिरबाट बन्द गरेर पार्टी कार्यालयमा खबर गर्नुभएको थियो भन्ने जानकारी पाएँ । प्रहरी नआएसम्म ढोका नखोल्नु भनेकोले बाहिरबाट ढोकाको चुकुल लगाइएको थियो । मैले टेक्निसियनलाई समाचार सिडीमा सारेर तुरुन्तै मन्त्रालयमा सचिवलाई बुझाउनु भनेँ ।

स्टुडियो कोठाबाट नेपालजीले ढोका ढकढकाइरहनुभएको थियो । एकैछिनमा प्रहरीहरू आएर ६ नम्बर स्टुडियो घेर्न थाल्यो । उनीहरूको हातमा भएको वाकीटकीबाट त्यहाँको सबै जानकारीहरू दिइरहेका थिए । उनीहरूले त्यहाँ भएका सबै कर्मचारीहरूलाई निकाल्न थाले । मलाई पनि बाहिर निस्कन भन्दै थिए तर सबैले म रेडियोको प्रमुख भनेपछि मलाई र कार्यक्रम प्रबन्धकबाहेक सबैलाई बाहिर निकालेपछि चारजना सशस्त्र प्रहरीका जवानहरू स्टुडियोको ढोकामा बन्दुक ताकेर उभिए । म र कार्यक्रम प्रबन्धकसँगै दुईजना एस.पी.सँग कन्ट्रोल रुममा थियौँ । एस.पी.को हातमा पनि वाकीटकी थियो । उनले आफ्ना कुनै उपल्लो तहका अधिकृतलाई त्यहाँको अवस्थाका बारेमा ब्रिफिङ गरिरहेका थिए ।

नेपालजीलाई एस.पी.ले कन्ट्रोल रुमबाट ढोका खोल्न भन्दै थिए । ढोका खोल्, नत्र ढोका फोडेर भित्र आउछौँ भनेर कडा स्वरले कराएपछि नेपालजीले

स्वाभाविक ढङ्गबाट 'ढोका बाहिरबाट लगाएको छ। भित्रबाट त मैले खोलिसकेँ तर खुल्दैन' भनेपछि दुवै एस.पी. आफ्नो कम्मरमा भिरिएको पेस्तोल निकालेर निशाना ताक्दै, कन्ट्रोल रुमबाट बिस्तारै ढोका खोलेर ढोका घेरेर उभिएका जवानहरूलाई इसारा गर्दै नेपालजीलाई समात्ने मौन आदेश दिन्छन् । एकजना सशस्त्र प्रहरीले बिस्तारै ढोका खोल्छन् र तीनजना प्रहरी नेपालजीमाथि झम्टेर उनलाई भुईंमा लडाउँछन् । उनको हातमा रहेको समाचारको कागज खोस्छन् । अर्को एकजना प्रहरी आएर नेपालजीको दुवै हात पछाडि फर्काएर हतकडी लगाइदिन्छन् ।

यी दृश्यहरू म कन्ट्रोल रुमबाट हेरिरहेको थिएँ। हत्कडी लगाएपछि पनि नेपालजीलाई दुईतिरबाट घिसार्दै निकाल्छन् । एस.पी.हरूसँगै हामी पनि कन्ट्रोल रुमबाट निस्कन्छौँ । ६ नम्बर स्टुडियोबाहिर ठूलै भीड लागेको थियो । बाहिरबाट लगाएको नाराहरू भित्रसम्म सुनिन्थ्यो । आतङ्ककारीलाई फाँसी दे । राजाको दलाल मुर्दावाद । राजतन्त्र चाहिँदैन, गणतन्त्र मास्न पाइँदैन ।

६ नम्बर स्टुडियो बाहिर जोर-जोरले नारा लागिरहेको थियो । सबैभन्दा अगाडि रेडियोको ट्रेड युनियनका अध्यक्ष कराइरहेका थिए। त्यहाँ अरू दलसँग आबद्ध भएका ट्रेड युनियनका कर्मचारीहरू पनि जम्मा भएर नारा लगाइरहेका थिए ।

नेपालजीलाई समातेर ल्याएको देखेपछि उनीहरू स्टुडियोतिर बढेको देखेर एस.पी.ले नेपालजीलाई समातेर लगेका प्रहरीलाई अघि नबढ्न आदेश दिँदै वाकीटकीबाट प्रहरी भ्यानलाई स्टुडियो नजिकै ल्याउन आदेश दिए ।

नेपालजीले डरत्रासबाट अनुहार निहुराउनुको सट्टा बिना सङ्कोच चारैतिर हेरिरहेका थिए । बाहिर नारा लाग्दै थियो । तर अचानक कसैले ढुङ्गा हान्यो । ढुङ्गा बन्द ढोकाको झ्यालमा लागेर सिसा फुट्यो । फेरि अर्को ढुङ्गा ढोकामा लाग्यो । फेरि अर्को गर्दागर्दै ढुङ्गाको वर्षात हुन थाल्यो । सशस्त्र प्रहरीले स्टुडियोलाई चारैतिरबाट घेरेका थिए । ढुङ्गा बर्सन थालेपछि एस.पी.ले वाकीटकीबाट हवाइ फायर गर्न भनेपछि तीन/चारपटक आकाशमा बन्दुक पड्काएपछि ढुङ्गा हान्न रोकियो ।

एस.पी.ले फेरि वाकीटकीबाट कुरा गर्दै नेपालजीलाई ढोकानिर ल्याएर उभ्याउन भनेपछि आफू पनि ढोकानिर पुगेर उभिएँ। एउटा भ्यान स्टुडियो नम्बर ६ नजिकै आएर रोकियो । यसरी स्टुडियोको ढोकानिर कुनै गाडी अहिलेसम्म आएको थिएन तर आज मानिसहरूको भीडले स्टुडियोको चारैतिर रोपिएको फूलका

बोटबिरुवाहरूलाई कुल्चिँदै भीड लागेको थियो। कर्मचारी सङ्घसँग आबद्ध युनियनहरू नारा लगाइरहेका थिए। रेडियोमा राम्रै भीड जम्मा भइसकेको रहेछ। प्रहरीलाई पनि हम्मे परेको देखियो। हवाइ फायरपछि मानिसहरू पनि छरपस्टिन थाले। अचानक फूलहरूलाई कुल्चिँदै प्रहरी भ्यान स्टुडियो अगाडि आएर रोकियो। प्रहरीले भ्यानलाई चारैतिरबाट घेरेपछि एस.पी.ले स्टुडियोको ढोका खोल्न लगाएर भ्यानमा कोच् भन्दै आदेश दिएपछि स्टुडियो र प्रहरी भ्यानको ढोका एकैसाथ खुल्यो। ढोका खुलेपछि दुवै एस.पी. र नेपालजीलाई हत्कडी लगाएर उभिएका दुईजना प्रहरी जवानहरू भ्यानभित्र चढेर ढोका लगाउँदै भ्यान त्यहाँबाट हिँड्यो। भ्यानसँग सशस्त्र प्रहरी जवानहरू पनि दौडिरहेका थिए भने नारा लगाउनेहरू पनि नाराका साथ अगाडि बढिरहेका थिए। एस.पी.सँगै दुई प्रहरी जवानले नेपालजीलाई भ्यानमा राखे र राख्नासाथ भ्यानको ढोका बन्द गरेर भीडलाई पन्छाउँदै अगाडि बढ्यो।

म आफ्नो कार्यकक्षमा जान लाग्दा कार्यक्रम प्रबन्धकले मलाई 'अहिले नजानू सर, वातावरण राम्रो छैन, समाचारको रीस तपाईंमाथि पोखिन पनि सक्छ' भनेपछि म रोकिएँ। उनको भनाइ मलाई मनासिवै लाग्यो र म ६ नम्बर स्टुडियोभित्र पसेँ। स्टुडियोमा पसेपछि मैले फोन हेरेँ। फोनका मलाई कल गर्नेहरूको लाम नै लागेको रहेछ। सचिवज्यूको मात्र ६ वटा र मन्त्रालयबाट ४ वटा त्यसपछि सूचना विभागबाट २ वटा अनि विभिन्न पत्रिकाहरूबाट पनि फोन आएको रहेछ।

मैले पहिलो फोन सचिवलाई लगाएँ। उनी मेरै फोन कुरेर बसेजस्तो थियो। एकै घण्टीमा फोन उठ्यो। सचिवलाई मैले यहाँको कुरा ब्रिफिङ गर्नुभन्दा पहिल्यै नै सचिवले मलाई अर्को आदेश नआएसम्म तपाईंले कार्यालय नछोड्नू भन्ने आदेश दिनुभयो। मैले मन्त्रालय र विभागबाट पनि फोन आएको कुरा गर्दा सचिवले मन्त्री परिषद्को आपतकालीन बैठक चल्दै छ। मन्त्रीज्यू नि त्यतै हुनुहुन्छ, उहाँ आएपछि के ब्रिफिङ हुन्छ, त्यहीअनुसार जानुपर्छ। अब जाने समाचार सबै तपाईं आफै हेरेर पठाउनु होला। अनि कतै मुख नखोल्नू। कुनै पत्रिकामा पनि केही बोल्ने हैन भन्दै फोन राख्नुभयो।

साँझको ६ बज्न लागेको थियो। कार्यक्रम प्रबन्धकलाई 'आजको समाचार सबै तपाईंले हेरेर मलाई पनि हेर्न दिनुहोस् अनि मात्रै प्रसारण गर्ने' भनेपछि उहाँ स्टुडियोबाट निस्कनु भयो। मैले उनलाई स्टुडियो बाहिरको माहौल हेरेर खबर गर्नु भनेपछि घरमा फोन गरेर म अबेर आउने जानकारी गराएँ। घरबाट

स्पष्टीकरण माग्न थालेपछि घर आएर बताउने भनेर फोन काटेँ । केहीबेर पछि रेडियोको कर्मचारी आएर उसले बाहिर कोही नभएको रेडियो पस्ने मूलद्वार बन्द गरिएको र चारजना सशस्त्र प्रहरी तैनाथ रहेको भनेपछि म आफ्नो कार्यकक्षमा जानलाई स्टुडियोबाट निस्किएँ । मेरो निजी सचिव म नफर्केकोले मलाई कुरेर बसेका थिए । उसले मलाई भेट्न पत्रकारहरू आएको र मन्त्रालय, विभाग र सञ्चार शाखाबाट बारम्बार फोन आएकोबारे जानकारी गरायो । बाहिर तीनजना अपरिचित व्यक्तिहरू आफूलाई पत्रकार भनेर परिचय गर्दै समाचार प्रसारणसम्बन्धी प्रश्नहरू गर्न थाले । मैले उनीहरूलाई यस विषयमा आफूलाई केही थाहा नभएको भन्दै कार्यालय बन्द भएकाले फर्कन भने । मैले आफ्नो निजी सचिवलाई पनि घर जान भनेर आफ्नो कार्यकक्षमा पसेँ । आफ्नो कोठामा पसेपछि मैले फेरि फोन हेरेँ । पत्रिका र नचिनेको नम्बरले भरिएको थियो ।

जगमा राखेको पानी गिलासमा खन्याएर दुई गिलास पानी पिएपछि कुर्सीमा बसेर आफ्नो अतीत र भविष्य केलाउन थालेँ । लोकसेवा आयोग पास गरेपछि कृषि मन्त्रालयमा दरबन्दी भएर म रूपन्देहीको कृषि शाखामा काम गर्दै केही वर्ष बिताएँ । देशमा बहुदलसँगै मैले पनि जिल्लाबाट उम्कने स्वतन्त्रता पाएर राजधानीमा सरुवा भएँ । गाउँको आफन्त मन्त्री भएपछि मन्त्रालय फेरेर अर्थमा आएँ । अनि कर र अन्तशुल्क विभाग हुँदै भन्सारसम्म काम गर्ने मौका पाएँ । देशको अस्थिर राजनीतिक उतारचढावले कतै पनि म धेरै समय टिक्न पाइनँ । सत्ताको खेलमा सरकार परिवर्तनसँगै म पनि चाहेको शाखा र विभागबाट परिवर्तन हुँदै जगेडा विभागमा पुग्दै गएँ । यसरी नै उपसचिव हुँदै सहसचिवसम्मको यात्रा पूरा गरेको थिए । फेरि सरकार परिवर्तनसँगै सत्तामा मेरो दलले पनि मौका पाएपछि मेरै जिल्लाको नेताले फेरि मन्त्री बन्ने मौका पाएँ । उनको पछि-पछि लागेर वाचा-बन्धन गरेर मैले रेडियोको कार्यकारिणी प्रमुख बन्ने मौका पाएँ । मलाई रिटायर्ड हुनुअघि राम्रो ठाउँ चाहिएको थियो । रिटायर्ड भएपछि एक मौका राजदूत बन्ने इच्छा मन्त्री महोदयलाई भनिसकेको थिएँ । चाहेको रकम जम्मा गर्नुपर्ने थियो । त्यसैको जोहो गर्दै थिएँ । यसरी नै मैले चाहेको ठाँउमा फड्को मार्दै गएको थिएँ । तर आज समाचारवाचक नेपालजीको एउटा गल्तीले मेरो सपनाको जहाजै डुब्नेजस्तो देख्न थालेको थिएँ । अरू दलबाट बनेका सञ्चारमन्त्रीले नचाहँदा-नचाहँदै पनि मेरो मन्त्रीले फोर्स गरेर मलाई यो ठाँउमा राखेका थिए ।

उनले आफ्नै मान्छे राख्न चाहन्थे तर मैले मौका पाएँ । आजको घटनापछि मैले मेरो कुर्सी नै उम्केला जस्तो देख्न थालेँ ।

अचानक फोनको घण्टीले म झस्किएँ । सचिवको फोन रहेछ । मन्त्रीपरिषद्को बैठकपछि के निर्णय भयो, त्यसबारे सचिवले केही भनेनन् । तर उनले मलाई एकपटक एस.पी. कार्यालय गएर नेपालजीलाई भेटेर उनको पछाडि को छन् र कसको दबाव वा प्रलोभनमा यो भनिएको हो भन्नेबारे जानकारी ल्याउने जिम्मा मलाई दिइयो । म आज्ञाकारी बालकजस्तै 'हुन्छ सर' भनेर रातको साढे एघार बजे कार्यालयबाट एस.पी. कार्यालयतिर लागेँ ।

बाटोमा ड्राइभरले 'अझ कति बस्नुपर्छ सर ?' भनेर सोध्यो । मैले थाहा छैन मात्र भनेँ । वास्तवमा मलाई नै थाहा थिएन, यो रात कति लामो छ भनेर । घरबाट आउने फोनले पनि कहिले आउनेको रटान सुनिरहनु परेको थियो । म आफै अनभिज्ञ थिएँ । नेपालजीलाई भेटेपछि आजको अध्याय समाप्त हुन्छ भन्नेमा म ढुक्क थिएँ । मैले बुझेअनुसार उनको झुकाव बामपन्थी दलतिर थियो तर आजको घटनाले उनलाई राजावादी दलको नजिक पुऱ्याएको थियो । कतै अर्को कुनै शक्ति देशमा अराजकता ल्याउन राजाको नाम प्रयोग गरेको त हैन ? म विभिन्न अड्कलबाजी गर्दै एस.पी. कार्यालय पुगेँ ।

एस.पी. कार्यालय पुगेर मैले परिचय दिनै परेन । सम्बन्धित निकायबाट त्यहाँ सबै जानकारी प्राप्त भइरहेको रहेछ । कार्यालयभित्र छिर्नासाथ बिहानको एस.पी. सापलाई देखेँ । उहाँ मलाई कुरेर बस्नुभएको रहेछ । मलाई देख्नासाथ - 'कस्तो लाटो समाचारवाचक राख्नुभएको रहेछ डाइरेक्टर साप, एक शब्द पनि बोलेन । आइ.जी. साप र गृहमन्त्रीबाट फोनका फोन आइरहेको छ । के भन्ने ? त्यसैले तपाईंको कर्मचारी तपाईंले फकाएर सोध्यो भने बोल्ला कि भनेर डाक्न पठाएको । ल हिँड्नुहोस् !' भनेर मलाई कैदीहरू राख्ने सेलतिर लिएर आउनुभयो ।

एउटा सानो खोरनिर लगेर एस.पी.ले मलाई उनी कोबाट परिचालित भएकोबारे जानकारी माग्नुपर्ने भन्नुभयो । यदि त्यसो नभएमा उनको ज्यानलाई समेत खतरा हुने चेतावनी पनि दिनु भनेर मलाई खोरभित्र पसाएर बाहिर निस्कनुभयो । सानो खोरको एउटा कुनामा मैले नेपालजीलाई कुक्रुक्क परेर लडेको देखेँ । उनलाई देख्दा फोहोर फालेको ठाउँमा खाते सुतेको जस्तो लाग्यो । उनको पुरै लुगामा फोहोर र रगत लागेको थियो र अनुहारमा रगतका टाटाहरू देखिन्थ्यो । मैले रेडियोमा

सधैँ ठाटिएर सफा लुगा लगाएर आउने गरेको नेपाललाई जेलको सानो खोरमा फोहोरको थुप्रोमा कुनै काठको मुढाजस्तै भएर लडेको देखेँ । म आफै डराएँ । के यो सबै उनीमाथि गरिएको यातनाको परिणाम हो ? मैले प्रहरी खोरमा यातना दिने गरेकोबारे पढेको र सुनेको थिएँ तर आज यातनाको यथार्थरूप देख्दै छु । यसरी अमानवीय तरिकाबाट पनि यातना दिन मिल्छ त ? म आफैलाई प्रश्न गर्न थाल्छु । मसँग नेपालजीलाई केही सोध्ने सामर्थ्य नै थिएन तर म ड्युटीमा थिएँ ।

आँट गरेर म नेपालजी बसेको नजिकै गएँ । उनी टाउको घोप्ट्याएर बसेका थिए । मैले बिस्तारै उनलाई बोलाएँ । नेपालजी के भयो ? कसरी यस्तो भयो ? किन नबोलेको ? तपाईंलाई यस्तो भन्न कसैले दबाव दिएको थियो ? यस बारेमा केही भन्नुस् नेपालजी ? म तपाईंको रिहाइका लागि लड्छु । तपाईंलाई यहाँबाट निकाल्छु । केही बोल्नुस् नेपालजी । तपाईंले नबोले मलाई छुटाउन गाह्रो हुन्छ नेपालजी । मैले बारम्बार सोध्दा पनि उनले केही बोलेनन् ।

म खोरभित्र रहँदा दुईपटक एस.पी.ले ढोका खोलेर कुरा भयो भनेर सोधेका थिए । तर मैले छैन भनेर टाउको मात्र हल्लाएको देखेपछि सोध्नुहोस् न भनेर ढोका बन्द गरेर गएका थिए । एस.पी. गएपछि मैले फेरि नेपालजीलाई बोलाउन थालेँ तर उहाँले कुनै उत्तर दिनुभएन ।

खोरभित्र म पनि नेपालजीसँग थुनिएको जस्तो लागिरहेको थियो । बिस्तारै म नेपालको नजिकै गएर उनको काँधमा हात राखेर उनलाई बोलाउन मात्र खोजेको थिएँ, उहाँ दुखाइले अइऽऽया भन्दै कराउनु भएपछि मैले हात तानिहालेँ । नजिकबाट उनको अवस्था देखेपछि म स्तब्ध भएँ । डराएँ । हात आफै काँप्न थाल्यो । ओठ फरफराउन थाल्यो । शरीरको पूरै अङ्गमा सुकेका रगतका टाटाहरू देखिरहेको थियो । उनको अवस्था हेर्नै नसकिने थियो । मलाई उनीसँग केही सोध्ने आँट नै भएन । म चाँडोभन्दा चाँडो त्यो खोरबाट बाहिरिनु चाहन्थेँ तर म त्यसबेला मन्त्रालयबाट खटिएर आएको एउटा कर्मचारी भएको थिएँ । मध्यरातको समयमा खोरभित्र म एउटै प्रश्नको उत्तर खोजिरहेको थिएँ । उनलाई राजतन्त्र फर्काउने उत्तेजित समाचार कसले भन्न लगायो ?

फेरि एकपटक मैले उनलाई सोध्ने आँट गरेँ अनि उनलाई केही भए उनको परिवारको अवस्थालाई माध्यम बनाएर सुझावात्मक तरिकाबाट प्रश्न गरेँ - 'घरपरिवारको बारेमा के सोच्नुभएको छ ? तपाईं नभएपछि उनीहरूको के

हुन्छ ? तपाईंलाई कसले उक्साएको हो ? त्यो समाचार भन्न लगाएको मान्छेको नाम मात्र भनिदिनुहोस् त्यसपछि तपाईंलाई यहाँबाट निकाल्ने जिम्मा मेरो भयो । म वचन दिन्छु कि ..................... !'

मेरो कुरा नटुङ्गिँदै नेपालजीले कराउँदै भनेको कुरा सुनेपछि म आफै स्तब्ध भएँ ।

नेपालजी कराउन थाल्नुभयो - "मैले राजतन्त्र फर्कने भन्दा मलाई यसरी अमानवीय तरिकाबाट पिटेर खोरमा थुनिएको छ । तर हिजो खुला मञ्चमा देश टुक्र्याउने कुरा गर्ने नेतालाई किन समात्न सकेनन् ? एउटा दलको नेता भएपछि देशलाई विखण्डन गर्ने कुरा गर्दा पनि हुने । मैले राजतन्त्र फर्कने कुरा गर्दा सबै दलको सातो किन गएको । मैले मलाई राजावादी दलले यो भन्न लगाएको भन्दा के ती दलका नेतालाई यो सरकारले समात्न सक्छ ? मैले आस्था राख्दै आएको दलको नाम लिए भने के यो सरकारले मेरो दलका नेतालाई समात्न सक्छ ? देशको अराजकीय अवस्था देखेपछि मैले आफैसँग प्रश्न गर्न थालेँ । दलको नेता हुँदैमा राष्ट्रियताको विरुद्धमा बोल्न मिल्छ ? मेरो आमालाई मेरै दाइले बेच्छु भन्दा के म कर्तव्यविमुढ भएर बस्न सक्छु । हामी कहिलेसम्म चुप लागेर बस्ने ? मैले देश टुक्र्याउने कुरा गरेको छैन । मैले त राजतन्त्रको नाम जोडेर हेर्न खोजेको मात्र हो । मलाई कसैले भन्न लगाएको हैन । मैले आफैले भनेको हुँ । जनताले बोले देशद्रोही हुने तर त्यही कुरा नेताले बोले केही नहुने । हाम्रा दलका नेताहरू कति कमजोर रहेछन् !'

नेपालजीले कराएर बोलेको सुनेपछि एस.पी. तीनजना प्रहरी जवानहरूलाई लिएर खोरभित्र पसे । प्रहरी जवानले फेरि नेपालजीलाई 'चुप लाग्' भन्दै पिट्न थाले । एस.पी.ले मलाई समातेर बाहिर लिएर आए । बाहिरसम्म नेपालजीले कराएको आवाज सुनिन्थ्यो ।

एस.पी.ले मलाई घर जाने आदेश दिएँ । मैले सचिवलाई फोन गर्नुभन्दा अघि नै सचिवको फोन आयो । उनले एस.पी.बाट सबै ब्रिफिङ भएको जानकारी दिँदै मलाई केही समय घरमा नै आराम गर्ने आदेश दिएर फोन काटेँ । ड्राइभरले मलाई बिहानको साढे दुई बजेतिर घरमा छोडेर भोलि कति बजे लिन आउने सर भनेर सोध्न थाल्यो । मैले भोलि लिन नआउनू । कहिले आउने हो म रेडियोमा खबर गर्छु भनेर मोटरबाट ओर्लिएँ ।

यही समाचार हामी दुवैको अन्तिम समाचार बन्न पुग्यो ।

कविता

# पालुवा



● **विमला निरौला**
भर्जिनिया, अमेरिका

सृष्टिको परिकल्पनाभित्र तिमी
थोप्लोसरि भ्रुणको सुन्दर रूप
समयको नौकाबाट धर्ती चिहाउँदै ।
बिस्तारै फक्रिँदै गएको बैंसको रूपमा
लपक्क परेका पुष्ट अनि भरिला पातसँगै
तिम्रा चाहना, इच्छा र उत्सुकताहरू ।
जोवनलाई इन्द्रेणी रङ्ग भर्न आतुर तिमी
आफूलाई सम्हाल्न खोज्दा-खोज्दै पनि
हावाको सुसेलीमा बहकिनु, हावाकै वेगसँगै ठोकिनु त छँदै छ ।
मेघ, गड्याङ्गुडुङ र प्रचण्ड गर्मी वा लुग्लुगे बतास
या तिमीमै लपक्कै भै टाँसिने सेती हिउँपरी
कहिले असिनाकै ठट्यौलीसँग जिस्किएर ।
घामपानीको यथार्थलाई मुस्कानका साथ सहर्ष स्वीकार्दै
हाँगैपिच्छेका पंछीहरूको क्रीडामा रोमाञ्चित हुँदै
आफ्नै कोखबाट अङ्कुरित फूल र फलमा रमाउँदै, नतमस्त हुँदै छौ ।
यो छोटो वर्ष दिने जीवनयात्रामा
तिमीसँग पिरती साट्ने मौरी, भमरा र पुतलीहरू
तिमीमै रुमल्लिने कमिलाका ताँतीहरू ।
तिम्रै डाली-डालीमा डुल्ने पंछीहरू
तिम्रो सुन्दरतामा झुल्ने प्रेमिल मनहरू अनि
तिम्रै छहारीमा रमाउने, तिम्रै शीतलु भुल्ने बटुवाहरू ।

भोलि पतिङ्गर भै विलिन हुनुपर्ने सत्यतामा
बिनाप्रवाह हँसिलो मुहारमा तिमी
राग-दोषको बिनासङ्केत ।
जाति, धर्म र लैङ्गिकता अनि रङ्गभेदलाई पन्छाउँदै
निःस्वार्थ र निष्पक्ष तिमीले आफ्नो जीवन बाँडिरहन्छौ
सेवामा लागिरहन्छौ र ओतहरू दिइरहन्छौ ।
त्याग र वलिदानमै सङ्कल्पेर जिन्दगी
ग्रहण र धारणको चाहबिना
निःस्वार्थ तिमी एकोहोरो पस्किँदै मात्र छौ ।
चराचर जगत् उत्साहका साथ
तिम्रो आँगमनमा धर्ती पनि मुस्कुराउँदै छिन्
ऋतुरानी काखी चाप्दै वसन्ती रिमझिममा ।

●

## गजल



● **लेख कार्की**
महासचिव, अनेसास कतार च्याप्टर

एउटा अञ्जान बटुवाले खबर छोडिगयो,
तिम्रो मान्छे आज तिम्रो सहर छोडिगयो ।

तिर्खा मेटी कुवा भुल्ने कहाँ कमी छन् र !
अघाएसी झिँगाले नि सखर छोडिगयो ।

कति साथ हतारमा नै प्रिय बन्दा रै'छन्,
छाललै पनि चुम्मा गरी बगर छोडिगयो ।

अलिकिति ओझेल पर्दा निराश हुने नजर,
खै के हिम्मत गर्‍यो र यी नजर छोडिगयो !

परिस्थिति पनि बडो स्वार्थी हुँदो रै'छ,
गुलाफ लग्यो बदलामा पत्थर छोडिगयो ।

●

# माटो



● हरिप्रसाद काफ्ले 'शैव'
बोस्टन, अमेरिका

जन्मेको घर सम्झिँदै किन सधैँ रुन्छन् सबै यी कवि
चाहे लेख्न सकून् कि लेख्न नसकून् मान्छे सबै हुन् कवि
आमा शब्द छ प्यारको शिखर हो संसारको माथ यो।
कस्तो भाग्य छ देशभक्त हुनुमा सन्तान नेपालको।

बाजेको ऋण तिर्न बाउ तिनकै बाँझो खनेका थिए
छोरा औषधि सुघ्न पाएन कठै स्वर्गीय बाला भये
मायाको सिउँदो सजाउन खने मैले तिनैको गरो
लज्जा छोप्न कुनै भएन कपडा मागे तिनै साहुको।

शिक्षाको पनि छैन काम गतिलो उद्देश्य अन्योल छ
मान्छेकै पनि छैन भाउ गतिलो चक्कू निकै मूल्य छ
कस्तो धर्म छ राज्यको र जनको छुट्याउने देवको ?
बुद्धात्मा कहिले सुरासुर सबै सर्वत्र मान्छे त हो।

गङ्गाको जल हातमा भरिगरेँ खाएँ गरेँ आच्मन
हे माता अब जान्छु देशभरिकै सङ्कल्प ली यो मन
बाँचू बाँच्न सिकाउने रहर यो यै देशको सीपले
हाँसोको महिमा बुझाउन सकूँ श्रद्धा र सम्मानले।

आधा रात थियो हिँडे ध्रुव तिनी, त्यै कालमा गौतम
सारा सृष्टि हसाउने मन गरे त्यै काम सर्वोत्तम
धर्ती यी जननी गए पनि जहा भन्थ्यौन जाऊ तिमी
जानै हुन्न विदेशमा किन यसो भन्छौ सखे हे तिमी।

हाम्रा जंगलका जराहरू सबै हुन् औषधी जीवनी
मैले बिर्सनुहुन्न ती सबथरी सद्ज्ञान संजीवनी
मान्छे तृप्त हुँदै हुँदैन, कसरी रोकिन्छ यो युद्ध खै
दोषी पात्र कुपात्रले किन यहाँ मान्छे म हूँ भन्नु खै।

यस्तो लाग्छ कतै कुनै समयले दुर्भाग्य बाँचे किन
अर्को मित्र विचित्रले शहीद भो कस्ले जियो लौ भन
पैसा टिप्न म आउने यदि भए खाडी कुवेतै किन !
साहूको घरमा बसाइ, खिचडी खान्थेँ र मैँले किन।

हामी छौँ यस घाममा तर तिमी पल्लो नयाँ घाममा
गर्छन् प्रश्न सधैँ तिनै अबुझले ठोक्दै किला घाउमा
आऊ हेर्न यहाँ म भन्छु दिनमा ड्युटी गरेको कुरा
साक्षी भै भन बात मर्म मनको कुच्याइदेऊ छुरा।

ढुङ्गा पत्थर हो र बन्छ बलियो बन्दैन माटो त ऊ
माटो बन्छ कुहेर रूख विचरा, झौता बने ती अरू
गाईका गुणझैँ हजार गुण छन् यौटा छहारीमुनि
आमा हुन् ममता उजागर हुने त्यस्तै बुहारी पनि।

हे नेता बुझ यो कठोर मनको भाषा सुनाएँ सबै
काहाली डर मर्द मात्र नरहे को बस्छ रोई सधैँ
भन्छन् इन्द्रियले सुशान्त घरमा बन्छौँ सुदामा बरू
फर्किन्छौ एकरातमै मुलुकमै छोएर माटो मरू।

●

निबन्ध

# मुसे धान



● **युवराज नयाँघरे**
काठमाडौँ, नेपाल

कपाल फुले पनि त फुल्दो रहेनछ अतीत !

त्यसकै एक दानो म । जसको कारणले फुल्ने, फल्ने र फैलिने गरेको रहेछु । त्यो त्यही जरो, जो हरेक चैतमा सुकेर ओइलाउँछ र आउँदो वैशाखमा उम्रिन्छ फेरि ।

घरमा मुसाले किताब काटेर हैरान पारेको छ । अझ निद्रा बिगार्नमा मुसाले जति दिक्क अरू कसले लाउँछ र ! तर मैले कुनै समय मुसाका दरबार भत्काएको छु । आज पढ्ने रहर भो आफैलाई । एउटा पुरानो पाना ।

धेरैजसो त दसैँ सकिएलगत्तै धान काटिन्थ्यो । कहिलेकाँही हो, दसैँमा नै धान काटी नयाँ धानको चिउरा कुट्ने ।

साह्रै पर्दा मात्र हो नि ! नयाँ धानको चिउरा खाने । नत्र त पुराना धानकै चिउरा कुटिन्थ्यो भकरङ-भकरङ । त्योबेला नयाँ धानका बाला यताउता काटेको देख्दा खासै वास्ता हुँदैनथ्यो तर भनिन्थ्यो - 'मुसा यता पल्कियो कि ?'

दसैँ सकिएलगत्तै धान काट्ने चटारो भइहाल्थ्यो ।

मधेशका पारिला दिनमा कतिपटक त धान खुर्रिएर गइसक्थ्यो । तैपनि पिङमा मच्चिने र चाडबाडको अलमलले छेका हालिरहन्थ्यो ।

मङ्सीरपछि खेतमा मुसाले हुलेका धान टिप्न म जान्थेँ । मुसालाई दोहोलो काढ्नु पनि त पर्थ्यो । त्यै भएर बा-आमाले खेतका मुसा खेद्ने कुरामा नाइनास्ति गर्नुभएन । भन्नुहुन्थ्यो - 'घरको भकारी नि रित्याउने, खेतकै पनि बुत्याउने !'

त्यो एकखालको रोष हुन्थ्यो । त्यसले मलाई खेत डुल्न र चहार्नमा सघाउँथ्यो अघोरै । म आमा र बुवाको त्यो भनाइलाई उचालेर भन्थेँ - 'मुसा नखेदिहुन्न !'

हुन त धान काटिसकेपछि मुसे धान खन्नुपर्थ्यो तर म मुसाको धान निकाल्न त्यतिञ्जेल पर्खिने धैर्यमा हुन्नथेँ । जतिसुकै चाँडो धान खन्न जुट्थेँ फरुवा, कोदालो र कुटो चलाएर ।

गाउँमा भुराहरूको स-सानो झुन्ड थियो - मुसे धान खन्ने । तिनको तन, मन हमेशा मुसे धानमै अडिएको हुन्थ्यो । तिनले यै कमाइबाट आफ्ना धेरै रहरहरू पूरा गर्ने लक्ष्य लिन्थे ।

'माघको पिकनिक यैबाट टारिन्छ !'

'नयाँ वर्षमा लुगा नि हाल्ने पैसा यसैबाट बनाउनु पर्ला !'

'बजारको खुर्मा खाने पैसा यैबाट जोगाइन्छ !'

'कालो चस्मा किन्ने खर्चका लागि यै हो !'

किशोरहरूको हुलमा थिएँ मै नि ! तिनका रहरसँग म पनि जोडिन्थेँ, गाँसिन्थेँ र नजिकिन्थेँ । अनि कुरा एउटै हुन्थ्यो - मुसे धान खोज्न अबेर नगरौँ ।

यति धेरै इच्छा, यति धेरै रहरका दबावमा परेका हुनाले मङ्सीरसम्म धान काटेका गरा कुर्न गाह्रो पर्थ्यो । त्यै भएर कतिचोटि त धान काट्नुअघि नै म मुसे धान खन्न पर्स्थेँ - लहलह धान खेतमा । बोडी टिप्न र ढलेका धान उठाउन जानेहरूले एकसरो सरापिसक्थे - 'हन्तकालीहरूले मुसे धान खन्न भ्याइसकेछन् !'

मङ्सीरपछि गाउँका खमार र खेतमा बढ्थ्यो चहलपहल । पर्म लाउने र खेताला खोज्नेको दोहोरीलत्तो हुन्छ गाउँमा । हतार-हतार धान नकाटे कहिलेकाँही त रहलपहल मनसुनले असिना बर्साउँथ्यो । अनि धानका बाला त बाटामै सोत्र्याङ्गै ।

वर्षभरिको पसिना बन्थ्यो सोत्तर ।

धान कहिले काट्लान् ? किन ढिलो गरे ? चाँडो गरे कति राम्रो हुन्थ्यो ! यस्ता उखर्माउलाले मलाई घोचेका हुन्थे ।

धान काटिसकेपछि हाम्रो बसाउठी बाक्लिन्थ्यो । भेटघाट तारन्तार हुन थाल्थे । अनि फटाफट निर्णय हुन्थे - 'मुसे धान खन्न यो बार, यो दिन, यति बजे जाने ।' बार वरै हुन्थे, दिन अझ तोकिन्थे, बजे पनि चाँडचाँडै हुन्थे ।

'शुक्रबारको हाफ छुट्टीपछि पुग्ने है !'

'शनिबार छुट्टीमा जाऊँ न !'

'हप्ताको पहिलो दिन आइतबार जाँदा राम्रो !'

मुसे धान खन्न जानेबारे मैले यी छलफल सुन्नुपर्थ्यो । सँगसँगै तिनका तर्कमा उभ्याएर आफूलाई पार्नुपर्थ्यो घोलघाल ।

सर्वमान्य तर्क र कुरोले विजय पाउँथ्यो । अरू पाखा लाग्थे । मिल्नेहरूका बोलीमा उर्दी हुन्थ्यो - 'फरुवा बोक्नू ! कोदालो नि ल्याउनू !'

म र अनुयायहीरूले बोरा, धोक्रा, टिनका बट्टा बोक्ने आदेशसमेत पाउँथ्यौँ। मान्नुपर्ने वा स्वीकारोक्तिको सिद्धान्त हुनुपर्छ यो ।

मुसे धान खोज्न प्रायः आइतबार जान्थ्यौँ हामी ।

स्कुलका लागि किताब, कापी वा झोलामा डटिएर अघिपछिभन्दा एकघण्टा चाँडै हिँडिन्थ्यो । अघिल्लो दिनको साँझ वा शनिबारकै कुनै समयको तारतम्य मिलाई साथीहरूले फरुवा लगिसकेका हुन्थे । कतिले धानबारीमा लुकाइसकेका हुन्थे बोरा, धोक्रा, चोयाका डाली ।

कतिपटक त झोलाबाट मेरा किताब खन्याएर मुसे धान पनि कोच्चिएको थियो - भाँडोको अभावमा । के गर्नु मुसे धान खोज्ने युद्धमा सामेल भएपछि सघाउपगाउ नगरी भयो त !

साँच्ची काँबाट सुरु गर्ने धान खोज्न ? खुब वादविवाद पर्थ्यो । चार/पाँच किशोरका चार/पाँचसय अनुमान र ठोकुवाले दह्रो गाउँसभा बन्न पुग्थ्यो ।

'पैनी छेउबाट मुसे धान खोज्नुपर्छ !'

'गैरा खेतमा मुसे धान धेरै पाइन्छ !'

'खाडीतिर पो खन्नुपर्छ !'

'यो पालि त पोहोरतिरका ठाममा नखन्ने !'

ठाउँ पनि तोकियो । अब त धेरै कुराले सघायो - मुसे धानका निम्ति एउटा बलियै योजना र दृष्टिकोण निर्माण भयो । हो, बहस र विवेचनाले जित्न सक्यो ।

आइतबारदेखि मुसे धान खोज्ने पक्कापक्की भयो ।

म पनि स्कुल जाने बाटो मोडेर गएँ पैनीको डिलैडिल । तीन/चारदिन अघिको सल्लाहले गरेका बुँदामा टेकिएर साथीहरू आएका थिए । ती प्राण जाला वचन खेर नजाला भन्ने सिद्धान्तमा अडिग थिए ।

फरुवा चले खेतमा ।

सुरुमा कसैले धानका पाँजा पन्छाएर कोदालो चलाएका थिए। फेरि कसैले भन्यो - 'धानका बिटा सारेका निहुँमा पोहोर मेरा कन्सिरी ताने'थे - जमरकट्टेल काकाले। भो, धान उठाएको ठाममा मात्र मुसे धान खोजूँ !'

कुटाइ खाने कुरामा धेरै परै हुन्छन्। बरु कुट्ने कुरामा एकमत हुन पुग्छन्। मेरो नि जोडबल पछिल्लोमै भयो।

'हो, त्यसै गरुम् न !'

फरुवा चले - आली छेउका उरुङखात बुरबुरे माटो उठाइएका ठाउँमा। मुसाले घर बनाउँदा भित्रबाट बाहिर थुपार्थ्यो, बुनियाँका डल्लाजस्तो फुस्रो माटो। हामीलाई पनि मुसाको दुलो चिन्न यतिखेर ठूलो सहयोग हुन पुग्थ्यो।

जान्नेहरूले फरुवा बिस्तारै चलाउँथे। नजान्नेहरूको कुरै भिन्नै हुन्थ्यो। सम्भवत: जानेको वा बुझेको भए यत्ति एक झोला धानका लागि स्कुल छोडिन्नथ्यो होला। पराजय भनेको हरेक कोणमा उभिएको हुँदोरहेछ। कति छल्ने त्यो हो आफ्नो कुरा।

कोदालो चल्थे फटाफट।

अनि मुसाले कति मिहिनेतले बनाएको प्वाल रैँदालो पार्न थाल्थ्यौँ हामी। कुनै निर्माण छरेर वा कुनै ठूलै योजनाले चाँडो सार्थकता पाउने शुभ मुहूर्त हो यो। यस्तै विश्वासमा म मुसे धानका निम्ति पसिना खर्चिरहेको हुन्थेँ।

कोदालो चलाउन थालेपछि वरिपरि बसेर हामी माटोका डल्ला पर-पर हुत्याउँथ्यौँ। माटाका चप्परी यताउता सार्दासार्दा हत्तुहैरान।

मुसाहरू पनि कति धेरै चलाख। धेरै भित्रसम्म प्वाल पारी धान थन्काउथेँ। आलीमा सानो प्वाल हुन्थ्यो तर भित्र त काँ हो काँ दुलो बनाएर राखेका हुन्थे धान।

एकपटक हो, झन्डै एक बोराजस्तो धानका सग्ला-सग्ला बाला थन्काएको भेटेँ मैले मुसाको दरबारमा। तह-तह बनाइएको दुलोमा राम्रा-राम्रा बाला एउटा दानासम्म नखाई राखिएको थियो।

'मुसाले मङ्सीरमा पाँचवटीसम्म स्वास्नी भित्र्याउँछ। अनि धानका बाला बोकाउन ती रूपसीलाई खटाउँछ। जब पुसको जाडो बढ्छ, त्यसपछि सबैलाई खेदेर एक्लै धान खान थाल्छ !'

गाउँका मेकचन धिमालले भनेको सम्झन्छु म।

उनी जानकार लाग्थे - मुसाका, खेतका, धानका वा कुलो पैनीका । मैले निकै पत्याएँ उनका कुरा । आधार के भने - मुसे धान खोज्दा प्रायः मुसो भेटिदैनथ्यो । भेटिहाले - एउटा सम्भ्रान्त अनुहारको मुसो लडबडी गरिरहेको हुन्थ्यो त्यही दरबारमा ।

मुसे धान खोज्दा मैले मुसाको प्वालमा भेटेका धानको तह हेरेर सौन्दर्य, ज्ञान र श्रमको भुँवरीमा हुत्याएको छु पटक-पटक ।

कति मिहिनेतले यो प्वाल बनाएको ? कति लगनले माटो खनेको ? कति बलले यो घर बनाएको ? कति ऊर्जा लाएर यो दुलोभित्रै तातो चिसोको व्यवस्थापन गरेको ?

मुसे धानसँग धेरै खालका जिज्ञासा छन् ।

सर्लक्क-सर्लक्क परेका यी बाला हेर्छु - कुनै चोट वा खोट छैन । कुनै चोइटिएको वा टुक्रिएको छैन । कुनै दाना कोतरिएको वा चुँडिएको छैन । मुसे धानका बिटामा हात लाउँदा ऐश्वर्य र सम्पन्नताको भावले अँगालो हालेको लाग्थ्यो मलाई ।

कतिपटक यस्तो भयो - मुसे धानै छैन । धानको एक गेडो पनि देख्न पाइएन । बरु धानका नलले तह-तह खापेर बनाइएको छ न्यानो बिछ्यौना । त्यहाँ आँखासम्म नउघ्रिएका राता बच्चाहरू गुँडुल्किएका हुन्थे ।

मुसे धान नपाएको झोँकमा फरुवा चलाउनेले माया वा करुणाको अर्थ भुलिसकेको हुन्थ्यो अनि ती छिन्नभिन्न हुन पुग्थे । तिनको बोलीसम्म सुन्न पाइन्थ्यो ।

धान त कहाँ हो कहाँ ? दुःख मात्र दिएको आक्षेप मुसाले पाउँथे । हुन पनि एक घण्टामा मुसे धान भेटिने/नभेटिने सङ्केत पाइन्थ्यो । एक अर्थमा यो परीक्षा हुन्थ्यो । हाम्रो धैर्य र खटनको जाँच ।

मुसाले रित्ता पारेका दुलो त्यतिखेर फटाफट हेरे पनि अर्को दिन धीत मर्ने गरी म त्यहीँनिर आएको थैं कतिचोटि । यो मेरो एक्लो भाव, एकान्तपन र एकाग्र रूपको अङ्कमाल हुनुपर्छ ।

मुसे धान नभए पनि मुसाले पारेका प्वालमा पुसे शीत वा कुइरोले एक खालको चिसो ओराल्छ । त्यो शीतले माटोमा नपत्याउँदो कलाकारिता समाउँछ । मलाई त्यो कलात्मकताले तान्छ, तानिरहन्छ ।

व्यस्तताको कुरै नगर्नु होला ।

मुसे धान खन्दा धेरै साक्षी भेट्न सकिन्छ। कति प्वालहरूमा बाङ्गोटिङ्गो तरिकाबाट बाला लगिएको हुन्छ। कतिपय दुलामा मुसाले सिधै लगे पनि गहिरा खण्डमा धानका बाला बडो मिलाएर राखेको देखें।

अरूका किताब, कपडा, अन्न खाँदा फोहोर पारे पनि मुसाले आफ्ना दुलामा सफा-सुग्घर र जतनसँग धान थन्काएको देखिन्थ्यो। सायद आफ्नो श्रमको मूल्यलाई ऊ अर्चना गरिरहेको थियो।

मुसे धानका निम्ति निकै खट्नु पर्थ्यो।

फाल्दा-फाल्दा पसेका माटोले तन्केर दुख्थें- औँलाका नङहरू। पटपटी फुटेर राति त चर्किन्थे हत्केलाहरू।

मुसे धान भेला पार्न लागेको समय सामान्य हुँदैनथ्यो। लगानी, धैर्य वा एकाग्रताको कुरो गर्ने हो भने- मुसे धानले जीवनको सबैभन्दा ध्यानमग्न समय खाएको हुन्छ। सान्है सोच विचारसँग हेर्नु पर्थ्यो।

'एक बालो पनि फरुवाको धारमा नपरोस्!'

'एक दाना पनि नधुलियोस्!'

मुसे दरबार निहालेर बसेका साथीहरू सुझाव दिन्थे। कोदालो चलाउनेहरूले तिनका कुरामा कति मन दिएका हुन्थे थाहा छैन- तर तिनका मुन्टो हल्लाइ र फरुवा उचालाइमा समानता भेटिन्थ्यो।

अर्थ यही थियो- 'सँगै आएका हुनाले सुन्नमा तलमाथि भए पनि गुन्नमा पछि छैन म!'

मुसे धान मात्र हाम्रो लक्ष्य हुन्थ्यो त्यो बेला।

त्यसमा लगाउने समय वा परिश्रमको कुरो गर्ने हो भने- धान खोजेर ल्याउनु, चुट्नु, सुकाउनु, बताएर माटो भुस छुट्याउनु वा बेच्न लाउनु- सहज कदापि होइन।

तैपनि म मुसे धानतिर अनाकर्षित हुन सकिनँ। भएँ...भएँ एकोहोरो। मुसे धानले तानेको तान्यै गर्‍यो। भेटियोस् वा नभेटियोस्- एक खालको लोभ हट्नै सकेन।

हुन त मुसाले गहुँ, आलस, तोरी, जुट, मकै पनि आफ्नो दुलोमा लैजाँदो हो। तर म र दौँतरीका निम्ति धानको सिलोबालोमा मन जोडियो हरेकवर्ष। यो अपराजित खुसीजस्तै, यो अत्यावश्यक प्राप्तिजस्तै, यो अविदित हर्षजस्तै।

मुसे धानले गर्दा कक्षा छुटेको बहस भएन। कोदालो चलेको कुराले नै पायो महत्त्व। गुरु, पाठ वा ज्ञान मेरा लागि थोरै अर्थ हुन सके - मुसे दरबार रुङिरहँदा। अभ्यास, पढाइ वा सोधपुछले यतिखेर स्थान पाएनन् - फरुवाका झम्टाइमा।

यो व्यवहारले बाँचेको समयको सानो अनुहार थियो हामी सबैको।

म मुसेधान खोज्न प्रायः गएँ। अझ धान भित्रिने प्वालका तह र त्यहाँ जोडिएको खण्ड-खण्डबाट हरेकपटक लोभिएँ। कति धेरै सीप, कति धेरै श्रम, कति धेरै कारिगरी यी मुसे दरबारमा।

कतै धान, कतै पात, कतै घाम छिर्ने प्रकाशको व्यवस्था। भोजन, आराम वा योजनाको संयोजन। मुसासँग मैले सिक्ने कुरा हो - अरूकै भए पनि व्यवस्थित प्रयोगबाट जीवन बनाऊ सम्पन्न र सुखद। नदेखाऊ तर तृप्तिमा डुब निष्कपट।

मुसा र देश - आज धेरै नानीहरूले लेख्ने प्रिय वाक्य हो।

मुसे धानका लागि खेत जान छोडेको छैन मैले। मङ्सीर, पुस मेरा लागि झन्-झन् आवश्यक महिना भए। दुला वा बुरबुरे माटोले ढिस्को उठेका ठाउँतिर गइरहेछु। धान हैन, मुसा चिन्नुपरेको छ मलाई।

●

हाइकु

# तीन हाइकु



● **किरण पौडेल**
भरतपुर-२०, चितवन

१
मायाको खाता
बेरुजु हिसाबले
धुजाधुजा भो।

२
पैयुँको बोट
मलाई चिनाउने
लालीगुराँस।

३
पन्ना च्यातेर
पुतली दगुर्दै छे
लार्भाको छेउ।

●

कविता

# जीवन एब्सट्र्याक्ट आर्ट



● प्रा.डा. गोपी उप्रेती
वासिङ्टन डि.सी., अमेरिका

समयको लामो अन्तरालपछि
बोकेर संवेगका कुण्ठाहरू
सम्प्रेषण गर्दै छु म तिमीलाई
जीवन व्यग्रताका तरङ्गहरू ।

किन हो आजकल मलाई
जीवनमा माधुर्य रित्तिँदै गएजस्तो लाग्छ
तिमीप्रतिका मेरा रुमानी ख्यालहरू
चिसो बतासले उडायोजस्तो लाग्छ ।

मलाई थाहा छैन प्रा.डा. गोपी उप्रेती
किन अनुभूत गर्दै छु म शून्यता
एउटा महत्ताहीन अस्तित्व
किन तर्साउने गर्छ अँध्यारा रातहरूमा ।

तिमी भन्ने गर्थ्यौ नि स्यान्डेरिला
जीवन एउटा एब्स्ट्र्याक्ट आर्ट हो भनेर
आजकल मनखुसी यसलाई बुझिदिने गर्दछु
स्वच्छन्दताको अनुभूतिमा रमाएर ।

तिमी यो पनि त भन्ने गर्थ्यौ नि स्यान्डेरिला
जीवन एउटा प्रयोगशाला हो भनेर
जीवनभोगको अनवरत प्रयोगशालामा
खोजिरहेछु सार्तेको अस्तित्ववादमा ।

बेला-बेलामा जाग्ने गर्दछ कामुको रिबेल
सेक्सपियरको उराठपूर्ण निरस नाट्यशाला
जीवन सिसिफसको मिथ भएर
बाँचेको छ नित्सेको शून्यवादमा ।

खै के भनूँ अनुरागविहीन पलाँसका फूलहरू
जीवनबोध गराउँछन् आजकाल मलाई
माधुर्य रित्तिएका खोक्रा रुमानी ख्यालहरूमा
सुतिदिने गर्छु म चैतन्यलाई विस्मृतिमा भुलाएर ।

●

कविता

# प्रेमिल रूख



● **प्रकाश पौडेल 'माइला'**
योकोहामा, जापान

सदिऔँ भैसकेको छ
हरेक दिनको
सूर्योदय र सूर्यास्त छिचोल्दा
यो सुनसान बगैँचामा
प्रेमगीत घन्किन थालेको !
प्रभातको चिरबिर आवाजसँगै
थुप्रै जोडी पाइलाहरू
यतैतिर आउँछन्
अनि यो बगैँचा
मौन भएर हेरिरहन्छु
सहमति वा असहमति
अनुमान गर्नै गाह्रो
रीसरागको छेकछन्दै देखिँदैन
बतास चलेसँगै पातहरूले
हर्षोल्लासमा सुसेलेजस्तो लाग्छ ।
साँझ होस् वा बिहान
झिसमिसे होस् वा मध्याह्न
सधैँ इमान्दार देखिन्छन्
ग्रीष्ममा शीतलता छरेर
अनि शिशिरमा आफै नाङ्गिएर
कर्तव्यनिष्ठ बनिरहेछन्
यी
प्रेमिल रूखहरू ।

●

**अनेसास च्याप्टर अध्यक्षहरूमा अनुरोध ...**

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) केन्द्रीय कार्य समितिको मुखपत्र **अन्तर्दृष्टि (Insight)** को निम्ति पछिल्लो समय भएका सम्बन्धित च्याप्टरहरूको गतिविधि र साहित्यिक समाचार (फोटोसहित) पठाइ सहयोग गर्नुहुन विनम्र अनुरोध गर्दछौँ ।

रचना पठाउने इमेल : antardristi.inls@yahoo.com

**अन्तर्दृष्टि प्रकाशन समिति परिवार**

## गजल



● **डीआर न्यौपाने 'सूर्य'**
दक्षिण कोरिया, सौल

पढे देशमै अवसर छ भन्ने सरकार गफाडी हो,
अध्ययन सकेर जाने त कोरिया हो खाडी हो ।

अझै पनि त्यो रूपको तारिफ नखोज न प्रिया,
अप्सराजस्ती छौ भन्ने त विवाहअगाडि हो ।

बिन्ती अरूको स्वार्थका लागि विभाजित नबनौं,
नेपाल भन्नु नै मधेशी हिमाली पहाडी हो ।

मान्छे चन्द्रमा छुँदा हामी जातभातमा अल्झियौं,
हेर्नुस् त हाम्रो सोचाइ अझै कति पछाडि हो ।

जो अरूको रीस नगरी कर्ममा विश्वास गर्छ,
त्यै व्यक्ति नै सफल जीवनको सच्चा खेलाडी हो ।

●

**हार्दिक शुभकामना**

**अङ्ग्रेजी नयाँ वर्ष २०१९**
को सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा सु-स्वास्थ्य, दीर्घायु एवम् सुख-शान्ति तथा समृद्धिका लागि **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दै **अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)** को मुखपत्र **अन्तर्दृष्टि**को **४३ औं अङ्क** प्रकाशन हुन लागेकोमा खुसी प्रकट गर्दछु ।

**गणेश घिमिरे**
महासचिव
**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**
**केन्द्रीय कार्य समिति**

कथा

# सम्झनामा मेरी प्यारी



● **सन्तोष शर्मा**
जापान

जति-जति हेर्छु, तिम्रो तस्बिर उति-उति राम्री देखिन्छ्यौ, हरेक क्षण हरेक पल, हरेक दिन । हरेक ढुक्‌ढुकीमा अनि मन मस्तिकमा तिमी नै, तिमी छौ । म आफैलाई थाहा छैन प्यारा, किन मलाई तिमी यति धेरै मन पर्छ । बोल्न मन भएर आउँछ तर बोल्दैन तस्बिर, चुपचाप छ । थाहा छ ।

जसै तिमी एक फरक परिवेशबाट मेरो मायाको विश्वासको भरमा आफ्नो जन्मघरलाई त्यागेर मेरो गृहमा प्रवेश गर्‍यौ, मेरो त कुनै खुसीको सीमा नै थिएन । तर नौलो परिवेशमा तिम्रो मौनताभित्र कयौँ प्रश्नहरू थिए होलान्, मैले तिम्रो मौनताभित्र उठेका प्रश्नहरूको उत्तर कति दिएँ, त्यो त थाहा छैन । तर पनि प्यारी मैले जाने, सम्झे र बुझे जति कुनै कसुर बाँकी राखेको जस्तो लाग्दैन । बेलुका जब खाना खाने बेलामा तिम्रो साथ बिना नै खाना खान बस्दा ज्यादै नरमाइलो अनुभूति हुन्थ्यो । सँगै बसेर खान धेरै मन भएर आउँथ्यो । उसो त संयुक्त परिवारको परिवेश नबुझेको त होइन तर पनि यदाकदा मनले भने परिवेशको हेक्का उति नगर्दो रहेछ । सबैले खाना खाइसकेपछि तिमी खान्थ्यौ, भान्छामा लोटाइसकेपछि बाहिर रक्ष्यानमा भाँडा माझ्थ्यौ । एक्लै तिमीले भाँडा माझ्दा बजेको छिन्-छिन् चुराको आवाजले मन साह्रै कुँडिल हुन्थ्यो, तिमीसँगै बसी भाँडा माझूँ-माझूँ लाग्थ्यो । भाँडा पखाल्न पानीसम्म भए पनि हालिदिऊँ जस्तो लगिरहन्थ्यो । तर पनि म बाध्य थिएँ; तिमी धन्दा सकेर मेरो पास नआउन्जेलसम्म तिम्रो प्रतीक्षा गरी बस्न । म टौवामा पराल थुत्दै थिएँ, तिमी पछिल्तिरबाट अँगालोभरि दाउरा बोकेर भन्छातिर लम्किँदै थियौ, कुन्नि के पो भनेर जिस्काएको थिएँ, तिमीलाई ठ्याक्कै याद भएन तर तिमीले झिनो बाँसको दाउराले मेरो पिँडौलामा सोठ्याएकी थियौ । ऐयाऽऽ नि ! मरेँ, भन्दै म थुचुक्कै

बसेको थिएँ । 'बल्ल खायौ र ठिक्क पऱ्यो' को भाषामा ओठ र कुमले खुच्चिङ लगाउँदै भान्छातिर लम्केकी थियौ तिमी ।

गोरु फुकाइवरी जसै म काँधमा हलो, जुवा र हातमा लौरो लिएर निस्कँदै थिएँ, हातमा थैलीभरि मकैको पोको झुण्डाउँदै पछि लागेकी थियौ तिमी । मुखमा मोला लगाउँदा पनि सागको बुटो एकैचोटि निमोठूँझैँ गरी मुख धस्दै थियो खैरे गोरु । मैले हकार्दै एक लौरी बर्साएँ फिलामा । गोरु आफ्नो बाटो लाग्यो लुरु-लुरु । तिमी भने अनौठो पाराले हेरिरह्यौ तर केही बोलिनौ । जसै बारीमा पुगेर गोरु नारीवरी म अघि-अघि गोरु हकार्दै अनि तिमी मेरो पछि-पछि मकैको बिउ झार्दै थियौ । लाग्थ्यो अमेरिकाले इराकमा लडाकु विमानवाट बमको गोला बर्साएजस्तै । छिटो-छिटो मेरो जोताइमा जस्तो गति उस्तै तिम्रो गति । हायलकायल थियौँ हामी आ-आफ्नो धुनमा । एउटा अनौठो किसिमको रमाइलो परिवेश थियो त्यो । रमाइलो यस मानेमा कि हामी आफ्नै गतिको भागदौडमा थियौँ र अनौठो के थियो भने हामी निष्पट्ट मौन थियौँ ।

ह ... ह ... काले र ह ... ह ... खैरे ... ह ... पच ... ! गर्दै बेलामौकामा गोरुको पिठ्यु र फिलामा लठ्ठी बर्साउँदै म जोतिरहँदा मेरो मन भने चुपचाप पछि-पछि मकै छर्दै दौडिरहेकी तिमीमा थियो । कसम त धेरै मैले खाएँ-खुवाएँ कि हामी कदापि छुट्टिँदैनौँ । एकअर्काको नजरबाट अलग हुँदैनौँ । दुई/चार दिन तिमी तीजमा माइत जाँदा पनि हामी एकअर्कालाई कति धेरै एक्लो महसुस गर्थ्यौं । तिमी भन्थ्यौ, बाबा अर्को सालबाट त म मरिकाटे माइत जादिनँ, मेरै बाबाको काखमा बसिराख्छु नि ल ? लाडिएकी थियौ तिमी । अनि म पुलकित ।

तिम्रो त्यो विशाल छातीबाट आउने मीठो गन्ध, तिमी घाँसको भारी बिसाएर खुइया सुस्केरा काढ्दै बस्दा, पसिनै-पसिनाले निथ्रुक्क हुँदाको तिम्रो शरीरबाट आउने त्यो मीठो सुगन्ध अझै पनि म महसुस गर्न सक्छु प्यारी । यस्तै तिमीसँगको अनगिन्ती यादहरू मानसपटलमा आइरहन्छन्, समुद्रको छालजस्तै गरी । जो यहाँ मेरो सास फेर्नुको कारण बनेको छ र, त म यो सात समुद्र पारिको परदेशी भूमिमा जस्तोसुकै अपमानजनक, कठिन र जटिल परिवेशमा पनि रोमाञ्चित अनि पुलकित हुन्छु । आमाले आँसु झार्दै रातो अछेता निधारमा लगाई, आशीर्वादसँगै बिदाइ गरिरहँदा म बिदाइको हात हल्लाउँदै निस्किँदा पर कोठाको झ्यालबाट चिहाइरहेकी मूर्च्छित तिमीलाई नदेखेको मैले पनि होइन प्यारी । बस् !

तिम्रो समीपमा आएर बिदाइ माग्ने सामर्थ्य मसँग भएन प्यारी । त्यतिबेलाको तिम्रो हबिगत मैले महसुस नगरेको होइन प्यारी, म पनि त क्षतविक्षत नै थिएँ नि !

प्यारी, मेरो हरेक रात यसैगरी तिमीलाई सम्झेर नै बित्छ । कहिलेकाहीँ बिछ्यौनामा छट्पटाइरहन्छु । अस्ति राति मात्र खाटबाट भुइँमा बजारिएछु । धेरै रोमाञ्चित भएछु क्यारे ! दाहिने नाडीमा ठोकिएको थियो । अहिले लेखिरहँदा पनि दुखिरहेछ तर पनि दुखाइ आफैमा मीठो लागिरहेछ । अझै अरू पनि लेखूँ लागिरहेछ । कहिलेकाहीँ कामको व्यस्ततामा पनि अनायासै मुस्काइरहेको हुँदो हुँ, साथीहरूले खुब जिस्काउँछन् तर कहिलेकाहीँ भने म्यानेजरको तिखो वचनवाण पनि भेटिन्छ । सुरुमा त धेरै दुखेँ तर आजकल त बानी परिसक्यो ।

यो परदेशको दुःख-कष्ट अनि भोगाइ देख्दा भेट्ने आशा नि मरी जान्छ । तिम्रो याद, सम्झना र तिमीसँगको विगतको पल अनि बाबा, आमा, भाइ, बहिनी सबैलाई सम्झिँदा त झन् आँसु छचल्किन्छन् । ऐठन हुन्छ । सताउँछ । यति धेरै सताउँछ, दुख्छ, घोच्छ, अत्याउँछ, पोल्छ भतभति । के गरूँ र कसो गरूँ बनाउँछ । उकुसमुकुस हुन्छु । निस्सासिन्छु, सायद हावाले पनि सास फेर्न बिर्सिएजस्तो लाग्छ । आफ्नै देश विकास भएर, सबै परदेसिएकाहरू स्वदेश फिर्ने दिन पनि उही काफल पाक्यो चराको कथाजस्तै लाग्छ ।


दिन के सक्छु र परदेशबाट, मीठो सपना अनि आश तिमीलाई
बिहान-बेलुकीको मीठो-मसिनो गाँस अनि बास तिमीलाई
मेरो हरेक पल चल्ने सास अनि धड्कनसँगै
सदैव तिम्रो साथमा छु भन्ने आभास तिमीलाई ।

लेख्दा लेख्दै रात छिप्पिसकेछ, पत्तै भएन प्यारी । आजलाई यति नै । जान्छु निदाउने प्रयत्न गर्छु । थाहा छैन प्यारी, कसरी बित्छ अनिँदो रात । गुड नाइट प्यारी ! उही तिम्रो प्यारा !

●

कविता

# साइत



● शान्तिराम ढकाल
लस एन्जलस, अमेरिका

धेरै दसैंहरू अनुभूतिमा छोएर जाँदै छन्
पीडालाई धुन्छ आँसुले खिस्स हाँसेर
र आमा प्रत्येक साल खस्कँदै हुनुहुन्छ।

रहरहरू छन् दसैंसँगै बिताउने कुरा बा'का
कर्तव्य छिचोल्न छोरो परदेशमा छ
र मन कुँडाएर खुसीहरू साट्दै छन् विछोडमा।

घर रुँगेर यौवनका प्रत्येक साल
सुनका बालाहरूसँग चाउरिँदै छन् गालाहरू
र चालीस कटे'सीको मधुर धुन बज्दै छ मुटु छेडेर।

अनुभूतिहरू बैनीसँगै तिहार सम्झनामा
देउसीसँगै साथीहरू चिप्लो बाटो भट्याउँदै छन्
र ऊ बगर खन्दै छ तातो घाम ओढेर।

घर मोडिने बाटो बगायो रे यसपालिको भेलमा
सपनाहरू नै रहे त्यसैले फर्कने कुराहरू आफ्नो आँगनमा
र पिरती साट्न यो साल पनि साइत जुरेन।

आगोसँगै पिरोलिएर पोल्दै छ अझै पनि प्रदेश
बिम्बहरू सलल बगे पोहोर-परारजस्तै बाढीमा
र छठ मनाउँदै छ अरब साटेर बूढी आमासँग मधेश।

कल्पना गर्छ मेरो गाउँ, गोठ र टाट्नाहरूमा
परदेशमा पैसाको पहिरो नै बग्छ होला भनेर
र उता निद्रा बेचेर ऋणको ब्याज तिर्छ कठै!

पोहोर गएन यसपालि भ्याएन परार पाएन
बा-आमा दिदीबैनीका फोटो टाँस्दै भित्र रुन्छ
र अपुग बैंससँग साट्छ अमिलो पिएर वर्षहरूमा।

●

## गजल



● **शान्ता घिमिरे**
न्यूजर्सी, अमेरिका

बाँझै बस्दा खेतबारी बाली रुँदै छ,
किसानको हलोजुवा फाली रुँदै छ ।

धर्म, कर्म, पूजापाठ सबै छाडिसके,
अछेताले रङ्गिएको थाली रुँदै छ ।

कुहु-कुहु गीत गाउने कोइली कता गयो,
वसन्तमा पलाएको डाली रुँदै छ ।

मेला, पर्व, नाच, गान रोदीघरमा हुन्थ्यो,
परम्परा लोप हुँदा ताली रुँदै छ ।

मभन्दा नि भगवान त अझै गरिब देखेँ,
मन्दिरमा भत्किएको पाली रुँदै छ ।

●

## गजल



● **ध्रुव बन्जाडे**
टोक्यो, जापान

यहाँ खेल सुरु हुन नपाउँदै इनाम हरायो,
जस्तो दक्षिणा पाउनुपूर्व खाम हरायो ।

हिजो आफ्ना छन् भनी घमण्ड गरियो,
आज सब हराए, जब गोजीमा दाम हरायो ।

छोरो परदेश छिर्नेबित्तिकै बोतल उल्टाएर भन्यो,
ल है अब घाँटीबाट बा'को लगाम हरायो ।

तर जब एक्लो छोरा कालो बाकसमा फर्कियो,
बा बोले निद्रा, पानी लुटियो घाम हरायो ।

ऊ बालिकामाथी यति निर्दयी कसरी बन्न सक्छ,
दिलमा मानवता हरायो मुखमा राम हरायो ।

कविता

# दूधको अर्घ



● **रबिन शर्मा**
टोक्यो, जापान

माया लाग्छ लाग्छ
लाग्दैन भने पनि लाग्छ
सम्झना आउँछ-आउँछ
आउँदैन भने पनि आउँछ ।
ऊ हेर आज पनि
उज्यालो घाम
अन्तिम पटक
अस्ताउने बेला
हाम्रै घरको धुरीतिर फर्केर
अस्तायो ... ।
आमा
घाम अस्ताएर फेरि आएजस्तो
मान्छे अस्ताएपछि नआउने रै'छन् है !
किन हजुरआमाले सधैं
अस्ताएपछि घामको बेला
उदाउँदो चन्द्रमा हेरेर
दूधको अर्घ दिँदै
हातमा बाघको आँखा बनाएर
माथि आकाशमा हजुरबालाई हेर्नुभएको ?
अल्पायुमा अस्ताएकाहरू सपनामा मात्र आउँछन् हो आमा ?
कुन सिरानी राखेर निदाऊँ आमा ?
कुन बाटो भएर आउँछन् ?
म मेरो प्राणको अन्तिम साससम्म पनि
त्यही बाटो कुरेर बस्नेछु
आखिर
म जाने बाटो पनि त त्यही हो नि है आमा !
हामी सबै एकैचोटि गयौ भने ...
आमा
यहाँ सपनाहरू कसले देख्छन् ?
सपनाहरूको पनि आकार हुने रै'छ है !
केही सपनाहरू पछ्यौरीमा ।
अड्केपछि सकिन्छन्
र केही सपनाहरू बन्दुकको तोपमा
पड्केपछि सकिन्छन्
आमा
मलाई पनि सिकाइदिनू न
बाघको आँखा बनाउन
एकपटक मैले पनि
माथि आकाशमा
दूधको अर्घ दिँदै
दाइलाई हेर्नु छ ।
●

कथा

# लोग्नेमान्छे



● **शारदा पौडेल**
म्याड्रिड, स्पेन

'उमेर छँदै बिहे गर्नुपर्छ छोरी । उमेर गए'सि बूढी भन्छन्, बिहे गर्न पनि गाह्रो पर्छ । छोरीको बिहे गर्न पनि सकेनन् भनेर गाउँलेले कुरा काटेर जात्रै बनाउँछन् । हामीलाई पनि चिन्ता हुन्छ । राम्रो घरबाट कुरा आएको छ । केटो पनि राम्रो छ रे ! जागिर खाएको छ रे ! आखिर छोरीको जात एकदिन पराइको घर जानैपर्छ क्यारे !' आमाले भन्नुभयो ।

'अहिल्यै बिहे गर्दिनँ आमा । धेरै पढेर आफ्नै खुट्टामा उभिएर स्वतन्त्र जीवन जिउन चाहन्छु ।' मैले भनेँ ।

'अब पनि नगरे कहिले गर्ने हो त ? कि बूढीकन्या बस्ने विचार छ र !' आमाले उल्टै प्रश्न गर्नुभयो ।

आमाले प्रयोग गर्नुभएको बूढीकन्या शब्द नै नमीठो लाग्यो । लोग्नेमान्छेले महिलालाई होच्याएर बोल्ने शब्द त हो नि जस्तो लाग्यो । बिहे गर्ने बेलामा अहो र आहा ! त्यस्तो केटो त कहाँ पाउनु भन्दै बिहेकै लागि केटा पक्षलाई ठूलो बनाएर बिहे गरेका कति लोग्नेमान्छेहरू छन् हाम्रो समाजमा ! बिहे गरेपछि लोग्नेमान्छेसँग भोग्नुपरेका कष्टकर समय पनि देखेकी छु मैले । आफूले भोगेका कष्टकर समयहरू बिर्सेर आफ्नै छोरीहरूलाई त्यस्तै जीवन बिताउनका लागि किन दबाव दिन्छन् आमाहरूले । मनभरि यस्तै प्रश्नहरू उब्जिन्छन् र आमालाई सोध्न मन लाग्छ ।

'आमा, हजुरलाई एउटा कुरा सोधौँ ?'

'हुन्छ, सोध न ! के सोध्न मन लागेको छ ।'

'हजुरले बिहे गरेर कहिल्यै सुख, शान्ति, स्वतन्त्रता र आफ्नो हकअधिकार जस्ता कुराहरू केही पाउनु भयो ?'

'पाएकी त छु नि ! देखिनस् के-कति पाएँ ?' आमाले भन्नुभयो ।

'के र कति पाउनुभयो ? भन्नु न त !' फेरि अनुरोध गरेँ ।

'तँलाई र तेरो भाइलाई' भन्दै कामतिर लाग्नुभयो ।

कठै ! मेरी आमालाई बिहे गरेर छोराछोरी जन्माउनु नै सफल जीवन हो जस्तो लाग्छ । हुर्केपछि बिहे गऱ्यो । लोग्नेलाई देवता मान्यो । सधैँभर उसैको चरणकमलमा पऱ्यो । गाली गरोस् अथवा चुटोस् सहेर बस्यो । जे भन्छ, उही मान्यो । उसको मनोरथ पूरा गऱ्यो । गर्भ बोक्यो । छोराछोरी जन्मायो । उनैलाई हुर्कायो । बिहेदान गऱ्यो । नाति-नातिना जन्मेपछि सावाँको भन्दा ब्याजको माया भन्यो, घोटियो । काम गर्दागर्दै शरीर रोगी हुन्छ । रोगी शरीर भएपछि आफ्नो कोही पनि हुँदैन भन्ने पनि थाहा नभएको होइन । बेला-बेलामा 'कोही न कोही पाखुरो पोइ' भन्ने उखान आफैले प्रयोग गर्नुहुन्छ ।

के आमाको जस्तो जीवन नै आदर्श जीवन हो त ? बिहे गर्ने, बोक्ने, ब्याउनेभित्र नै जीवनको सार लुकेको हुन्छ र ! कुनै छोरीमान्छेले बिहे नगरिकन बस्दा फेरि यो समाजलाई केको आपत्ति पर्नेरहेछ र ! बूढीकन्याको संज्ञा दिने ? कसैले बिहे गर्न नचाहनुमा समाजको केको टाउको दुखाइ ? थोत्रा गाला बजाएर कुरा काट्नलाई किन अग्रसर ?

बिहे नगरिकन बस्छु र हेर्छु म पनि । के-के भन्दा रहेछन् समाजमा ? गर्दिनँ बिहे-सिहे । मान्दिनँ, कुनै लोग्नेमान्छेको जातलाई देवताको स्वरूप । बोक्दिनँ गर्भ र जन्माउदिनँ कहिल्यै पनि र हुर्काउँदिनँ सन्तानहरू । सहनु छैन मलाई उनीहरूको अत्याचार । मेरो शरीरमा उनीहरूको मनलाग्दी ! के छोरीमान्छे स्वतन्त्र भएर बाँच्न नपाउनू ?

यो समाजमा लोग्नेमान्छेहरू किन यति धेरै अग्रसर छन् । कहीँकतै आइमाईका तर्फबाट निर्णय लिनु परे पनि लोग्नेमान्छे नै अगाडि किन ? किन आइमाईलाई आइमाईका विषयमा निर्णय गर्न दिँदैन यो समाजले ?

महिलालाई बलात्कार गर्ने पनि लोग्नेमान्छे हो । महिला बलात्कृत भई भने पनि उसैको खेदो खन्ने उही लोग्नेमान्छे । बलात्कृत छोरीमान्छेलाई बिहेका लागि प्रस्ताव बढाउने हो भने त्यस्तालाई कस्ले बिहे गर्छ भन्छ उही लोग्नेमान्छे । घरभरि छोराछोरी छन्, हट्टाकट्टा रूपले भरिपूर्ण श्रीमती छ भने पनि बाहिर केटी ताक्दै हिँड्छ उही लोग्नेमान्छे । के सोच्छ यो लोग्नेमान्छेको जातले आफूलाई ? आइमाईलाई किन खेलौना सम्झन्छ र फेरि-फेरि जतिखेर पायो, उतिखेर खेल्न चाहन्छ ऊसँग ?

कठै ! यो समाज अनि समाजका लोग्नेमान्छेहरू, आफै बोक्सी बन्छन् अनि आफै धामी । किन दोहोरो नाटकका पात्र हुन खोज्छन् । माथिघरे ठूल्दाइले जेठी भाउजूबाट सन्तान भएनन् भनेर अर्की बिहे गरे । उनीबाट पनि भएनन् । ज्योतिषीले तल्लो जातकी अर्काकी स्वास्नी ल्यायो भने सन्तान हुन्छन् भनेर मेगे घर्ती दाइकी छोरी शान्तिलाई फकाइ-फुलाइ कान्छी बनाएर भित्राए । खेले उसको शरीरमा । मेटे आफ्नो मृगतृष्णा, काटे आफ्ना ग्रह तापनि भएनन् छोराछोरी । खेल्नु खेलेपछि तल्लो जात भने, हेला गरेर घरैबाट निकाले । अर्काकी स्वास्नीलाई ल्याउने त्यो लोग्नेमान्छे चोखो भयो । कस्तो स्वार्थी छ यो लोग्नेमान्छेको जात, आफ्नो कामवासना पूरा गर्ने तल्लो जातकी कुनै केटी होस्, न उसको अङ्गचाहिँ उपल्लो जात हुन्छ, चोखो हुन्छ । तर एउटा अङ्गबाहेक सम्पूर्ण शरीर किन तल्लो जात ठान्छ ? किन यसो गर्छन् यिनीहरू ? समाजमा जे-जसो गरे पनि छुट किन दिइन्छ लोग्नेमान्छेलाई ? किन ?

ठूल्दाइलाईझैँ भाउजूहरूलाई पनि त सन्तान जन्माउने रहर थियो होला तर तिनीहरूले अरू लोग्नेमान्छेलाई किन अप्नाउन सकेनन् । ठूल्दाइले सक्दा सक्नुपर्थ्यो भाउजूहरूले पनि । खै सकेको ?

यस्तै कुरा सम्झँदा लोग्नेमान्छे भन्ने शब्दसँग पनि घृणा लागेर आउँछ । स्कुल पढ्दै गरेको मेरै भाइ कति केटीलाई लाइन मार्छु भन्दै छाती फुलाएर कुरा गर्छ । त्यसमा पनि लोग्नेमान्छेको गन्ध आइसकेको छ । गर्भबाट झरेर हुर्कन पाएको छैन, आइमाई मान्छेको पिछा किन गर्छन् लोग्नेमान्छेहरू ?

'उसबेलादेखि यहीँ बसेर के गरेकी छस् ?' आमाको कर्कश आवाजले झस्कैँ ।

'म त बिहे-सिहे गर्दिनँ, मेरा लागि हजुरहरूले केही दुःख नगर्नु होला' भन्दै उठेर कोठाभित्र गएँ । घरै बसेर केही गर्छु भन्ने सोच थियो । तर एकाएक सोच परिवर्तन गरेँ र काठमाडौँ जानका लागि सुटकेस प्याक गर्न थालेँ ।

'कसैलाई मन पराएकी त छैनस् नि ?' भन्दै आमा कोठाभित्र पस्नुभयो ।

'छैन-छैन, यदि बिहे गरेँ भने हजुरहरूले नै खोज्नुभएको लोग्नेमान्छेसँग गर्छु तर म काठमाडौँ जान्छु । जागिर खोज्छु र पढ्छु पनि ।' आमालाई भनेँ ।

आमा केही नबोलिकन कोठाबाट बाहिरिनुभयो ।

भोलिपल्ट बिहानै बिदा भएर काठमाडौँ जानका लागि निस्कैँ ।

'होइन, कहिले हुने भयो बिहे तिम्रो ?' नारायण दाइको आवाजले झस्कैँ ।

'आबुइ ! दाइको त बिहे भा'छैन । मेरा लागि केको हतार !' भन्दै थिएँ, बस आयो र चढेँ ।

केही पछाडितिर खाली सिट देखेँ, गएर बसेँ । केही बाटो पार गरेपछि एकजना लोग्नेमान्छे मेरो छेउमा आएर बस्यो । मलाई ऊसँग बोल्नपर्छ भन्ने डरले आफ्नै मोबाइल चलाएर बसिरहेँ । घरिघरि ग्यालरीमा गएर आमा, बुवा र भाइको फोटो हेरिरहन्थेँ ।

'हजुरको बुवा-आमाको जोडी त कति सुहाएको है ! त्यो सानो हजुरको भाइ हो ?' बोल्ने बहाना झिक्यो ।

'हजुर !' भनेर झ्यालबाट बाहिरतिर हेरेँ । केहीछिनपछि निदाएको बहाना बनाएँ र निदाउन खोजेँ । म निदाएको ठानेर उसले आफ्ना हात मेरा शरीरतर्फ लम्काउन खोज्यो । बस खाल्डाखुल्डीमा उफ्रँदा मसँगै आएर ठोकिन थाल्यो । मेरो रीसको पारो तातिसकेको थियो ।

'होइन सर, उता त्यत्रो ठाउँ छ नि !' झर्केर भनेँ ।

'केही अप्ठ्यारो पारेँ र ? जिस्कने निहुँमा बोल्न खोज्यो ।

'हजुर विवाहित हो कि अविवाहित ?' प्रश्न गर्‍यो ।

'विवाहित ।' जवाफ दिएँ ।

'श्रीमान् कता हुनुहुन्छ त ? कि श्रीमान्लाई भेट्न आउनुभएको हो ? भरे त मस्ती जोडी जम्ने भयो है ?' एकै सासमा प्रश्न थुपार्‍यो ।

'होइन, बाहिर जानुभएको छ ।' यत्ति बोल्न चाहेँ ।

'ए ! त्यसो भए त लोग्नेको न्यास्रो लागेको होला है ! यस्तो बेलामा छाडेर जाने कस्तो निष्ठुरी ? कहिले जानुभएको हो नि ? हजुरको लोग्नेले उता कुन केटी लिएर बसेको होला ? हजुर यता उसको बाटो हेरेर बस्नुभएको होला । नबस्नू त्यसरी बस्नुहुन्न । मानिसलाई रहर लागेको छ भने पूरा गर्ने काम गर्नुपर्छ । रहर मार्नु पनि अपराध जस्तै हो बुझ्नुभयो ? यदि हजुरलाई त्यस्तै रहर लागेको छ भने ... ।'

त्यस्का कुराले मेरो रगत तातिसकेको थियो । आँखा राता पार्दै भनेँ -

'कोसँग बोल्नुभएको छ हजुर याद छ ? के भन्न खोज्नुभएको हो ? लोग्नेमान्छे भए भन्दैमा जे मन लाग्यो, त्यही बोल्ने छुट छ ?'

ऊ रातोपिरो भयो र सिट साटेर बस्यो । लोग्नेमान्छेका यस्तै हर्कत सम्झँदै काठमाडौँ पुगेँ । त्यो रात साथीकोमा बसेँ । भोलिपल्ट कोठा खोजेँ र सरेँ ।

अब मेरो मुख्य काम भनेको जागिर खोज्नु थियो । बिहानै खाना पकाउने, खाने र जागिरका लागि निस्कने गर्दथेँ । काम छ रे भनेको ठाउँमा हाम फाल्दै पुग्थेँ र सोध्थेँ । अधिकांश सोध्ने ठाउँमा लोग्नेमान्छे नै हुन्थे । उनीहरूले जागिरका लागि खाली सिट छ/छैन भन्नुभन्दा पनि पहिला 'बिहे भएको छ कि छैन' प्रश्न तेर्साउँथ्ये ।

'हजुर सर ! मेरो बिहे भैसकेको हो' भन्थेँ ।

धेरै सोचेझैँ गरेर 'यहाँ त जागिरका लागि खाली सिट छैन म्याम । कतै भए खबर गरुँला । फोन नम्बर दिएर छोड्नुहोस्' भन्थे ।

विवाहित भन्दा जागिर नपाइने रहेछ सोच्थेँ र कतै बिहे भएको छैन सर भन्थेँ । त्यसो भन्दा पनि 'विवाहितसँग काम गर्न छुट्टै खालको आनन्द आउँछ । बिहे गरे'सि आउनू न ल !' तिनै लोग्नेमान्छेले भन्थे ।

एकदिन काम खोज्दै हिँड्दा दिक्क भैसकेकी थिएँ । शरीर थाकिसकेको थियो । खाना पकाउन जाँगर चल्लाजस्तो लागेको पनि थिएन । त्यसैले होटेलभित्र छिरेँ । खाना अर्डर गरेँ र पछाडिको सिटमा गएर बसेँ ।

'ओइ ! हेर्न यो केटी, हाम्रो अफिसमा काम खोज्न आएकी थिई । विवाहित हो रे । कन्या भएको भए त राख्न हुन्थ्यो नि ! मोरी त विवाहित रहिछे । कति छिटो बिहे गर्न परेको होला !' एउटाले भन्यो ।

'होइन, अविवाहित हुँ भन्थी है त हामीसँग । हामीले कन्या भनी भनेर नराखेको हो नि ! सबै साथीहरूले कन्यासँग भन्दा विवाहितसँग काम गर्न छुट्टै आनन्द आउँछ भन्नुभयो । त्यसैले राखेनौँ हामीले त ।' सबै मतिरै हेरेर गललल्ल हाँसेँ ।

मैले सुनेको नसुन्यै गरेँ । खाना खाएँ र बाहिरिन खोजेँ ।

'ए सुन्नुहोस् त ! मतिरै इसारा गरेर भने ।

रोकिएँ र हेरेँ त्यतैतिर ।

'हजुर कन्या हो कि विवाहित ?'

'किन र सर ? म जे भए पनि के भयो र ? मैले लोग्ने खोजेकी त छैन नि ? जागिर खोजेकी छु । जागिर खोज्दा पनि बिहे भएको र नभएको कुरा खुलाउन आवश्यक पर्छ र ?' जवाफ दिएँ र हिँडेँ ।

'कस्तो सिकार हुन्थी, फुत्किहाली !' भन्दै ठूलै स्वरमा तिनै लोग्नेमान्छेहरू हाँस्न थाले ।

●

कविता

# जीवन महिमाका : टुक्राहरू



● **मोहन सिटौला**
टेक्सास, अमेरिका

कुनै नेता कस्ता ? विविध रचना, कर्मसीपको
दलाली अन्तैको गरी अधमको चाल ननिको
स्वदेशै, स्वमातृभूमिसित हुने मानमहिमा
सबै स्रोतै बेच्दै गहन पीर पार्छन् स्वजनमा
कुनै कस्ता नेता अगम बलले मानमनको
अठोटै गर्दै छन् जनमन सबै पारूँ सुखको ।

स्वजन्मै भूमिको गरी सकल सेवा सुमतिले
उठाऊँ साथी हो ! गरिमा यसको मानमतिले !
यौ यौटै मौका हो जुनी सहज पार्ने सफल रे !
पिता, माता, मित्रै, गुरु र नरनारी मिलनले !

चलेको चल्तीको मधुरस पियारो जगत्को
सुशास्त्रै, वृद्धात्मा, दिलबीच हुने ईश नरको
सु-संस्कारी भावै अलिखित छ वा काव्यगतिको
सुनी, जानी, मानी मधुरस फिजारौँ महतिको !

पितामाता मानी गुरुजन सबै एकमतले
निजै वाणी यद्वादिल, वचनले, भावरसले
भनेको सम्झिन्छु मधुर, सुख सत्यै धरतीको
नबिर्सी हेक्काले हुनु सबल हे नानी ! चतुरो ।

मान्छे हुन्छन् विविध तहका चित्तका दुःखदायी
मान्छे हुन्छन् मधुर रसका दीनका सुखदायी ।
कोही हुन्छन् अति नजीकमा आउँछन् प्यार गर्छन्
हाये शम्भो ! अनि निशिदिनै दुक्खकाखन्ती खन्छन् ।

बिगार्नेमा परपर दुरका मानवी पौँच हुन्न
सपार्नेमा पनि तिनि कुनै उस्तरी शक्ति हुन्न
मान्छे जो हो नजीक भनिने त्यही नै स्वार्थ, दर्प
एकोहोरो दुःखमय विचरो ! झूट स्वप्ना पसार्छ !

त्यस्ता स्वप्नाविकल दिलमा हालिदिन्छन् झिलिक्क
विद्यूत् झट्का त्वरित तिनले टीपि लान्छन् मिलिक्क
ग्रीहै, बासै, घरजन स्वजनै गाऊँ राज्यै चुडिन्छन्
नानीबुझ्नू ! विषदननिको सत्य यो, ध्वस्त गर्छन् ।

आफ्नालाई मधु सपनिले मोहितै मुग्ध पार्दै
आफ्नै पार्दै अलिअलि गरी दूर लान्छन् सकार्दै
फकाउँदै ,बेच्छन् हर किसिमको विप्न–मोहले
खेलौनाझैँ पार्दै खलु चलनमा पोख्त सीपले ।

कठै ! यस्ता किस्सा अविरल तिता कुष्ट घटना
कयौँ नाट्यै ,काव्यै, विविध रचनाऔ जिवनमा
घटेका छन् व्याप्तै विविध रसमा वर्णित मना
गिरेका, उठ्दैका विविध रँग, चालै भुवनमा !

यि पापी ,पाखण्डीहरू जगतका शूलननिका
सबैलाई बाँधी, थुनी जतनले काव्यविधिका
सफा उद्यानैमा लगि मधुरसै प्राप्त सुषमा
कला, कार्यै, वक्षै, मधुर मनले काव्य रसमा
पखाल्दै मायाले मनुज छवि पारौँ मधुरिमा ।

●

कविता

# पद-लुप्त

तोटक छन्द




● **राजेन्द्र श्रेष्ठ 'राज'**
अध्यक्ष, अनेसास, न्युयोर्क च्याप्टर


पदको सपना, पदकै जप भो
कसरी सबमा, पदकै तप भो
मनमा तनमा, अनि यो रवमा
नगरी कनका-मछुने नवमा ।

रित के बसिगो 'म' भन्यो सकिगो
नलजाइ झुठा, बकिने अति भो
जितमा हित भो, नजिते हमला
किन यो युगमा, चलनै कुभला ।

कुन त्यो जगमा, कसको हकमा
नपुगे नमिले, कमि भो लटमा
कहिले सुरमा, कहिले सुर खै ?
किन होस हराएर बेसुरमै ।

लिनु के छ र ! छैन दिनु पनि पो
किन फाल्नु छ, जे वशमै हुने को !
नडुबाउनु जो, अञ्जुली भरको
नसजाउनु त्यो, सपना परको ।

कहिले नवमा, कहिले तलमा
अति भो पर पाप कठै जगमा !
न त नैतिकता, न त बौद्धिकता
किन यो जगमा सकियो एकता ।

पद स्वार्थ जति, अब भोक हटोस्
सब दुष्ट कुरा, अब रोग कटोस्
मन त्यो कहिले, विचलित नबनुन्
श्रम सिर्जनामा, गति उच्च बनुन् ।

●

# गजल



● **भीमसेन सापकोटा**
उपाध्यक्ष, अनेसास केन्द्रीय समिति

लुटिएछु, लुटिँदै छु, लुटिनुको, मजा बेग्लै,
तिम्लाई खुसी मिल्छ भने, रित्तिनुको मजा बेग्लै ।

मित्र भन्छौ, ढुङ्गा हान्छौ, सहिदिन्छु हाँसी-हाँसी,
त्यै ढुङ्गाको, मूर्ति कुँदे, सिर्जनुको मजा बेग्लै ।

हरिणको चालजस्तै राम्रो मान्छे खोज्दै हिँड्छौ,
कस्तूरीलाई, आफैभित्र, खोजिनुको, मजा बेग्लै ।

मित्रले त भुली देलान, याद राख्ने वैरी हुन्छन्,
काँडाबीच फूल बनी फुलिनुको मजा बेग्लै ।

लुटिएछु, लुटिँदै छु, लुटिनुको, मजा बेग्लै,
तिम्लाई खुसी मिल्छ भने, रित्तिनुको मजा बेग्लै ।

●

**हार्दिक शुभकामना**

**अङ्ग्रेजी नयाँ वर्ष २०१९**
को सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा सु-स्वास्थ्य, दीर्घायु एवम् सुख-शान्ति
तथा समृद्धिका लागि **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दै
**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)** को मुखपत्र
**अन्तर्दृष्टि**को **४३ औं अङ्क** प्रकाशन हुन लागेकोमा
खुसी प्रकट गर्दछु ।

**राजेन्द्र श्रेष्ठ 'राज'**
अध्यक्ष
**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**
**न्युयोर्क च्याप्टर**

कथा

# चाँदीको बट्टाभित्रको सपना



● **अर्जुन थापा**
काठमाडौँ, नेपाल

घरअगाडि मासु पसलमा राखेको खसीको रुवाइले बिउँझन्छु । सायद त्यस खसीको पनि अन्तिम रुवाइ हुनुपर्छ आज । घडीमा मात्र बिहानको साढे चार भएको छ । एकहप्ता अगाडि गाडीबाट छ वटा खसी झारेको थियो । आफ्नै अगाडि आफ्ना साथीहरूको वीभत्स हत्या गरेको देखेर त्यस खसीले यो सोचेको थियो होला कि मलाई पनि यसैगरी हत्या गर्नेछ भनेर ! यो हुन सक्छ आज मेरो अन्तिम बिहानी हो भन्ने बुझेर त्यसरी रोएको । यो पनि त हुनसक्छ कि मलाई मेरो जीवन दान देऊ भनेर त्यस मासु पसलेसँग आफ्नो जीवनको भीख मागेको । एक्कासि त्यस खसीको रुवाइ बन्द भयो । सायद मारिसक्यो जस्तो छ । विचरा लामो धारिलो छुरी लिएर आफ्नो अगाडि बढ्दै गरेको देख्दा कति डरायो होला त्यो खसी ?

थोरै झ्याल उघारेको मात्र के हुन्छु, चिसो स्याँठ सोझै नाकमा आएर ठोकिन्छ । मेरो ध्यान अझै त्यस खसीबाट हटेको हुँदैन । कहाँ जन्म्यो, कसको हातबाट बेचिँदै मेरो घर अगाडि मासु पसलमा मारिनका लागि आइपुग्यो । हरेक पल आफ्नो मृत्युको क्षण कुरी बुस्नुजस्तो ठूलो पीडा अरू के हुनसक्छ र ? आज त्यस खुसीको अन्तिम बिहानी रहेछ भने मेरो ... ।

घरमा अझै कोही उठेका छैनन् । भित्ताको घडी आफ्नै तालमा घुमिराखेको छ । आँखा भित्तामा रहेको फोटोमा गएर अड्किन्छ । बत्ती बाल्छु । कोठाको भित्ताहरूमा सजिएका फोटोहरू एक/एक गरेर नियाल्न थाल्छु । कति जतनले रहरले भित्ताहरूमा सजाएको थिएँ ती फोटोहरू । फोटोहरूमा कति खुसी देखिएको छु म । कति रमाइला क्षणहरू थिए मेरा लागि । कोठाको एक कुनामा रहेको ठूलो दराजमा पुग्छ, अब मेरो नजर । ओछ्यानबाट उठेर दराज खोल्छु । मिलाएर राखिएका लुगाहरू जुन मेरो प्रिय छन्, त्यस लुगाहरूमा पनि धेरै याद र माया जोडिएका छन् । त्यहाँ भएका कतिपय

लुगाहरू म आफैँ गएर मेरो च्वाइसअनुसार किनेको थिएँ। त्यसमध्ये पनि मेरो मनपर्ने ओरेन्ज कलरको लुगा निकाल्छु। त्यस लुगाबाट अझै मीठो स्मेल आइराखेको छ। बेडसँगै रहेको ड्रेसिङ टेबलमा गएर उभिन्छु। क्रमैसँग मिलाएर राखिएको क्रिम, बडी लोसन, हेयर ब्रसहरूलाई एक/एक गरेर केलाउँछु। झट्ट त्यसै माथिपट्टि रहेको एउटा सानो चाँदीको बट्टामा गएर मेरो नजर फेरि जाम पर्छ। बिस्तारै जतनका साथ त्यस बट्टालाई उठाएर त्यसको बिर्को खोल्छु। कयौँ वर्ष, दिन रात, घण्टा, मिनेट, सेकेन्ड लगाएर बनाएका सुन्दर सपनाहरू सब यसै बट्टाभित्र समालेर राखेको मैले। जसलाई हरदम सँगै लिएर हिँड्ने गर्थें। यसैसँग खेल्ने गर्थें। जस्तै परिस्थितिमा पनि हरदम मेरो साथ हुन्थ्यो मेरो सपना। एउटा आमालाई आफूले जन्म दिएको शिशुको पहिलो स्पर्श गर्दा मिलेको आनन्द जस्तै मलाई पनि मेरो सपनालाई वास्तविकतामा पाउँदा त्योभन्दा दोब्बर आनन्द मिलेको थियो।

ड्रेसिङ टेबलमा जोडिएर रहेको ऐनामा आफूलाई राम्ररी नियाल्छु। म त्यही व्यक्ति हुँ। जुन योभन्दा पहिला हुने गर्थ्यो ? प्रश्न गर्छु आफैँलाई। प्रश्नै-प्रश्नमा अल्झिएको म। ऐना अगाडिबाट आफूलाई हटाउँछु। फेरि ओछ्यानको छेउमा गएर बस्छु र ऐनालाई परबाट हेर्न थाल्छु। प्यारो लाग्न थाल्छ मलाई यो ऐना पनि। यस ऐनामा पनि त कति सम्झनाहरू लुकेका छन् मेरा। बिहान र बेलुका ऐनाअगाडि बसेर बिताएका क्षणहरू फेरि सम्झन्छु। कति सुखद क्षणहरू थिए ती सब।

ओहो ! कति चाँडो छ बजिसकेछ। आज किन समय यति चाँडो बितिराखेको होला। बाहिर अझै अँध्यारो नै छ। आजको एघार नबजिदिए पनि हुने। आजको एघारपछि पूर्णविराम लाग्नेछ। आफ्नै हातबाट अन्त्य गर्न जाँदै छु त्यो जुन मेरा लागि सबैभन्दा प्रिय थियो। हे भगवान् ! ज्वरो आउला जस्तो भइराखेको छ। धेरै दिनदेखि नसुतेर र खाना नखाएर पनि होला सायद। मनलाई सम्झाउन खोज्छु।

ओछ्यान मिलाएर एकपल्ट यसलाई पनि हेर्छु। ठूलो ओछ्यान। बुट्टाधारी तन्नाले कति राम्रो देखिएको छ। छेउमा सानो पुतलीले झन् राम्रो देखिएको। त्यही पुतली छेउमा गएर बिस्तारै बस्छु।

'थाहा छ तिमीलाई ? आजबाट सबै कुराको अन्त हुनेछ। धेरै वर्षबाट जोगाइराखेको कुराको यिनै हातबाट अन्त्य गर्न जाँदै छु म। जसका लागि एघार बजेको समय तोकिएको छ। तिमीसँग छ त्यस्तो केही, जसले गर्दा सबै कुरा टरेर जाओस् ?' म प्रश्न गर्छु।

तर विचरा ! निर्जीव पुतली मलाई ट्वाल्ल हेरिरहन्छ । बोकेर माया गर्छु । त्यही मीठो स्मेल पाउँछु । जुन अघि दराजभित्रको लुगाबाट निक्लिएको थियो ।

'ठीक दस बजेर तीस मिनेटमा भाइ पुग्नुहोला !' मोबाइलमा म्यासेज आउँछ ।

आज मलाई किन यति प्यारा लागिराखेको छ यो कोठा र कोठाभित्र भएका हरेक वस्तुहरू । के आज अन्तिम दिन भएर पो हो कि मेरो यस कोठामा ? अझै यो डस्टबिनको फोहोर फ्याँक्नु नै छ । आज फ्याँकिएन भने त सधैँ यत्तिकै रहनेछ फोहोर । एउटा प्लास्टिक झोलामा खन्याउँछु । कागजका टुक्राहरू र केही सामानहरू देख्दा पनि माया लागेर आयो । होइन, भयो के मलाई आज ? अब यी सब कुरामा मोह गरेर पनि फाइदा त केही छैन । अब आफूलाई सम्हाल्नुपर्छ । म त केटा मान्छे पो त । के भन्छन् झन् अरूले यी सब थाहा पाएमा ?

म झटपट लुगा लगाउँछु । आज मेरो मन किन यस्तो छटपटाइराखेको छ । कतिपय कुराहरू आफ्नो बसमा नभएपछि र कोसिस गर्दागर्दै पनि नभएपछि । त्यसलाई समयको जिम्मा लगाइदिनु नै बेस हुन्छ । यत्रो वर्ष नसकेको मैले अब बाँकी रहेको तीन/चार घण्टामा के नै हुन्छ होला र ? किन मनमा झिनो आशा राखेको मैले अझै पनि ?

अन्तिमपटक कोठामा भएका सबै सामानहरूलाई सर्सर्ती हेर्छु । सब यथास्थानमा हुन्छन् । ढोका बाहिर रुममा लगाउने मखमलको कालो चप्पल रहेछ । त्यसलाई पनि रुमभित्र राख्छु । आजबाट यो रुम मेरा लागि सदाका लागि छुट्टियो । ढोका लक गर्छु । तल भऱ्याङमा ओर्लिंदा झट्ट रुमभित्र रहेको चाँदीको बट्टा सम्झन्छु । दौडेर रुमतिर फर्कन्छु । ढोका खोलेर त्यस चाँदीको बट्टाभित्रको मेरो सपनाहरूलाई एउटा कागजमा पोको पारेर त्यस खाली बट्टा त्यसै छोडेर फर्कन्छु ।

ठीक दस तीसमा बोलाइएको स्थानमा पुग्छु । सबैजना पहिला नै आइसकेका थिए । मलाई देख्नेबित्तिकै सबै आपसमा कुरा गरेको प्रस्ट थाहा पाउँछु । त्यस ग्रुपभित्रबाट सेतो दाँत देखाउँदै एक व्यक्ति नजिक आइपुग्छ मेरो र एउटा ठूलो घरभित्र जानलाई आग्रह गर्छ । थाहा छैन, एक्कासि दिमाग र मनमा केही अड्किएजस्तो हुनथाल्छ । भित्र कोठामा सबैजना मेरै प्रतीक्षामा थिए । अगाडि राखिएको चेयरमा बस्न आग्रह गर्छ । मेरो अगाडिको मान्छेले बोल्न सुरु गर्छ । तर मेरो ध्यान उसले बोलेको कुरामा भन्दा पनि बिहान हत्या गरिएको खसीको रगतका छिटाहरू मासु पसलेको भित्ताहरूमा लागेको थियो । जसलाई अघि बाटोबाट देखेको थिएँ, त्यसमा नै गइराखेको छ ।

'यस निर्णयबाट खुसी हुनुहुन्छ तपाई ? अब यस कागजमा तपाईंको हस्ताक्षरपछि पूर्ण रूपमा अन्त हुन्छ' भनेर कलम अगाडि बढाउँछ त्यस व्यक्तिले मेरोतर्फ ।

मलाई त्यस कलम यस्तो लाग्छ, मानौं धारिलो धार भएको छुरी हो । जसले मेरो सपनाको हत्या गर्न खोजिराखेको छ । विचरा खसी पनि त यसरी नै डराएको थियो होला बिहान, त्यो धारिलो छुरी देखेर । जुन अहिले मेरो मन डराइराखेको छ । मनमा औडाहा भएर आउँछ । कागजलाई सर्सर्ती हेर्छु । हस्ताक्षर मेरो मात्र बाँकी थियो हुनलाई । केही नबोली हस्ताक्षर गर्छु म ।

'ल तपाईं दुईजना आजबाट पूर्ण रूपमा अलग हुनुभयो । श्रीमान्-श्रीमतीको सम्बन्धबाट आजदेखि मुक्त हुनुभयो' बोलेको सुनिरहन्छु ।

मेरा आँखा मेरै छेउमा बसेकी मेरी श्रीमतीमा पुर्‍याउँछु । कति खुसी देखिएकी छिन् उनी अहिले । झट्ट खल्तीमा रहेको जुन अघि चाँदीको बट्टाबाट खन्याएको रातो सिन्दूर र बिहान हत्या गरिएको खसीको गाढा रातो रगतलाई सम्झन्छु । दुवैको कुनै मूल्य नै छैन । म जुरुक्क उठेर बाहिर निस्किदिन्छु ।

●


**हार्दिक शुभकामना**

**अङ्ग्रेजी नयाँ वर्ष २०१९**

को सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा सु-स्वास्थ्य, दीर्घायु एवम् सुख-शान्ति तथा समृद्धिका लागि **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दै **अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)** को मुखपत्र **अन्तर्दृष्टि**को **४३ औं अङ्क** प्रकाशन हुन लागेकोमा खुसी प्रकट गर्दछु ।

**प्रेमप्रसाद भट्टराई**

अध्यक्ष

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**

**कतार च्याप्टर**

कविता

# ब्रड वेका बटुवा




● **विकास विष्ट**

न्युयोर्क, अमेरिका


दुई हातमा बाँधिएका बैसाखी
एउटा खुट्टा त्यसैमा व्हिल सु !
कानमा एयरफोन, हातमा आइफोन त नभै भएन र !
उसलाई अपाङ्गताको कत्ति अनुभूति छैन त !

मेसिनगनझैँ सोझिने क्यामेराले
मानवताको तस्बिर लिएन र !
जी.पी.एस.ले डोऱ्याएको बटुवा
आफ्नै घरको आँगनसम्म पुग्न त्योबिना सक्दैन र !
रातो, नीलो र सेतो लाइटको निर्देशन नहुँदो हो त
कति ठोकिएरै मर्थे होला !

कफीको कप, चुरोटको सर्को
निरन्तर मोबाइलमा आँखा
देख्दैन ब्रोड वेको बटुवा
आफ्नै अगाडिको भीड र !

डिभाइसले तताएको उसको दिमाग
बारुलोले डस्दा पनि खुल्दैन र !

सलहझैँ कुदेका स्कुले
कुन गल्लीका बाली सखाप
पार्ने हुन् ठेगान भएन र !
बाहनहरूको टर्निङमा
कयौँ जीवन नै टर्न भए
डैनिस र रेड बर्गर बाउ-छोरा
सँगै बसेर चुरोट तान्दै
उडाएको धुँवासँग उडेका बटुवा र
एम्बुलेन्स र फायर ट्रकको साइरन
समेत नसुन्ने कानहरू र
थोरै असन्तुलित भुइँमा पनि लड्ने ज्यान
मृत्युको मुखमै पर्न आँटेकालाई देखेर नि
नदेखेझैँ गर्ने ब्रड वेका बटुवा ।

●

कविता

# शब्द



● ललिता जोशी क्षेत्री
सिलुगुडी, भारत

शब्दहरूको
शब्दले माला बनाउने,
शब्दहरू
बेचेर घर चलाउने.
शब्दको
वाणले हृदय भेद्ने
शब्दहरूले
सम्मोहित पार्ने
शब्दले
नै जीवनको सार बुझाउने
शब्दको
जालोमा हाली सिमाना बचाउने,
शब्द-शब्दलाई
खेलाई जाति बचाउने,
शब्दले
रेडियो, टि.भी चलाउने
शब्दले
खबर कागज र पत्रिका छपाउने
शब्दले
वेद वेदान्त रच्ने
शब्दले
इतिहास कोर्ने
शब्दले
डाक्टर बनाउने
शब्दले
वैज्ञानिक आविष्कार गर्ने
शब्दमा
सङ्गीत भरी संसारै मख्ख पार्ने
शब्दले
विश्वको राजनीति चलाउने
शब्दको
बन्दुक बनाई विश्व तर्साउने...
शब्दले
होसियार गराउने !
शब्द शब्द शब्द, शब्द ...
शब्दखेलाडी
भीडहरूका फोटाहरू
पल्टाएर एकपल्ट फेरि हेर्न मन लाग्यो ..।
शब्द
पारखीहरूलाई शत्शत् नमन
गर्न मन लाग्यो !
●

कथा

# लेस्बियन



● गोविन्द गिरी प्रेरणा
भर्जिनिया, अमेरिका

रोजी मेरो सामुन्ने थिई । मलाई विश्वासै लागिरहेको थिएन, ऊ त्यही रोजी हो, जसलाई मैले पहिलोपल्ट देखेको थिएँ । त्यतिबेला उसको अनुहारमा दागैदाग थियो । राति भेटेको हुनाले त्यतिसारो उसको थप हुलिया मलाई याद भएन । दोस्रोपल्ट कोलोराडोमा भेट्दा उसको आठ महिनाको गर्भसहितको डम्म फूलेको पेट मात्रै मैले याद गरेँ । उसको अनुहारमा खासै दागहरू देखेको थिइनँ तर आज उसको हुलिया पूरै परिवर्तन भएको थियो । अनुहारमा दाग थिएन । ओठमा सदाबहार मुस्कान । अनि देह सर्लक्क परेको मोमाको झैँ । ऊ आकर्षक ब्रेसियर र पेन्टीमा थिई ।

अगाथा तीन महिनाका लागि पेरु गएकी थिई । उसले एउटा एनजियोमा नयाँ काम पाएकी थिई र कामको सिलसिलामा ऊ त्यहाँ गएकी थिई एक महिनाअगाडि । म एक्लो महसुस गर्दै थिएँ र आज यसो रमाइलो गरौँ भनेर कनेक्टिकट एबेन्युको रोयल प्यालेस क्लबमा छिरेको थिएँ । साँझ परिनसकेको हुनाले क्लबमा खासै चहलपहल थिएन तर नृत्य गर्नेहरू भने आफ्नो कर्म गरिरहेका थिए । मैले एउटा बियर मगाएँ र नाचिरहेकी युवतीका हाउभाउ अनि तिनका अङ्गहरूमा हेरेर मनोरञ्जन लिइरहेँ । कोही-कोही ग्राहकहरू नाचिरहेकै ठाउँमा पुगेर नग्नताको दर्शन गर्थे र उनीहरूको तिघ्रामा बाँधिएको रबरब्यान्डमा नोट घुसारेर मुस्काउँदै फर्कन्थे । मलाई गजब लाग्छ यो देशको चलन, नग्न नृत्य गर्ने स्वतन्त्रता छ तर स्पर्श गर्न प्रतिबन्ध । विचित्र ! युवतीहरू नाचिसकेपछि ग्राहकहरू बसेको ठाउँमा आएर टिप्स सङ्कलन गर्थे । म चाहिँ टेबलमा आउनेलाई मात्र टिप्स दिँदै बियरको मजा लिइरहेको थिएँ, नृत्यसँगै बजिरहेको सङ्गीतको साथमा ।

एउटा युवती नाचिसकेर मेरो टेबलमा आई । मैले एक डलरको नोट उसको रबरब्यान्ड भित्र घुसारिदिएँ र भनेँ - 'यु आर नाइस । लब्ली डान्स ।'

तर युवतीले 'थ्याङ्क्यु' भनेर अर्को टेबलतिर जानुको साटो ट्वाल्ल मेरो अनुहारमा हेरिरहेपछि म आश्चर्यमा परेँ, यो युवतीलाई के चाहिएको हो ?

उसले बिस्तारै ओठ खोली - यु ! यु आर हियर ? तिमी यहाँ ?'

युवती रोजी थिई । अगाथाकी छोरी ।

'आइ विल ब्याक, म एकछिनमा आउँछु' भन्दै उ अरू टेबलहरूतिर गई र टिप्स बटुलेर हातभरि नोट, ओठभरि मुस्कान लिएर मेरो टेबलमा आएर बसी ।

म हुनसम्म छक्क थिएँ। रोजीसँग यसरी क्लबमा भेट होला मेरो कल्पनामै थिएन ।

'हाउ आर यु ? मैले भनेँ ।

'आइ ह्याब अ लङ-लङ स्टोरी ।' उसले भनी । मेरो लामो कथा छ । म अबको एक घण्टामा फ्रि हुन्छु अनि बाहिर कतै डिनर खाँदै सबथोक भन्छु नि !

मैले हुन्छ भनेँ र अर्को बियर मगाएँ ।

रोजी भित्रतिर कतै गई ।

एकघण्टापछि म क्लबवाट बाहिर निस्किएँ। अमेरिकाको राजधानी सहर वासिङ्टन डिसीको साँझ मजाले ब्युँतिएको थियो । म सडकमा दगुरिरहेका कारहरूको लस्कर हेरिरहेको थिएँ । साइरन बजाएर बेत्तोडले कुदेका पुलिसका कारहरू पनि झुल्कन्थे यदाकदा ।

रोजी आई र भनी - 'डिनर खान कता जाने ?'

'तिमी भन न !' मैले भनेँ ।

बिना पूर्वनिर्णय हामी हिँड्दै थियौँ। अनि अगाडि देखियो एउटा इटालिएन रेस्टुराँ र चुपचाप हामी प्रवेश गऱ्यौँ । रेस्टुराँमा हलचल त थियो तर त्यति चापाचाप भीड थिएन। हामीले दुई सिट भनेपछि एउटी वेटरले हामीलाई बस्ने सिटमा लगेर हात-हातमा मेनु दिएर हिँडी ।

'के पिउँछौ ?' मैले सोधेँ ।

रेड वाइन ।' उसले भनी ।

वेटर आएपछि रोजीलाई रेड वाइन, मलाई बियर मगाएँ अनि स्न्याक्स पनि । रेड वाइन र बियर आयो । अनि आयो स्न्याक्स पनि केहीबेरमै । अनि चियर्स गर्दै मैले एक घुट्को बियर निलेँ। रोजीले रेड वाइनको सीप लिई ।

'ल भन रोजी ! अब तिम्रो लङ स्टोरी ।' मैले हाँस्दै भनेँ ।

'लङ स्टोरी भन्ने हो भने त पूरै रात बित्छ । छोटकरीमै भन्छु ।' उसले पनि हाँस्दै भनी ।

मेरो छोरी भई । मैले मोमलाई धेरै दुःख दिन चाहिनँ । मेरो एकजना मिल्ने साथी थिई स्कुल बेलाको । उसलाई अचानक भेटेपछि मैले मेरो दुःख सेयर गरेँ । उसले आफ्नो ममीसँग अनुमति लिएर मलाई आफ्नो घरमा लगी र पूरै मद्दत गरे आमाछोरीले । उनीहरूले मेरो व्यवस्था नहुन्जेल मद्दत गर्छौं भनेका थिए । मेरो बच्चा भयो । अनि उनीहरूले मसँग सोधे -

'यदि तिमी बच्चाको टेक केयर गर्न सक्षम छैनौ भने कसैलाई एडप्ट गर्न दिन सकिन्छ । उसले एउटा जिन्दगी पाउँछे ।'

यो एउटा कठोर निर्णयको क्षण थियो । मैले एबोर्सन गरेको भए उसले जीवन पाउने थिइन । अब एडप्ट गर्न दिँदा उसले जीवन त पाउने भई, जन्मदिने आमा गुमाउने भई । मैले छोरी गुमाउने भएँ तर म त्यो छोरीलाई पाल्न पूरै असमर्थ थिएँ । अप्रिय भए पनि मैले छोरीलाई एडप्ट गर्न दिने भएँ । त्यो छोरी मेरो काखवाट गएकी दिन र रात मैले रोएरै बिताएँ । तर आँसु पनि सकिएजस्तो लाग्यो । दुःख पनि घट्दै गएको झैँ लाग्यो । केही हप्तामा म सामान्य जीवनमा फर्किएँ । यति भनिसकेपछि रोजी उदास देखिई । गिलासको पिँधमा बाँकी रहेको रेड वाइन पूरै एक घुट्कामै सिध्याई ।

मैले थप बियर र रेड वाइन मगाएँ अनि रोजीलाई भनेँ - 'म त पास्ता खाने भएँ, तिमी के मगाउँछौ ?'

उसले भनी - 'म चाहिँ पिज्जा खान्छु ।'

बियर र रेड वाइन आएपछि मैले पास्ता र पिज्जा पनि अर्डर गरेँ र रोजीको मुखमा हेर्न थालेँ थप कथा सुन्नका लागि ।

अब के गर्ने प्लान छ तिम्रो भनेपछि म बाटो हराएको यात्रीजस्तो भएँ । के गर्ने भन्ने मेरो दिमागमा केही पनि थिएन । केही काम पाए गर्ने थिएँ भन्न मन लागेको थियो । साथीकी आमाले भनिन्, कि छोरीको जस्तै गर्ने हो ? मलाई मेरी साथी के काम गर्छे, थाहा थिएन । उसकी आमाले बताई । अनि मलाई लाग्यो म पनि त्यही काम गर्छु किनभने साथी नै सहयोगी भएपछि मलाई अप्ठेरो पनि परेन र छोटो समयमै म आफ्नो काममा पर्फेक्ट भएँ । यो काम त्यही काम हो ।

यति भनिसकेपछि रोजीले मेरो मुखमा पुलुक्क हेरी, सायद मेरो प्रतिक्रियाका लागि । तर मैले दिने प्रतिक्रिया केही थिएन । केही समय म उनीहरूकै

घरमा बसेँ । अनि अलिकति पैसा बनाएपछि एउटा कोठा लिजमा लिएर बसेकी छु । यसो प्राइभेसी पनि त चाहियो नि, हैन र ? रोजीले भनी ।

उसले प्राइभेसी शब्दमा विशेष जोड दिएकी थिई र त्यसैले मलाई घत परेको थियो । हामीले खाना खान थाल्यौँ । मेरो भागबाट अलिकति पास्ता उसलाई चाख्न दिएँ । उसको भागबाट एक स्लाइस पिज्जा मैले पनि लिएँ । अगाथा अर्थात् रोजीकी आमासँग त यस्ता खानपानमा कति समय बिताइयो कति तर रोजीसँग यसरी दुईजना मात्र पहिलोपल्ट यसरी अप्रत्यासित भेट भएर खानपान चलिरहेको थियो ।

'मोमलाई म यस्तो काम गर्छु भन्ने थाहै छैन । मोमका आफ्ना गुनासाहरू छन् मसँग । तर मैले मोमसँग कहिल्यै कुनै गुनासो गरिनँ । बरु केही डिमान्ड गरेँ हुँला, त्यो बेग्लै कुरा हो । आखिर छोरी हुँ नि म पनि ।' रोजीले भनी ।

मलाई अब तिम्रो फ्युचर प्लान के छ भनेर सोधूँ- सोधूँ लागेर पनि सोधिनँ । आखिर त्यो उसको निजी मामला हो ।

अरू वाइन थप्ने हो ? रोजीको वाइन गिलास रित्तिएपछि मैले सोधेँ ।

'लास्ट फर द रोड ।' उसले भनी ।

मैले थप बियर र वाइन अर्डर गरेँ र चेक मागेँ ।

तपाईंसँग यसरी भेट होला भन्ने कल्पनै थिएन । यसरी खानपान साथमा जुर्ला भन्ने पनि सोचेको थिइनँ । मेरो त जिन्दगीमा जे पनि अप्रत्यासित हुन्छ, योजनाबद्ध केही पनि हुँदैन । रोजीले भनी ।

सबैजसोको जिन्दगी लगभग उस्तै हो । केहीको मात्र योजनावद्ध ढङ्गले चल्छ । नदेखिए पनि नभने पनि मेरो जीवन कम्ता अप्रत्यासित छ ? नेपालको कुन अनकण्टार गाउँमा जन्मेको म यहाँ यसरी आइपुग्नु, तिम्रो आमासँग भेट हुनु, तिमीसँग आज यसरी भेट हुनु यी सब अप्रत्यासित र योजनाबिनाकै हुन् रोजी । मैले भनेँ ।

मेरो यो भनाइलाई उसले गम्भीर भएर सुनिरही । रेस्टुराँको चहलपहल अलि घटे पनि मान्छेहरूको आइ-जाई चलिनैरहेको थियो । अब हामीले उठ्ने बेला भएको थियो । छुट्टिने बेला भएको थियो । मैले उसलाई आफ्नो फोन नम्बर दिएँ र उसको फोन नम्बर पनि लिएँ ।

हामी उठ्यौँ र रेस्ष्टुँराबाट बाहिरियौँ । भित्रको कोलाहलपूर्ण वातावरण र न्यानोबाट निस्कँदा बाहिरको शान्त वातावरण र चिसोले स्वागत गऱ्यो ।

रोजीले भनी - 'मेरो अपार्टमेन्ट टाढा छैन । एक/एक वटा ब्रान्डी पिउने हो भने जाऊँ केही प्रोबलेम छैन भने । म खुसी हुनेछु ।'

मैले उसको अनुहारमा हेरेँ । त्यहाँ एउटा अनन्त सन्नाटा थियो ।

मैले भनेँ - 'फोन छँदै छ, सम्पर्कमा बसौँ । जाउँला नि कुनै दिन, हुन्न र ?'

उसले हाँस्दै 'स्योर-स्योर' भनी ।

अझै हामी छुटिइहाल्न सकेका थिएनौँ । कुन्नि केले अल्झाइरहेको थियो ?

रोजीले भनी - 'तपाईंलाई एउटा कुरा थाहा छ मोमको बारेमा ?'

'के कुरा ?' मैले सोधेँ ।

मेरो मोम त लेस्बियन हो नि ! म जन्मेपछि लेस्बियन भएकी तर तपाईंसँग कसरी यस्तो मित्रता भयो मैले पहिलोपल्ट भेटेदेखि नै छक्क थिएँ ।' रोजीले भनी ।

रोजीको कुराले म निःशब्द भएँ ।

रोजीले बाइ भनी र फटाफट आफ्नो बाटो लागी ।

म केहीबेर ऊ गएको हेरिरहेँ । रोजी निकै पर पुगुन्जेल मैले आँखाले पछ्याइरहेँ अनि बल्ल आफ्नो अपार्टमेन्टतिर लागेँ । .

मेरो कानमा रोजीका शब्दहरू प्रतिध्वनित भइरहेका थिए 'मेरो मोम त लेस्बियन हो नि ! मेरो मोम त लेस्बियन हो नि ! लेस्बियन हो नि ! लेस्बियन !'

## गजल



● **चक्र कार्की**
सदस्य, अनेसास, कतार च्याप्टर

छ मज्जा यसैमा तगारा हुनाले,
अनेकौँ अराजक इसारा हुनाले ।

हुँदा बा र आमा, म थेँ मुस्कुरा'को,
थियो मन खुसी त्यै सहारा हुनाले ।

फर्किएर हेर्न, बगरमा छ जीवन,
म बन्धक भएको किनारा हुनाले ।

मलाई कसम ढुक्क लाग्दै छ अहिले,
भएको थियो जे गवारा हुनाले ।

कसम एउटा तुक नभेटी फँसायौ,
छु झुटो म तिम्रो कमारा हुनाले ।

कुनै पीर छैन मसँगै छ साथी,
जसो जून हाँस्छ सितारा हुनाले ।

कविता

# उसको म !



● **निरज क्षेत्री**
अध्यक्ष, अनेसास, पर्थ च्याप्टर

उसले सोध्यो,
तँ के गर्छस् अब ?
मैले भनेँ
म ! मर्छु अब !
झसङ्ग भए उसका प्रश्नहरू
तर्सिएर उभिए उसका आँखाहरू
म नाङ्गिएको
उसले महसुस गर्न सकेन कि
बाटो मेरो टुङ्गिएको
दृष्टि पहिल्याउन सकेन कि
मेरो जवाफलाई
सायद
बुझ्नै सकेन कि
मेरो त्यागलाई विद्रोहको अनुभूति
दिन सकेन कि
तर म
कट्टर भई
इस्लाम बन्न लागेको
कदापि ऊ चाहँदैनथ्यो ... !
केही क्षण मौनतामा
अल्झिएर पुनः प्रश्न गऱ्यो
के भयो तँलाई ?
अनि, के गरूँ र म तँबिना ?
फेरि, मैले भनेँ
जब, म नै रहिनँ भने
सोच एकपटक
के तँ पनि रहन्छस् र यो संसारमा ?
उसले बुझेन क्यार !
फेरि सम्झाउँदै भनेँ
तेरो जन्मको कारण को हो ?
म नै त हुँ
तैँले दिएका योजनाहरूलाई
कसले परिपूर्ति र अगाडि बढाउँछ ?
तेरो अस्तित्व
के मबिना सम्भव छ र ?
त्यसो भए तँमा त्यो अधिकार छैन
तैँले आफ्नो बारेमा प्रश्न गर्ने
तँलाई मैले जन्म दिएको हुँ
तसर्थ,
तँ केवल प्रश्न राख्न सक्छस्
मेरो बारेमा ... !
ऊ आत्तिँदै
मलाई फकाउँदै भन्यो
के तँ अब मृत्यु नै रोज्दछस् त ?
मैले सानो मुस्कानसाथ भनेँ
हो ! म त्यही रोज्दछु

जो ! तेरो मृत्युको कारण हुनेछ !
किनकि,
जसरी तेरो मृत्युको कारण म बन्न पुग्छु
र, त त्यो, जा बिल्कुलै चाहन्नस्
स्वमं त्यसरी नै
म पनि यो देशको अन्त
हेर्न चाहँदैनथेँ कहिल्यै
तर अफसोच् !
यो देशको अन्त निश्चित भैसकेको छ
र, मेरो भविष्यको पनि ...
सायद
बुझ्निनस् होला
त, तँ मेरो सपना
केही हदसम्मको कल्पना
मबिना कसरी तेरो सम्भव छ र !
अनि मेरो देश नै नरहे
मेरो भविष्य र बाँच्नुको उद्देश्य
त्यो पनि के सम्भव हुन सक्छ र ?
यो यथार्थलाई
गाली नदे, दोष नलगा
किनकि, दोषको भागिदार
म तेरो कदापि हुन सक्दिनँ ... !

●

## गजल




● **प्रकाश बन्जारा 'बिहानी'**
दुबइ, अरब


रोकेपछि सवाल बन्द भयो,
हुनै ला'को बबाल बन्द भयो ।

न त हुन्छ-हुन्छ भन्न छोड्यौ,
न बन्द हड्ताल बन्द भयो ।

हरेकचोटि आशा लिएर आउँछ,
पात्रोबाट अर्को साल बन्द भयो ।

मैले नमागी लाखौँ दिइरहे,
सौ मागे बोलचाल बन्द भयो ।

तिमी गयौ यादमै बाँचिरा'थेँ,
रुक्यो धड्कन अकाल बन्द भयो ।

●

# गजल



● गणेश क्षेत्री
अल्खोर, कतार

म आफै मजबुत खम्बा बन्छु देश ढल्न दिन्नँ
सडकमा चक्काजाम हुन र टाएर बल्न दिन्नँ ।

उठाउँछु देशलाई माथि आफ्नै पराक्रमले,
देखाउँछु विश्वसामु म मनोबल गल्न दिन्नँ ।

शान्ति सु-शासन र विकासको प्रत्याभूति दिन,
देशमा हत्या, हिंसा अनि भ्रष्टाचार चल्न दिन्नँ ।

एकजुट बनाउँछु युवाशक्ति आफ्नै नेतृत्वमा,
मेरो सुन्दर देश नेपालको मुहार जल्न दिन्नँ ।

गर्व छ आफ्नै भाषा, धर्म, संस्कार र संस्कृतिमा,
नष्ट पार्छु बिधर्मीको कप्टी विचार फल्न दिन्नँ ।

●

हार्दिक शुभकामना

**अङ्ग्रेजी नयाँ वर्ष २०१९**
को सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा सु-स्वास्थ्य, दीर्घायु एवम् सुख-शान्ति तथा समृद्धिका लागि **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दै **अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)** को मुखपत्र **अन्तर्दृष्टि**को **४३ औं अङ्क** प्रकाशन हुन लागेकोमा खुसी प्रकट गर्दछु ।

**कृष्ण गिरी**
अध्यक्ष
**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**
**न्यु ह्याम्पसायर च्याप्टर**

कथा

# दृष्टिकोण



● **लीलाराज दाहाल**
कर्मैया, सर्लाही

**बिहान**

के रे ? के रे ? के भो रे भाउजू ? दाइले फेरि कुटे रे ? फेरि घरेलु हिंसा गरे रे ? कस्ता पुराना सोचाइका छन् दाइ पनि ! मूर्खताको लौरो बोकेर हिँड्न कहिलै छोडेनन् दाइले अहिलेको समयमा पनि । अब नसम्झाई भएन दाइलाई । उनले लगाइरहेको अन्धविश्वासको चस्मा फुकाल्न लगाउनुपर्छ । छोरी मात्रै जन्मनुमा तपाईंको के दोष छ र भाउजू ? छोराछोरी एकै हुन् भनेर म सम्झाइदिउँला दाइलाई । सम्झाउँदा पनि नभए गाउँ-समाजमा बसेर छलफल पनि गरौँला नि ! छोरी मात्रै जन्मे भनेर खिन्नताको ओछ्यानमा सुतिरहने हो र ? छोरी पनि राष्ट्रप्रमुख, सरकारप्रमुख भएका छन् । डाक्टर, इन्जिनियर, प्राध्यापक, वकिल, वैज्ञानिक कति भएका छन् छोरी पनि । छोरीलाई पनि सक्षम नागरिक बनाए त छोरा जत्तिकै भैहाल्छन नि ! तपाईं नरुनुस् भाउजू ! घर जानुस्, घर ! अब तपाईंमाथि घरेलु हिंसा हुन दिन्नँ म । तपाईं घर जानुस् अहिले ।

**दिउँसो**

आदरणीय जनसमुदायहरू ! मेरो यत्रो लामो भनाइको अर्थ के हो भने अब तपाईं/हामीले छोराछोरीमा भेदभाव नगरौँ । यो एक्काइसौँ शताब्दीमा छोराछोरी एकै हुन् । छोराछोरीलाई समान व्यवहार गर्नुपर्छ । पढाइलेखाइमा दुवैलाई समान अवसर दिनुपर्छ । अब आइन्दा छोराछोरीमा भेदभाव नगरौँ भन्दै म आफ्नो भनाइ यहीँ अन्त गर्छु । धन्यवाद !

**साँझ**

के भो रे ? छोरीले भाँडा सफा गरिन रे ! ओहो ! के अनर्थ हुन लागेको हो यो घरमा ! ए छोरी रीता ! यता आइज-आइज । तैँले भाँडाकुँडा किन सफा नगरेकी रे ! गृहकार्य गर्दागर्दै भ्याइनस् रे ! के हुन लागेको हो आजकल ? स्कुलको गृहकार्य त

घरायसी कामधन्दा सकेर पो गर्ने हो त छोरी ! के भएकी तँ ? के रे, के रे ? पल्लो घरकी कमला आन्टीको छोराले घरको काम गर्नुपर्दैन रे ! ऊ पढी मात्रै रहन्छ रे ! घरको काम नगरी पढी मात्रै रहनलाई त छोरै भएर जन्मनुपर्छ, बुझिस् छोरी ! लु जा, छिट्टो काम सकिहाल् । के गर्नु छोरो भएर जन्मिनस् ! नत्र पढ्न पाउँथिस् नि !

## राति

... त्यसो नभन न प्यारी ! म त राजनीति, समाजसेवा गर्नुपर्ने मान्छे ! एउटा छोरो पनि नभए कसरी मुख देखाउनु समाजमा ! छोरा नभए त स्वर्गको बाटो ... भन्छन् । चारवटी छोरी भएर के भो त प्यारी ? छोराजस्तो छोरी कहाँ हुन्छन् र ! तिमी ढिपी नगर न प्यारी ! कमसेकम मेरो मन पनि राखिदेऊ ! एउटा छोरो पाइदेऊ । प्यारी एउटा छोरो, प्लिज-प्लिज ! एउटा छोरो प्लिज ! प्यारी ...! प्लिज ...एउटा छोरो ...!

●

# गजल




● **प्रेम कटवाल 'जिजीविषा'**
कुवेत


नियतिको मनोमानी, यस्तै रै'छ जिन्दगानी,
भोग्नैपर्ने जे-जे भा'नि, यस्तै रै'छ जिन्दगानी ।

खाली हात आयौँ हामी, खाली हातै जान्छौँ पनि,
न त फाइदा न त हानि, यस्तै रै'छ जिन्दगानी ।

न त धन न आफन्त, लान मिल्ने मर्दाखेरि,
बाँचुन्जेली यो हैरानी, यस्तै रै'छ जिन्दगानी ।

जसोतसो गुजारा हो, गन्तव्य त चिता नै हो,
बाँचुन्जेलको खिचातानी, यस्तै रै'छ जिन्दगानी ।

मायाप्रेम आफ्ना त्यागी, जान्छौँ मृत्यु अँगालेर,
मात्रै ढिलो-चाँडो जानी, यस्तै रै'छ जिन्दगानी ।

●

कविता

# निर्मला भन्छिन् ......



● सानु घिमिरे
सिड्नी, अस्ट्रेलिया

ए सरकार सुरक्षा दे !
नभए घोषणा गरिदे
भ्रुणमै हाम्रो हत्या गरियोस्
कानुन बनाइयोस्
छोरी जन्माउन निषेध गरियोस् ।

नभए ए सरकार !
अलिकति जिम्मेवार भएर जवाफ दे !
म तेरो नागरिक हो कि होइन ?
मैले पनि म भएर बाँच्न पाउनु पर्थ्यो कि पर्दैन थियो ?
नचाहँदा-नचाहँदै कसैले भोग गरेर मारिदिने
म वस्तु हुँ कि नारी हुँ ?

ए सरकार !
मजस्तै यौवन फक्रिन नपाई
मजस्तै जीवन बाँच्नै नपाई
चुँडिनेहरूको एउटा ठूलै जमात
तेरै सिंहदरबारको वरिपरि
आत्मा बनेर भड्किरहेका छौँ ।

ए सरकार !
मलाई न्याय दे !
आँखामा पट्टि बाँधेर तराजु लिएकी आइमाईलाई 'रिप्लेस' गरिदे
पुरुषको परिचय दिने अङ्गलाई 'हाइलाइट' गरे

अर्को एउटा आकृति राख तेरो न्यायालयमा
अनि फैसला गरिदे
महिला भएर जन्मिनु बलात्कृत हुन हो भनिदे
आफूखुसी जिउन र मर्न पाइँदैन भनेर संविधानमा लेखिदे
म अर्को जन्ममा
मानव अधिकार सुरक्षित भएको देशमा जन्मिन पाउँ
यौवनका रङ्गहरूमा खेल्न पाऊँ
हरेक दिन बदलिदै जाने शरीरसँगै रोमान्चित हुन पाउँ
आफ्नो लैङ्गिकतामा गर्व गर्न पाऊँ
ए सरकार ! म तेरो नामको भूगोलमा कहिल्यै जन्मिएकै थिईन भनेर
मेटाइदे मेरो नाम
मलाई स्मरण गर्ने सबैलाई धम्की दे
र जेलमा कोची दे
र निमिट्यान्न पारिदे मेरो अस्तित्व
मलाई तेरो नामसँग जोडिन पनि शरम लागेको छ ।

●


**हार्दिक शुभकामना**

**अङ्ग्रेजी नयाँ वर्ष २०१९**

को सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा सु-स्वास्थ्य, दीर्घायु एवम् सुख-शान्ति
तथा समृद्धिका लागि **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दै
**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)** को मुखपत्र
**अन्तर्दृष्टि**को **४३ औं अङ्क** प्रकाशन हुन लागेकोमा
खुसी प्रकट गर्दछु ।

**विकास बिष्ट**
कोषाध्यक्ष

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**
**केन्द्रीय कार्य समिति**

# आमा



● विनोद खड्का
दोहा, कतार

पोस्ट्याइनँ मैले आमाका तस्बिरहरू
फेसबुकका भित्ताहरूमा
न त बहानाका उपहारहरू नै पठाएँ।

आमाको मुख हेर्ने बहानामा
न त उनका पुराना फोटाहरूले
सामाजिक सञ्जालहरू नै रङ्ग्याएँ।

मैले त यो दूर परदेशबाट
केवल सम्झनाहरूले भरिएको
एक डाली कोसेली पठाएँ।

मैले ओढ्ने मेरो थाप्लोमा
साउनेझरी ओर्लिनै दिँदैनन्
उनैका हातले छाएका तेते बरबरका छानोहरू।

मैले बोक्ने मेरो आत्मविश्वासको पिठ्युँलाई
कहिल्यै थिच्न सकेनन्
दुःख र पीडाका मुग्लानी पहाडहरू।

त्यसैले त म
आगो ओकल्ने आकाशमुनि
हरक्षण खेलिरहेको हुन्छु
मरुभूमिका सुरम्य वसन्तहरूसँग।

उनैले सिकाएकी हुन् हिँड्न मलाई
र, त म बुद्ध बनेर हिँड्ने गरेको छु
उनैले दिएकी हुन् मलाई
शान्ति र अहिंसाका कवचहरू
र, त म निर्वाध पार गर्ने गर्छु अनेक बोर्डरहरू
पुराना र नयाँ अलेक्जेन्डरहरूको देशहरूमा
युद्धपिपासु र हतियार व्यापारीहरूको संसारमा
पोल्टोभरि शान्तिका सन्देशहरू बोकेर।

मैले उनैको स्कुलमा पढेको हुँ
लोग्नेमान्छे र स्वास्नीमान्छे बराबर हुँदैनन्
उनैले बताएकी हुन् मलाई
लोग्नेमान्छेहरू दाइजोले जल्दैनन्
उनैले भनेकी हुन्
स्वास्नीमान्छेहरूको आफ्नो कुनै परिचय नै हुँदैन।

लेख्न सिकाएकी पनि उनैले हुन् मलाई

वादीका अन्तर्कथाहरू
कमलरीका व्यथाहरू
छाउघरमा सुकेका रगतका टाटाहरू
र मुग्लानसँग जोडिएका खुसीहरू
र
उनैले चिनाएकी हुन् मलाई
नेताका अनेक भेषहरू
उनैले देखाएकी हुन्
तिनका आलिसान महलहरू
अट्टालिकाहरूमा जम्ने अट्टहाँसहरू
जहाँ
अविरल मेटिने गर्छन्
सहिद पत्नीका नाङ्गा पाइतालाका डोबहरू
र, तिनका सन्तानका चोइटिएका सपनाहरू

त्यसैले त मलाई सिङ्गै धर्ती लाग्छिन्
मेरी आमा, तिम्री आमा
र, हामी सबैका आमाहरू ।

●

# गजल



● **गणेश घिमिरे**
महासचिव, अनेसास केन्द्रीय समिति

सयौँ छन् मान्छेहरू अहँ अनुहार मिल्दैन,
मिलिहाले पनि कसैको व्यवहार मिल्दैन ।

समाचार सुनेपछि आमा फत्फताउनुहुन्छ,
मान्छे जस्तो खतरनाक जनावर मिल्दैन ।

हो, गल्ती हुन्छ तर पुनः नदोहोऱ्याऊ यार,
अचेल मनबाट माफी बारम्बार मिल्दैन ।

पानी छैन, बत्ती छैन अचम्म लागिरहेछ,
मेरो देशमा सरकार पनि बफादार मिल्दैन ।

तिम्रो दिल अचेल यति कठोर भएको छ,
कैदीलाई पनि यस्तो कारागार मिल्दैन ।

●

# भाग्यमानी साहित्यकार इन्द्रबहादुर राई



● सुकराज दियाली
दार्जिलिङ, भारत

**एकदिनको साधारण भेट इबरासित :**

इबरा भारतीय नेपाली साहित्यमा मात्र नभएर सम्पूर्ण विश्व साहित्यमा नै केन्द्रविन्दु थिए । नब्बे दशकदेखि धेरैपल्ट भेटने मौका पाएँ । दार्जिलिङमा रहँदा नागरी फार्मबाट कहिलेकाहीँ उहाँको घरैमा भेटन जान्थैँ । कहिले राजनारायण प्रधान सरलाई, कहिले डा. जीवन नामदुङ सरलाई, कहिले मोतावीर सरलाई, कहिले लक्खीदेवी सुन्दासलाई कहिले रामलाल अधिकारी सरलाई । रामलाल सरले त पढ़ाउनुभयो कलेजमा । दार्जिलिङको साहित्य सम्मेलनमा हुने धेरैवटा साहित्यिक कार्यक्रममा महत्त्वपूर्ण साहित्यिक वार्ता सुन्ने अवसर प्राप्त गरेको छु । एकदिन राजनारायण प्रधान सर र इबरालाई साहित्य सम्मेलन दार्जिलिङमा लामो सुन्थ्यौँ । जाड़ो महिनामा इबरालाई घरि-घरि भेटिरहनुपर्थ्यो । स्कुल सर्भिस कमिसन पास गरेर सिलीगुडी झर्नुपऱ्यो रोजीरोटीको निम्ति । सन् २००९ देखि मेरो कर्मथलो सिलीगुडी भयो । प्रत्येक वर्षको जाड़ोको महिनामा दार्जिलिङबाट, सालबारीमा आउनुहुन्थ्यो । प्रायः साहित्यकारहरू जाड़ो छेक्न सिलीगुडी झर्छन् ठण्डा महिनामा । त्यतिबेला सिलीगुडीको माहोल रमाइलो हुन्छ । विभिन्न साहित्यिक कार्यक्रम एवं भेटघाटको केन्द्र सिलीगुडी बन्छ । एकदिन सिलाङबाट सैनिक युवाकवि विशाल के.सी. इबरालाई भेट्न सिलीगुडी आइपुग्छ । एकरात दुःखसुख बिताउँछौँ सिलीगुडीको भाड़ाघरको सानो कोठामा, आधारातसम्म ल्यापटपबाट के.सी. भाइले कविता सुनाउँछ । भोलिपल्ट बिहानै भाइले भन्नुभयो - 'दाइ नेपालबाट एकजना दीपक सुवेदी नाम भएका साहित्यकार हिजै सालबारीमा आएर बस्नुभएको छ अरे । उहाँले इबरालाई भेट्ने ठूलो धोको रहेछ, घर चिन्नहुन्न अरे ! तपाइँले सहयोग गरिदिनुहुन्छ कि ?'

मप्रति आशातीत बन्दै प्रश्न तेर्साउँछ के.सी.ले । म अप्ठ्यारो मान्दै चिन्छु भाइ तर जान अप्ठ्यारो लाग्छ, बूढ़ाबूढी मान्छेलाई वेसी दुःख दिनुहुँदैन भन्छ मेरो मनले । बाध्यतामा फस्छु । म प्रश्न तेर्साउँछु - दीपक सुवेदीको रचनाहरू पढ़ेको, नाम पनि धेरै सुनेको । उहाँसित भेट्ने इच्छा छ । उहाँचाहिँ सिलीगुडीमा कहाँ बस्नु भएको छ ? उता सालबारी ज्ञानेन्द्र खतिवड़ाको घरमा हुनुहुन्छ अरे ! हामी दुवैजना बिहान अटो चढ़ेर लाग्यौं सालबारी ज्ञानेन्द्र खतिवड़ाको घरतिर । बैठककोठामा गफ गरिरहेका रहेछन् । नमस्कारको आदनप्रदानपछि लाग्छौं - इन्द्रबहादुर राईको घरतिर । इन्द्रबहादुर राईलाई भेट्यौं, गुरुआमा बिरामी हुनुहुन्थ्यो । नेपालको साहित्यिक साथीभाइको हालखबर दीपकजीलाई सोध्नुभयो इबराले । यति सोधेपछि दीपकजीले झोलाबाट **भयवाद**को किताब निकाल्दै उपहार चढ़ाउनुभयो । उपहारपछि किताबलाई सुम्सुमाउँदै यो **भयवाद** हाम्रो साहित्यमा आएछ भन्ने मैले सुन्दै थिएँ, आज किताबै हात लाग्यो । हामी र हाम्रो जीवन नै भयमय छ । खानापिनाको सन्दर्भ गाँस्दै भन्नुभयो । बिहानको खानाको समय थियो त्यतिबेला । हामी खानामा सचेत रहनुपर्छ । बिहान राजाले जस्तो पेटभरि खानुपर्छ, दिउँसो ठीकैको तर बेलुकी चाहिँ गरिबले जस्तो एउटा/दुईवटा रोटी र फिका चिया खानुपर्छ र मात्रै हामी रोगदेखि टाढ़ो बसिन्छ। नत्र खानाले गर्दा रोगपिण्ड बनिनुपर्छ । अन्य साधारण व्यावहारिक गफ गरेर दुई/चार फोटो खिचेर बिदा मागी आफ्नो गन्तव्यतिर लाग्यौं । म त्यहाँबाटै स्कुल लागें त्यो दिन ।

**अर्को दिनको साधारण भेटमा मिजोरामबाट इबराको दर्शन :**

डा. किङ्गुनु घर्तीज्यूले डा. इबरालाई भेट्नु भनी इच्छा प्रकट गर्नुभयो । बर्खामासको कुरा, चारैतिर पानी परिरहेको, पहिरो, खोलानाला बौलाइरहेको समय थियो । एउटा गाड़ी रिजर्भ गरेर लाग्छौं दार्जिलिङतिर इबराको दर्शनमा । लोचन नगरको घरमा भेट हुन्छ हाम्रो । बैठककोठामा हामी बस्छौं । किताब समातेर इबरा भन्नुहुन्छ - 'नानी, हामी बिमार भएर तथा कोहीबेला दुर्घटनामा परेर मर्छौं तर यो कृति बिमार पनि हुँदैन, दुर्घटनामा पनि पर्दैन, सधैं बाँचिरहन्छ ।' सिर्जनात्मक कृतिको महत्त्वलाई दर्साउँदै भन्नुभयो । प्रत्येक भेटमा केही नयाँ कुराहरू पाइरहन्थ्यौं इबराबाट ।

**लीलामा इबरा :**

इबराको लेखनमा दुईथरिका लीलाहरू पाइन्छ। एउटा सहजै बुझिने लीला, सरल गहन रूपमा प्रस्तुत भएको । अर्को नबुझ्ने अप्ठ्यारो अबोधगम्य लीला । आयामेली लेखनले इबरा, वैरागी काइँला र ईश्वर वल्लभलाई ६० को दशकमा नेपाली साहित्यमा अलग्गै प्रकारले चिनिनुथाल्यो भन्ने कुरोलाई स्पष्ट हुन्छ। नेपाली साहित्यमा ७० र ८० को दशकमा आयामेली साहित्य लेखनले निक्कै अग्लो उचाइ हासिल गऱ्यो। चारैतिर यसको चर्चा चुलियो। सबै साहित्यकारले सोच्न थाले, यो पो रहेछ साहित्य लेखन। आयामेली लेखनमा धेरै गहन रूपमा लागिपरे आयामेली फ्यानहरू। आयामेलीको चाम धेरै जम्यो। जति यसका फलहरू निस्किए उति नै यसको विरोध गर्नेहरू पनि निस्किए। भित्र-भित्र विरोध गरे पनि बाहिरी रूपमा यसको छुट्टै चाम थियो । आयामेली साहित्यको सुगन्धले ७०/८० को दशकमा साहित्य सिर्जना गर्ने साहित्यकारले पाइरह्यो। धेरैले नबुझिकन प्रशंसा गर्न थाले। कम्तीले बुझेर विरोध गर्न थाले । साहित्य सिर्जनालाई सचेतनाको सापेक्षातामा गहनतामा ल्याउनुपर्छ, यसको निम्ति आयामिक लेखनले तानेर अझ उता लान सकेन । जुन लीला लेखन केही रूपमा अगाड़ि बढ़ाउन सक्यो भन्ने तर्क एकदिन साधारण बातचितमा गर्नुभयो इबराले । लीलाले भ्रमको दृष्टान्तलाई अगाडि राख्नुभो। वास्तविक सत्य के हो ? विज्ञान, ज्ञान, दर्शन, धार्मिक अवधारणा, ईश्वरीय लीला, मोर्डन भौतिक विज्ञानको सापेक्षाताको सिद्धान्त, विचारको विभिन्नतामा मान्छेको व्यवहार र कर्मद्वारा प्राप्ति अव्यक्त भावको सतहबाट छोएर लीलाको समीकरणलाई प्रस्तुत गरेर नेपाली साहित्यलाई केही उचाइमा पुऱ्याउने काम इबराबाटै भएका छन् ।

**उत्तराधुनिक र इबरा :**

भारतीय नेपाली साहित्यमा ६० को दशकमा आयामेली साहित्यले नयाँ विचार, नयाँ प्रकारको लेखन, अन्य लेखन र प्रस्तुतिभन्दा अलग्गै प्रकारको धारणा, शैली, विषय प्रस्तुतिले नेपाली साहित्यमा ठूलो खुल्दुली मच्चायो । जुन कुराले पुरानो परिपाटीमा लेखिरहेका केही साहित्यकारहरू त्यसबेला ओझेलमा परे । केही आयामेली शैलीलाई अपनाएर साहित्य सिर्जनामा लागिपरेकाहरू बीचमा ठप्प भई बसे पनि। त्यसबेलाको साहित्यमा नबुझ्ने लेखहरू, कविताहरू, कथाहरू

भटाभट लेखिन थाल्यो, जसले अबोधगम्य साहित्य लेखन भनी विरोधमा उत्रे धेरै साहित्यकारहरू । बौद्धिक पाठकको तयारी बिस्तारै आयामेली साहित्यले जुटायो । सरल, सोझो, बोधगम्य साहित्य कृतिबाट पाठकले एक्कासि नयाँ प्रकारका लेखनशैलीले मनन-चिन्तनको वातावारण सिर्जना गरायो । साहित्यिक पाठकहरू बौद्धिकताको खुराक पछि लाग्न थाले । हाम्रो साहित्यमा अझ बौद्धिक चिन्तन र दर्शनले व्यापकता छाउनुपर्छ भनी लीलालेखन जस्ता लेखनलाई साहित्यमा इबराले भित्र्याए । यसैले लीलालेखनको अभिभावक इबरा हुन् । लीलालेखन र विनिर्माणको सैद्धान्तिक अवधारणा अध्ययन गर्न थाले साहित्यिक विद्वान्हरूले । लीला बुझ्ने विनिर्माणको अवधारणा समातेर उत्तराधुनिकवादको शङ्ख फुक्न थाले साहित्यिक विद्वान्हरूले । आज उत्तराधुनिककाल नेपाली साहित्यमा भनी हामी उठान गरिरहेका छौँ । लेखकलेखिका बनिरहेका छौँ । उसो भए उत्तराधुनिकको अवधारणालाई नेपाली साहित्यमा चालपाइकन भित्र्याउने इबरा नै रहेछन् भन्ने आयामेली लीलालेखन, विनिर्माणवाद आदिको उत्प्रेरकामय कारकबाट थाहा लाग्छ ।

**भाग्यमानी साहित्यकार इबरा :**

साहित्यकारको मरेपछि मात्रै मूल्याङ्कन हुन्छ तर हाम्रो समाजले इबरा जीवित रहँदा नै मूल्याङ्कन गरेर यो रीतिलाई गलत साबित गरिदिए । साहित्यकारको मृत्युपछि चारैतिर गुनगान गर्छन् हाम्रो समाजले । यो गरेको, त्यो गरेको भनेर हल्ला पिट्नेहरू हुलका हुल निस्कन्छन् । मरेपछि नै स्मृतिग्रन्थ, बाटोघाटोको नाम, सङ्घसंस्थाको नाम, पुरस्कारको नाम तोक्ने प्रवृति छँदै छ । जीवित रहँदा साहित्यकारको त्यति मूल्याकङ्न हुँदैन तर इन्द्रबहादुर राई जीवित हुँदा नै सबथोक जीवनको आयाम भोग्न र देख्न पाए । नेपाली साहित्यमा भाग्यमानी लेखकहरूमा इन्द्रबहादुर राईको टुप्पैमा नाम लिन सकिन्छ । उनकै नाममा कलेजको नाम, पुस्तकालयको नाम, स्कुलको नाम, एवम् विभिन्न प्रकारको मूल्यवान सङ्घसंस्था नाम राखिसकेका छन् । इबराले जीवित हुँदै प्राप्त गरेको ठूलो सम्मान हुन् । उनले जीवित हुँदा नै आफ्नो नाममा भएको सबै कुरा देखे, सुने । यस्तो समय सबै साहित्यकारले पाउँदैन । उनी जीवित हुँदा नै उनकै विषयमा ठेलीको ठेली किताबहरू नेपाल, भारत, हङ्कङ, विभिन्न देशका नेपाली लेखकहरूले अन्य भाषाका लेखकहरूले लेखे । विभिन्न लेखकहरूले एवम् साहित्यिक

सङ्घसंस्थाहरूले पत्रपत्रिकाको विशेषाङ्क प्रकाशित गरी ठूलो सम्मान जनाए । थुप्रै अभिन्दन ग्रन्थहरू प्रकाशित भयो। अनेकौँ पत्रपत्रिकामा इबराको विषय चर्चा-परिचर्चा भइरहेछ। सिक्किमबाट विजय राईको सम्पादनमा **सम्पूर्ण इन्द्र** नै प्रकाशित भयो । कुवेतबाट होमबहादुर क्षेत्रीको सम्पादनमा इन्द्रबहादुर राईको विशेषाङ्क नै प्रकाशित भयो । नेपालबाट, उत्तरी भारतबाट, सिङ्गापुर, हङ्कङबाट विश्व नेपाली साहित्यको पत्रपत्रिकामा इबराबिना चर्चा-परिचर्चा नभएको सायद थोरै होला। जुन रचनामा इबराको रचना समावेश हुन्थ्यो त्यो पत्रिकाको गरिमा बढ़ेर जान्थ्यो । नाम मात्रै भए पनि काफी थियो इबराको । उनका कथाहरू नेपालका विश्वविद्यालय, आसामका विश्वविद्यालय, बङ्गालका विश्वविद्यालय, शिलाङको विश्वविद्यालयको पाठ्यक्रममा समावेश रहेको छ । जहाँ-जहाँ नेपाली भाषा साहित्यको पठनपाठन हुन्छ, त्यहाँ अवश्य नै इबराको कथा, उपन्यास पढ़नुपर्छ। जसरी हामी भानुभक्त र लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम पढ़नुपर्थ्यो, उसरी नै इबरालाई नपढ़ी शिक्षा अधुरो हुनेछ। विद्यालयदेखि विश्वविद्यालयसम्म हामी इबरालाई पढिरहनुपर्ने हाम्रो भाग्य साथै विश्वभरि छरिएर बसेका नेपालीभाषीले पाएका छौँ । विद्यार्थीहरूलाई उनको कथाले गहिरो छाप पारेका छन् । एउटा घटनालाई पाठकसम्म राख्न चाहन्छु। प्रा. तेजमान बराइलीको छोरी बुनु (शीतल) बराइलीले सी.बी.एसी.को पाठ्यक्रम 'रातभरि हुरी चल्यो', 'जयमाया', 'आफू मात्रै', 'लिखापानी आइपुगी' कथा पढ़्नु परेछ। स्कुलमा पढेपछि बहिनीलाई कथाले निकै ठूलो प्रभाव तथा हृदयमा छोएछ। बहिनीले इबरालाई तीन पन्नाको चिठी लेखेर सोधेकी थिइन् - 'सर, यो साँच्ची कै घटना हो ?' आदि भनेर। यत्तिको कलिलो उमेरका नानीको मस्तिष्कमा ठ्याम्मै समाएको। मैले त्यो चिठी इबरालाई दिएँ। त्यो चिठीको जवाफ नआउँदा बहिनीले सोधिरहन्थी - 'दाज्यु मेरो चिठीको जवाफ आएन त !' होइन बहिनी सरले पठाउनु हुन्छ भन्दै थम्थमाउँदै राखिरहेँ । पछि बहिनी दिल्ली जे.एन.यु.मा चिनियाँ भाषामा सम्मान लिएर पढ़्न थालिन्। अहिले सुन्दै छु - बहिनीले ती कथाहरू चिनियाँ भाषामा अनुवाद गरेकी छिन् अरे !

यसरी स-साना नानीहरूदेखि वृद्धासम्मको सबै स्तरका पाठक पाउने भाग्यमानी कथाकार, उपन्यासकार इबराले सबैबाट निरन्तर जुन सम्मान पाएका थिए, उत्तर बङ्गाल विश्वविद्यालय अनि नेपालको त्रिभुवन विश्वविद्यालयबाट

विद्यावारिधि (पी.एच.डी.) प्राप्त गर्ने पहिलो नेपाली लेखक पनि हुन् । त्यो अब उसोका साहित्यकारले थोरैले पाउलान् । गाउँघरमा उनका कथाहरूमाथि चर्चा हुन्थ्यो । दुई/चार भाषाप्रेमी, साहित्यप्रेमीको भेलामा इबराको चर्चा भइरहन्थ्यो वा आजसम्म भइरहेकै छ । जीवित साहित्यकारको मूल्याङ्कन र सम्मान भएको मैले इबराकै देखेँ मेरो आजसम्मको जीवन यात्रामा । उनी यथार्थमा भाग्यमानी साहित्यकार हुन् भन्ने लाग्छ मेरो व्यक्तिगत विचारमा ।

●

मुक्तक

# मुक्तकहरू



● **कल्पना पराजुली (तिलस्मी प्रभास)**
काठमाडौँ, नेपाल

१
सक्छौ भने निःशर्त माया गर केही नभन र केही नसोध
मायाको नापतौल हुन्न त्यसैले मापनयन्त्र केही नरोज
मायाको सागरमा पौडिन मुटुभरि माया नै माया हुनुपर्छ
सागरमा त मोती हुन्छ खोज तर खहरेमा केही नखोज ।

२
सगरमाथा हुँ मेरो शिरमा टेक्न नखोज
सूर्य हुँ म तिमी हत्केलाले छेक्न नखोज
इच्छा राख्न सक्छौ यथार्थ त अर्कै हुन्छ
बग्दो नदी हुँ म त जमेको देख्न नखोज ।

३
मैले चाहेँ भने चट्टान गलाइदिन सक्छु
समुद्रै पनि दनदनी जलाइदिन सक्छु
मै हुँ भन्नेहरूलाई विचारको हतियारले
ठाउँको ठाउँमा नै ठहरै ढलाइदिन सक्छु ।

●

कविता

# देश दुख्छ



● **विन्देश्वर ठाकुर**
सदस्य, अनेसास कतार च्याप्टर

हरेक रात सपनीमा
आगोको एउटा डल्लो देख्छु
मेरै ओछ्यानमा खस्छ, सल्कन्छ
अनि घर हुन्छ, स्वाह !
म झस्कन्छु, बिउँझन्छु र
ह्वात्तै अखबार हेर्छु
अखबारमा छापिएका हुन्छन् -
आन्दोलन चर्किएको कुरा
गोली दागिरहेको खबर
अभावले मरिरहेका जनता
अनि, अनवरत रोइरहेका
सहिदका परिवारहरू ।
नसा दुख्छ, टाउको दुख्छ
छाती दुख्छ, धड्कन दुख्छ
म कसरी भनूँ साथी ?
अरू कहाँ-कहाँ दुख्छ ?
शरीरको हरेक अङ्गमा
मलाई मेरो देश दुख्छ !

हिजो मात्रै देखेको थिए -
हिमाल पग्लेको छ
पहिरा आएका छन्
नेपाल बगेको छ
आफन्त पुरिएका छन्
म झसङ्ग भएर टि.भी.खोल्छु -
सामाचारमा अघोषित नाकाबन्दी सुन्छु
अधिकारबिना तड्पिरहेका
तराईको चित्कार सुन्छु
अनि, अर्कोतिर
सत्तापक्षको मौनता र
दमनको पराकाष्ठा पनि हेर्छु
फोक्सो दुख्छ कलेजो दुख्छ
किड्नी दुख्छ रक्तकोषिका दुख्छ
म कसरी भनूँ साथी ?
अरू कहाँ-कहाँ दुख्छ ?
शरीरको हरेक अङ्गमा
मलाई मेरो देश दुख्छ !

हामी मुग्लानी भयौँ
बाध्यता थियो
देश छातीमा बोक्छौँ
देशभक्ति हो
तर,
राष्ट्र स्थिर, स्वच्छ र

शान्त नभएसम्म
देशका हरेक नागरिकले
हक नपाएसम्म
कलम दुख्छ, कविता दुख्छ
कवि दुख्छन्, मेरो मन दुख्छ

म कसरी भनूँ साथी ?
अरू के-के दुख्छन् ?
शरीरको हरेक अङ्गमा
मलाई मेरो देश दुख्छ !

●

कविता

# बोल्न बिर्सिएको वर्तमान



● **दीप मिलन**
अध्यक्ष, नवोदित साहित्यिक वाचनालय कतार

सवाल छैन देशको विकासको निकासको
न योजना कुनै बन्यो निदानमा अभावको
मरेछ राष्ट्र एकता अनेक जात धर्म भै
कहाँ छ राष्ट्रभावना कहाँ छ राष्ट्रवाद खै ।

पुजिन्छ देवता भनी छिमेक आउँदा घर
हुँदैन बात देशको भलो हुने कुनै तर
कि ओठ काटियो यहाँ भनूँ म वर्तमानकै
कहाँ छ राष्ट्रभावना कहाँ छ राष्ट्रवाद खै ?

भनेर चुट्किला हिँड्यो सदैव राष्ट्रचालक
म सुन्छु, हाँस्छु मौन भै बनी अबोध बालक
हिजो सबै भुलिदिऊँ छ प्रश्न आज एक यै
कहाँ छ राष्ट्रभावना कहाँ छ राष्ट्रवाद खै !

कहाँ भुलेछ एकता इमान लोकतन्त्रले
छ देश आर्तनादमा बुझ्केन लोक वर्गले
थिच्यो मिच्यो स्वदेश यो सधैँ अनेक वाद भै
कहाँ छ राष्ट्रभावना कहाँ छ राष्ट्रवाद खै ?

चुली चुम्यो कु-कार्यले कहाँ गयो सु-शासन
म भन्न सक्छु के गरी छ चेतमा प्रशासन ?
सदैव जित देख्छु यो म लम्पसारवादकै
कहाँ छ राष्ट्रभावना कहाँ छ राष्ट्रवाद खै ?

म मात्र भन्न थालियो म मात्र बन्न थालियो
तसर्थ राष्ट्रएकता लगेर दूर फालियो
गुहार माग्छ शैलले र रुन्छ लिम्पिया अझै
कहाँ छ राष्ट्रभावना कहाँ छ राष्ट्रवाद खै !

●

लघुकथा

# स्नातक



● सुरेन्द्र अस्तफल
कविडाँडा, चितवन

दिव्यबाबु गाउँलेहरूका आँखामा रतिगेडी थिए । चालीस सालतिर हुनुपर्छ उनी गाउँका प्रधानपञ्च थिए । निर्विकल्प भनिएको पञ्चायती व्यवस्थाको उनी पृष्ठपोषक थिए। अलिअलि पढेका मानिसहरूलाई उनी अराष्ट्रिय तत्त्व मान्दथे किनकि उनीहरू दिव्यबाबुका दिव्यभावसँग परिचित थिए। गाउँलेहरूले इनार खन्थे, दिव्यबाबु उनीहरूलाई रिङ दिन्थे। चर्पीको लागि आवश्यक पर्ने रिङ पनि दिव्यबाबुले नै दिने गर्थे। गाउँलेहरूका उनी प्रिय पात्र बनेका थिए। सरकारी बजेटको रकमबाट बनाइएका ती रिङहरू सधैं दिव्यबाबुको नामबाट गाउँहलेहरूका घरघरमा पुग्थे। सरकारले राजनीतिक पार्टीहरूलाई प्रतिबन्ध लगाएकाले केही युवाहरू मिलेर गाउँमा स्नातक समाज खोलेका थिए । तर सरकारी रकमको दुरुपयोग भयो भन्ने स्नातकहरूको बोली उनीहरूमा नै सीमित हुन्थ्यो । उनले आफ्नो गाउँमा धेरै विद्यालयहरू खोलेका थिए । कतिपय विद्यालयमा उनी व्यवस्थापन समितिका अध्यक्ष पनि भएका थिए । बाटोघाटो, कुलो र बोरिङ निर्माण समितिमा उनी नै प्रमुख थिए । गाउँमा कसैलाई पङ्खा चाहियो, सल्लाहका लागि उनीकहाँ पुग्थे । कसैका छोराछोरीले एसएलसी पास गरे भने कुन विषय पढाउने भनेर उनैकहाँ सल्लाह लिन पुग्थे । विवाह, ब्रतवन्धजस्ता कार्यक्रममा उनी नै अतिथि हुन्थे। उनीबिना गाउँलेहरू आफ्नो कार्य अपूरो भएको ठान्थे।

२०४६ सालमा बहुदलीय व्यवस्था आएपछि उनको शक्ति अलिकति खस्कियो। केही समय उनी भूमिगत रहे। तर एक्कासी उनी बहुदलीय व्यवस्थाका प्रवक्ता बनेर निस्किए । उनले भने, 'गाउँले दाजुभाइ तथा दिदी बहिनीहरू, हामी समयअनुसार चल्न सक्नुपर्छ। हिजो एउटा व्यवस्थाको माग थियो । आज विश्वपरिवेशमा आएको स्वतन्त्रताको लहरले हामीलाई पनि प्रभाव पाऱ्यो । अब हामी पनि परिवर्तनशील हुनुपर्छ। समयअनुसार परिवर्तनशील हुन सकियो भने जीवन सफल हुन्छ , समयलाई आफूअनुसार परिवर्तन गर्न खोजियो भने जिन्दगीभर दुःख भोग्नुपर्ने हुन्छ।' दिव्यबाबुका

यस्ता कुराले गाउँहरूलाई पुन : प्रभाव पाऱ्यो । बहुदलीय व्यवस्थाको पहिलो स्थानीय चुनावमा उनी गाविसका प्रमुख बने ।

पञ्चायती पृष्ठभूमि भएका दिव्यबाबुलाई पार्टीले टिकट दिएकामा गाउँका स्नातकहरू असन्तुष्ट थिए । उनीहरूले पार्टीमा यो कुरा राखेका पनि थिए । तर स्नातकहरू औठेछाप दिव्यबाबुका अगाडि कठै बिचरा साबित भए । पार्टीले गाविस कार्यालय अगाडि रहेको समीको चौतारीमा विजयसभाको आयोजना गऱ्यो । जिल्लाबाट नेताहरू ओइरिए । विजयसभामा पार्टीका जिल्ला सभापतिले भने, 'दाजुभाइ तथा दिदी बहिनीहरू, नेता हुनु त दिव्यबाबु जस्तो हुनुपर्छ । सबैको मन जित्न सक्ने हुनुपर्छ । उहाँले पार्टीलाई पनि भरथेग गर्नुभएको छ र यहाँहरूको दैनिकीमा पनि उहाँ बर्सौंदेखि सुखदुःखको साथी बन्नु भएको छ । यस्ता महान् व्यक्तिलाई तपाईहरूले मतदानद्वारा सम्मानित गर्नुभएकोमा म हाम्रो गौरवशाली पार्टीको तर्फबाट हार्दिक आभार प्रकट गर्दछु ।' गाउँलेहरूले गडगडाहट तालीले दिव्यबाबुलाई पुन : स्वागत गरे ।

फूलमाला र अबिरले नचिनिने भएका दिव्यबाबुलाई ठूलाठूला आँखाले हेर्दै गाउँका केही स्नातकहरू घरतर्फ फर्के । ●

## गजल




● चन्द्र खड्का 'श्रमिक'
युएई

बिहानपख हाँसे पनि साँझपख रुनुपर्छ,
छेवैमा छ समुद्र आँसुले मुख धुनुपर्छ ।

ऐया ऽऽ आत्था ! भन्दा बुझ्ने मालिकको मन हुन्न,
रोगी शरीर हुँदा पनि निरोगीझैँ हुनुपर्छ ।

काम धेरै गाह्रो हुँदा मालिकलाई गाली गऱ्यो,
घरको दुःख सम्झियो उसकै पाउ छुनुपर्छ ।

दही सम्झेर पानी पियो, दूध सम्झेँर पसिना,
गाईभैंसी दुहेजस्तै फलामलाई दुनुपर्छ ।

परदेशमा मेरो जस्तै उनका पनि व्यथा होला,
नभन्दिनू वेश्या हजुर यो चन्द्रको बुनुपर्छ ।

कविता

# म हराएको सूचना



● सेवकराज पौडेल
टोक्यो, जापान

दिनभरि काठमाडौँ सहर घुम्ने
रातभरि कल्पनाको बगरमा डुब्ने
जब भोटेबहालको मस्त निद्राबाट
एक्कासि बिउँझिँदा
सपनाको महल बोकेर उठेँ
र, त्यसको निर्माणमा जलमग्न मनले
विद्याभन्दा ठूलो सोच्यो धन !
र मैले विद्याकी देवी सरस्वतीलाई
म हराएको सूचना जारी गरेँ ।

दिनरात मुग्लानका लागि दिमाग घुम्यो फनफनी
देखेँ नजरैले गण्डकी ओभरसिज कम्पनी
साउदी, कतार, दुबई, ओमन, बहराइन
रोजगारीका लागि अन्तर्वार्ता
सुनौलो अवसर नगुमाउनु होला भनी
झुण्ड्याएको लामो बोर्डले तान्यो मेरो मन
र मैले आफन्तलाई खबर सुनाएँ
म हराएको सूचना जारी गरें !

मनभरि उज्यालो सपना थियो
सुन्दर भविष्यको मार्गचित्र कोर्न
झोला बोकेर बस भेटाउन लम्केका
मेरा पाइलाहरूका निरन्तर कदमले
कलङ्कीमा केही थान मान्छेहरू
भेट्यो र त्यहीँ रोकियो कदम
र मैले यात्रा सुरु हुनै लाग्यो चाल पाएँ
म हराएको सूचना जारी गरेँ !

काठमाडौँ, दिल्ली हुँदै साउदीको टिकट
कसेको ढाडे ब्यागमा थन्काएर
गुडिजाने बसको आरामदायी सिटमा
विराजमान हुँदै गर्दा
सपनाका चाङहरू एकपछि अर्को पूरा
भएको आभास मिल्दै गर्छन्
र घर, परिवार, आफन्त सबैलाई सम्झिन्छु
म हराएको सूचना जारी गर्छु !

सङ्घर्ष जिन्दगीको एउटा अङ्ग
हण्डर, ठक्कर, भोक, प्यास, आराम, अवरोध
अठ्चालीस घण्टाका बावजुद दिल्लीको
लालकिल्लास्थित बस अड्डाको
माटोमा टेकी पहाडगञ्ज आमा होटलमा पुग्दा
मेरो प्रफुल्लित मनले
जन्मदेशलाई सम्झिरहेको हुन्थ्यो र सम्हालिन्थ्यैँ
म हराएको सूचना जारी गर्दथेँ !

एकपछि अर्को सपनाको तान
इन्दिरा गान्धी विमानस्थलबाट
साउदीको रियादका लागि उडेको वायुयान

टाढा-टाढा हुँदै छ मेरो जन्मस्थान
अहँ मलाई कत्ति पनि चिन्ता छैन
म केवल सोचिरहेको छु कि
काठमाडौँमा देखेको त्यो सपना र
म हराएको सूचना !
लालीगुराँसजस्ता जीवनका
आठ वसन्तहरू
रहनसहन, संस्कार-संस्कृति
नुनबिनाको तरकारीजस्तो अलुनो भैरहँदा पनि
कारखानाका मालिकको आदेशमा
चल्थे मेरा जिन्दगीका गोटीहरू निरन्तर
असहज परिस्थितिमा लुकामारी खेल्दै रमाएँ
म हराएको सूचना जारी गरेँ !

ए बा-आमा !
ए दिदी-बहिनीहरू !
ए दाजुभाइहरू !
ए मामा-माइजूहरू
ए काका-काकीहरू
ए आफन्तजनहरू
ए साथीसँगीहरू
म अझै विदेसमा हराइरहेको छु
मेरो देश नेपालले मलाई र मजस्ता सबैलाई
जहिले आवश्यक ठान्नेछ र खोज्नेछ
अवश्य म र हामी त्यतिबेला मात्र भेटिनेछौँ
बस् म अहिले हराइरहेको छु !
म हराएको सूचना जारी गर्दछु !

## गजल



● **दीपा घिमिरे**
टोक्यो, जापान

कसरी होला खै ! सुधार सोचिरहन्छु,
सुरक्षित हुने हतियार सोचिरहन्छु ।

आजभोलि देशतिर डरलाग्दा ती घट्ना,
मान्छे हुनुको सार सोचिरहन्छु ।

न्याय माग्दा जनतालाई गोली ठोक्छ सरकार,
सरकार कतिसम्म छ लाचार सोचिरहन्छु ।

एउटै व्यक्ति काफी छ देश बदल्न,
को होला त्यो अवतार सोचिरहन्छु ।

को कहाँ कसरी छ खै ! सुरक्षित,
के दिऊँ देशलाई उपहार सोचिरहन्छु ।

लघुकथा

# अनुगमन



● **गणेश श्रमण**
कविडाँडा, चितवन

नागरिक उड्यनमन्त्री अन्तर्राष्ट्रिय हवाइ अड्डामा अनुगमनका लागि आउने हल्ला अचानक बाहिरियो । विमानस्थल वरपरका कर्मचारीहरूको त्यो दिनको दौडधुप र व्यस्तता हेर्न लायक थियो । आकस्मिक छड्के चेकजाँच भए पनि सूचना कसरी बाहिरियो रहस्यमय रह्यो । पछि थाह भो, मन्त्रीजीको अनुगमनपछि त्यहीँबाट आन्तरिक उडानमार्फत् आफ्नो गृहजिल्ला पनि जाने रहेछन् । अनुगमनका लागि आउने भनिएको निर्धारित समयमा पनि मन्त्रीजी विमान अड्डा आएनन् । उनी जाने भनेको गृहजिल्लाको जहाज पनि उड्ने समय हनु थाल्यो तर मन्त्रीजी आएनन् । विमानस्थलका कर्मचारीले विमानलाई मन्त्रीजी आउने बेलासम्म भन्दै आधीघण्टा-आधीघण्टा गरी एकघण्टाजति रोकेर राखेँ तर मन्त्री आएनन् ।

करिब एकघण्टा ढिलो गरी जहाज उड्यो । त्यसपछि मन्त्रीजी आए । पछि अनुगमनका क्रममा कुनै भि.आइ.पी. व्यक्ति वा मन्त्रीका लागि भन्दै विमान एकघण्टाभन्दा बढी रोकेर अरू सर्वसाधरण यात्रीलाई अनाहकमा दुःख दिएको भेटिएकोले विमानस्थलका केही वरिष्ठ कर्मचारीहरूलाई मन्त्रीजीले कारवाही गरेको खबर बाहिर आयो ।

●

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।
इन्द्र बिन्ती गरून् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो ॥

# हार्दिक श्रद्धाञ्जली



जन्ममिति:
**१६ अक्टोबर १९७२**

स्वर्गारोहण:
**२८ डिसेम्बर २०१८**

## स्व. वेदप्रसाद पौडेल

**अनेसास जापान च्याप्टर**का **पूर्वअध्यक्ष**, अत्यन्त मिलनसार, सहयोगी मित्र **वेदप्रसाद पौडेल**को ४७ वर्षको अल्पायुमै भएको **असामयिक देहावसान**ले अनेसास परिवार स्तब्ध भएको छ । दु:खको यस घडीमा स्वर्गीय आत्माप्रति **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा **समवेदना** प्रकट गर्दछु ।

**दीप पाठक**
अध्यक्ष

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**
**International Nepali Literary Society (INLS)**
**जापान च्याप्टर**

# गजल



● पुरुषोत्तम सुवेदी
भर्जिनिया, अमेरिका

नबिझ्झाउने काँडा हुँ म छालाभित्र राखेर हेर,
प्यास मेटाउने माया हुँ म मुटुभित्र डाकेर हेर ।

तिमी विगत सम्झी-सम्झी रोएर आँसु सकाउँदा,
मन बुझाइदिने साथी हुँ म, आँखाभित्र साँचेर हेर ।

तिमी बेहोसिएर लडखडाइ-लडखडाई हिँड्दा,
आड दिने शरीर हुँ म अँगालोभित्र मस्काएर हेर ।

तिमी गर्मीले तातिएर प्यासिएर लोलाएको बेला,
पानी दिने दानी हुँ म मुखभित्र खुवाएर हेर ।

तिम्रो मन गगन चुम्न नसकी खिन्न भएको बेला,
सान्त्वना दिने जिब्रो हुँ म कानभित्र छुवाएर हेर ।

तिमी बाटो बिराएर हराएर छटपटाएको बेला,
बाटो देखाउने सहयात्री हुँ म हातभित्र मागेर हेर ।

तिमी प्रगतिले हस्की-हस्की शिखर चुमेको बेला,
अडाई राख्ने थाम हुँ म पुरुभित्र बोलाएर हेर ।

●



## हार्दिक श्रद्धाञ्जली

वरिष्ठ साहित्यकार **प्रा. मोहनराज शर्मा**को यही **२०७५ साल माघ १० गते**का दिन ८२ वर्षको आयुमा भएको **असामयिक निधन**ले हामीलाई दुःखी तुल्याएको छ । यस दुःखद् घडीमा उहाँप्रति **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

साहित्यिक त्रैमासिक
**अन्तर्दृष्टि**
परिवार

कविता

# तिमी



● विष्णुप्रसाद घिमिरे
नागोया, जापान

लालीगुराँस समेत लजाउँछ
तिम्रो रूप देख्दा
परीहरूले आँखा तर्छन्
तिमीलाई भेट्दा
पलाँसले सुगन्ध छाड्ला
तिम्रो बासनामा
लज्जावती जुर्मुराउला
तिम्रो नजरमा
वृद्ध पनि युवक हुन्छन्
तिम्लाई देखेपछि
योगीहरूले योग तोड्लान्
तिम्लाई भेटेपछि
सन्न्यासीलाई रहर जाग्ला
घरजम बसाउन
राधिकालाई छाडी कृष्ण
आउलान् फकाउन
प्रकृतिलाई मोह लाग्ला
आफ्नै सिर्जनामा
अर्को फेरि नबनाउलान्
यही मृत्युलोकमा ।

# गजल



● नीलकण्ठ सुवेदी
वासिङ्टन डि.सी., अमेरिका

कस्तो हुन्छ दुःख-पीडा पाएपछि थाहा हुन्छ,
गरिबको झुपडीमा आएपछि थाहा हुन्छ ।

जस्तोसुकै रोग लागोस् खट्नुपर्छ रात-दिन,
प्राण धान्न खोले, सिस्नु खाएपछि थाहा हुन्छ ।

चिसो भुइँमा सुकुलमाथि सुत्नुपर्छ सधैँभरि,
कानमा आई लामखुट्टेले गाएपछि थाहा हुन्छ ।

छैन कतै पाखोबारी खनी खोस्री खान पनि,
गिट्ठा खोज्न जङ्गलतिर धाएपछि थाहा हुन्छ ।

सुख कैल्यै पाएको होइन बास झनै दयनीय,
वनबाट स्याउला ल्याई छाएपछि थाहा हुन्छ ।

## गजल



● **विनोदप्रसाद धिमाल 'स्पन्दन विनोद'**
सचिव, अनेसास, पोर्चुगल च्याप्टर

भयो आँसु पानी, नदीका धरामा,
म हाँस्दै किनारा, पसे'थेँ उषामा ।

म आएँ नशामा, कसले पिलायो,
सबै भुल्छु प्यारी र सम्झन्छु आमा ।

भयो रूग्ण छाती, सुरक्षा सुसाई,
म झुक्दै नझुक्ने, झुकेँ यो शिखामा ।

मलाई बचायो, भयो दैव ढुङ्गा,
छुँदा मात्र माटो, कमल भो हिलामा ।

करूणा त जाग्यो, कहानी छ झुटो,
गजल्कार हुन्नन्, उदा'का नशामा ।

## गजल



● **बिन्दा लामा 'तृष्णा'**
दोहा, कतार

विषादीको सिसीभित्र अमृत फेला पऱ्यो,
सबै नाल बन्दुकका थकित फेला पऱ्यो ।

महलबाटै हराइएका मेरा मालिक पुत्र,
इलाकामा चरेस, गाँजासहित फेला पऱ्यो ।

न्याय खोज्दै-खोज्दै जाँदा न्यायधीशकै घरमा,
मैनाचरी पिञ्जरा वञ्चित फेला पऱ्यो ।

गणतन्त्र लेखिएको रातो झोलाभित्र,
निर्वस्त्र मातृभूमि मूर्छित फेला पऱ्यो ।

हिजो-अस्ति सिमानामा वैरी ढाल्ने 'तृष्णा',
आज देशकै कारागारमा दण्डित फेला पऱ्यो ।

कविता

# चर्खा जिन्दगीको



● रमेश लामिछाने
टोक्यो, जापान

जवानी आउँछ
निम्तो मान्छ र जान्छ
लक्का जवान बैंस ढालेर जान्छ
जीवनको चाँदनी एकदिन
डाँडामाथि पुग्छ र डुब्छ
मानिसको जीवन पनि
घाम डुबेजस्तै डुब्छ
जब बिहान हुन्छ
हामी हाम्रो यात्रामा निस्कन्छौँ
जब साँझ पर्छ
हाम्रो यात्रामा पूर्णविराम लाएर फर्कन्छौँ
हरियाली वसन्त पनि चुकेको हुन्छ
हाम्रो जीवनमा
कठ्याङग्रिँदो कठोर शिशिरको
आगमन नि हुन्छ हाम्रो जीवनमा
अकस्मात् ब्रेक लाग्छ
थाहै नपाई कहाँ गएर ठोकिन्छ,
यात्रा न हो हिंड्दै गर्दा कहाँनेर ठेस लाग्छ
र रोकिन्छ
नाटकको पात्रझैँ पर्दामा देखिनु
र हराउनुपर्दो रहेछ
नचाहँदा नचाहँदै पनि यात्रालाई
समाप्त गर्नुपर्दो रहेछ
समयले यात्रामा कति
जुटाउँछ त कति छुटाउँछ
मिलनमा खुसी र विछोडमा
पीडाको अनुभूति दिलाउँछ
आँसु र दुःखले कहिल्यै छेक्दैन
हाम्रो यात्रालाई
हाँसो र मायाले पनि पर्खदैन
हाम्रो यात्रालाई
यसैगरी चलिरहन्छ घुमिरहन्छ
चर्खा जिन्दगीको
थाहा नै नपाई अन्त्य हुन्छ
हाम्रो जिन्दगीको ।

●

संस्मरण

# आहा पैसा ! थुइक्क पैसा !



● **रश्मि भट्ट**
न्युयोर्क, अमेरिका

रहरले, भाग्यले, बाध्यताले, केले हो कुन्नि ! यो पश्चिमी गोलार्द्धमा अहिलेको मेरो बसाइँ, म आफै अन्योलमा छु सधैँ । अब गृहिणीभन्दा माथि उठेर मैले कमाइ नगरी सुखै छैन । चामल पकाउन जान्नुभन्दा चामल कमाउनु ठूलो कुरा हो । घरभरि खानेकुरा भएपछि त साह्रो-गिलो, खिर, पुलाउ, खिचडी जे-जे पकाएर खाए पनि त भयो । ज्यादा सुविधाजनक र विलासिताका वस्तु नभए पनि गाँस, बास र कपास त जसरी पनि जुटाउनै पर्‍यो । आफ्नो सुखदुःख, धेरै वा थोरै जे थियो, त्यो छोडेर आइहालियो । परदेश आउने सबैले छोडेर नै आएका छन् । सौखले दिन बिताऊँ भने त पार्कहरू घुमेर, केही पनि नकिनिकन आज एक, भोलि अर्को गर्दै सपिङ मलहरू चहारेर या त घण्टौँ लाइब्रेरीमा बसेर पनि बित्दो हो । मलाई त पैसाकै लागि, बाँच्नकै लागि काम नगरी हुँदै भएको छैन । दिन व्यर्थ खेर फाल्नु पनि भएन । एउटाको कमाइले जेनतेन भाडा तिरे पनि अर्कोले खाने र यताउता गर्ने पैसा नल्याई हुँदैहुदैन । सुविधाका नाममा अरूले तोकेको खाएर हिनामिना हुनुभन्दा, अति नै दीनदुःखी र अशक्तजस्तो बन्नुभन्दा, पाखुरी बजारेर कमाएरै खानुपर्छ । घरायसी काम त सबैको छँदै छ, यसलाई मात्र काम मानेर बसिरहँदैनन् यहाँका नारीहरू । संसारकै नारीहरू अब यस कुरामा सचेत छन् । बरु पुरुषहरू किनमेल, लन्ड्री, बच्चाबच्चीको हेरचाहजस्ता घरायसी काममा राम्रै सहयोग गरिरहेका भेटिन्छन् । वरिपरिका समुदाय र घरपरिवारलाई हेर्दा खाना घरमा पाक्छ जस्तो लाग्दै लाग्दैन । त्यसैले होला, थुप्रै साना-ठूला रेस्टुरेन्टहरूले चौबीसै घण्टा काम पाएका छन् । मान्छेहरू चार/पाँच बजे नै उठेर आँखा मिच्दै कफी, जुस, सोडा जे-जे मन लाग्छ, लिँदै बस-ट्रेन जतातत‌ै खाँदै हिँड्छन् । धुवाँधुलोले पिरोल्ला भन्नु छैन । यसैगरी दौडनु छ मैले अब काम पाएपछि । काम

गरेपछि दिन पनि सजिलै बित्छ, पैसा पनि मिल्छ, त्यो पनि हरिया डलर । आहा पैसा ! आहा पैसा !

कामको खोजीमा पहिलोपल्ट रेस्टुरेन्टमा पुग्छु । सानो भए पनि अमेरिकालगायत विश्वको धेरै ठाउँहरूमा नाम चलेको रेस्टुरेन्टमा काम गर्न पाउँदा गर्व लाग्छ । अब सुरु भयो, मेरो दिनचर्या । बिहान दिनहुँ पाँच बजे उठेर, छ बजे पुग्नैपर्ने, आउने टाइमचाहिँ एक, दुई, तीन, चार, पाँच, छ मनपरी, कैल्यै ठेगान नहुने । एक घण्टा ब्रेक कटाएर सालाखाला दिनको आठ घण्टा काम गर्दा त सधैँ छ बजे गएर तीन बजे घर आउनुपर्ने म । नजिक भएकाले चार बजे घर आएर सबै घरायसी काम पनि सजिलै सकिने तर यही कैल्यै नपाइने रहेछ यहाँ । काम न काजका थाङ्ने म्यानेजरको मनपरीमा चल्ने रहेछ सबै रेस्टुरेन्टहरू । तिनीहरूको धाक र रवाफ बानी, व्योहोरा र फूर्तिफार्तीको के कुरा ? हाम्रो देशका सांसद, मन्त्रीभन्दा पनि ठूला ! चालीस घण्टा कामका लागि कहिले दस घण्टा गर्नुपर्ने, कहिले दुई घण्टामा फर्केर आउनुपर्ने । कानुनको देश रे ! संसारकै प्रजातन्त्रपूर्ण देश रे ! यहाँ कहीँ देखिनँ मैले प्रजातन्त्र र कानुन । कोही आवाजसम्म पनि नउठाउने । आफूलाई पनि जसरी भए पनि चाहिएको छ पैसा । नेपालमा पनि समय-समयमा जागिर गरेर धेरै नभए पनि आफ्नो खर्च जुटाएकै हो । सानो-ठूलो जस्तो भए पनि काम नभए लज्जाबोध हुने यस्तो देशमा कसरी खाली बस्न सक्छु म ? लाजै पचाएर बस्न आर्जन गर्नुपर्‍यो । फेरि आफ्नोजस्तो अरूको कमाइ कहाँ हुन्छ ? सधैँ अरूको भरमा बाँच्ने हो भने नपढेकै जाती । पढ्दैमा धन कमाइहालिने पनि होइन रहेछ । पढ्दै नपढेका कति-कति दिदीबहिनीले अनेक गरेर बरु हामीभन्दा धन कमाएका छन् । हामीलाई झन् यता न उता । पढेको मान्छेले कलम घुमाएर खानुपर्छ, नपढेकै बराबर काम गर्नलाई केको दिमाग दुखाउनु । हैन, हैन यहाँ आएपछि त नपढेसरह नै हो नि ! हेर्दाहेर्दा कामको पन्ध्रदिन पनि पुग्यो । चेक थमाइएको छ हातमा । हतार-हतार साटेर हेर्छु । हरिया सय-सयका चारसय डलर, आहा पैसा ! नेपालमा भए लगभग पचासहजार तर बाँच्नु छ यहाँ । मेरो विशुद्ध पसिनाको पहिलो कमाइ, त्यो पनि विदेशमा ! आहा पैसा ! आहा पैसा ! आहा हरिया डलर !

एक डलर यताउता नगरी आवश्यकीय वस्तु मात्रै किन्न पनि अपुग । हात रित्तै एकैछिनमा । फेरि भोलि सखारै काममा जानै छ, दिनभरि हलो जोतेको

किसानको भन्दा, भरियाको भन्दा पनि चौपट्ट दुखेको छ शरीर, चल्नै सक्दैन । काम नगरी खाएको जिउ पनि होइन, पहाडको डाँडाँकाँडा नचढेको पनि होइन । यस्तै त कैल्यै भएन । नजानिँदो कम पैसामा कामको चर्को शोषण, फेरि न चाहेजति सजिलो, न न्यायसङ्गत ! थुइक्क पैसा ! यो पनि कुनै पैसा हो ? पैसा त त्यो हो, जहाँ सक्दो पसिना चुहाइसकेपछि राम्रोसँग जीविका गरी दुईपैसा हातमा रहोस्, दुःखमा गर्जो टरोस्, त्यो पो पैसा । चार डलर बढी पाइन्छ भनी माया मारेर दुई/तीन घण्टा टाढा जान पनि सक्दिनँ, फेरि सापोनापो र दादागिरी उस्तै हो, जहाँ पनि । आएको एक वर्षपछि पाएको जागिर, सुरु-सुरुमा त कति कष्ट भयो । क-कसले, के-के दुःख दिए ? के पत्तो ? समयमा कैल्यै खाना-खाजा छैन । दिन, हप्ता, महिना, वर्ष बित्दै जाँदा अति नै नराम्रोसँग जिउ धेरै गलेको छ, अनेकौँ रोगले आक्रमण गरेको छ । सुन्दै नसुनेका, देख्दै नदेखेका रोगहरूले पनि नराम्ररी आक्रमण गर्लान् भन्ने डर छ । हुने/नहुने, गर्नुपर्ने/नपर्ने जे काम पनि लगाएका छन् । आफूलाई भनेजस्तो नभए एउटै कामलाई दसफेर गर्न लगाएका छन् । दसघण्टा पनि राखेका छन्, दुई घण्टामा पनि निकालेका छन् । फेरि उनीहरूलाई पर्दा जतिसुकै र जतिबेला पनि बोलाएका छन् । आफूलाई पर्दा छुट्टीसम्म दिएका छैनन् कुनै दिन । मुटुमाथि ढुङ्गा राखी 'हवस् हजूर' भन्दै कयौँपटक स्वाभिमान गुमाएर काम गर्नुपरेको छ । के यसलाई आहा पैसा ! भनौँ ? साँच्चै थुइक्क ! हो यस्तो पैसा त । थुइक्क ! भनौँ भने त्यही नभई रोजीरोटी नै चल्दैन । के भनौँ, के गरौँ ? निम्नवर्गहरूलाई संसारभरि नै न्याय छैन अनि हाम्रो देशको के कुरा ? परदेशमा हाम्रो स्थान भनेको जो-जसले जति फूर्ति गरे पनि धेरै भन्दा धेरैको अवस्था यही हो । आफ्नो देशमा यस्तै पसिना चुहाएर भए पनि खान पाउने अवसर सिर्जना होस् सबैलाई । रोजीरोटीकै निमित्त विदेशी भूमिमा होमिन नपरोस् कहिल्यै ।

निरन्तर चले यी प्रकिया तीन वर्षसम्म । न्याय खोज्दा गर्दै नगरेको, भन्दै नभनेको झुटा आरोप लगाएर त्यो पनि राजीखुसी आफैले छोडेको भन्ने कागज गराएर जागिरबाटै हात धुन लगाइयो । थुइक्क-थुइक्क ! तेरा पैसा, तेरा जागिर, तेरा हरिया डलर, तेरो कानुनको देश, बेस्सरी गिल्ली गरेर धज्जी उडाउन मन लाग्छ । खाएको थालमा नथुक्नु, नुनको सोझो गर्नु भन्ने थाहा छ तर यस्तो अमानवीयताको म कसरी गुणगान गरूँ ? फेरि उही चक्कर, घनचक्कर, काम

खोज्दा-खोज्दा एउटा राम्रै परिवारमा पुग्छु । हाउस किपर, बेबीसिटर, न्यानी जे भने पनि नेपालीमा बुझ्दा र व्यवहारमा यो पनि एउटा घरेलु नोकर-नोकर्नीभन्दा केही कत्ति फरक होइन तैपनि काम गर्नुपर्छ । बिनाकाम कसले ला-ला भन्दै पैसा दिन्छ ? सानो-ठूलो केही सोच्नु हुँदैन । हप्तैपिच्छे सिधै हरिया डलर हातमा पाउनासाथ सिधै खर्च गर्न सकिने । मन लोभिन्छ, फेरि आहा पैसा ! आहा हरिया डलर ! आहा पैसा ! काम फेरिएर होला, थोरै भए पनि उत्साह छ, जाँगर छ । दुई/तीन महिनामा बढाउने सर्तमा थोरैमै काम गरिरहन्छु सकेजति धेरै र राम्रो पनि । चार, पाँच, छ महिना बित्छ पैसा बढाउने त कुरै गर्दैनन् । म राम्ररी भन्छु - मलाई राज्य सरकारले तोकेको न्यूनतम ज्याला देऊ, दिनको मेरो दस घण्टा कामको दरले । हो, सात-आठसय पैसा हप्ताको, खास पाउनुपर्ने पाए त आहा नै हुन्थ्यो नि ! साँच्चै भन्न हुन्थ्यो आहा पैसा ! आहा हरिया डलर ! थोरै बचत गरेर मन नलागे तुरुन्तै देश फर्कन हुन्थ्यो । रित्तै हात फर्कँदा देशको सरकारले पनि सित्तै पाल्दिने होइन, तँ परदेशमा ठक्कर खाएरै भए पनि देश सम्झेर आइस् भन्दै स्वागत गरेर काम गरी खान दिने होइन । यस्तै-यस्तै कारणले सबैको भासिँदोरहेछ परदेशमा जीवन । सामान्यतः चार वा पाँचजनाको परिवारमा घरभाडा र सबै-सबै खर्च जोड्दा कम्तीमा पाँच/छवटा हजार नकमाए बाँच्नै मुस्किल हुने रै'छ । महिनाभरिको कमाइ दुईहजार, दसहजारको दुःख, अपमान, त्रास, घृणा आदि-आदि । जति रोए, कराए नि पैसा बढाउने त कुरै छैन । वर्ष बित्यो, बितिरहेको छ । यस्तै गरी-गरी सारा जिन्दगी नै बित्न पनि त सक्छ । न्याय खोजे उही हो रुटिन, फेरि कामकै घनचक्कर । थुइक्क पैसा ! आहा पैसा ! जतिसुकै विश्व थर्काउन खोजे पनि तल्लो स्तरमा कुनै कानुन, हक-हित र सुनुवाइ छैन अमेरिकामा । सत्य, यथार्थ यही हो, प्रजातन्त्रभित्रको निरङ्कुश तन्त्र हो यो । अझ पन्ध्रदिन एक, दुई ,तीन महिना गर्दै छोडेका कामको र तिनका अमानवीय व्यवहारको कुरा त वर्णन गरी साध्य नै छैन ।

संसारमा जतिसुकै मै हुँ भन्ने देशमा पनि तल्लोस्तरमा कुनै सुनुवाइ र पहुँच छँदै छैन । अब यो उमेरमा कहिले पढेर सरकारी जागिर गर्ने ? पढ्नलाई खास उमेर त हुँदैन तर कुनै पनि डिग्री लिन कम्तीमा तीस-चालीस हजार चाहियो । कहिले र कहाँबाट ल्याउने ? पीडै-पीडा जिन्दगी । पढेर मात्र कहाँ भयो र ! योग्य भएर भिड्नुपर्‍यो, नत्र सिधै नट इलिजिबल भन्दे भइहाल्यो । तँ

बूढी/बूढो नखारिएकलाई काम छैन भनेर मुखले किन भन्नुपर्‍यो । ईश्वर पनि धन्नकै रहेछन् । नेपाली भाषा, कला, संस्कृति र साहित्यमा हृदयको भित्री कुनादेखि नै रुचि र लगाव भएको, त्यही विषयमा डिग्री गरेको, प्राइभेट भए पनि पन्ध्रवर्ष नेपाली नै अध्यापन गराएकी मलाई 'जा अमेरिका, गरी खा या मरी खा' भनेर पठाउँछ । पैसा कमाउनकै लागि परदेश आउने हो, म भने खास उद्देश्यबिना नै निकटस्थहरूको नजिक बस्ने चाहनामा फँस्दै गइरहेको छु आज, भोलि र पर्सि गर्दै । सबैको मेरोजस्तो नहोला तर अधिकांशको अवस्था यही हो । पैसा आहा ! र पैसा थुइक्क ! भन्दै दिन कटाउने हो । विश्वमा अरूको धर्ती, चालचलन र रहनसहन देखियो । विकास र सभ्यताको अतुलनीय, अमापनीय चुचुरो देखियो । बस् ! यही हो । साना-तिना भए नि सरकरले तोकेअनुसार पैसा पाउने हो भने त्यति नराम्रो होइन, यो देशमा वैधानिक रूपमा बस्नेहरूलाई चाहिँ । बिनाकागजात बस्नेहरूको कथा, व्यथा त कति-कति ! आधाको आधा पैसा, कामै छैन, भइहाल्यो भने पनि अन्याय कति-कति ! वास्तवमा यति अन्यायपूर्वक पाएको पैसालाई के पैसा भन्ने ! नगरे रोजीरोटी नै ठप्प, गरेर पनि पशुको जस्तै जेनतेन खान मात्रै, हात लाग्यो शून्य । आफ्नो देश, भेष, सबै-सबै छोडेर यति धेरै पसिना र समय बिताइसकेपछि त थोरै बचत पनि होस् । सके दीनदुःखीको हितमा लगाउन सकियोस्, नभए पनि बुढेसकालमा कसैसँग हात थापेर खान नपरोस् । त्यो पो धन, त्यो पो जीवन, त्यो पो पैसा, आहा पैसा ! आहा धन ! अन्याय सहेर पाउनुभन्दा धेरै कम पाएको पैसा पनि के पैसा ? यसलाई त थुइक्क पैसा ! थुइक्क जीवन ! भन्न मन लाग्छ । थुइक्क पैसा ! फेरि धन, द्रव्य, लक्ष्मीमातालाई नै थुइक्क गरेर जीवन कसरी निर्वाह गरौँ । जति नै आदर्श छाँटे पनि पैसा बिना जीवन असम्भव छ । पैसा कमाउने ठाउँमा यति धेरै दुःख र अमानवीयता छ । अन्याय छ । तसर्थ अमेरिका, अमेरिका भनेर जसले, जति नै मरिहत्ते गरे पनि, जति लहर र भीडहरू यतातिर बढे पनि उमेरमै आएर पढेर उचित स्तरमा नपुगेसम्म केही नहुने रहेछ भन्ने निश्चित ठहर गरे है, मैले मेरा आफ्नै जीवनका भोगाइहरूबाट आहा पैसा ! थुइक्क पैसा ! जस्ता दिनचर्याहरूबाट ।

●

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।
इन्द्र बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो ॥

# हार्दिक श्रद्धाञ्जली

जन्ममिति:
**१६ अक्टोबर १९७२**



स्वर्गारोहण:
**२८ डिसेम्बर २०१८**

## स्व. वेदप्रसाद पौडेल

**अनेसास जापान च्याप्टर**का **पूर्वअध्यक्ष**, अत्यन्त मिलनसार, सहयोगी मित्र **वेदप्रसाद पौडेल**को ४७ वर्षको अल्पायुमै भएको **असामयिक देहावसान**ले अनेसास परिवार स्तब्ध भएको छ । दु:खको यस घडीमा स्वर्गीय आत्माप्रति **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा **समवेदना** प्रकट गर्दछु ।

**राधेश्याम लेकाली**
अध्यक्ष

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**
**International Nepali Literary Society (INLS)**
**केन्द्रीय कार्य समिति**

## गजल



● **विष्णुमाया 'विभु'**
ओस्लो, नर्वे

कर्म गर्नुपर्छ साथी सबथोक भाग्यमा लेखिँदैन,
पसिनाका ताता दाना शनीले छेकी छेकिँदैन ।

हाँस्नेका नि दुःख हुन्छन् बाहिर हाँस्छन् भित्र रुन्छन्,
निधारमा कसैको लेखिँदैन हेरेर दुःख देखिँदैन ।

धैर्य, लगन, परिश्रमले बनाउँछ है सफल,
त्यति सजिलै हिमालको चुचुरोमा टेकिँदैन ।

बसी-बसी खान पुगोस् सधैँ खुसी मिलिरहोस्,
त्यस्तो सहर त्यस्तो गाउँ संसारमा कतै भेटिँदैन ।

## गजल



● **कल्पना सुवेदी**
भर्जिनिया, अमेरिका

एकचिम्टी तिम्रो नामको सिन्दूर किन्न मन लाग्यो,
कहिल्यै नसिध्दिने मीठो प्रहर किन्न मन लाग्यो ।

आफ्नै कलेटी परेका ओठ र फुटेका गाला लिप्न,
आमाको सन्दुकबाट पाउडर किन्न मन लाग्यो ।

दिलको या ड्रेसमा जिपिएसले डिटेक्ट गरेन,
मायाका ती याद बटुल्न सर्भर किन्न मन लाग्यो ।

मायालुले दिएका घाउ अझै आला छन् शरीरमा,
हुँदैन खत बस्न गोड्ने औजार किन्न मन लाग्यो ।

बाँचुञ्जेल तेरो/मेरो उपहासको खित्का जिन्दगी,
मरेपछि नै सिध्द हुन अबिर किन्न मन लाग्यो ।

तिमीले फेरेको सासमा प्रेमको भाइरस पाएँ,
इन्स्टल गर्न दिलमा सफ्टवेर किन्न मन लाग्यो ।

कविता

# समयको विद्रोह



● **रूप रसाइली विश्वकर्मा**
दोहा, कतार

किन भत्किनु पर्थ्यो र हरियो पहाड
किन बगाउनु पर्थ्यो र नदीले गाउँबस्ती
किन भुइँभरि सुकाउनु पर्थ्यो र आरूका गेडाहरू असिनाले
किन उडाउनु पर्थ्यो र टहराहरूको खर आँधीले
प्रश्नहरू प्रश्नकै काँधमा चढेर प्रश्न सोधिरहेछन्
अर्थात्,
तिमीलाई खुद प्रकृतिले सिकाउँदै छिन्
समयसँगै विद्रोह गर्न ।

पहिरो लगाएर लछारेपछि
कमजोर ढिस्काहरूलाई भत्काएपछि
र समुद्रलाई तताएर हिउँ बनाएपछि मात्रै
प्रकृतिले दिएको एक सुन्दर उपहार हो सगरमाथा !

भित्र-भित्रै लुकेर नबग्दी हुन् त,
अरूभन्दा फरक कहाँ देखिन्थिन् सेती !
किन त्रसित छन् पोखरेलीहरू सेतीको विद्रोहमा ?

विध्वंस मच्चाउन माहिर छन् हावा, पानी र माटो
र, त यिनै चिजहरू लोकप्रिय छन् जगत्मा ।
केही चिज आपसमा मिलेर घुमेपछि
निस्किने तत्त्वले शक्ति निर्माण गर्नसक्छ भने
ती के-के हुनसक्छन् ?
फन-फन घुमिरहँदा कुन कुराबाट आवाज निस्किन्न र !
हाम्रो शरीरभित्र एक चक्कर लगाउने श्वासको आवाज कत्रो छ ?

म चालमा परिवर्तन देख्छु,
हामीभित्रको विचारको मन्थनले
शक्तिको आभास किन नगराओस्
तर,
तिमीले विचारको स्तम्भ उभ्याएर
चलिरहेको मेरो धड्कनलाई टक्क रोक्न नखोज
किनकि,
एकदिन स्वतः रोकिनेछ हिँड्दा-हिँड्दै चल्दा-चल्दै ।

●

कविता

# थाहा छ जमाना



● **सबी श्रेष्ठ**
सचिव, अनेसास, पोर्चुगल च्याप्टर

थाहा छ जमाना
विज्ञापनको हो
र थाहा यो पनि छ
यहाँ नबोल्नेको
चामल बिक्दैन ।
तर थाहा यो थिएन
अचेल विज्ञापन
अनुभूति र आभासहरूको हुन्छ
मान्छे र मानवताहरूको हुन्छ
सायद मुटुको सम्बन्ध
अब मुनाफासँग छ
मनको मतलबसँग होइन
जो सधैँ रातो रङ्गीन हुन्छ
खोक्रो बाहिरी जलप हुन्छ
उसैले बजार पाउँछ चर्को भाउमा
मुटु बिफाउँदा आँखा हाँस्ने
गल्लीहरूमा ..... ।

●

# मुक्तकहरू



● प्रकाश नेपाल
वासिङ्टन डी.सी., अमेरिका

१

जल्नुपर्ने त चुल्हो थियो - जल्दै जलेन
चल्नुपर्ने त कुलो थियो - चल्दै चलेन
गणतन्त्र आयो भन्छन - के-के आयो के-के
ढल्नुपर्ने त श्रीपेच थियो - ढल्दै ढलेन।

२

म आजकल अभावसित अभाव साट्ने गरेको छु
सिटामोलरहित जिन्दगी काट्ने गरेको छु
पीर नगर्नू सरकार म ठीकठाक छु - कर्णालीका पखेराहरूमा
किने हुन्छ गाडी - किने हुन्छ दरबार
म अखबारहरूमा हरेक दिन - तिम्रै समृद्धि चाट्ने गरेको छु।

३

सुनें - तिमीमा एउटा ठूलो रहर आयो
गाडी किन्दै छौ भन्ने खबर आयो
पीर नमान्नू माग्छु भीख सडक-सडकमा
बल्ल त देश विकासको लहर आयो।

४

धेरैकुरा जितेर पनि आज हारेको छु
आफ्ना भन्नेहरूसित बोली बारेको छु
पैसामा सञ्चो-बिसञ्चो सोध्नेहरू बढेसँगै
डेरा पनि अन्तै सारेको छु।

●

## लेख-रचनाका लागि अनुरोध ...

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) केन्द्रीय कार्य समितिको मुखपत्र अन्तर्दृष्टिको निम्ति आफ्ना मौलिक लेख-रचनाहरू पठाउनका निम्ति सम्पूर्ण स्रष्टाहरूमा हार्दिक अनुरोध गर्दछौं।

रचना पठाउने इमेल : antardristi.inls@yahoo.com

**दीप पाठक**
तथा
**अन्तर्दृष्टि प्रकाशन समिति परिवार**

कविता

# कविताको नायकलाई सम्बोधन



● रेगिस्तानी कवि तीर्थ सङ्गम राई
पूर्व अध्यक्ष, अनेसास, कतार च्याप्टर

पसिनाको रङ
सपनाको रङ
र, जीवनको रङ
उस्तैउस्तै हुन्  मेरा लागि ।

यो अरबियन सागरको पानी
मेरो पसिना र सपनाको रङ
सानी छोरीको आँखाको कोर्निया
आमाको आशीर्वाद र सङ्गिनीको प्रेम
सबैसबै गहिरो/नीलो लाग्छ मलाई ।

स्काफफोल्डिङको हरेक उक्लाई
छोरीको शैक्षिक प्रगति
स्टिलफिक्चरको कलात्मक बुनाई
सङ्गिनीको शिरबन्दी र चन्द्रहार
पाइपलाइनको कलात्मक वेल्डिङ
मेरी आमाले हरेक साँझ बिहान
देख्ने गरेको एउटा अद्भुत सपना ।

अजानको पहिलो धूनसँगै बज्छ आलाराम
पसिनाको प्रत्येक थोपासँगै खस्छ सुखको जून
त्यही जूनको आभाले पोतिन्छ मेरो जिन्दगी
यसरी -
यो दुःखको कारखानामा हरेक दिन
फुलाइरहेको छु बेमौसमी फूलहरू
यी फूलहरू बिहान बेलुका मेरो घरको
गमलाभरि हाँसिरहेका हुनेछन् ।

ए कवि !
तिमीले मेरो दुःखको उन्यू फूल लेख्यौ
खाडीको सहर/मजराभरि सिउँडी देख्यौ
तर देखेनौ उन्यूको फरक सुन्दरता
सिउँडीको अचूक आयुर्वेदिक महत्त्व ।

तिमीले मेरी सङ्गिनीको निरस मुहार
छोरीको एकजोर उत्सुक आँखा
र, आमाको क्षयरोगको औषधि देख्यौ
तर देखेनौ सिउँदोको बेजोड मुस्कान
स्कुल जाने छोरीको सघन बाटो
खोक्दै गरेकी आमाको स्वाभिमान ।

ए कवि  !

तिमीले खाडी जाने श्रमिकहरूको
हरियो पासपोर्ट र थोत्रा झोला हेर्‍यौ
तर -
त्यो पासपोर्टमा अङ्कित राष्ट्रिय निशानी
झोलाभित्र पट्याएर राखेको देशको नक्सा
राजश्व तिरेको भर्पाइ र आफूलाई बेचेको
सक्कली प्रमाण-पत्र केही हेरेनौ ।

कुनै कवि गोष्ठीहरूमा लय मिलाएर
मेरो आँसुको सारङ्गी बजायौ
मखमली बाकसमा हरेक दिन आउने
निर्जीव श्रमिकहरूको बियोगान्त गीत गायौ
अफसोच -
तिमीले कहिले सम्मान गर्न सकेनौ
श्रमका देवताहरूलाई
झोलाभरि बोकेर ल्याएको देशको समृद्धि
परिवर्तनको नयाँ आयाम
र, परिवारको करोडौँ खुसीहरूलाई ।

ए कवि !
म खाडी छिरेपछि
लेखिरहेको छौ मेरो कविता
तिमी आफै खाडी हिँडेको दिन
के ? तिमी लेख्न सक्छौ आफ्नो कविता ?

●

मुक्तक

# मुक्तक




● **वाई.बी. गुरुङ**
अध्यक्ष, अनेसास, पोर्चुगल च्याप्टर


झुत्रे बनाई फाले पुर्खाहरूको स्वाभिमानी पगरी
आफ्नै स्वार्थमा मात्र लिप्त भए नेता र कर्मचारी
लिलाम भयो स्वाभिमान, नैतिकता र इमान्दारिता
व्याप्त भए मुलुकभरि भ्रष्टाचारी र बलात्कारी ।

●

समीक्षा

# गीता खत्रीको 'अन्त्यहीन इच्छा' माथि एक दृष्टि



● **प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल**
काठमाडौँ, नेपाल

विगत लामो समयदेखि अमेरिकाको न्युयोर्क सहरलाई आनो कार्यथलो बनाई बसोबास गर्ने गीता खत्रीले अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका च्याप्टरदेखि केन्द्रसम्मका विभिन्न पदहरूमा रहेर त्यहाका नेपालीहरूका बीचमा छुट्टै पहिचान बनाएकी छन् । अनेसास न्युयोर्क च्याप्टरको अध्यक्ष (सन् २००५-२००९), अनेसास केन्द्रीय कार्य समितिको महासचिव (सन् २०१०-२०१२) हुँदै अनेसासको केन्द्रीय अध्यक्ष (सन् २०१२-२०१४) समेत भइसकेकी खत्री हाल बिओटीको उपाध्यक्षका रूपमा कार्यरत छन् । मूलत: अनेसासका माध्यमबाट सामाजिक र साहित्यिक व्यक्तित्व निर्माण गरेकी गीता खत्रीको संलग्नता अरू विभिन्न सङ्घसंस्थासँग पनि रहेको देखिन्छ । आफ्नो सक्रियतामा विभिन्न ठाउका अनेक व्यक्तिहरूलाई सम्मानित र पुरस्कृत गरेकी गीता खत्री आफू पनि अनेक ठाउमा सम्मानित र पुरस्कृत भएकी छन् ।

विगत दशकदेखि नेपाली साहित्यका विभिन्न विधाका कृति रचनामा सक्रिय रहेकी गीता खत्रीका हालसम्म **सिर्जना यात्रामा गीता** (२०६१, कवितासङ्ग्रह), **सम्झनाको तरेली** (सन् २०१०, गीत), **सपनाको धरहरा** (२०६८, कवितासङ्ग्रह) **आमा हुन् आमा** (२०७१, काव्य), **झोखाङदेखि मजाटलानसम्म** (२०७१, नियात्रा) जस्ता कृतिहरू प्रकाशित भइसकेका छन् । यिनको **अन्त्यहीन इच्छा** पुस्तकाकार कृतिका रूपमा छैटौँ तथा कथा कृतिका रूपमा पहिलो कथासङ्ग्रह हो ।

गीता खत्रीको **अन्त्यहीन इच्छा** शीर्षक कथासङ्ग्रह विविध विषयवस्तुमा आधारित सत्रवटा कथाहरूको सँगालो हो । *अन्त्यहीन इच्छा* शीर्षक कथाबाट सुरु गरी *अन्तिम बिदाइ* शीर्षक कथाबाट अन्त्य गरिएको यस कथासङ्ग्रहमा सङ्गृहीत केही कथा यसपूर्व विभिन्न अनलाइनहरूमा प्रकाशित भएको देखिए पनि धेरैजसो

कथाहरू सर्वप्रथम यसै सङ्ग्रहमा सङ्कलित भएका हुन् । यसमा सङ्कलित गीता खत्रीका कथाको विषयवस्तुमा विविधता पाइए पनि सबैजसो कथाहरू एक्कासि प्रारम्भ भई विस्तार हुँदै समापन गरिएका छन् । कतिपय कथाको समापनमा पाठकको कुतूहलता बाँकी रहन्छ भने कतिपयमा समाप्त हुन्छ । कथानकलाई उति विस्तार नगरी कथाको ढाँचा प्रदान गरिएका यिनका सबैजसो कथाको कथानक गुजुल्टिएको नभई एकल विषयवस्तुमा आधारित देखिन्छ ।

गीता खत्रीको यस सङ्ग्रहमा सङ्कलित कथाको विषयवस्तु जन्मभूमि र कर्मभूमि दुवैतर्फ विस्तारित छ । यिनका विभिन्न कथामा मानवीय प्रेमप्रणयको प्रस्तुति पाइन्छ । *प्रेम दिवस, कहिल्यै नबिर्सने स्पर्श, आत्मीय प्रेम, अन्तिम बिदाइ, मीठो मुस्कान* मानवीय प्रेमप्रणयमा आधारित कथा हुन् । यिनका कथामा प्रस्तुत मानवीय प्रेमप्रणय र यौनजन्य क्रियाकलाप विशेषतः भावुकतामा आधारित देखिन्छ ।

*बाबुको मुख हेर्ने* जस्ता कतिपय कथामा ग्रामीण र सहरिया परिवेशको चित्रण गर्दै विदेश जान पाउँदा खुसी हुने नेपाली मानसिकताको वर्णनका साथ विदेशमा ज्ञान आर्जन गरेर स्वदेश फर्किएको प्रसङ्गबाट राष्ट्रप्रेमको सुन्दर नमुना प्रस्तुत गरिएको छ । विदेशमा बस्ने *नेपालीहरूको आधा मन नेपाल, नेपाली परम्परा, संस्कृति र धर्मतिर छ भने आधा मन अमेरिकी समाज, वातावरण र ऐश्वर्यतिर छ* भन्दै आप्रवासीय भावनाको स्वाभाविक प्रस्तुति *यस्तो पनि विवाह* कथामा पाइन्छ । *सपनामा बर्बराइरहने छोरी* कथामा बालसुलभ क्रियाकलापका माध्यमबाट आप्रवासी चेतना र राष्ट्रप्रेमको अभिव्यक्ति गरिएको छ ।

पूर्वेली र पश्चिमेली सामाजिक परम्परा र संस्कृतिको चित्रण गर्दै समलिङ्गी विवाहलाई पूर्वेली समाजमा उपयुक्त नठानिए पनि पश्चिमेली समाजमा सामान्य रहेको वर्णन *यस्तो पनि विवाह* कथामा गरिएको छ । *विजय* जस्ता केही कथामा विवाह र सम्बन्धविच्छेदका सन्दर्भ केलाउँदै नेपाली र विदेशी संस्कारगत भिन्नताले पनि त्यसमा प्रभाव पारेको देखाइएको छ । *मोतीको माला* जस्ता केही कथामा प्राकृतिक सौन्दर्यको चित्रणका साथ विदेशी सहभागीका माध्यमबाट नेपाली संस्कृतिको प्रशंसा गराउँदै विदेशीहरूले नेपालीप्रति देखाएको सद्भावलाई प्रस्तुत गरिएको छ ।

गीता खत्रीका कथामा कतिपय घटनाहरू संयोगवश घटित भएका छन् । यिनले आध्यात्मिकता र भौतिकताको मिलन पनि संयोगवश नै भएको देखाएकी छन् । यसको उदाहरणका रूपमा *संयोग* शीर्षक कथालाई लिन सकिन्छ । यसमा

भाग्यवादी दृष्टिकोण र भौतिकवादी दृष्टिकोणको सम्मिलन देखाइएको छ । *पुनर्जन्म* कथा स्वैरकल्पनात्मक पाराले पूर्वजन्मको स्मृतिमा आधारित कथा हो भने *रातो कोट* चरम भावुकतामा आधारित कथा हो ।

गीता खत्रीका कथामा पुरुषको व्यभिचारी क्रियाकलाप मात्र होइन नारीका व्यभिचारी गतिविधिको पनि चित्रण पाइन्छ । *नारी शोषण* शीर्षक कथामा यौनतुष्टिका लागि भालेले पोथीप्रति गरेको व्यवहार चित्रण गर्दै परेवाको जोडीका माध्यमबाट नेपाली र विदेशी समाजका बीचमा रहेको यौनजन्य क्रियाकलापको भिन्नता र पुरुषको व्यभिचारीपनलाई आक्रोशपूर्ण ढङ्गमा प्रस्तुत गरिएको छ । *उपहार* शीर्षक कथामा पुरुष आदर्शवृत्ति र नारीका नीचवृत्तिको चित्रण, *आत्मीय प्रेम* शीर्षक कथामा नारी दुश्चरित्रकै चित्रण अनि *चिसा रातहरू* शीर्षक कथामा नारी भावुकता र व्यभिचारीपनको चित्रण पाइन्छ ।

पुस्तककै शीर्षकका रूपमा रहेको *अन्त्यहीन इच्छा* कथामा प्रकृतिको सिर्जनालाई नै परिवर्तन गर्नसक्ने विज्ञानको अद्भुत चमत्कारको चित्रण गरिएको छ ।

यसरी हेर्दा गीता खत्रीको यस सङ्ग्रहमा सङ्कलित कथा मानवीय प्रेमप्रणय, राष्ट्रप्रेम, आप्रवासी चेतना, भावुकता, स्वैरकल्पना आदि विषयवस्तुमा आधारित छन् । अमेरिकी जीवन भोगाइका सकस र पीडाको चित्रण गर्दै स्वदेशको सम्झना गरिएका यिनका कथामा अमेरिका र नेपालका विभिन्न सन्दर्भ जोडेर पूर्वीय र पश्चिमी संस्कृतिका बीचमा देखापरेका संस्कृति र संस्कारजन्य भिन्नतालाई पनि प्रस्तुत गरिएको छ । यिनका केही कथामा यौनमनोविज्ञान र समाज मनोविज्ञानको संयोजन गरिएको भए पनि कतिपयमा यौनजन्य विकृतिको चित्रण पनि गरिएको छ । यिनका कतिपय कथामा वर्णित घटना सन्दर्भ अविश्वसनीयजस्ता लागे पनि तिनलाई वैज्ञानिक चमत्कारसँग जोडेर प्रस्तुत गरी विश्वसनीय तुल्याउने प्रयत्न गरिएको छ ।

गीता खत्रीको यस सङ्ग्रहका कथामा न्यून सहभागीको प्रयोग पाइन्छ । यिनका केही कथामा नेपालका र केहीमा नेपालबाट अमेरिका पुगेका नेपाली अनि केहीमा विदेशी सहभागीको प्रयोग गरिएको छ । यिनका अधिकांश कथामा प्रयुक्त सहभागीले कथानकलाई अघि बढाउने काम मात्र गरेको हुँदा यिनले कथामा सहभागीको चरित्रचित्रण गर्नुभन्दा घटना प्रस्तुतिमै ध्यान केन्द्रित गरेको देखिन्छ ।

गीता खत्रीको यस सङ्ग्रहमा सङ्कलित कथाको परिवेशअन्तर्गत आउने स्थान

मूलत: नेपाल र अमेरिका रहेका छन् । कथामा स्थानको सङ्केत मात्र नगरिएर स्पष्ट उल्लेख गरिएको छ । यसमा सङ्कलित सबै कथामा समयको स्पष्ट उल्लेख नभए पनि त्यसमा वर्णित घटना प्रसङ्गले कथाको समय वर्तमान दशक रहेको देखिन्छ । यस सङ्ग्रहका कथाको वातावरण कतै सुखद र सकारात्मक अनि कतै दुखद र नकारात्मक अर्थात् जीवनका उज्याला र अँध्यारा दुवै पाटाको चित्रणमा आधारित छ ।

गीता खत्रीका केही कथा बढी भावुकता एवं स्वैरकल्पनात्मक घटना प्रसङ्गका कारण अविश्वसनीयजस्ता लागे पनि धेरैजसो कथाको उद्देश्य वर्तमान युगीन जनजीवनका विविध सन्दर्भका यथार्थको प्रकटीकरण नै रहेको देखिन्छ । अधिकांशत: तृतीय पुरुष दृष्टिविन्दुमा आधारित यस कथासङ्ग्रहमा सङ्कलित कथामा युगीन विविध सन्दर्भसँग गाँसिएका विचारको अभिव्यक्ति पाइए पनि त्यो राजनीति निरपेक्ष रहेको छ ।

भाषाशैलीय विन्यासका दृष्टिले हेर्दा यस सङ्ग्रहमा सङ्कलित कथामा अत्यन्त सरल भाषा तथा वर्णनात्मक, संवादात्मकका साथै ठाउँठाउँ पत्रात्मक शैलीको प्रयोग पाइन्छ । भाषिक सरलताका कारण यिनका कथा जुनसुकै तहका पाठकका लागि पनि सुबोध खालका छन् । प्राय: शुद्ध भाषामा लेखिएका यिनका कथा सहज पठनीय छन् । पहिलो कथासङ्ग्रह भएर पनि यत्तिको हुनुलाई आगामी कथासङ्ग्रह अझ स्तरीय हुने सङ्केतकका रूपमा लिन सकिन्छ ।

त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौँ, नेपाल
फोन : ०१४३३२१७८
इमेल : drkhalu@yahoo.com

# अध्यक्ष पदम विश्वकर्माको मन्तव्य

## (अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको वार्षिक साधारण सभा र नवनिर्वाचित पदाधिकारीहरूको सपथ ग्रहण तथा हस्तान्तरण कार्यक्रम)



३० सेप्टेम्बर, २०१८ (टेक्सास, अमेरिका)

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका आदरणीय आजीवन तथा ट्रस्टी सदस्यज्यूहरू, अनेसासका पूर्वअध्यक्षज्यूहरू, सल्लाहकारज्यूहरू, सम्पूर्ण च्याप्टरका अध्यक्ष एवम् पदाधिकारीहरू, उपस्थित साहित्यप्रेमी महानुभावहरू, अनेसासलाई माया गर्ने सम्पूर्ण महानुभावहरू !

नेपाली साहित्यको इतिहासमा महत्त्वपूर्ण योगदान गर्दै आएको अन्तर र्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) स्थापनाको २७ वर्ष पूरा गरिसकेको छ। डायस्पोरामा नेपाली भाषा, साहित्य र संस्कृतिको विकास, उन्नयन र विस्तार गर्ने मुख्य उद्देश्य लिएर स्थापित अनेसासले यस अवधिमा संस्थागत विकास, नेपाली भाषा साहित्यलाई डायस्पोरामा विस्तार र नेपाली साहित्यको विश्वव्यापीकरणमा आफूलाई समर्पण गरेको सर्वविदितै छ। यसका अतिरिक्त संसारभर छरिएर रहेका सबै साहित्यकारहरूको साझा संस्थाको रूपमा विकसित गर्न उन्मुख रहेको विश्वास दिलाउँदै संसारभर जहाँ-जहाँ नेपालीहरू रहे पनि ती-ती ठाउँहरूमा अनेसासलाई पुऱ्याउन उद्दत रहने आशा लिएको छु।

डेढ दशकदेखिको अनेसासमा मेरो संग्लनता अनेसासको कोलोराडो च्याप्टरको संस्थापक सदस्य, अध्यक्ष, केन्द्रीय महासचिव हुँदै दुई कार्यकाल अनेसासको अध्यक्ष बन्ने सौभाग्यका लागि अनेसासका सम्पूर्ण आजीवन तथा ट्रस्टी सदस्यहरू, यसलाई माया गर्ने सबै महानुभावहरूप्रति आभारी छु। यी सबै अवधिमा ममार्फत् अनेसासलाई हृदयदेखि माया र सहयोग गर्ने सबै मनहरूमा नमन प्रकट गर्दछु। सबै कार्यकालका कार्य समितिका पदाधिकारीहरू, सल्लाहकारहरू,

अनेसासका पूर्वअध्यक्षज्यूहरू, संस्थापकज्यूहरू, ट्रस्टी सदस्यज्यूहरू, च्याप्टरहरू र च्याप्टरका पदाधिकारीहरू, आजीवन सदस्यहरू, साहित्यकारहरू, निर्वाचन आयोगका पदाधिकारीहरू, मेडिया जगत्का पत्रकारहरू, अनेसास र नेपाली साहित्यलाई माया गर्नुहुने सम्पूर्ण महानुभावहरूमा हृदयदेखि नै श्रद्धा अर्पण गर्दछु ।

यसैगरी २०१६ र २०१८ को निर्वाचनमा गहन जिम्मेवारी लिएर निर्वाचन प्रक्रिया सहज र प्रजातान्त्रिक ढङ्गले सम्पन्न गराउनुहुने प्रमुख निर्वाचन आयूक्त क्रमशः तीर्थराज पाण्डे र भीम कार्कीज्यू, सदस्यहरू प्रविन भण्डारी, चूडामणि खनाल, मतदाता अध्यावधिक समितिका सदस्यहरू, सल्लाहकारहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**आदरणीय अनेसासका आजीवन तथा ट्रस्टी सदस्यज्यूहरू,**

विशेषगरी यी चार वर्षको कार्यकालमा अनेसासलाई संसारभर पुऱ्याउने, अनेसासको संस्थागत विकास गर्ने, विगतका गतिविधिहरूलाई निरन्तरता दिँदै नयाँ गतिविधिहरूको आरम्भ गर्ने नेपाली साहित्यको विश्वव्यापीकरण गर्न समर्पण रहेको यहाँहरूलाई सर्वविदित छ । ६ वटा अन्तर्राष्ट्रिय सम्मेलनहरू, तीनवटा क्षेत्रीय र राष्ट्रिय सम्मलेनहरू, ८ वटा राष्ट्रियस्तरका सम्मेलनहरू रजतजयन्तीलगायत ११ वटा केन्द्रीयस्तरका जयन्तीहरू, नेपाली पाठशालाको पाठ्यक्रम तयार, अनेसास रामलामा सर्वोत्कृष्ट च्याप्टर पुरस्कार (पाँचसय अमेरिकी डलरसहित), अनेसास रामलामा सर्वोत्कृष्ट पुरस्कार (दुईहजार अमेरिकी डलरसहितको), अनेसास भवन भट्ट विशिष्ट महिला साहित्यकार पुरस्कार (एकहजार अमेरिकी डलरसहितको) र अनेसास दुर्गा दाहाल सर्वोत्कृष्ट पुरस्कार (दुईहजार एकसय अमेरिकी डलरसहितको) पुरस्कर स्थापना, दुईवटा नवरत्न नारी पुरस्कार स्थापना र आयोजना, लामो समयदेखि अपूर्ण रहेको अनेसासको विधान संशोधन, अनेसास रेडियो कार्यक्रम, **अन्तर्दृष्टि** (अङ्क ३८, ३९,४० र ४१ र ४२) **अनेसासको इतिहास**, **उत्तर अमेरिकाली नेपाली साहित्यको इतिहास**, **सिर्जनामा नारी**, **नेपालका कालजयी कथाहरू** (Timeless stories of Nepal), अनुवाद (र प्रकाशन्मुख) नेपाली क्यालेन्डर प्रकाशन (२०१५, २०१६ र २०१८), **दर्पण** (अनलाइन पत्रिका), **अनेसासको सङ्क्षिप्त परिचय** प्रकाशन, २५ भन्दा बढी च्याप्टरहरूको स्थापना, ८०० भन्दा बढी आजीवन सदस्यहरू र

२८ जना ट्रस्टी सदस्यहरू थपिनु, साहित्यकारहरूको सम्मान आदि यस अवधिका मुख्य-मुख्य गतिविधिहरू सम्पन्न भए, जुन यहाँहरू सबैका सामु छर्लङ्ग छन् । यसलगायत च्याप्टरहरूका गतिविधिहरूमा रहेको उपस्थितिले च्याप्टरहरूमा अरू हौसला र ऊर्जा थपिएको यहाँहरूसमक्ष छिपेको छैन । यी सबै प्रयासहरूलाई यहाँहरूले नजिकबाट नियालेर विश्लेषण गर्नुहुने नै छ भन्ने पनि पूर्ण विश्वास लिँदै आगामी दिनमा पनि संस्थाको हित, विकास र उन्नयनमा मेरो संलग्नता रहने यहाँहरूलाई विश्वास दिलाउन चाहन्छु ।

द्रुततर गतिमा फैलिँदै गएको वर्तमान अनेसासमा सामर्थ्य, सम्भावना, चुनौती र अवसरहरू व्यापक रहेका छन् । झाँगिँदै गएको अनेसासलाई समयसापेक्ष, सदस्य साहित्यकारहरूको रुचिअनुसार लैजान अबको अनेसासले निम्नलिखित कार्यहरू सञ्चालन गर्न उपयुक्त ठानेको छु :

१) अनेसासको वर्तमान विधानमा समयानुकूल संशोधन गर्ने,

२) अनेसासको दीर्घकालीन र अल्पकालीन योजना तर्जुमा गर्ने र सोअनुरूप कार्य गर्दै जाने,

३) च्याप्टरहरूसँग घनिष्ट सम्बन्ध कायम गर्दै नयाँ च्याप्टरको स्थापना, निष्क्रिय च्याप्टरहरूको पुनर्गठन,

४) आजीवन सदस्यहरूको विवरण अध्यावधिक गर्ने र आजीवन सदस्यहरूको विवरण प्रकाशन गर्ने,

५) सबै साहित्यकारहरूलाई समेट्न सञ्जालको विकास गर्ने,

६) अनुवाद साहित्यको विकास गर्ने र नेपाली साहित्यको विश्वव्यापीकरण अभियानमा विशेष पहल गर्ने,

७) साहित्यिक तथा गैर साहित्यिक संस्थाहरूसँग समन्वय गरी साहित्यिक गतिविधिहरू सञ्चालन गर्ने,

८) समयानुकूल नयाँ गतिविधिहरू सञ्चालन गर्ने,

९) क्षेत्रीय समितिहरूलाई सक्रिय बनाउने र क्षेत्रहरूमा गतिविधि सञ्चालन गर्ने,

१०) अनेसासको भवन बनाउन विशेष पहल गर्ने ।

अन्तमा, नवनिर्वाचित सबै पदाधिकारीहरूलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको निम्ति हार्दिक शुभकामना दिन चाहन्छु ।

०००

# पोर्चुगलमा अनेसास खुल्ला वनभोज कार्यक्रम तथा १५ औँ शृङ्खला रचना वाचन कार्यक्रम सम्पन्न

लिस्बोन, ७ मे २०१८ - अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), पोर्चुगलको आयोजनामा राजधानी लिस्वोनस्थित 'बेला भिस्टा पार्क' मा अनेसास खुल्ला समर वनभोज तथा १५ औँ शृङ्खला रचना वाचन कार्यक्रम सम्पन्न भएको छ ।

नेपालको राष्ट्रिय धुन बजाएर सुरु गरिएको कार्यक्रममा पोर्चुगलका लागि नेपाली अवैतनिक वाणिज्यदूत मकरबहादुर हमालज्यूको प्रमुख आतिथ्यता तथा अनेसास पोर्चुगलका अध्यक्ष वाई.बी. गुरुङज्यूको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा पोर्चुगलका विभिन्न सङ्घ-सस्थाका अध्यक्ष तथा प्रतिनिधिलगायत



स्थानीय पत्रकार, समाजसेवीलगायत पोर्चुगलमा बसोवास गर्ने साहित्यप्रेमीहरूको बाक्लो उपस्थिति रहेको थियो ।

कार्यक्रममा अनेसास पोर्चुगलद्वारा मनोनित संरक्षक श्री मकरबहादुर हमालज्यूलाई समाजका अध्यक्ष वाई.बी. गुरुङज्यूद्वारा प्रमाण-पत्र प्रदान गरिएको थियो भने प्रमुख अतिथिसमेत रहनुभएका अवैतनिक वाणिज्यदूत मकर हमालद्वारा अन्य मोनित सल्लाहकारज्यूहरूलाई प्रमाण-पत्र प्रदान गरिएको थियो ।

अनेसास पोर्चुगलद्वारा मनोनित हुने सल्लाहकारहरूमा समाजका पूर्व अध्यक्ष तथा गीतकार तथा साहित्यकार सुनिल सङ्गम वरिष्ठ सल्लाहकार, पोर्चुगलका लागि नेपाली पर्यटनदूत रमेशकुमार गुरुङ, वरिष्ठ पत्रकार तथा साहित्यकार राजकुमार दिक्पाल, एनआरएनए पोर्चुगलका पूर्व अध्यक्ष भीम के.सी. 'कमल', एनआरएनए पोर्चुगलका वर्तमान अध्यक्ष कुविर कार्की तथा नेपाली नारी समाज पोर्चुगलकी अध्यक्ष सीता बराललाई सल्लाहकारमा मनोनित गरिएको थियो ।

पहिलो औपचारिक कार्यक्रममा पोर्चुगलमा सक्रिय सङ्घ-संस्थाहरूको तर्फबाट एनआरएनए पोर्चुगलका अध्यक्ष कुबिर कार्की, पोर्चुगलका नेपाली पर्यटनदूत रमेशकुमार गुरुङ तथा कार्यक्रमका प्रमुख अतिथि तथा समाजका नवनियुक्त संरक्षक मकरबहादुर हमाल लगायतका वक्ताहरूले नेपाली साहित्य समाज पोर्चुगलको इतिहास र वर्तमानका बारेमा बोल्नुभएको थियो भने औपचारिक कार्यक्रमको पहिलो सत्रको कार्यक्रम समापन समाजका अध्यक्ष तथा कार्यक्रम सभापति वाई.बी. गुरुङज्यूले कविता प्रस्तुत गर्दै गरेका थिए ।

उक्त पहिलो सत्रको औपचारिक कार्यक्रम समाजकी सचिव सबी श्रेष्ठले सञ्चालन गर्नुभएको थियो भने कार्यक्रमको दोस्रो चरणअन्तर्गत रचना वाचन कार्यक्रम गरिएको थियो ।

दोस्रो सत्रको रचना वाचन कार्यक्रममा साहित्यकार तथा अनेसास पोर्चुगलका वरिष्ठ सल्लाहकार सुनिल सङ्गम, सल्लाहकार कुबिर कार्की, समाजका अध्यक्ष वाई.बी. गुरुङ, वरिष्ठ उपाध्यक्ष कृष्ण कँडेल 'जिज्ञासु', उपाध्यक्ष कमल सापकोटा, सचिवद्वय सबी श्रेष्ठ र विनोद स्पन्दन, कोषाध्यक्ष सञ्जय लामा, सह–कोषाध्यक्ष श्याम सुवेदी, सदस्य निर्मला ढकाल, प्रेमचन्द्र भण्डारी लगायत पोर्चुगलमा रहेका दर्जनभन्दा बढी साहित्यकारहरूले आफ्नो रचना प्रस्तुत गरेका थिए ।

कार्यक्रमको दोस्रो सत्रको कार्यक्रम समाजका वरिष्ठ उपाध्यक्ष कृष्ण कँडेल 'जिज्ञासु' ले सञ्चालन गरेका थिए ।

बार्बिक्यु तथा विभिन्न खानाको परिकार समेतको व्यवस्था गरिएको उक्त कार्यक्रम भव्य र सभ्य रूपमा सम्पन्न भएको थियो ।

०००

# पोर्चुगलमा २०४ औँ भानु जयन्ती विशेष बालकविता तथा चित्रकला प्रतियोगिता भव्यरूपमा सम्पन्न

लिस्बोन, ९ जुलाई २०१८ – अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), पोर्चुगल तथा नेपाली नारी समाज, पोर्चुगलद्वारा संयुक्त रूपमा आयोजित २०४ औँ भानु जयन्ती विशेष बालकविता तथा चित्रकला प्रतियोगिता राजधानी लिस्वोनमा सम्पन्न भएको छ ।

पोर्चुगलको नेपाली डायस्पोरामा आयोजित उक्त बालकविता तथा चित्रकला प्रतियोगिताको औपचारिक कार्यक्रम पोर्चुगलका लागि नेपाली पर्यटन दूत तथा अनेसास, पोर्चुगलका सल्लाहकार रमेशकुमार गुरुङद्वारा दीप प्रज्ज्वालन गरी उद्घाटन गरिएको थियो ।

अनेसास पोर्चुगलका अध्यक्ष वाई.बी. गुरुङको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा गैरआवासीय नेपाली सङ्घ, पोर्चुगलका अध्यक्ष कुबेर कार्की,



आयोजक तथा नेपाली नारी समाज, पोर्चुगलकी अध्यक्ष तथा अनेसास पोर्चुगलकी सल्लाहकार सीता बराललगायतका वक्ताहरूले विशेष अतिथिको रूपमा मन्वय व्यक्त गर्नुभएको थियो ।

बालकविता तथा चित्रकला प्रतियोगितामा करिब ३० भन्दा बढी बालबालिकाहरूको प्रत्यक्ष सहभागिता रहेको थियो । ५ वर्षदेखि १८ वर्षसम्मका बालबालिकाहरूको क्षमता अभिवृद्धि तथा उनीहरूभित्र रहेको कला उजागर गर्ने उद्देश्यअनुरूप आयोजना गरिएको उक्त प्रतियोगिताबाट उत्कृष्ट ६ जना बालबालिकाहरूको कविता तथा चित्र प्रकाशोन्मुख अवस्थामा रहेको 'डायस्पोरा बाल पुस्तक' मा प्रकाशित गर्ने कुरा आयोजकले जानकारी दिएका छन् ।

चित्रकला प्रतियोगितामा ५ वर्षदेखि १० वर्षसम्मका र १० वर्षदेखि १८ वर्ष उमेरसम्मका गरी दुई समूह गरेर प्रतियोगिता गराइएको थियो जसमा पहिलो समूहअन्तर्गतबाट पहिलो, दोस्रो र तेस्रो क्रमशः सदीक्षा पौडेल, प्रशान्त पौडेल र निर्जल पौडेल थिए भने दोस्रो समूहबाट मानस्वी खराल, लिसन कोइराला र वर्षा पौडेल क्रमशः पहिलो, दोस्रो र तेस्रो भएका थिए भने कविता प्रतियोगितामा प्रगति सापकोटा (पहिलो), कृति कँडेल (दोस्रो) र जस्टिना सुवेदी (तेस्रो) भएका थिए भने लाक्पा डोमा शेर्पाले सान्त्वना पुरस्कार जितेका थिए ।

यसरी विजेता सम्पूर्ण बालबालिकाहरूलाई प्रमुख अतिथि र विशेष अतिथिद्वारा प्रमाण–पत्र तथा पुरस्कार वितरण गरिएको थियो । उक्त प्रतियोगितामा प्रमुख निर्णायकको भूमिका निर्वाह गर्नुहुने ध्रुव घिमिरे, विजय गुरुङ र सुनिल परियार त्रयलाई सम्मानस्वरूप प्रमाण–पत्र प्रदान गरिएको थियो ।

निकै सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको उक्त कार्यक्रममा नेपाली राष्ट्रिय गीत गाएर सुरु गरिएको कार्यक्रममा प्रतियोगितामा सहभागी बालबालिकाहरूले आफ्नो कविता वाचन गरेका थिए भने अनेसासको १८ औँ शृङ्खला रचना वाचन कार्यक्रममा दर्जनभन्दा स्रष्टाहरूले आ–आफ्नो रचना वाचन गरेका थिए ।


कार्यक्रम अनेसासका वरिष्ठ उपाध्यक्ष कृष्ण कँडेल 'जिज्ञासु' ले सञ्चालन गरेका थिए भने कार्यक्रममा अनेसासका उपाध्यक्ष कमलप्रसाद सापकोटा तथा नेपाली नारी समाजकी उपाध्यक्ष निर्मला खरालले स्वागत मन्तव्य राखेका थिए ।

००० 

# पोर्चुगलमा पहिलोपटक लाइभ साहित्य सङ्गम कार्यक्रम सम्पन्न

लिस्बोन, २२ जुलाई, २०१८। पोर्चुगलको नेपाली डायस्पोरामा पहिलोपटक एकल लाइभ साहित्य सङ्गम कार्यक्रम राजधानी लिस्वोनमा २१ जुलाई २०१८ मा भव्य रूपमा भएको छ । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), पोर्चुगलको मुख्य आयोजनामा सम्पन्न भएको उक्त साहित्यिक कार्यक्रममा गीतकार तथा साहित्यकार सुनिल सङ्गमले पहिलोपटक लाइभ गजल, गीत, कविता तथा मुक्तक प्रस्तुत गर्नुभएको थियो ।

'स्रष्टाको सम्मान, नेपाली भाषा र साहित्यको संरक्षण, सम्बर्धन र विकास हाम्रो अभियान' को नारा बोकेर पहिलोपटक पोर्चुगलमा आयोजना गरिएको उक्त साहित्य सङ्गम कार्यक्रममा पोर्चुगलको नोपाली डायस्पोरामा रहेका विभिन्न विधामा कृति प्रकाशन गरेका स्रष्टाहरूलाई सम्मान गरिएको थियो । यसरी सम्मानित हुनेहरूमा **भुण्टी** कथासङ्ग्रहकी लेखक तथा नेपाली नारी समाज, पोर्चुगलकी अध्यक्ष तथा अनेसास, पोर्चुगलकी सल्लाहकार सीता बराल, **तमसोमा ज्योतिर्गमय** कवितासङ्ग्रहका लेखक तथा अनेसास, पोर्चुगलका कोषाध्यक्ष सञ्जय लामा, नेपाली तथा पोर्तुगिज भाषाको पुस्तक **ओला नेपाल**का लेखकद्वय विनोद घिमिरे तथा प्रमोद श्रेष्ठ, अनोसास, पोर्चुगलका संस्थापक अध्यक्ष तथा नेपाल पत्रकार महासङ्घ, युरोप शाखाका अध्यक्ष केजिन राईलाई विशेष सम्मान-पत्र



कार्यक्रमका प्रमुअ अतिथि पोर्चुगलका लागि पहिलो पर्यटनदूत रमेशकुमार गुरुङ र अनेसासका अध्यक्ष वाइ.बी.गुरुङ द्वयले संयुक्त रूपमा सम्मान गर्नुभएको थियो। पोर्चुगलमा पहिलो पटक आयोजना गरिएको उक्त एकल साहित्यिक कार्यक्रममा साहित्यकार तथा गीतकार सुनिल सङ्गमले आफ्ना नयाँ तथा पुराना गरी करिब एकसयभन्दा बढी कविता, गीत, गजल र मुक्तकहरू वाचन गर्नुभएको थियो।

राजधानी लिस्वोनस्थित रहेको पानस रेस्टुरेन्टमा सम्पन्न भएको उक्त कार्यक्रममा च्यारिटी डिनरसहित भएको उक्त कार्यक्रममा नेपाली साहित्यानुरागीहरूको बाक्लो उपस्थिति रहेको थियो।

०००

# पोर्चुगलमा नलिना एकल साङ्गीतिक कार्यक्रम भव्य रूपमा सम्पन्न

लिस्बोन, २० अगस्ट, २०१८। नेपालकी ख्याति प्राप्त पपगायिका नलीना चित्रकारले पोर्चुगलका नेपालीहरूलाई भव्य नचाइन्। अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), पोर्चुगल तथा सङ्घीय नेपाली महिला फोरम, पोर्चुगलको संयुक्त आयोजनामा नेपालका सुदूरपश्चिमका महिला तथा बालबालिकाहरूमा लागेको गम्भीर प्रकृतिको रोगको उपचारार्थ उक्त एकल साङ्गीतिक कार्यक्रम आयोजना गरिएको थियो।



सङ्घीय समाजवादी फोरम, पोर्चुगलका अध्यक्ष गणेशबहादुर लिम्बूको अध्यक्षतामा सम्पन्न पहिलो सत्रको औपचारिक कार्यक्रममा प्रमुख अतिथि पोर्चुगलका लागि नेपाली पर्यटनदूत तथा अनेसास, पोर्चुगलका सल्लाहकार रमेशकुमार गुरुङ, विशेष अतिथि एनआरएन आइसीसी सदस्य, नरेन्द्रबहादुर हमाल, एनआरएनए, पोर्चुगलका अध्यक्ष तथा अनेसास, पोर्चुगलका सल्लाहकार कुबिर कार्की, अनेसास, पोर्चुगलका अध्यक्ष वाइ.बी. गुरुङ, अनेसास, पोर्चुगलका वरिष्ठ सल्लाहकार तथा नवनिर्वाचित केन्द्रीय उपाध्यक्ष सुनिल सङ्गम, नेपाली नारी समाज, पोर्चुगलकी प्रतिनिधि सुनिता भट्टराईलगायतका वक्ताहरूले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो भने उक्त औपचारिक कार्यक्रममा स्वागत मन्तव्य अनेसास, पोर्चुगलका उपाध्यक्ष कमलप्रसाद सापकोटाले गरेका थिए । त्यस्तै अनेसास, पोर्चुगलका सचिव तथा कार्यक्रम संयोजक विनोदप्रसाद धिमाल 'स्पन्दन' ले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

कार्यक्रममा विभिन्न साहित्यिक रचनाहरू पनि वाचन गरिएको थियो भने कार्यक्रमको प्रमुख आकर्षण नलिना चित्रकारको सुमधुर स्वरले दर्शकहरू मन्त्रमुग्ध भई भरपूर मनोरञ्जन लिएका थिए । च्यारिटी डिनरसहितको कार्यक्रम भएकाले उल्लेख्य मात्रामा दर्शकहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रमबाट सङ्कलित रकम पूर्वघोषित लक्षित परिवारलाई सहयोग गरिने कुरा आयोजक अनेसास, पोर्चुगलका अध्यक्ष वाइ.बी. गुरुङले जानकारी दिनुभएको थियो ।

ooo

# पोर्चुगलमा साहित्य र मानवअधिकारविषयक साक्षात्कार तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न

लिस्वोन, १० अक्टोबर, २०१८ । राजधानी लिस्वोनमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), पोर्चुगलको आयोजनामा युरोप भ्रमणमा रहेका लेखक, साहित्यकार तथा मानव अधिकारकर्मी मानवअधिकार तथा शान्ति समाज, नेपालका सभापति गङ्गाधर अधिकारीको उपस्थितिमा 'नेपाली भाषा, संस्कृति, साहित्य र मानवअधिकार' विषयक एक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

राजधानी लिस्वोनस्थित स्वयम्भू रेस्टुरेन्टमा सम्पन्न भएको उक्त कार्यक्रमको सभापति अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), पोर्चुगलका




अध्यक्ष वाइ.बी. गुरुङले गरेका थिए भने कार्यक्रममा प्रमुख अतिथिका रूपमा गङ्गाधर अधिकारीले नेपाली भाषा, संस्कृति, साहित्यको विकास र नेपालमा मानवअधिकारको पछिल्लो अवस्थाका बारेमा लामो चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा अनेसास, केन्द्रीय उपाध्यक्ष सुनिल सङ्गम, गैरआवासीय नेपाली सङ्घ, पोर्चुगलका उपाध्यक्ष नारायणकाजी थापा मगर, स्थानीय पत्रकार रमेशराज वास्तोलालगायतका साहित्यानुरागीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा संस्थाको तर्फबाट अध्यक्ष वाइ.बी. गुरुङद्वारा खादा लगाई प्रमुख अतिथि अधिकारीलाई स्वागत गरिएको थियो भने गैरआवासीय नेपाली सङ्घ, पोर्चुगलका तर्फबाट उपाध्यक्ष नारायणकाजी थापा मगरले खादा लगाई स्वागत गर्नुभएको थियो । नेपालमा बस्ने नेपालीहरूलाई भन्दा बढी भाषा, संस्कृतिको माया प्रवासमा बस्ने नेपालीहरूलाई भएको कुरा राख्दै अधिकारीले नेपालमा लोकतन्त्र आए पनि मुलुकमा दण्डहीनताको अन्त्य भने नभएको बताउनुभयो । कार्यक्रम अनेसास, पोर्चुगलका वरिष्ठ उपाध्यक्ष कृष्ण कँडेल 'जिज्ञासु' ले सञ्चालन गर्नुभएको थियो ।

ooo

# पोर्चुगलमा ११० औँ लक्ष्मीजयन्ती मनाइयो

लिस्वोन, २६ नोभेम्वर २०१८ । राजधानी लिस्वोनमा विविध साहित्यिक कार्यक्रमसहित ११० औं लक्ष्मीजयन्ती भव्य रूपमा मनाइयो । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), पोर्चुगलको आयोजनामा आयोजित उक्त कार्यक्रमलाई पोर्चुगलका लागि नेपाली पर्यटनदूत, गैरआवासीय नेपाली सङ्घ, अन्तर्राष्ट्रिय समन्वय परिषदका पूर्वसदस्य तथा एनआरएनए, पोर्चुगलका पूर्वअध्यक्ष तथा अनेसास, पोर्चुगलका सल्लाहकार रमेशकुमार गुरुङज्यूले दीप प्रज्ज्वालन गरी कार्यक्रमको विधिवत उद्घाटन गर्नुभएको थियो । कार्यक्रम उद्घाटनपश्चात् सामूहिक रूपमा नेपालको राष्ट्रिय गीत गाएर कार्यक्रमको सुरुवात गरिएको थियो । कार्यक्रममा अनेसास पोर्चुगलका सचिव स्पन्दन विनोदद्वारा देवकोटाको जीवनी पढेर सुनाइएको थियो भने कार्यक्रममा अनेसास, पोर्चुगलद्वारा पहिलोपटक प्रकाशित अनेसास भित्तेपात्रोको विमोचन गरिएको थियो ।

स्थानीय एभरेस्ट रेस्टुरेन्टको सभाहलमा सम्पन्न उक्त कार्यक्रममा पोर्चुगलमा रहेका बालबालिकादेखि वृद्ध उमेरका विभिन्न साहित्यानुरागीहरूले आ-



आफ्नो रचना वाचन गरेका थिए। साथमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको केन्द्रीय उपाध्यक्षमा निर्विरोध निर्वाचित हुनुभएका साहित्यकार तथा गीतकार सुनिल सङ्गमलाई विशेष सम्मान गरिएको थियो भने अनेसास, पोर्चुगलद्वारा आयोजना गरिएको बालकविता तथा चित्रकला प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गर्नुहुने साहित्यकार सुनिल सङ्गम, अनेसास, पोर्चुगलका वरिष्ठ उपाध्यक्ष कृष्ण कँडेल 'जिज्ञासु', उपाध्यक्ष कमल सापकोटा, सचिव सबी श्रेष्ठ तथा कोषाध्यक्ष सञ्वय लामालगायत अन्य प्रतियोगीहरूलाई प्रमुख अतिथिद्वारा प्रमाणपत्र प्रदान गरिएको थियो।

कार्यक्रममा अनेसासको २१ औँ शृङ्खला रचना वाचन कार्यक्रम पनि भएकाले दर्जनभन्दा बढी साहित्यानुरागीहरूले आ-आफ्नो रचनाहरू वाचन गरेका थिए। कार्यक्रममा अनेसास, पोर्चुगलका वरिष्ठ उपाध्यक्ष कृष्ण कँडेल 'जिज्ञासु' ले स्वागत मन्तव्य राख्नुभएको थियो भने सचिव स्पन्दन विनोदले सञ्चालन गरेको उक्त कार्यक्रमा पोर्चुगलको नेपाली डायस्पोरामा क्रियाशील विभिन्न सङ्घसंस्थाका अध्यक्षहरूले सम्बोधन गर्नुभएको थियो।

कार्यक्रममा गैरआवासीय नेपाली सङ्घ, पोर्चुगलका अध्यक्ष तथा अनेसास, पोर्चुगलका सल्लाहकार कुविर कार्की, नेपाली नारी समाज पोर्चुगलकी अध्यक्ष तथा अनेसास, पोर्चुगलकी सल्लाहकार सीता बराल, एनआरएनए, आइसीसी, सदस्य नरेन्द्रबहादुर हमाल, एनआरएनए, पोर्चुगलका पूर्वअध्यक्ष लक्ष्मीप्रसाद सापकोटा, नेपाली जनसम्पर्क समिति, पोर्चुगलका अध्यक्ष विनोद घिमिरे, नेपाली सङ्घीय समाज, पोर्चुगलका अध्यक्ष सोम शेर्पा, नवलपुर समाजका अध्यक्ष जयभद्र सापकोटा, गुल्मी समाजका अध्यक्ष युवराज पन्थी, पत्रकार तथा युरोप नेपाली डट कम अनलाइनका सञ्चालक राजकुमार थापा, नेपाल पत्रकार महासङ्घ, युरोप शाखाका महासचिव योगेन्द्र मिलन छन्त्याललगायतका वक्ताहरूले शुभकामना मन्तव्यसहित रचनाहरू वाचन गरिएको थियो।

कार्यक्रमको अन्तमा कार्यक्रमका सभापति तथा अनेसास, पोर्चुगलका अध्यक्ष वाइ.बी. गुरुङज्यूले कार्यक्रम भव्य रूपमा सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूमा विशेष धन्यवादसहित आफ्नो छोटो मुक्तक वाचन गर्दै कार्यक्रम समापन भएको घोषणा गर्नुभएको थियो।

ooo

# अनेसास जर्जिया च्याप्टरले गरेका कार्यक्रमहरू

१. **२०५ औँ भानुजयन्ती** : २० जुलाई २०१८ मा हिमालयन स्पाइस रेस्टुरेन्टमा भानु जयन्ती कार्यक्रम भव्य रूपमा सम्पन्न ।




२. **महानन्द सापकोटा ११९ औँ जन्मजयन्ती** : अनेसास केन्द्रका पूर्व अध्यक्ष मोहन सिटौलाको प्रमुख आतिथ्यमा ७ जुलाई २०१८ मा महानन्द सापकोटा ११९ औँ जन्म जयन्ती सम्पन्न ।

३. **अन्तर्राष्ट्रिय कविता महोत्सव-२०१८** : ब्लड डोनर्स अफ अमेरिकाको दोस्रो सम्मेलन-२०१८ (एटलान्टा जर्जिया) मा अनेसास केन्द्रको साथमा कविता महोत्सव सम्पन्न ।

४.    **सत्य-स्वरूप साँझ-२०१८** : हिमालयन स्पाइस रेस्टुरेन्टको संयोजनमा अनेसास जर्जिया च्याप्टरद्वारा ७ सेप्टेम्बरका दिनमा सत्य-स्वरूप साँझ २०१८ को आयोजना गरिएको थियो ।

ooo

# जापानमा तातेसिना हाइकुसङ्ग्रहको विमोचन

१ अप्रिल, २०१८ । जापानको टोक्योमा एक भव्य समारोहको बीच **तातेसिना** हाइकुसङ्ग्रहको विमोचन गरिएको छ । जापानमा लोकप्रिय रहेको हानामी पर्व (साकुरा फूल हेर्ने पर्व) को अवसर पारेर हाराज्युकु पार्कभित्र गरिएको विमोचन कार्यक्रममा दर्जनौँ स्रष्टाहरूको उपस्थिति रहेको थियो ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज जापान च्याप्टरको आयोजनामा भएको कार्यक्रममा स्रष्टाहरूले साकुरा फूलको मजा लिनुको साथै साहित्यिक खुराकहरू पनि प्रस्तुत गरेका थिए ।

नागानो प्रिफेक्चरअन्तर्गत रहेको तातेसिना भन्ने ठाउँमा गतसाल झन्डै ४ दर्जन हाइकुकविहरूले स्थलगत रूपमा लेखेका हाइकुहरू समेटी **तातेसिना**लाई पुस्तक आकार दिइएको हो । यसमा प्रा. रामकुमार पाँडे र प्रकाश पौडेल 'माइला' को हाइकुको बारेमा लेखिएको खोजमूलक सैद्धान्तिक कार्यपत्र पनि समावेश छ ।

अनेसास जापान च्याप्टरले प्रकाशनमा ल्याएको **तातेसिना** हाइकु सङ्कलनको सम्पादक हाइकुकवि प्रकाश पौडेल 'माइला' हुनुहुन्छ । विगत १३



वर्षदेखि जापानमै रही हाइकुको क्षेत्रमा कलम चलाइरहने 'माइला' अनेसासका केन्द्रीय कार्य समितिका वरिष्ठ उपाध्यक्षसमेत हुनुहुन्छ ।

अनेसास जापान च्याप्टरका अध्यक्ष दीप पाठकको सभापतित्वमा सम्पन्न विमोचन समारोहको प्रमुख अतिथि भने साकुराको रूखलाई मानिएको थियो । समारोहमा प्रकाश पौडेल 'माइला', जिज्ञानकुमार थापा, शालिकराम भण्डारी, पिताम्बर पदमपानी, पुष्करजङ्ग थापा, आलोक चालिसे, दिनेशराज ज्ञवाली, बाबुराम भण्डारी, शरद गौचन, मैदेली घिमिरे, दीपक सुवेदी, पदम ठगुन्ना, हरि सापकोटा, अरुण पौडेल, सूर्य खड्का, धीषण निरौला, सरिता ढकाल लगायतले बोल्नुभएको थियो ।

कार्यक्रमको सञ्चलान रविन शर्मा र सङ्गीता कुँवरले गर्नुभएको थियो ।

ooo

## जापानमा 'काव्यडबली' भव्यताका साथ सम्पन्न

टोक्यो, जुन १७, २०१८ । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) जापान च्याप्टरको आयोजनामा जापानमा रहेका नेपाली भाषा, कला, साहित्यप्रेमी तथा सर्जकको बाक्लो उपस्थितिका बीच अनेसास जापानले अर्को एउटा साहित्यिक शृङ्खला भव्यताका साथ सम्पन्न गरेको छ । 'काव्यडबली' नाम दिइएको उक्त कार्यक्रम अनेसास जापानको ४५ औं नियमित साहित्यिक शृङ्खला हो ।



अलि फरक रूपमा आयोजना गरिएको कार्यक्रम 'काव्यडबली' यसपटक पुरै काव्यमयी बन्यो । काव्यडबलीमा विभिन्न औपचारिक प्रक्रियाहरू देखिएन । नेपाली राष्ट्रिय गान गाएर उद्घाटन गरिएको कार्यक्रम काव्यबाट सुरु भएर काव्यसँगै अन्त्य गरिएको थियो ।

अनेसास जापानले जापानमा पहिलोपटक औपचारिकता बिना यति ठूलो सभ्य र भव्य रूपमा कार्यक्रम सम्पन्न गरेर जापानवासी नेपाली र सङ्घसंस्थाहरूलाई नमुना कार्यक्रम प्रस्तुत गरेको पनि छ ।

नेपाली मुराहल सिन ओकुबो टोक्योको सभाहलमा सम्पन्न भएको यस कार्यक्रममा टोक्यो, योकोहामा चिबा, साइतामा, गुम्बाकेनलगायत टोक्यो आसपासका सर्जक तथा साहित्य अनुरागीहरूको बाक्लो उपस्थिति रहेको थियो ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका केन्द्रीय उपाध्यक्ष श्री प्रकाश पौडेल 'माइला' ज्यूको प्रमुख आतिथ्य, पूर्वअध्यक्ष आलोक चालिसेज्यू, सल्लाहकार श्रीमती सुष्मा ओमाता, पूर्वउपाध्यक्ष्य पुष्करजङ्ग थापाको आतिथ्य र संस्थाका अध्यक्ष श्री दीप पाठकको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा रचना तथा आफ्नो प्रस्तुति प्रस्तुत गर्ने सर्जकहरूमा सुमित गिरी, प्रकृति फुँयाल, दीपा घिमिरे, इन्दु सुवेदी, सबिना रेग्मी, अर्जुन 'दृष्टि' पौडेल, अरुण पौडेल, आनन्द अधिकारी, पार्थ सुवेदी, हेमन्त गिरी राजेन्द्र पौडेल, भुवन रोका, पदम ठगुन्ना रबिन शर्मा, दीप पाठक, प्रकाश पौडेल 'माइला', आलोक चालिसे, सुष्मा ओमाता, ग्रीष्मा पौडेल, अजित क्षेत्री, ध्रुव बन्जाडे, विश्ववन्धु भण्डारी, गिरिजा गैरे, सुमन प्रतिबिम्ब, बाबुराम पौडेल, हरिष इसान, अर्जुन लामिछाने, सरिता ढकाल, बलराम उपाध्याय, सुमुन्द्रराज पौडल, चेतन घर्तीमगरलगायतका सर्जकहरूबाट नेपाली डायस्पोराहरूको देश, प्रकृतिप्रेम, सामाजिक विसङ्गति र प्रेमिल काव्यहरूको प्रस्तुति रहेको थियो । साथै औपचारिक कार्यक्रमको समापनपछि अनेसास जापान च्याप्टरका वर्तमान कार्य समितिका सदस्य श्री अर्जुन 'दृष्टि' पौडेलज्यूलाई घरदेशको यात्राको शुभकामना व्यक्त गर्दै बिदाइ पनि गरिएको थियो । कार्यक्रमको सञ्चालन संस्थाका सचिव श्री रबिन शर्माज्यूबाट भएको थियो भने कार्यक्रमको समापन अनेसास जापानको अध्यक्ष श्री दीप पाठकज्यूबाट भएको थियो ।

०००

# 'लिभिङ टुगेदर' को विमोचन र 'हजार हाइकु' माथि अन्तर्क्रिया सम्पन्न

टोक्यो, २९ जुलाई, २०१८। अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) जापान च्याप्टरको आयोजनामा भानुभक्त आचार्यको २०५ औँ जन्मजयन्तीको अवसर पारी ४६ औँ नियमित साहित्यिक शृङ्खला सम्पन्न भएको छ। कार्यक्रममा गोविन्द गिरी 'प्रेरणा' को उपन्यास **लिभिङ टुगेदर**को विमोचन तथा रामकुमार पाँडे र प्रकाश पौडेल 'माइला' को **हजार हाइकु**माथि अन्तर्क्रिया गरिएको थियो । अनेसास जापान च्याप्टरका संस्थापक अध्यक्ष डा. कुमार बस्नेतको प्रमुख आतिथ्य, नेपाली भाषाविज्ञ हारुहितो नोजु, साहित्यकार गोविन्द गिरी 'प्रेरणा' तथा साहित्यकार प्रकाश पौडेल 'माइला' को आतिथ्यमा सम्पन्न कार्यक्रमको सभापतित्व संस्थाका अध्यक्ष दीप पाठकले गर्नुभएको थियो । त्यस्तै अन्य अतिथिहरूमा पूर्वअध्यक्ष बेलुकाजी थापा, आलोक चालिसे, सल्लाहकार पुष्करजङ्ग थापा, गायक रामकृष्णबम मल्ल, समुन्द्रराज पौडेललगायत सन्तोषबाबु चोखाल, सुजन जोशी, पदम थगुन्ना रामजङ्ग कार्की, बाबुराम पौडेललगायतका व्यक्तिहरू हुनुहुन्थ्यो । सङ्गीता कुँवरको स्वागत मन्तव्य रहेको कार्यक्रममा कार्यक्रमको सुरुवात नेपाली राष्ट्रिय गानबाट गरिएको थियो । सो अवसरमा भानुभक्त आचार्यको तस्बिरमा



फूल अर्पण गरी श्रद्धा र सम्मान प्रकट गरिएको थियो भने भानुभक्त आचार्यको बारेमा आलोक चालिसेले बोल्नुभएको थियो ।

सम्पूर्ण अतिथिगणबाट सामूहिक रूपमा गोविन्द गिरी 'प्रेरणा' को उपन्यास **लिभिङ टुगेदर** विमोचन गरिएको थियो । विमोचनपश्चात् **लिभिङ टुगेदर**का कृतिकार गोविन्द गिरी 'प्रेरणा' ले आफ्नो कृति जापानमा विमोचिन हुँदा खुसी लागेको बताउँदै सो कृति लेखनका विषयमा प्रकाश पार्नुभएको थियो ।

त्यसैगरी नेपाली वरिष्ठ हाइकुकार रामकुमार पाँडे र जापानमा बसेर हाइकुको अध्ययनमा लागिरहनु भएका हाइकुकार प्रकाश पौडेल 'माइला' को संयुक्त हाइकुसङ्ग्रह **हजार हाइकु**माथि अन्तर्क्रिया कार्यक्रम गरिएको थियो । अन्तर्क्रिया कार्यक्रममा **हजार हाइकु**माथि बेलुकाजी थापा, जापानी साहित्य र हाइकुबारे हारुहितो नोजुले बोल्नुभएको थियो साथमा कृतिकार प्रकाश पौडेल 'माइला' **हजार हाइकु**माथि बोल्दै जिज्ञासा र प्रश्नहरूको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा गोविन्द गिरी 'प्रेरणा' र प्रकाश पौडेल 'माइला' लाई **अनेसास जापान सम्मान–२०१८** प्रदान गरिएको थियो भने साथै नेपाली भाषामा महत्त्वपूर्ण योगदान पुऱ्याएको भन्दै हारुहितो नोजुलाई समेत सम्मान गरिएको थियो । कार्यक्रममा रचना वाचन गर्नेहरूमा ध्रुव बन्जाडे, शेखर विकल्प, आनन्द अधिकारी, गिरिजा गैरे, हेमन्त गिरी, अरुण पौडेल, दीप पाठक, सरिता ढकाल, आलोक चालिसे, पार्थ सुवेदी, बाबुराम पौडेल हुनुन्थ्यो भने कार्यक्रम संस्थाका महासचिव अरुण पौडेलले सञ्चालन गर्नुभएको थियो ।

ooo

# टोक्योमा अन्तर्राष्ट्रिय नेपाली हाइकु महोत्सव–२०१८ को आयोजना

नेपाली साहित्यलाई अन्तर्राष्ट्रियकरण गर्ने र जापान-नेपालबीचको आत्मीयताको सन्देश दिँदै टोक्योमा एकदिने अन्तर्राष्ट्रिय नेपाली हाइकु महोत्सव २०१८ भव्य रूपमा सम्पन्न भएको छ । नेपाल हाइकु केन्द्र तथा नेपाल साहित्य समाज जापान च्याप्टरको आयोजनामा सम्पन्न महोत्सवमा विभिन्न देशका अतिथि हाइकुकारसहित जापानका साहित्यकारको बाक्लो उपस्थिति रहेको थियो ।

कार्यक्रममा जापानका चर्चित कविहरू बान्या नाचुइसी, सायोमी

कामाकुरा, हिदेकी आइसिकुरा, हासाओ हासेगोआ, मुगेन सातोमोरा, चिकूबोन, साकी इन्यु तथा नेपाली भाषा विशेषज्ञ जापानी नागरिक हारुहितो नोजुको उपस्थिति थियो ।

प्रा. रामकुमार पाँडेको नेतृत्वमा नेपालबाट अश्विनी कोइराला, शिरोमणि दवाडी, विजयराज आचार्य, किरण पौडेलको सहभागिता रहेको थियो भने बेलायतबाट हाइकु कवि एवम नियात्राकार कृष्ण बजगाईंको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा नेपाल, बेलायत र जापानका लेखक तथा हाइकु कविहरूको उपस्थिति थियो । कार्यक्रममा बोल्दै वल्ड हाइकु एसोसिएसनका अध्यक्ष बान्या नाचुइसीले जापानमा सुरु भएको हाइकु नेपालमा विकसित भएको सुन्न पाउँदा आफू खुसी भएको बताउँदै चाँडै नै नेपालमा अन्तर्राष्ट्रिय हाइकु कार्यक्रममा आफूसहित जापानी हाइकु कविहरू सहभागी हुन इच्छुक रहेको बताए ।

कार्यक्रममा नेपाली नेपाली हाइकु केन्द्रका अध्यक्ष प्रा. रामकुमार पाँडेले हाइकुमा शङ्कर लामिछानेको योगदान सम्झँदै डा. अभी सुवेदी, क्षेत्रप्रताप अधिकारी हुँदै हाइकुले नेपालमा विकास हुन पाएको बताए । हाइकु महोत्सवमा विभिन्न स्रष्टाका एक अङ्ग्रेजीसहित नौवटा हाइकुका पुस्तक विमोचन गरिएको थियो । विमोचित कृतिहरूमा प्रा. रामकुमार पाँडेको **हन्टिङ हाइगा** (अङ्ग्रेजी), नेपाली हाइकु केन्द्रको प्रकाशन **नेपाली हाइकु** (पत्रिका), ऋषि बरालको **फुजीको**



**फेद** (हाइकुसङ्ग्रह), किरण पौडेलको **नाइलको सहारा** ( हाइकुसङ्ग्रह), **सिक्स सिग्नेचर** (नेपाली लेखक कविको अङ्ग्रेजी अनुवाद), प्रकाश पौडेल 'माइला' को **रातो साकुरा** (हाइकुसङ्ग्रह), कृसु क्षेत्रीको **नीलो आँसु** (हाइकुसङ्ग्रह), डा. रूपक श्रेष्ठको **बुट्टे किमोनो** (हाइकुसङ्ग्रह), कृष्ण बजगाईंको **कुमारी रात** (हाइकुसङ्ग्रह) विमोचन गरिएको थियो ।

नेपाल हाइकु केन्द्र र अन्तर्राष्ट्रिय साहित्य समाज र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) जापान च्याप्टरको संयुक्त आयोजनामा भएको उक्त कार्यक्रमको संयोजन प्रकाश पौडेल 'माइला' ले गर्नुभएको थियो ।

कार्यक्रममा गैरआवासीय नेपाली सङ्घका अध्यक्ष भवन भट्टले नेपाली हाइकु विकासमा आफूले सक्दो सहयोग गर्ने बताउनुभयो । त्यसैगरी जापानस्थित नेपाली दूतावासका उपनियोग प्रमुख कृष्णचन्द्र अर्यालले नेपाल जापान सम्बन्धमा साहित्यले सेतुको भूमिका खेल्ने घोषणा पत्रको स्वागत गर्दै यसमा राजदूतावासको सक्रिय सहयोग रहने बताउनुभयो ।

कार्यक्रममा प्रा. रामकुमार पाँडे र प्रकाश पौडेल 'माइला' ले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने दुई दर्जनभन्दा बढी स्रष्टाले हाइकु वाचन गरेका थिए । दुईदिन चलेको उक्त महोत्सवमा आयोजक कमिटीका अनेसासका जापान च्याप्टरका अध्यक्ष दीप पाठक, गैरआवासीय नेपाली सङ्घका प्रवक्ता भूषण घिमिरे, अनेसासका केन्द्रीय पूर्वअध्यक्ष डा. कुमार बस्नेत, अनेसास जापानका पूर्वअध्यक्ष बेलुकाजी थापा तथा प्रायोजक संस्था आइडिया फर नेपालका तर्फबाट हङ्कङकी चिङ चिङ सेइले पनि बोल्नुभएको थियो ।

त्यस्तै प्रस्तुत गरेको कार्यपत्रमाथि जापानी साहित्यकार तथा नेपाली भाषाका प्रशिक्षक हारुहितो नोजु र सल्लाहाकार तिलक मल्लले टिप्पणी गर्नुभएको थियो । दुई सेसनमा गरिएको कार्यक्रममा पूर्वअध्यक्ष बेलुकाजी थापाको स्वागत मन्तव्य एवम् सल्लाहकार धीषण निरौला र सचिव रविन शर्माको जापानी र नेपाली भाषामा सञ्चालन भएको थियो । अतिथि साहित्यकारसहित महोत्सवमा सहयोगी भूमिका निभाउनेहरूलाई मायाको चिनो वितरण गरिएको थियो । जापानी हाइकुकारले रामकुमार पाँडेलाई मायाको चिनोस्वरूप हाइकु लेखिएको कप र खादा हस्तान्तरण गरेका थिए ।

नेपाल र जापान बीचको सम्बन्धलाई नजिक र प्रगाढ बनाउन र

अन्तर्राष्ट्रियकरण गर्ने विषयमा ८ बुँदे घोषणा-पत्र जारी गरी महोत्सव सम्पन्न भएको थियो । महोत्सव संयोजक प्रकाश पौडेल 'माइला' ले घोषणा-पत्र पढेर सुनाउनु भएको थियो

घोषणा पत्रमा नेपाल र जापानको सम्बन्धलाई जनस्तरमा पुऱ्याउन साहित्यले सेतुको काम गर्ने बताइएको छ। भविष्यमै नेपालमा अन्तर्राष्ट्रिय हाइकु महोत्सव गर्ने, नेपाली हाइकुलाई प्रवर्धन गर्न जापानका चर्चित कृतिहरूको अनुवाद गर्ने, हाइकु अभिमुखीकरण तालिमको व्यवस्था गर्ने, हाइकु केन्द्रको शाखा विभिन्न देशमा विस्तार गर्ने निर्णय गरिएको छ ।

०००

# रचना वाचनसहित जापानमा महाकवि देवकोटाको सम्झना

आइतबार टोक्योमा साहित्यमय बसाइले चिसो समय न्यायो बन्यो । महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११० औं जयन्तीको अवसर पारेर गरिएको कार्यक्रममा स्रष्टाले आफ्ना रचना सुनाउन थालेपछि बसाइको पूरै माहोल सुन्दर बन्यो । यसपालि प्रेमिल र देशप्रेमका भन्दा बलात्कारका घटनामा केन्द्रित रहेका रचना वाचन गरियो । कविहरूका कविता साँच्चिकै मार्मिक र हृदयस्पर्शी थिए । रचना वाचनकै सुरुवात गजलबाट बैकुण्ठ भट्टले गर्नुभएको थियो ।



साथी त धेरै छन् तर प्रियजन खोजिरहेछु,
आफन्तकै भीडमा म आफ्नो पन खोजिरहेछु ।

साना-साना चोटले नै टुटाउँछ फुटाउँछ,
सबै पीडा खप्न सक्ने बेग्लै मन खोजिरहेछु ।

प्रेमिल गजलले माहोल तातिहाल्यो । रचना वाचन भइरहे देश राजनीति, विकृति, विसङ्गतिलगायतका विषयमाथि केन्द्रित रही रचना वाचन भइरहेका बेला कवि हेमन्त गिरीको विश्वास शीर्षकको कविताले धेरैका आँखा रसाए । जापानका अध्यक्ष दीप पाठकको गजलले पनि छोरीको न्याय चेलीको व्यथा नै बोल्यो :

सम्झी-सम्झी मन रुन्छ स्कुल जान्न आमा,
बलात्कार र हत्या हुन्छ स्कुल जान्न आमा ।

त्यो बाटोमा एक्लै हिँड्न डर लाग्छ मलाई,
बाटोभरि खुनैखुन छ स्कुल जान्न आमा ।

खोलो तर्ने बहानामा, गौडा भर्ने बहनामा,
मर्दाङ्गीले शरीर छुन्छ स्कुल जान्न आमा ।

मलाई लुट्छन मारिदिन्छन् तिमी हुन्छ्यौ एक्लै,
तिम्रो चित्कार कसले सुन्छ स्कुल जान्न आमा ।

अन्तर्राष्ट्रिय साहित्य समाज (अनेसास) जापानले लक्ष्मी जयन्तीको अवसरमा रचना वाचन कार्यक्रम सम्पन्न गरेको थियो । ४८ औं नियमित साहित्यिक शृङ्खलाअन्तर्गत टोक्योको नेपाली मुरा हलमा आयोजित कार्यक्रममा लेखिका सरस्वती ज्ञवालीको पुस्तक **लालटिनको उज्यालोमा** पनि विमोचन गरिएको थियो । पुस्तकका बारेमा लेखिका ज्ञवालीले पनि बोल्नुभएको थियो । साथै टोक्योमा सम्पन्न हाइकु महोत्सवका प्रायोजकलाई सम्मान गरियो । कार्यक्रममा अनेसास केन्द्रीय वरिष्ठ उपाध्यक्ष प्रकाश पौडेल 'माइला', अनेसास जापानका संस्थापक अध्यक्ष डा. कुमार बस्नेत, पूर्वअध्यक्ष आलोक चालिसे, लेखिका सरस्वती ज्ञवालीलगायतको उपस्थिति रहेको थियो । कार्यक्रम सरिता ढकालको स्वागत मन्तव्य एवं दीप पाठकको सभापतित्वमा सम्पन्न भएको थियो ।

ooo

# सेन्ट लुइस मिजौरीमा साहित्यिक भेला सम्पन्न

लुइस । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज मिजौरी च्याप्टरद्वारा आयोजित साहित्यिक कार्यक्रम र साहित्यिक भेला सेन्ट लुइस Meramec State park Camp Ground, Sullivan मेरामेक नदीको किनारमा भव्यताका साथ सम्पन्न भएको छ ।

उक्त कार्यक्रम सञ्चालन मिजौरी च्यापटरकी अध्यक्ष उर्मिला निर्दोषीले गर्नुभएको थियो भने आदिकवि भानुभक्त आचार्य, युवाकवि मोतीराम भट्ट, महाकवि देवकोटा आदिको तस्बिरहरूमा माल्यार्पण गर्दै राष्ट्रिय गानबाट सुरुवात गरिएको थियो ।

कार्यक्रममा अध्यक्ष उर्मिला निर्दोषीले नवनिर्वाचित कार्य समितिको परिचय, अनेसास र मेम्बर सीपबारे मन्तव्य दिनुका साथै सहभागी आजीवन सदस्यहरूलाई प्रमाणपत्रहरू वितरण र मिजौरी च्याप्टरको आउँदो कार्यक्रमको बारेमा जनानकारी दिनुभएको थियो ।

त्यस्तै कार्यक्रममा यस क्षेत्रका विभिन्न साहित्यकारहरूको कविता, गीत, गजल, गायन, नाच, गितार बजानका साथ रमाइलो वनभोजसमेत गरी भव्यताका साथ सम्पन्न भएको थियो ।

त्यसैगरी कार्यक्रममा प्रमुख आतिथ्य चितवन नेपाल च्यापटरको अध्यक्ष कवि लकाश पौडेलले गर्नुभएको थियो । यस अवसरमा कवि लकाश पौडेलले



उहाँबाट रचित सातवटा कृतिहरू मिजौरी च्यापटरकी अध्यक्ष उर्मिला निर्दोषीलाई उपहारस्वरूप हस्तान्तरण गर्नुभयो ।

उक्त कार्यक्रमको अन्तमा मिजौरी च्यापटरकी अध्यक्ष उर्मिला निर्दोषीले सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको समापन गर्नुभएको थियो ।

ooo

# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज हङ्कङ च्याप्टरको गतिविधि

अन्तर्राष्ट्रिय साहित्य समाज हङ्कङ च्याप्टरले ५ अगस्टमा भानुजयन्ती भव्यताका साथ सम्पन्न गऱ्यो । हालै पुनर्गठन भएको च्याप्टरले अगस्ट ५ तारिख, आइतबार जोर्डनस्थित कङ्गन रेस्टुरेन्टमा आदिकवि भानुभक्त आचार्यको जन्मजयन्ती समारोह तथा खुल्ला कविता वाचन राखिएको थियो ।

अध्यक्ष भविन लिम्बूको अध्यक्षतामा आयोजित कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ साहित्यिकार कवि अतीत मुखिया रहनुभएको थियो । विशेष अतिथिहरूमा साहित्यकार टङ्क सम्बाहम्फे, महासङ्घकी अध्यक्ष रिता गुरूङ, चित्रकार दीपेन्द्र राईलगायत विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरू रहेका थिए ।

प्रमुख अतिथि मुखियाले चित्रकार रमण गुरुङद्वारा तयार पारिएको भानुभक्तको चित्रको उद्घाटन गरी कार्यक्रम सुरु गरिएको थियो । कार्यक्रममा उपाध्यक्ष रमण गुरुङले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमको दोस्रो चरणमा अनेसासका सङ्घसंस्थापक तथा



पूर्वसंस्थापकहरूलाई सम्मान गरिएको थियो । वरिष्ठ सल्लाहकार पशन तमु, सल्लाहकार टङ्क सम्बाहम्फे, सल्लाहकार कमल पौडेल र मोती चाम्लिङलाई सम्मान गरिएको थियो ।

त्यसैगरी नयाँ कार्य समितिका क्रमशः अध्यक्ष भविन लिम्बू, महासचिव पूर्णिमा शाह, सचिव दीपेन्द्र राई, कोषाध्यक्ष सुनिता गिरीलाई पूर्वसंस्थापक सदस्यहरूबाट प्रमाणपत्र दिएर कार्यभार प्रदान गरिएको थियो । कवि सुनिता गिरीले अनेसासका वर्तमान सदस्यहरूको विवरण पढेर सुनाउनु भयो ।

मन्तव्यमा टङ्क सम्बाहम्फेले भाषा साहित्यिक तथा अनेसासको गतिविधि र यसको पुनर्गठनबारे प्रकाश पार्नुभएको थियो ।

कार्यक्रमको अन्तमा कविता वाचन गरिएको थियो। कवि कमल पौडेलबाट कविता वाचन सुरु गरेलगत्तै पुराना तथा नवप्रतिभाहरूले कविता वाचन गरेका थिए ।

महासचिव पूर्णिमा शाहद्वारा कार्यक्रम सञ्चालन गरिएको थियो । सहभागी सबैलाई प्रमुख अतिथिबाट प्रमाणपत्र वितरण गरिनुका साथै अन्तमा भविन लिम्बूबाट कार्यक्रम समापन गरिएको थियो ।

०००

# नर्थक्यारोलाइना च्याप्टरका गतिविधिहरू

**– शिखर दुवाल**

अध्यक्ष, अनेसास, नर्थक्यारोलाइना च्याप्टर

सन् २००३ मा साहित्यकार नगेन्द्र न्यौपानेको अध्यक्षतामा गठन गरिएको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज नर्थक्यारोलाइना च्याप्टरले आफ्नो स्थापनाकालदेखि नै सक्रियतापूर्वक विविध साहित्यिक कार्यक्रमहरू गर्दै आएको छ । वरिष्ठ साहित्यकारहरूसँग अन्तर्क्रिया, लक्ष्मीजयन्ती, भानुजयन्ती, नियमित घरदैलो साहित्यिक कार्यक्रम, साहित्यिक प्रकाशन यस संस्थाले गर्दै आएका मुख्य कार्यक्रमहरू हुन् । नेपाली साहित्यमा उच्चस्थान बनाइसकेका साहित्यिक व्यक्तित्वहरूदेखि सिकारु र नेपाली साहित्यलाई माया गर्ने साहित्य अनुरागीहरूसमेत यस संस्थामा समेटिएका छन् । विगत छ महिनामा यस संस्थाले गरेका कार्यक्रमहरू यस प्रकार छन् :

**क)** **मासिक घरदैलो साहित्यिक कार्यक्रम :**

नियमित रूपमा गर्दै आएको घरदैलो साहित्यिक कार्यक्रम विगत छ महिनामा छ पटक आयोजना गरियो । कार्यक्रममा हरेक महिना एकजना साहित्यिक स्रष्टाको व्यक्तित्व र कृतित्वका बारेमा छलफल, सम्भव भएसम्म स्रष्टासँग विद्युतीय माध्यमबाट अन्तर्क्रिया, स्थानीय सहभागीहरूवाट रचना वाचन र छलफल गरिन्छ। यस अवधिमा मोहन दुवाल, द्वारिका श्रेष्ठ, श्यामदास वैष्णव, विमल भौकाजी, मोमिला र कालीप्रसाद रिजालका बारेमा छलफल गरियो । यसका साथै त्रैमासिक रूपमा नेपाली सहित्यमा चर्चित पुस्तकहरूमध्येबाट छानिएको एक पुस्तकको बारेमा छलफल गर्ने योजनाअनुसार यो छ महिनाको अवधिमा दुई पुस्तकहरूको चर्चा-परिचर्चासमेत गरियो ।

**ख)** **भानुजयन्ती :**

नेपाली साहित्यमा आदिकवि भानुभक्तको योगदानको चर्चा गर्दै स्थानीय नेपाली भाषा पाठशालाका विद्यार्थीहरूबीच भानुभक्तका विषयमा वक्तृत्वकला र खुल्ला कविता वाचन गरी यस वर्षको भानुजयन्ती मनाइयो ।

**ग)** **महाकवि देवकोटा जयन्ती :**

महाकवि देवकोटाको कृतित्व र व्यक्तित्वका बारेमा प्रवचन, देवकोटाका रचना वाचन र खुल्ला साहित्यिक रचना वाचन गरी महाकवि देवकोटा जयन्ती मनाइयो ।

ooo

# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कतारको परिचय तथा गतिविधि

**–प्रेमप्रसाद भट्टराई**

अध्यक्ष, अनेसास, कतार च्याप्टर

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कतार च्याप्टरको स्थापना सन् २००६ मा शिखर वैद्यको संयोजकत्वमा भएको थियो । पहिलो अधिवेशन सन् २००७ मा दीपक भेटवालको अध्यक्षतामा ११ सदस्य कार्य समिति गठन भएको थियो । दोस्रो

अधिवेशन सन् २००९ मा पनि दीपक भेटवालकै अध्यक्षतामा ११ सदस्य कार्य समिति गठन भएको थियो । तेस्रो अधिवेशन सन् २०११ मा हेमन्त परदेशीको अध्यक्षतामा ११ सदस्य कार्य समिति गठन भएको थियो । चौथो अधिवेशन २०१३ र पाँचौं अधिवेशन २०१५ मा तीर्थ सङ्गम राईको अध्यक्षतामा ११ सदस्य र १५ सदस्य कार्य समिति गठन गरिएको थियो । त्यसैगरी छैटौं अधिवेशन २०१७ मा श्यामराज रानाभाटको अध्यक्षतामा १५ सदस्य कार्य समिति गठन गरियो र २०१८ सेप्टेम्बर १४ तारिख विशेष अधिवेशनबाट हालको १५ सदस्य कार्य समिति गठन गरियो हालको कार्य समिति यसप्रकार रहेको छ ।

| | | |
|---|---|---|
| अध्यक्ष | : | प्रेमप्रसाद भट्टराई |
| प्रथम उपाध्यक्ष | : | सीताराम थापा |
| द्वितीय उपाध्यक्ष | : | मणि पौडेल |
| महासचिव | : | लेख कार्की |
| सचिव | : | यादव रेग्मी |
| कोषाध्यक्ष | : | दिलीप पराजुली |
| सह-कोषाध्यक्ष | : | खेमराज सुवेदी |
| सदस्य | : | चक्र कार्की |
| सदस्य | : | माया के.सी. |



सदस्य : विन्देश्वर ठाकुर
सदस्य : सन्तोष अधिकारी
सदस्य : बेचेन महतो
सदस्य : राजन राई
सदस्य : नारायण भण्डारी
सदस्य : सागर भण्डारी

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कतार च्याप्टरले कतारमा रहेका थुप्रै साहित्यिक मनहरूलाई एउटै चौतारीमुनि भेला गरी साहित्यिक सिर्जनामा घच्घच्याउने रचना वाचन गर्ने, प्रकाशन गर्ने, पुस्तक अध्ययनका लागि प्रेरित गर्ने आदि कामहरू गर्दै आइरहेको छ । कतारमा रहेका विभिन्न सामाजिक सङ्घसंस्थाहरूको साथ, सहयोग तथा यहाँ रहेका अन्य दुई साहित्यिक संस्थाहरू 'नवोदित साहित्यिक वाचनालय' र 'सन्ध्या ..... अलखोर' सँग सहकार्य गर्दै विविध साहित्यिक गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ। अनेसास कतार र नवोदित साहित्यिक वाचनालय कतारबाट संयुक्त रूपमा मासिक रूपमा हरेक महिनाको दोस्रो शुक्रबार सञ्चालन हुँदै आएको अनेसास-नवोदित साहित्यिक वाचन डबलीले अहिलेसम्म ८९ औँ शृङ्खला पार गरिसकेको छ ।



**अनेसास कतार च्याप्टरले गत ६ महिनामा सम्पन्न गरेका गतिविधिहरू :**

१. मे १६ तारिख २०१८ का दिन अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) का वर्तमान कार्य समितिका महासचिव श्री गणेश घिमिरे तथा गीतकार, मुक्तककार एवम् साहित्यिक सर्जक श्री तीर्थराज अधिकारीसँग उहाँहरूको यात्राको क्रममा कतारमा पर्न गएको ट्रान्जिटलाई सदुपयोग गर्दै दोहाको हिमालयन रेस्टुरेन्टको हलमा औपचारिक भेटघाट, परिचय तथा रचना वाचन सम्पन गरेको थियो ।

२. जुलाई २२ तारिख २०१८ का दिन २०४ औँ भानुजयन्तीको अवसर पारेर कतारमा बसेर साहित्यिक क्षेत्रमा कलम चलाउँदै आउनुभएका ४ जना सर्जकहरू क्रमशः तीर्थ सङ्गम राई, सीताराम थापा, रूप रसाइली र माया के.सी.को संयुक्त वाचन रहेको 'कविता कन्सर्ट' कार्यक्रम सम्पन्न गरेको थियो ।

३. जुलाई २०१८ मा अमेरिकामा आयोजित साहित्यिक समारोहमा सहभागी भएर नेपाल फर्कदै गर्नुभएका चर्चित गजलकार श्री डा. घनश्याम रिजालको कतारको विमानस्थलमा परेको ट्रान्जिटको समयको सदुपयोग गर्दै उहाँसँग कतारमा रहनुभएका साहित्यकार, सर्जक तथा साहित्यानुरागीहरूसहितको समूहले गोर्खा रेस्टुरेन्टको सभाहलमा भेटी परिचय तथा रचना वाचनसहितको औपचारिक कार्यक्रम सम्पन्न गरेको थियो ।

४. १५३ औँ मोती जयन्तीको अवसर तथा अनेसास नवोदितको ८५ औँ साहित्यिक वाचन डबली पारेर १४ सेप्टेम्बर २०१८ का कतारमा बसेर गजल विधामा कलम चलाउनुहुने ५ जना गजलकारहरू क्रमशः दिलीप पराजुली, सन्तोष अधिकारी, चक्र कार्की, ईश्वर राई 'लजालु' तथा नारायण 'निर्जल' भण्डारीको संयुक्त गजल वाचन 'मोती एक गजल अनेक' कार्यक्रम सम्पन्न गरिएको थियो ।

५. २०१८ सेप्टेम्बर १४ तारिख अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कतार च्याप्टरको विशेष अधिवेशन दोहा सहरको टपफम रेस्टुरेन्टको सभाहलमा सम्पन्न गरियो, कार्य समिति माथि उल्लेख गरिएको छ ।

६. सेप्टेम्बर २८ तारिख २०१८ का दिन अनेसासका केन्द्रीय उपाध्यक्ष

(अस्ट्रेलिया) का श्री भीमसेन सापकोटाज्यूको कतारको ट्रान्जिटको समयलाई सदुपयोग गरी उहाँसँग दोहाको स्वागत रेस्टुरेन्टको सभाहलमा कतारका नेपाली साहित्यिक सर्जक र साहित्यानुरागीहरूबीच भेटघाट परिचय तथा रचना वाचन कार्यक्रम सम्पन्न भएको थियो ।

६. नेपाली साहित्यमा रुचि राख्दै साहित्यका विविध विधामा कलम चलाउँदै आउनुभएका सर्जक तथा रङ्गकर्मी श्री प्रवीण राई विगत केही महिनादेखि मृगौला पीडित हुनुभएको जानकारी प्राप्त भएपछि उहाँले विगतमा कतारमा रहँदा साहित्य क्षेत्रमा पुऱ्याउनु भएको योगदानको स्मरण गर्दै अनेसास कतार र नवोदित वाचनालय कतारले ३२ हजार नेपाली रूपैयाँ सङ्कलन गरी सहयोगस्वरूप प्रदान गरिएको छ ।

ooo

# अनेसास कोरिया च्याप्टरका गतिविधिहरू

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, दक्षिण कोरिया च्याप्टर अनेसासका च्याप्टरहरूमध्ये एक सक्रिय च्याप्टर हो । अनेसास कोरिया च्याप्टरले विगतका दिनमा डायस्पोरामा रहेर नेपाली साहित्यमाथि महत्त्वपूर्ण योगदान गरेको कुरा घाम-जूनजत्तिकै छर्लङ्ग छ । हामीले विगतका समयमा अनेसास एसियाली सम्मेलन, अन्तर्राष्ट्रिय खुला कविता प्रतियोगितादेखि लिएर कोरियन कवि र नेपाली कविका कविताहरू अनुवाद गरेर वाचन गरेर नेपाली कवितालाई कोरियन कविसामु सुनाएका पनि छौँ । काव्यसुधाका नियमित शृङ्खला, भानु, लक्ष्मी, मोतीजयन्ती विशेष कार्यक्रम र काव्यसुधा फेसबुक लाइभमा कविता वाचनका कार्यक्रमहरू अनेसास कोरियाका नियमित कार्यक्रमहरू हुन् ।

अनेसास जापानद्वारा प्रकाशित कृतिका लागि प्रत्येक च्याप्टरका पछिल्ला छ महिनाका गतिविधिहरू माग गरिएकोमा, पछिल्लो मे महिना यताका कार्यक्रम र गतिविधिहरू यसप्रकार छन् :

**(क) मे ६ मा काव्यसुधा (मुक्तक वाचन) र वनभोज कार्यक्रम**

स्थान : दोङ्देमुन सङक्वाक पार्क, सौल

मुक्तक वाचकहरू : विष्णु वाग्ले
रुद्र कँडेल

डी आर न्यौपाने सूर्य
सञ्जय घिमिरे
लोकराज न्यौपाने
कमल बाछिटे




**(ख) मे १९ साहित्यसाँझ, अन्तर्क्रिया, सम्मान तथा रचना वाचन**

स्थान : माउन्ट एभरेस्ट रेस्टुरेन्ट, सुवन

सम्मानित : मोहराज शर्मा (कवि, पत्रकार)



## (ग) जुलाई १ मा काव्यसुधा, कविता वाचन

कविहरू : विनोद एकलभ्या
मणि भुषाल
सरोज भण्डारी
जनक सन्याल

स्थान : नेपाल हाउस, सौल




## (घ) मोतीजयन्ती (बृहत् गजल वाचन) अनेसास कोरिया सङ्गीत सम्मान-२०१८

(रमेश सङ्ग्रौला)

सेप्टेम्बर २३, २०१८

स्थान : सौल सभाहल कोरिया



**(ङ) काव्यसुधा लाइभअन्तर्गतका नियमित कार्यक्रमहरू :**

| | | |
|---|---|---|
| मे १३ | : | कृष्ण रिजाल (मुक्तक) |
| मे २० | : | सरोज भण्डारी (कविता) |
| मे २७ | : | दीप दर्शन (गजल) |
| जुन ३ | : | कमल बाछिटे (मुक्तक) |
| जुन १० | : | शरद पोखेल (कविता) |
| जुन १७ | : | धीरेन्द्र स्पन्दन (गजल) |
| जुलाई ८ | : | भोजराज घोडासैनी (मुक्तक) |
| जुलाई १५ | : | वी.पी अस्तु (कविता) |
| जुलाई २२ | : | विद्या निर्दोष पहाडी (गजल) |
| जुलाई २८ | : | टिपी खनाल (कविता) |
| अगस्ट ५ | : | प्राञ्जल (मुक्तक) |
| अगस्ट १२ | : | प्रवासी काजी (गजल) |
| अगस्ट १९ | : | सुदेश सत्याल (समकालीन छन्द कविता विषयक छलफल साथमा जनक सन्याल) |
| सेप्टेम्बर १८ | : | नरेन्द्र विक्रम के.सी. (गजल) |
| अक्टोबर ७ | : | ह्यारी बोन्ड (गजल) |

ooo

# ११० औँ लक्ष्मीजयन्ती तथा राष्ट्रकविज्यूको १०० औँ जन्मोत्सव न्युयोर्कमा सम्पन्न

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज न्युयोर्क च्याप्टरको आयोजनामा ११० औँ देवकोटा जयन्ती सम्पन्न भएको छ । यस संस्थाद्वारा वर्षेनि मनाइने यो लक्ष्मीजयन्ती कार्यक्रम यसपटक क्विन्सको ज्याक्सन हाइटस्थित हिमालयन याकमा देवकोटाको चिनारी, पुस्तक विमोचन रचना वाचन र देउसी भैलो आदि कार्यक्रमसहित मनाइएको थियो ।

अनेसास न्युयोर्क च्याप्टरले देवकोटा जयन्तीको यस अवसर पारेर राष्ट्रकवि माधव घिमिरेको १०० औँ जन्मोत्सव पनि भव्यताका साथ मनायो । उक्त कार्यक्रममा राष्ट्रकविले नेपाली साहित्यमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै

अनेसास न्युयोर्क च्याप्टरद्वारा उहाँलाई सम्मान तथा अभिनन्दन पत्र प्रदान गर्नुका साथै उहाँको सु-स्वास्थ्य तथा दीर्घायुको कामना गरिएको थियो । राष्ट्रकविका तर्फबाट अभिनन्दन पत्र उहाँकै कान्छी छोरी साहित्यकार ज्योति पौडेलले ग्रहण गर्नुभएको थियो ।

उक्त कार्यक्रममा राष्ट्रकविबाट उहाँकै आवाजमा पठाउनुभएको सन्देश पनि बजाएर सुनाइएको थियो ।



ooo

# अनेसास न्यु ह्यामसायरको वार्षिक कार्य (प्रगति प्रतिवेदन–२०१८)

आदरणीय केन्द्रीय अध्यक्षज्यू,
अनेसास, केन्द्रीय कार्यालय

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज न्यु ह्यामसायर च्याप्टरले यस वर्ष २०१८ मा निम्नलिखित कार्यक्रमहरू गरेको र कार्यक्रमपश्चात् केन्द्रमा जानकारीसमेत पठाउने गरिएको व्यहोरा अवगत गराँउदछु । तथापि आगामी मुखपत्रमा प्रकाशनका लागि समष्टिगत प्रतिवेदन निम्नानुसार पठाइएको र साथमा कार्यक्रमगत केही फोटाहरू पनि संलग्न रहेको व्यहोरा सहर्ष जानकारी गराँउदछौँ ।

हार्दिक धन्यवादसहित कृष्णकुमार गिरी
अध्यक्ष, न्यु ह्यामसायर च्याप्टर
अमेरिका

अक्टोबर १४, २०१७ मा संस्थाको चौँथो साधारण सभाले हालको कार्यकारिणी समिति गठन गरेपश्चात् संस्थाको बैठक बसी आगामी वर्षको कार्यक्रमहरू तय गरेको थियो, जसमा :

१. सरस्वती पूजा जुन जनवरी २०, २०१८ मा भव्य रूपमा केन्द्रीय अध्यक्ष पदम विश्वकर्माको प्रमुख आतिथ्यमा सम्पन्न गरिएको थियो ।

**२. न्यु ह्यामसायरमा दोस्रो च्याप्टर सम्मेलन सम्पन्न**

न्यु ह्यामसायर, अमेरिका मे १४ । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) को दोस्रो च्याप्टर सम्मेलन अमेरिकी उत्तरपूर्वी राज्य न्यु ह्यामसायरमा (११-१३ मे, २०१८) सम्पन्न भएको छ । न्यु ह्यामसायर को राजधानी सहर कङ्कर्डमा तीन दिनसम्म चलेको सम्मेलन आइतबार सम्पन्न भएको हो ।

अनेसास न्यु ह्यामसायर च्याप्टर अध्यक्ष कृष्ण गिरीको स्वागत मन्तव्यसहित शुक्रबार रात्रिभोजमार्फत् सम्मेलनको सुरुवात भएको थियो । सम्मेलनको औपचारिक उद्घाटन भने आइतबार बिहान भयो । अनेसासका अध्यक्ष पदम विश्वकर्माको सभापतित्वमा सम्पन्न उद्घाटन कार्यक्रममा राज्यका गभर्नर क्रिस्टोफर टि सुनुनु प्रमुख अतिथि थिए । यस्तै, अतिथिका रूपमा अनेसास बोर्ड अफ ट्रस्टीका अध्यक्ष डा. श्याम कार्की, पूर्व अध्यक्षहरू किरण ढुङ्गाना, मोहन सिटौला, ट्रस्टी उपाध्यक्ष रोहिणी शर्मा र गीता खत्री उपस्थित थिए । राज्यका सिनेटर डेबिटी वाटर, ड्यान फिलेट्सलगायत अतिथि कार्यक्रमको निम्तालु थिए ।

अनेसासका वरिष्ठ उपाध्यक्ष राधेश्याम लेकालीले सम्मेलनको उद्देश्यमाथि प्रकाश पारेपछि उद्घाटन कार्यक्रममा अनेसासका कृतिहरू **अन्तर्दृष्टि**, प्रथम अन्तर्राष्ट्रिय अनेसास च्याप्टर सम्मेलनको स्मारिका र अनेसास क्यालेन्डर विमोचन गरिएको थियो । त्यसपछि अनेसास अध्यक्ष विश्वकर्मा र बोर्ड अफ ट्रस्टी अध्यक्ष डा. कार्कीले न्यु ह्यामसायर च्याप्टरलाई सम्मानपत्र प्रदान गरेका थिए । विश्वकर्मा र डा. कार्कीले



अनेसास न्यु ह्यामसायर च्याप्टरका प्रधान सम्पादक ईश्वरीप्रसाद भट्टलाई प्रशंसा-पत्र प्रदान गरेका थिए ।

कार्यक्रममा अनेसास भवन भट्ट विशिष्ट महिला साहित्य पुरस्कार गीता खत्रीले पाएकी थिइन् । डायस्पोरा महिला साहित्यकार सम्मान शकुन्तला ज्ञवाली एवम् अनेसास उत्कृष्ट पुस्तक पुरस्कार लालगोपाल सुवेदी र किरण ढुङ्गानाले पाएका थिए । कार्यक्रममा गभर्नर सुनुन, सिनेटरहरू वाटर र फिलेट्स, अनेसास संस्थापक अध्यक्ष होमनाथ सुवेदी, पूर्व अध्यक्ष गीता खत्री, बोर्ड अफ ट्रस्टी अध्यक्ष डा. कार्कीले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । अनेसास न्यु ह्याम्पसायर च्याप्टर अध्यक्ष गिरीले स्वागत एवम् न्यु ह्यामसायर च्याप्टरका संरक्षक उमेश कोइरालाले धन्यवाद ज्ञापन गरेको उद्घाटन कार्यक्रमलाई सभापति विश्वकर्माले मन्तव्यसहित समापन गरेपछि दोस्रो सत्रका रूपमा विश्व काव्य सम्मेलन सुरु भएको थियो । संस्थाका महासचिव गोबर्द्धन पूजाले कार्यक्रम सञ्चालन गरेका थिए ।

साहित्यकार डा. गोविन्दसिंह रावतको सभापतित्वमा सम्पन्न कवि



गोष्ठीमा विभिन्न देशबाट आएका साहित्यकारहरूले आफ्नो-आफ्नो प्रस्तुति दिएका थिए । कवि गोष्ठी कार्यक्रमको संयोजक केन्द्रीय उपाध्यक्ष प्रकाश पौडेल 'माइला' ले गरेका थिए । त्यसपछिको सत्रमा अनेसासका च्याप्टरहरूले प्रतिवेदन प्रस्तुत गरेपछि दोस्रो दिनको औपचारिक कार्यक्रम सम्पन्न भएको थियो । तेस्रो दिन अनेसास उपाध्यक्ष भीमसेन सापकोटाको सकारात्मक सोचबारेको प्रस्तुतिसहित कार्यक्रम सुरु भएको थियो । अनेसासको संस्थागत विकासका लागि प्यानल बहस एवम् नेतृत्व विकासबारे प्रस्तुति पनि तेस्रो दिन नै भएको थियो । त्यसबाहेक च्याप्टरहरूको न्युनतम कार्यक्रम, कार्यपत्र र छलफलबारे पूर्वअध्यक्ष मोहन सिटौलाले कार्यपत्र प्रस्तुत गरेका थिए । अन्तमा न्यु ह्यामसायर घोषणा-पत्र सार्वजनिक गर्दै सम्मेलन सम्पन्न गरिएको थियो । सर्वज्ञ वाग्लेले घोषणा-पत्र पढेर सुनाउनु भएको थियो । सम्मेलनको विभिन्न चरणमा सांस्कृतिक कार्यक्रम पनि राखिएको थियो । अमेरिका लगायत विभिन्न भू-भागबाट आएका प्रतिभाहरूले नृत्य एवम् गायन प्रस्तुत गरेका थिए । आजीवन सदस्यहरूलाई प्रमाण-पत्र तथा सम्मेलनमा महत्त्वपूर्ण योगदान दिनेलाई मायाको चिनो प्रदान गरिएको थियो । सम्मेलन समापनपश्चात् आइतबार साहित्यकार गीता खत्रीद्वारा लिखित चलचित्र प्रदर्शन गरिएको थियो ।

गत वर्ष क्यालिफोर्नियाको लस एन्जल्समा आयोजित पहिलो अन्तर्राष्ट्रिय अनेसास सम्मेलनको सफलतापश्चात् यस वर्ष न्यु ह्यामसायरमा दोस्रो च्याप्टर सम्मेलन आयोजना गरिएको हो । सम्मेलनमा नेपाल, जापान, भारत, नर्वे, बेल्जियम अस्ट्रेलिया, क्यानाडा, अमेरिकालगायत झन्डै २ दर्जन च्याप्टरहरूबाट सहभागिता रहेको थियो ।

## ३. आदिकवि भानुभक्त आचार्यको २०५ औँ जन्मजयन्ती-न्यु ह्यामसायरमा भव्य रूपमा सम्पन्न

अनेसास न्यु ह्यामसायरको आयोजनामा २०५औँ भानुजयन्ती न्यु ह्यामसायरको हुक्सेट लाइब्रेरी हुक्सेटमा यही जुलाई १४ तारिख़ २०१८ शनिबार भव्य रूपमा सम्पन्न भएको छ । कार्यक्रम संस्थाका




अध्यक्ष कृष्णकुमार गिरीको स्वागत मन्तव्य एवं आदिकवि भानुभक्त आचार्यको फोटोमा पुष्पगुच्छा अर्पण गरी सुरु गरिएको थियो। शिक्षाविद, साहित्यप्रेमी, वयोवृद्ध लक्ष्मणप्रसाद उपाध्यायको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा विशेष अतिथि केन्द्रीय महासचिव गोवर्धन पूजा रहनुभएको थियो। त्यसैगरी एनआरएन आइ.सी.सी. अनररी सदस्य शिवकुमार राई र च्याप्टर पूर्वअध्यक्ष अग्निप्रसाद पराजुलीको पनि आतिथि हुनुहुन्थयो।

कार्यक्रममा कवयित्री दीपा राई पुन, ईश्वरी भट्ट, सुशील नेपाल, पेमा छेवाङ शेर्पा, अनु शाह, गोवर्धन पूजा, हरिमाया अधिकारीले आ-आफ्ना रचना वाचन गर्नुभएको थियो भने सुनिता गुरुङले सङ्गीत र गायन प्रस्तुत गर्नुभएको थियो। त्यसैगरी च्याप्टर पूर्वअध्यक्ष अग्नि पराजुलीले हार्मोनियम बजाएर रोचकता थप्नुभएको थियो। त्यसैगरी पत्रकार राजेश कोइरालाले नेपाली भाषा संरक्षण महत्त्वमा व्याख्या एवं प्रमुख अतिथि लक्ष्मणप्रसाद उपाध्यायले आदिकवि भानुभक्त आचार्यको बारेमा चर्चा गर्नुभएको थियो।

कार्यक्रमका विशेष अतिथि महासचिव गोवर्धन पूजाले संस्थालाई अनवरत सेवा र सहयोग गरेकोमा शिवकुमार राई, डा.रुद्र अर्याल, शारदा माया भट्टहरूलाई सम्मान, क़दरपत्र वितरण गर्दै नेपाली भाषा, साहित्य एवं भानुभक्त आचार्यलाई हामीले विदेशमा रहेर पनि दिनदिनै सम्झिएको र सधैं सम्झने कुरा बताउनुभएको थियो।

संस्थाका उपाध्यक्ष हरिमाया अधिकारीको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा गैरआवासीय नेपाली सङ्घका च्याप्टर अध्यक्ष डम्बर कडरिया, नेपाली समाजका अध्यक्ष सोम गुरुङ, किरात राई न्यु इंग्ल्यान्डका अध्यक्ष मुक्तिनारायण राई, तमु समाजका अध्यक्ष शम्भुकुमार गुरुङ, जनजाति महासङ्घका अध्यक्ष सुन्दरी गुरुङ, समाजसेवी लोक लामा गोले, गायिका पविता परियार, फ़ोटोग्राफर विमल नेपाल र वेकी फ़ल्डीलगायत थुप्रै सामाजिक व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । कार्यक्रम सञ्चालन गर्दै प्रधान सम्पादक ईश्वरी भट्टले उपस्थित सबैमा र हुक्सेट लाइब्रेरी हुक्सेटलाई धन्यवाद व्यक्त गर्नुभएको थियो ।

## ४. वार्षिक साधारण सभा तथा महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्ती

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज न्यु ह्यामसायरको आयोजनामा यही अक्टोबर २०, २०१८ मा न्यु ह्यामसायरको कङ्कडमा एक भव्य कार्यक्रम गरी संस्थाको पाँचौं साधारण सभा र ११० औँ महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्ती सम्पन्न भएको छ ।



कार्यक्रममा विशिष्ट अतिथिको रूपमा गभर्नर क्रिस सुनुनु र सेनेटर लाउ डी एल्सेन्द्रोको समेत उपस्थिति रहेको थियो । उपस्थित विशिष्ट पाहुनाहरूलाई टोपी र फूलका गुच्छाले सम्मान गर्दै संस्थाका अध्यक्ष एवं कार्यक्रमका सभापति कृष्णकुमार गिरीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने संस्थाको सदस्य हरिकुमारी गुरुङले विशिष्ट अतिथि र सम्पूर्ण अतिथिहरूलाई खादा ओढाई सम्मान गर्नुभएको थियो ।

स्वागत मन्तव्यको क्रममा श्री गिरीले भन्नुभयो - संसारको सबै भन्दा ठूलो, सुन्दर र रङ्गीचङ्गी बगैँचारूपी यस देशमा नेपाली भाषा, साहित्य, कला-संस्कृति र परम्परालाई स्थानीय सरकार र जनसमुदायसँग जोड्न पाउनु एउटा ठूलो उपलब्धि हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै महामहिम गभर्नर क्रिस सुनुनुले आफू सबै फूलहरूको माया गर्ने र सबैको कार्यक्रम मन पराउने तर अझै कविता आफूलाई मनपर्ने बताउनुभएको थियो । त्यसैगरी गभर्नरले विजयादशमीको पनि टुइटमार्फ़त् शुभकामना व्यक्त गर्नुभएको थियो । अर्का विशिष्ट व्यक्तित्व सेनेटर डी. यल्सान्द्रोले पनि राम्रो कामको प्रशंसा गर्दै कार्यक्रमको सफलताको कामना गर्नुभएको थियो । त्यसैगरी नेपाली समाज न्यु ह्यामसायरका अध्यक्ष सोम गुरुङले विशिष्ट पाहुनाहरूलाई धन्यवाद दिनुभएको थियो । कार्यक्रममा कवि तुलसी आचार्य, ईश्वरी भट्ट, रामचन्द्र भण्डारी, कृष्णकुमार गिरी, पेमा क्षेवाङ शेर्पाहरूले आफ्ना रचना वाचन गरेका थिए । बालबालिकाहरू रितेश आचार्य रेहा अधिकारी, हेमा ढुङ्गेल, गृष्मा र विकास खतिवडाले आफ्नो प्रतिभा नाचेर, गाएर, मादल, तबला बजाएर प्रदर्शन गरेका थिए । कार्यक्रमका प्रमुख अतिथि एनआरएन यूयसएका पूर्वअध्यक्ष एवं सल्लाहकार एवं आइसीसी मानार्थ सदस्य शिवकुमार राईले कार्यक्रममा भाग लिने बालबालिकाहरूलाई उपहार प्रदान गर्दै अनेसासले गरेका कामको प्रशंसा गर्नुभएको थियो । अनेसासका केन्द्रीय सचिव लालगोपाल सुवेदीले लक्ष्मीप्रसाद देवकोटाको जीवनीबारे छोटो टिप्पणी राख्दै मीठो छन्दबद्ध कविता वाचन गर्नुभएको थियो ।

संस्थाका अध्यक्ष कृष्णकुमार गिरीको सभापतित्वमा सञ्चालित उक्त

कार्यक्रममा पूर्वअध्यक्ष तथा केन्द्रीय सदस्य अग्नि पराजुली, गैरआवासीय नेपाली समाज न्यु ह्यामसायरका अध्यक्ष डम्बर कडरिया, नेपाली समाज न्यु ह्यामसायरका अध्यक्ष सोम गुरुङ, जनजाति महासङ्घ न्यु ह्यामसायरका अध्यक्ष सुन्दरी गुरुङ, नेपाली भुटानिज कमिटीका संयोजक एवं संस्थाका सल्लाहकार टीका आचार्य, प्राध्यापक डा. रुद्र अर्याल, प्रधान सम्पादक तथा एनआरएन आइ.सी.सी. भाषा तथा साहित्य उपसमितिका सदस्य ईश्वरी भट्ट, संस्थाका संरक्षक एवं लायन्स क्लबका अध्यक्ष उमेश कोइरालालगायतका व्यक्तित्वहरूको आतिथ्य रहेको थियो । त्यसैगरी वेस्टनका कवि सुशील नेपाल र टोरन्टोका कवि रविमान सिंह वस्नेतले पनि आफ्ना रचना वाचन गर्नुभएको थियो ।

पूर्वअध्यक्ष एवं केन्द्रीय सदस्य अग्निप्रसाद पराजुलीले च्याप्टर र केन्द्रको सम्बन्ध एवं अनेसासको प्रगतिको चर्चा गर्नुभएको थियो । त्यसैगरी प्रधानसम्पादक एवं आइ.सी.सी. भाषा साहित्य उपसमिति सदस्य ईश्वरी भट्टले संस्थाले स्थापना कालदेखि नै राम्रा कार्यक्रम गर्दै आएको र अब प्रकाशनतिर जोड़ दिनुपर्ने बताउँदै कार्यक्रममा सहभागी सबैलाई धन्यवाद व्यक्त गर्नुभएको थियो ।

अन्तमा, सभा विसर्जन गर्दै संस्थाका अध्यक्षले अनेसास आज बढी सक्रिय र सशक्त भई आगामी दिनमा काम गर्दै जानेछ भन्दै संस्थाका आजीवन सदस्यज्यूहरू र उपस्थित सम्पूर्ण सबैप्रति आभार प्रकट गर्नुभयो । कार्यक्रमको प्रारम्भमा महासचिव तुलसी आचार्यले वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष दर्पण किरात राईले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने सभासदहरूबाट दुवै प्रस्तावहरू एकमतले पारित गरेको थियो । कार्यक्रम संस्थाका महासचिव तुलसी आचार्यले सञ्चालन गर्नुभएको थियो । आफ्नो अमूल्य समय दिई कार्यक्रमको शोभा बढाई दिनुभएकोमा अनेसास परिवार महामहिम गभर्नर क्रिस सुनुनुप्रति हार्दिक आभार एवं धन्यवाद ज्ञापन गर्दछ ।

## ५. विविध समयमा कोठे कविता वाचन

अनेसास न्यु ह्यामसायरले यही नोभेम्बर १७, २०१८ मा आफ्नो कार्यालय, १८ स्टाएल्स ड्राइव कङ्कडमा एककोठे कविता वानच तथा

सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको छ। प्रधानसम्पादक श्री ईश्वरी भट्टको आयोजनामा गरिएको उक्त कार्यक्रममा संस्थाका अध्यक्ष कृष्णकुमार गिरी, उपाध्यक्ष हरिमाया अधिकारी, महासचिव तुलसी आचार्य, प्रधानसम्पादक ईश्वरी भट्ट, सल्लाहकार शिवकुमार राई, डा. रुद्र अर्याल, नेपाली समाजका अध्यक्ष सोम गुरुङ, समाजका सचिव रामचन्द्र भण्डारी, समाजका कोषाध्यक्ष कमल ढुङ्गाना, सदस्य कुमार भट्टराई, गैरआवासीय नेपाली सङ्घका अध्यक्ष डम्बर कडरिया, उपाध्यक्ष टोप गुरुङ, अनेसास केन्द्रीय सदस्य अग्निप्रसाद पराजुली, सङ्गीतकार प्रेमसागर खतिवडालगायतले आ-आफ्नो मन्तव्य, कविता, कथा, गीत, गजलहरू वाचन गर्नुभएको थियो। कार्यक्रममा संस्थाका प्रधानसम्पादक बोर्ड अफ ट्रस्टीको सदस्य हुनु भएकोमा बधाई तथा खुसी व्यक्त गरिएको थियो। साथै कलाकार हरिमाया अधिकारीले गाउनुभएको तथा प्रेमसागर खतिवडाले सङ्गीत भर्नुभएको गीत 'म परदेश भएर के भो' लाई डायस्पोरिक गीतको रूपमा डायस्पोराको कुनै पनि कार्यक्रममा सर्वप्रथम गाउन एनआरएन र अनेसासमा प्रस्ताव पठाउने सर्वसम्मत भएको थियो।

ooo

## अमेरिकाको बोस्टनमा १०९ औँ लक्ष्मीजयन्ती मनाइयो

२७ कार्तिक, २०७५, अमेरिका। अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज बोस्टन च्याप्टरको आयोजनामा महाकवि लक्ष्मीप्रसाद देवकोटाको १०९ औँ जन्मजयन्ती रूपमा मनाइएको छ।

देवकोटाको तस्बिरमा माल्यार्पण गरिएपछि चार वर्षीय बालक हार्दिक काफ्लेले गायत्री मन्त्र र सरस्वती वन्दना कण्ठस्त सस्वर रूपमा सुनाएर कार्यक्रमलाई आकर्षक मोड दिनुभयो। अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका नवनिर्वाचित केन्द्रीय सचिव तथा अनेसास बोस्टन च्याप्टरका अध्यक्ष लालगोपाल सुवेदीले बहुप्रवृत्ति भएका देवकोटा आफैमा विश्वविद्यालय भएको तथ्य औँल्याउँदै उनको मानवतावादी दर्शनलाई हामीले व्यवहारमा समेत उतार्न सक्नुपर्ने बताउनुभयो।

पूर्वअध्यक्ष हरिप्रसाद काफ्ले शैवले देवकोटा मानवभन्दा उपल्लो श्रेणीका विराट् व्यक्तित्व भएको धारणा राख्नुभयो। पशुपति बुद्ध फ़ाउन्डेसनका अध्यक्ष

विष्णुमणि आचार्यले देवकोटा महान समाजसेवी र असल राजनीतिज्ञ पनि भएको बताउनुभयो ।

जिबिएन्सीका पूर्वअध्यक्ष राम थापाले अनेसास बोस्टनले गरेको प्रगतिले बोस्टनले नेपाली साहित्यमा ठूलो प्रगति भएको धारणा अघि सार्नुभयो । पूर्वअध्यक्ष डा. उषा शर्माले नेपाली भाषा र साहित्यलाई कसरी दोस्रो पुस्तामा हस्तान्तरण गर्न सकिन्छ भन्नेमा हामी सबै गम्भीर बन्नुपर्ने धारणा राख्नुभयो ।

कवि शान्ति जोशीले सच्चा भावनाले साहित्यको सेवा गरेमा हाम्रो महानता चुलिँदै जान्छ भन्ने धारणा राखिन् । मनोज आचार्य, अभि गजुरेल, बालकृष्ण सुवेदी, प्रकाश खड्कालगायतले कविता, गीत, गजल आदि वाचन गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन वरिष्ठ उपाध्यक्ष यम पौडेलले सबै सहभागीको मन जित्ने उद्देश्यले कवितामय शैलीमा सञ्चालन गर्नुभएको थियो ।

कार्यक्रमको दोस्रो चरणमा नयाँ कार्य समितिलाई पदभार हस्तान्तरण गरिएको थियो । यस्तो छ नवगठित कार्य समिति :

अध्यक्ष - यम पौडेल
वरिष्ठ उपाध्यक्ष - सुशील नेपाल
उपाध्यक्ष - विजय शर्मा पौडेल
सचिव - मनोज आचार्य
सह-सचिव - अभि गजुरेल



कोषाध्यक्ष - प्रकाश खड्का
सदस्य - शान्ति जोशी
- बालकृष्ण सुवेदी
- जनक नेपाल
- मनोहर धिताल 'गुरु'
निवर्तमान अध्यक्ष - लालगोपाल सुवेदी (पदेन सदस्य)

कार्यक्रमको अन्त्यमा अनेसास केन्द्रीय सचिव लालगोपाल सुवेदीले च्याप्टर र केन्द्रको सहकार्यमा बोस्टनमा राम्रा कार्यक्रम गरिने योजना रहेको प्रस्ट पार्नुभयो भने नवनिर्वाचित अध्यक्ष यम पौडेलले बोस्टन क्षेत्रका धेरै मानिसहरूसँगको सामीप्यलाई व्यापक सहभागितामूलक कार्यक्रममा रूपान्तरण गरेर साहित्यिक जागरण बढाउने आफ्नो लक्ष्य रहेको जानकारी दिनुभयो ।

ooo

## अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको पद हस्तान्तरण

डयालस (टेक्सास) । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) को गत अगस्टमा निर्वाचित नयाँ कार्य समितिको पदस्थापना समारोह आइतबार डयालसमा सम्पन्न भएको छ ।

अनेसासको पदभार हस्तान्तरण कार्यक्रममा सहभागी हुनका लागि अध्यक्ष राधेश्याम लेकाली (नेपाल) र उपाध्यक्ष भीसमेन सापकोटा (अस्ट्रेलिया), महासचिव गणेश घिमिरे (अस्ट्रेलिया) लगायतका पदाधिकारीहरू विभिन्न देशबाट आउनुभएको थियो ।



आइबार दिउँसो ११ बजेदेखि नेपाली समाज टेक्सासको सभाहलमा सुरु भएको कार्यक्रममा निर्वाचन समितिका संयोजक भीम कार्कीले निर्वाचितहरूलाई शपथ ग्रहण गराउनुभयो । संस्थाका अध्यक्ष पदम विश्वकर्माको सभापतित्वमा भएको पद हस्तान्तरण समारोहको सञ्चालन संस्थाका निवर्तमान महासचिव गोवर्धन पूजाले गर्नुभएको थियो । त्यस अवसरमा पूजाले विगत दुई वर्षको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

अनेसास अमेरिकामा दर्ता भएको संस्था हो । संसारका धेरै देशमा यसका शाखाहरू छन् । गत चुनावमा एकहजार एकसय ७८ जना भेरिफाइड सदस्य रहेकोमा ९ सय २९ जनाले मताधिकार प्रयोग गरेका थिए । निकै बाक्लो जमघटबीच आयोजना गरिएको कार्यक्रममा साहित्यकारहरूले रचनासमेत पाठ गरेका थिए ।

कार्यक्रम मोहन सिटौला, अनेसास बोर्ड अफ ट्रस्टीका डा. श्याम कार्की, एनआरएन अमेरिकाका उपाध्यक्ष रामकुमार सुवेदी, नेपाली समाज टेक्सासका पूर्वअध्यक्ष डा. प्रेम अधिकारी, अनेसासका उपाध्यक्ष भीमसेन सापकोटा, महासविच गणेश घिमिरे, सदस्य सानु घिमिरे, खगेन्द्रप्रसाद लुइटेललगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

त्यस अवसरमा नवनिर्वाचित अध्यक्ष लेकालीले आफूलाई निर्वाचित गरेर विश्वास गर्ने विश्वभरिका नेपाली भाषा साहित्यलाई माया गर्ने नेपालीप्रति धन्यवाद व्यक्त गर्दै दुईवर्षे कार्यकालमा नेपाली भाषा साहित्यलाई योगदान गर्न तत्पर रहेको प्रतिबद्धता जनाउनुभयो । कार्यक्रममा अनेसास ड्यालस च्याप्टरका अध्यक्ष कपिल अधिकारीले स्वागत मन्तव्य राख्नुभएको थियो भने पूर्वअध्यक्ष वासु शर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

०००

## ड्यालसमा लक्ष्मीजयन्ती तथा कविता प्रतियोगिता सम्पन्न

ड्यालस (टेक्सास) । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) ले महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११० औं जन्मजयन्तीका अवसरमा आयोजित प्रतियोगितात्मक कविता प्रतियोगितामा पूजा वागीश प्रथम हुनुभएको थियो ।

अनेसास ड्यालस शाखाले आयोजना गरेको कार्यक्रममा 'देवकोटाको खोजी' शीर्षकको कवितामा वानीरा प्रथम हुनुभएको हो । प्रतियोगितामा सन्ध्या आत्रेय द्वितीय र रञ्जु 'माग' तृतीय भएका हुन् ।




प्रतियोगितामा पुरस्कृत हुनेहरूलाई पुष्पराज भूपकुमारी पुरस्कार समेत प्रदान गरियो । पुरस्कारका संस्थापक तथा एनआरएनए अमेरिकाका क्षेत्रीय संयोजक गौरीराज जोशीले प्रथम हुनेलाई तीनसय, द्वितीय हुनेलाई दुईसय र तृतीयलाई एकसय डलर पुरस्कार प्रदान गर्नुभएको थियो ।

प्रतियोगितामा झन्डै डेढ दर्जन कवि-कवयित्रीहरूले महाकविका विषयमा लेखिएका कविता वाचन गरेका थिए । कार्यक्रममा सरु काली, अशोक शर्मा, बलायर प्रत्याशी, वासु भण्डारी, भगवती पौडेल, पवन लामिछाने रञ्जु मार्ग, सृमिला सुवाल, अच्युतहरि रिजाल, पूजा वागीश, सन्ध्या आत्रेय, सुस्मिता पोखरेल, शैलेश आचार्य, धनञ्जय ढकाल, वासुपुष्प अधिकारी, बाल जोशी, श्रद्धा अधिकारी, इन्दिरा भुसाल, ईश्वरी रिजाल राम सुवेदी, शान्तिराम कोइराला, विजयराज भट्टराई, नन्द रेग्मी लगायतका स्रष्टाहरूले कविता पाठ गर्नुभएको थियो ।

अनेसास ड्यालस शाखाका अध्यक्ष कपिल अधिकारीको सभापतित्व तथा उपाध्यक्ष निर्मला राईको स्वागत मन्तव्यमा भएको कार्यक्रममा राधाकृष्ण काफ्ले, वासु शर्मा र बाल जोशी निर्णायक मण्डलमा रहनुभएको थिए ।

ooo

## पोर्टल्यान्डमा विशेष साहित्यिक कार्यक्रमको आयोजना

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज र नेपाली समाज ओरेगनको संयुक्त आयोजनामा आइतबार, अक्टोबर ७ का दिन पोर्टल्यान्ड, ओरेगनमा एक साहित्य

कार्यक्रममको आयोजना भयो र उक्त कार्यक्रममा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका नवनियुक्त अध्यक्ष श्री राधेश्याम लेकालीले नेपाली साहित्यलाई विश्वभरि नै नेपाली समुदायका माझ आफूलाई सधैँभरि छरिरहन मन लागेको बताउनु भयो र यसका लागि करिब ४० राष्ट्रमा रहेका नेपालीहरूलाइ समेटेर अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले काम गरिरहेको बताउनु भयो र मानक नेपाली भाषा अन्तर्राष्ट्रिय सञ्जालका अध्यक्ष प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलले नेपाली भाषाका विषयमा कुनै विवाद हुन नहुने र यसको नियमअनुसार सबैले चल्नुपर्ने कुरामा जोड दिनुभयो। सो कार्यक्रममा वासिङ्टन राज्यका गभर्नरका लागि एसिया प्रशान्त क्षेत्रको कमिसनर श्री मोहन गुरुङले नेपाली भाषाको संरक्षण नभई नेपाली साहित्य बचाउन नसकिने भएकाले सबैले विदेशमा बसेर पनि नेपाली भाषालाई कसरी बचाउन सकिन्छ, त्यो सोच्नुपर्ने बताउनु भयो । उक्त कार्यक्रममा दिलुराज थापा, नवीना शाक्य, अञ्जलि बज्राचार्य र कुसुमावती बज्राचार्यले कविता वाचन गर्नुभएको थियो भने दया शाक्यले लघुकथा वाचन गर्नुभयो । कार्यक्रममा सभापतिको आसनबाट नेपाली समाज ओरेगनका अध्यक्ष श्री भरत बास्कोटाले भाषा भनेको साहित्यको आमा भएकाले नेपाली समाज ओरेगनले नेपाली भाषालाई जोगाइराख्न पहल गरिरहेको बताउनु भयो । उक्त साहित्यिक कार्यक्रमको आयोजना नेपाली समाज ओरेगनका पूर्वअध्यक्ष तथा वर्तमान सल्लाहकार श्री दया शाक्यको संयोजकत्वमा भएको थियो ।

ooo

# नेपालको तीज बिर्साउने गरी अमेरिकामा यसरी सम्पन्न भयो तीज महोत्सव २०१८

अन्तर्राष्ट्रिय कलाकार मञ्च, अमेरिका र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्टन डिसी मेट्रो कमिटीको संयुक्त आयोजना । दुईदिनदेखिको लगातार वर्षा तर पनि अमेरिकामा रहेका दिदी-बहिनीको मुहारमा छाएकै थियो हर्ष । वासिङ्टन डिसी नजिकै भर्जिनियामा अवस्थित दुर्गा मन्दिरको ठूलो सभाहल खचाखच भरिएको थियो । त्यहाँको वातावरण देख्दा लाग्थ्यो – हामी नेपालमै छौँ । तीज महोत्सव अमेरिका २०१८ जहाँ निःशुल्क प्रवेश, तीजको दर, धक फेरेर गाउने, नाच्ने, तीज मनाउने व्यवस्था, साथमा तीजको किनमेल स्टलहरू

पनि समावेश थिए । सेप्टेम्बर ९ तारिख आइतबार बिहान १२:०० बजेदेखि सुरु भएको तीज महोत्सव बेलुकी ६:०० बजेसम्म लगातार चलिरह्यो ।

अमेरिकाका लागि नेपाली राजदूत डा. अर्जुन कार्कीले तीज पर्वसँग जोडिएका शिव पार्वतीको तस्बिर अगाडि पानसमा बत्ती बालेर तीज महोत्सव उद्घाटन गर्नुभयो, अनि सुरु भए तीजका गीतहरू र नाचहरूका वर्षा । दुई वा दुईभन्दा बढीको सामूहिक गीत र नाच होस् वा पूरै हल जुरुक्क उठेर नाच्दा नेपालको तीज र वातावरण झलझल याद आउँथ्यो । नेपाली लोक संस्कृति अमेरिकामा पनि छाएको महसुस हुन्थ्यो ।

कार्यक्रममा प्रमुख अतिथि रहेका राजदूत डा. कार्कीले तीजको महत्त्वबारे प्रकाश पार्दै अमेरिकामा पनि तीज महोत्सव आयोजना गरेर अन्तर्राष्ट्रिय कलाकार मञ्च, अमेरिका र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्टन डिसी मेट्रो कमिटीले उल्लेखनीय काम गरेकोमा मुक्तकण्ठले प्रशंसा गर्नुभयो । उहाँले तीज एउटा पर्व मात्र नभएर संस्कृति पनि भएकाले यसको जगेर्नामा ध्यान दिनुपर्ने बताउनुभयो ।

आयोजक अन्तर्राष्ट्रिय कलाकार मञ्च, अमेरिका र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्टन डिसी मेट्रो कमिटीका अध्यक्ष एवम् लोकगायक रामप्रसाद खनालले तीजका गीत र नाच आजकल रत्यौली बन्दै गइरहेको, त्योभन्दा पनि बढी छाडा र विकृतिपूर्ण बन्दै जानु दुःखद् भएको बताउनुभयो । हामीले देशमा



सबै कुरा त खायौँ खायौँ अलिकति बाँकी रहेको लोकसंस्कृतिलाई बचाउनुपर्छ अन्यथा हाम्रो सम्पूर्ण पहिचान गुम्नेछ खनालले भन्नुभयो ।

अनेसास वासिङ्टन डिसी मेट्रो कमिटीका महासचिव भूपनारायण घर्तीमगरले तीज पर्व र यससँग जोडिएका तथ्यहरूका बारेमा प्रकाश पार्दै तीजको ऐतिहासिक महत्त्व रहेको बताउनुभयो ।

नेपाली सङ्घ-संस्था र महिलाहरूको प्रतिनिधित्व गर्दै अमेरिका नेपाल सोसाइटीका अध्यक्ष प्रभा भट्टराई देउजा र अमेरिकी महिलाहरूको प्रतिनिधित्व गर्दै डा. जुडी फ्रेडिकसन सुवेदीले तीज महोत्सवको सफलताका लागि शुभकामना दिनुभएको कार्यक्रममा अनेसास डिसीका उपाध्यक्षद्वय अरुण रूपाखेती र रजनी श्रेष्ठले धन्यवाद ज्ञापन र स्वागत मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रम अनेसास वासिङ्टन डिसी मेट्रो कमिटीका महासचिव भूपनारायण घर्तीमगर, उपाध्यक्ष विमला निरौला, सुष्मा खनाल, बिना घर्तीमगर रोजा ओलीले सञ्चालन गर्नुभएको थियो ।

कार्यक्रममा कोषाध्यक्ष पुष्कर पन्त, आर्थिक उपसमिति संयोजक खगेन्द्र थापा र स्वयमसेवक संयोजक मुकुन्द कोइरालाले आफ्नो जिम्मेवारी अन्तर्गतका विवरण पेस गर्नुभएको थियो ।

स्मरण रहोस्, अमेरिकामा हरेक वर्ष आयोजना गरिँदै आएको तीज महोत्सव पहिलो पटक सन् २००८ मा रामप्रसाद खनालले सुरुवात गर्नुभएको थियो । सोभन्दा अगाडि अमेरिकामा तीजको औपचारिक कार्यक्रम भएको कुनै तथ्य भेटिँदैन । सन् २००८ मा तीज महोत्सव सुरु गरिएपछिका वर्षहरूमा भने अमेरिकाका विभिन्न राज्यहरूमा तीजका कार्यक्रमहरू आयोजना गर्न थालिएको देखिन्छ ।

कार्यक्रमको अन्त्यमा गीत र नाचमा सहभागी टोली र तीज महोत्सवका सहयोगीहरूलाई मायाको चिनो प्रदान गरिएको थियो ।

ooo

# वरिष्ठ कलाकार नीर शाहको कोलोराडोमा अभिनन्दन

कोलोराडो (अमेरिका) । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कोलोराडो च्याप्टरको आयोजनामा वरिष्ठ अभिनेता नीर शाहलाई 'अभिनय सम्राट' उपाधिसहित

कोलोराडोमा भव्य अभिनन्दन गरिएको छ ।

स्रष्टा सम्मान तथा कवि गोष्ठी कार्यक्रमअन्तर्गत शनिबार कोलोराडोस्थित म्याकरेक सेन्टर वेस्टमिनिस्टरमा स्थानीय सङ्घ-संस्थाका पदाधिकारी, बुद्धिजीवी, गन्यमान्य, कवि-कवयित्री, गायक, कलाकार, व्यवसायी तथा सर्वसाधारणको उपस्थितिमा वरिष्ठ अभिनेता शाहलाई अभिनन्दन गरिएको हो ।

यसरी सम्मान गर्नेहरूमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कोलोराडो च्याप्टर, एनआरएन कोलोराडो च्याप्टर, रकी माउन्टेन्ड फ्रेन्डस् अफ नेपाल, नेपाली घर, संखुवासभा समाज अमेरिका, नेवा खःलगायतका संस्थाका पदाधिकारी र कोलोराडोका गन्यमान्य, बुद्धिजीवी, कवि-कवयित्री, गायक, कलाकार, व्यवसायी तथा सर्वसाधारण रहेका छन् । उहाँहरूले अभिनेता शाहलाई फूलमाला, खादा लगाइदिई अभिनन्दन-पत्र प्रदान गरी सम्मान गर्नुभयो । आफ्नो संस्थाद्वारा प्रदान गर्न लागिएको अभिनन्दन-पत्र वाचन गर्दै कार्यक्रम आयोजक संस्थाका अध्यक्ष कृष्णमुरारी ढुङ्गेलले नीर शाहलाई 'अभिनय सम्राट' घोषणा गर्नुभयो ।

२०२४ सालमा हीरासिंह खत्रीद्वारा निर्देशित चलचित्र परिवर्तनबाट अभिनय यात्रा सुरु गर्नुभएको नीर शाहले हालसम्म ३ सयभन्दा बढी चलचित्रमा अभिनय गर्नुभएको छ । शाह वरिष्ठ अभिनेता, प्रसिद्ध गीतकार, कवि, चलचित्र लेखक, निर्देशक, सङ्गीत नाट्य विभागका पूर्व प्राज्ञ, नेपाल टेलिभिजनका संस्थापक अध्यक्ष तथा महाप्रबन्धक समेत हुनुहुन्छ। यस्ता बहुप्रतिभाशाली व्यक्ति अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कोलोराडो च्याप्टरको निमन्त्रणालाई स्विकार्दै कोलोराडो आउनुभएको हो ।



अभिनन्दन समारोहमा शाहले सम्पूर्ण कोलोराडोवासीलाई धन्यवाद दिँदै आफूलाई दिइएको सम्मान र आफूप्रति देखाइएको सद्भाव आफू मात्र नभई आफ्ना सन्ततिले समेत नभुल्ने बताउनुभयो। उनले कार्यक्रममा लोकप्रिय चलचित्र प्रेमपिण्डको सानो संवादको अभिनयमार्फत् दर्शकहरूलाई स्तब्ध तुल्याउनुभएको थियो। उक्त समारोहमा नीर शाहका धर्मपत्नी उषा शाह, छोरा, बुहारी र नातिसमेत उनको तिनै पुस्ताको उपस्थिति रहेको थियो ।

अभिनन्दित शाहको सम्मानमा उहाँद्वारा अभिनित फिल्मका गीत, अभिनय र उहाँले लेखका गीतहरू स्थानीय कलाकारहरूले दर्शक तथा श्रोता सामु पस्किएका थिए। यसरी कार्यक्रममा गीत गाउने तथा अभिनय गर्ने स्थानीय कलाकारहरूमा उषाकिरण अधिकारी, नीलम श्रेष्ठ, कृष्णमुमारी ढुङ्गेल, सुरेशचन्द्र प्रधान, मनोज तुलाधर, विजय अधिकारी हुनुहुन्थ्यो ।

कार्यक्रमका प्रमुख अतिथि शाहले पानसमा बत्ती बालेर उद्घाटन गरेका कार्यक्रममा आयोजक संस्थाका महासचिव श्याम श्रेष्ठले उपस्थित सबैलाई स्वागत गर्दै कार्यक्रम सफल बनाउन सहयोग गर्ने दाताहरूको नाम पढेर सुनाउनुभयो। त्यसैगरी अभिनन्दित शाहले नेपाली भाषा, साहित्य तथा कलाको क्षेत्रमा पुऱ्याएका योगदानको चर्चा साहित्यकार तथा गीतकार ज्ञानेन्द्र गदालले गर्नुभएको थियो ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कोलोराडो च्याप्टरका अध्यक्ष कृष्णमुरारी ढुङ्गेलको सभापतित्वमा सम्पन्न कार्यक्रम, साबु गदाल कार्कीले सञ्चालन गर्नुभएको थियो। कार्यक्रममा अमेरिकामा हालै सम्पन्न मिस नेपाल युएसएमा सेकेन्ड रनरअप हुन सफल कृति ढुङ्गेललाई प्रमुख अतिथि शाहले माला लगाइदिई धन्यवादसहित उज्ज्वल भविष्यको आशीर्वाद दिनुभयो। कार्यक्रमको अन्त्यमा सभापति ढुङ्गेलले प्रमुख अतिथिलगायत अभिनन्दन समारोह सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभएको थियो ।

मानिस जहाँ जसरी रहे पनि नेपाल र नेपालीको भाषा-संस्कृति जोगाइराख्नु पर्दछ भन्ने उद्देश्य लिई "भाषा चाहिन्छ भेष चाहिन्छ सिर उठाई बाँच्न आफ्नो देश चाहिन्छ" भन्ने मूल नाराका साथ विश्वको ७३ देशमा शाखा र सयौँ च्याप्टर फैलिएको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजअन्तर्गत कोलोराडो च्याप्टरको आयोजनामा स्रष्टा सम्मान तथा कवि गोष्ठी कार्यक्रम हुँदैआएको छ।

ooo

# कोलोराडोमा तीन स्रष्टाको स्मृतिमा कवि गोष्ठी सम्पन्न

नातिबाबु भट्ट, कोलोराडो, अमेरिका। नेपाली भाषा, साहित्य र सङ्गीतका तीन स्रष्टाहरूको स्मृतिमा कोलोराडोमा शनिबार एक कवि गोष्ठी सम्पन्न भएको छ ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कोलोराडो च्याप्टरको आयोजनामा स्वरसम्राट नारायणगोपाल, सङ्गीतकार नातिकाजी र साहित्यकार रमेश विकलको स्मृतिमा कवि गोष्ठी सम्पन्न भएको हो ।

नर्थग्लेनस्थित क्रसरोड चर्चमा सम्पन्न कार्यक्रममा कोलोराडोमा सक्रिय सङ्घ-संस्थाका पदाधिकारी, कवि-कवयित्री, साना बालबालिका, गायक-गायिका, व्यवसायी, पत्रकार, गन्यमान्य तथा सर्वसाधारणको उपस्थिति रहेको थियो ।

स्रष्टाहरूको तस्बिरमा खादा पहिराई बालक सार्थक आचार्यको नेपाली गीतपछि सुरु गरिएको कार्यक्रमा वरिष्ठ साहित्यकार ज्ञानेन्द्र गदालले स्वरसम्राट नारायणगोपाल, सङ्गीतकार नातिकाजी र साहित्यकार रमेश विकलले नेपाली भाषा, सहित्य र सङ्गीतको क्षेत्रमा छोडेर गएको योगदानको चर्चा गर्दै उनीहरूको परिचय दिनुभएको थियो ।

त्यसपछि कार्यक्रममा उपस्थित गायक-गायिका, कवि-कवयित्री तथा सङ्गीतकारहरूले गीत-सङ्गीत, कविता तथा वक्तव्यमार्फत् स्रष्टाहरूको



योगदानको कदर गर्नुभएको थियो । यसरी गीत तथा सङ्गीतमार्फत् स्रष्टाहरूको योगदानको कदर गर्नेहरूमा गायिका उषाकिरण अधिकारी, सुरेशचन्द्र प्रधान, मनोजकाजी तुलाधर, रिमा गुरुङ, सरिता ढुङ्गेल, यशोदा भट्ट, कृष्णमुरारी ढुङ्गेल हुनुहुन्थ्यो । उहाँहरूले स्वरसम्राट नारायणगोपालका मर्मस्पर्शी गीत र नातिकाजीले सङ्गीत भरेका गीतहरू सुनाउनुभयो ।

त्यसैगरी स्रष्टाहरूलाई स्मरण गर्दै कविता वाचन गर्ने कवि-कवयित्रीहरूमा ज्ञानेन्द्र गदाल, कृष्णमुरारी ढुङ्गेल, बलराम पराजुली, सुनिता बस्नेत, यशोदा भट्ट, विजयदेव अधिकारी, हरिकुमार श्रेष्ठ, मीना पौड्याल हुनुहुन्थ्यो ।

८४ वर्षीय बयोवृद्ध केशवराज मिश्रको प्रमुख आतिथ्य तथा साहित्यकार तथा समाजसेवी रत्नकाजी तुलाधरको सभापतित्वमा सम्पन्न कार्यक्रम, आयोजक संस्थाका अध्यक्ष कृष्णमुरारी ढुङ्गेलले सञ्चालन गर्नुभएको थियो ।

उक्त कार्यक्रममा कोलोराडोमा बसोबास रहेर पनि सार्वजनिक कार्यक्रममा सहभागी नभएकी चर्चित गायिका रिमा गुरुङ र हालै टेक्सासबाट कोलोराडो सर्नुभएकी कवि सुनिता बस्नेतलाई परिचय गराउँदै स्वागत गरिएको थियो ।

नेपालीको भाषा, संस्कृति जोगाई राख्नुपर्दछ भन्ने उद्देश्य लिई “भाषा चाहिन्छ भेष चाहिन्छ, शिर उठाई बाँच्न आफ्नो देश चाहिन्छ” भन्ने मूलमन्त्रका साथ विश्वको ७३ देशमा शाखा र सयौँ च्याप्टरमा फैलिएको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजअन्तर्गत कोलोराडो च्याप्टरको आयोजनामा प्रत्येक महिना कवि गोष्ठी तथा स्रष्टा सम्मान कार्यक्रमको आयोजना हुने गर्दछ ।

## लस एन्जलसमा भानु जयन्ती भव्यताका साथ मनाइयो

– **प्रकाशचन्द्र घिमिरे**, लस एन्जलस

जुलाई १४, २०१८ का दिन अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज लस एन्जलस च्याप्टरले २०५ औँ भानु जयन्ती भव्यताका साथ सम्पन्न गरेको छ । अनेसास एल.ए. च्याप्टरका अध्यक्ष डन ब. कार्कीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा उपस्थित महानुभावहरूलाई संस्थाका वरिष्ठ उपाध्यक्ष तिलक कार्कीले स्वागत गर्नुभएको थियो भने अनेसासका केन्द्रीय कोषाध्यक्ष शान्तिराम ढकालले भानुभक्त आचार्यको सङ्क्षिप्त परिचय र नेपाली भाषामा उनको योगदानको चर्चा गर्नुभएको थियो ।

समाजका वरिष्ठ व्यक्तित्वहरू प्राध्यापक डा. दीपक सिंखडा, नेपाल सरकारका अवैतानिक महावाणिज्यदूत ऋषि ढकाल, पशुपतिनाथ बुद्ध मन्दिरका अध्यक्ष भक्त थापा, एनआरएन आइसीसी सदस्य तथा बौद्धिक संस्थाका संयोजक बलराम थापालगायत विभिन्न महानुभावहरूले भानुभक्तको तस्बिरमा फूलमाला चढाएर थालनी गरिएको उक्त कार्यक्रममा अनेसासका आजीवन सदस्य, श्री पशुपतिनाथ बुद्ध मन्दिरका गुरु प्राध्यापक आचार्य चूडामणि पाठकद्वारा लिखित कृति 'अध्यात्म विज्ञान' को विमोचन गरियो साथै उक्त पुस्तकका बारेमा लेखक आफैले प्रकाश पार्दै भाषा र संस्कृतिको जगेर्ना गर्न वेदका मन्त्रहरूको जानकारी हुनु जरुरत हुन्छ, त्यसका लागि संस्कृत भाषामा भएका मन्त्रहरूलाई नेपाली भाषामा उल्था गरेकाले पुस्तक समाजलाई लाभ पुऱ्याउनेछ भन्ने विश्वास व्यक्त गर्नुभयो । त्यस्तै बुद्ध समाजका अध्यक्ष तथा अनेसास एल.ए. च्याप्टरका सचिव राम लामा तथा नेपाल सरकारका पर्यटनदूत रामेश्वर भण्डारीले सो पुस्तकका विषयमा बोल्नुभएको थियो ।

वाणिज्यदूत ऋषि ढकालले यस्ता कार्यक्रमले नेपाली समाजमा भाषाको संरक्षण तथा साहित्यमा रुचि बढाउनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । मन्दिरका अध्यक्ष भक्त थापाले कार्यक्रमको प्रशंसा गर्दै फाउन्डेसनलाई दरिलो र प्रभावकारी बनाउन सबै सङ्घ-संस्थाहरू सहयोग अपरिहार्य भएकाले हातमा हात मिलाएर अघि बढ्न अनुरोध गर्नुभयो ।

सो अवसरमा प्रकाश पाण्डे, सुशीला पाण्डे राम लामा अविनाशी, संस्थापक



अध्यक्ष गोकुल पौडेल, इन्दिरा त्रिपाठी र किरण थुलुङले आ-आफ्ना रचना वाचन गर्नुभएको थियो ।

स्थानीय सङ्घसंस्थाका पदाधिकारीहरूको बाक्लो उपस्थिति रहेको कार्यक्रममा मुकुन्द ढुङ्गाना, चन्द्र शिवाकोटी, दुर्गा श्रेष्ठ, सूर्य प्रसाईं, नवीन पोखरेल, उमा थापालगायत स्थानीय पत्रकारहरू सुदीप पन्त तथा पुरुषोत्तम ढकालको उपस्थिति रह्यो भने स्थानीय जनसमुदायको सहभागिताले कार्यक्रमको रौनक बढाएको थियो । समाजका मूर्धन्य व्यक्ति एकराज पाण्डे, नेत्र मैनाली, एकदेव पाण्डे रामजी गौतमले कार्यक्रमको प्रशंसा गर्नुभयो ।

कार्यक्रमको महत्त्व र पुस्तकको विषयमा प्रमुख अतिथि डा. दीपक सिंखडाले आफ्नो विचार व्यक्त गर्नुभएको थियो। रामायणका श्लोक उच्चारण गरी भानुभक्त जयन्ती मनाइएको उक्त कार्यक्रमलाई अनेसास लस एन्जलस च्याप्टरका महासचिव प्रकाशचन्द्र घिमिरेले सञ्चालन गर्नुभएको थिए । उक्त समारोहका सभापति डनबहादुर कार्कीले आफ्नो कार्यब्यस्तता हुँदाहुँदै यस कार्यक्रममा उपस्थित भइदिनु भएकोमा सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दै कार्यक्रम समापन भएको घोषणा गर्नुभयो थियो ।

ooo

# अनेसास लस एन्जलस च्याप्टरद्वारा साहित्यिक शुभकामना कार्यक्रम सम्पन्न

लस एन्जलस । लस एन्जलसमा रहेको साहित्य क्षेत्रमा क्रियाशील संस्था अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज लस एन्जलस च्याप्टरले विजयादशमी, दीपावली र छठ पर्वको अवसर पारेर स्थानीय सङ्घसंस्थाहरूको प्रतिनिधिहरू एवम् सामाजिक अगुवाहरूमाझ शुभकामना कार्यक्रम हिजो साँझ सम्पन्न गरेको छ। च्याप्टर अध्यक्ष डनबहादुर कार्कीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा अवैतनिक महावाणिज्यदूत ऋषि ढकाल प्रमुख अतिथि हुनुहुन्थ्यो । भर्खर मात्र सम्पन्न अन्तर्राष्ट्रिय नेपाली साहित्यका नवनिर्वाचित अध्यक्ष राधेश्याम लेकाली र मानक नेपाली भाषा अभियान अन्तर्राष्ट्रिय सञ्जालका अध्यक्ष प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल विशेष अतिथिका रूपमा रहनुभएको थियो ।

त्यस्तै उक्त कार्यक्रममा सो च्याप्टरका निवर्तमान अध्यक्ष एवम् हालै




अमेरिका क्षेत्रका लागि अनेसासको केन्द्रीय उपाध्यक्ष शान्तिराम ढकालको पनि उपस्थिति रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि ढकालले साहित्य क्षेत्रले देश चिनाउने हुँदा संस्थाले गरेका कार्यक्रमहरू अत्यन्त महत्त्वपूर्ण भएको र आउँदा दिनहरूमा आफ्नो तर्फबाट सक्दो सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । त्यसैगरी नवनिर्वाचित अध्यक्ष लेकालीले आगामी दिनहरूमा संस्थालाई अझ क्रियाशील बनाएर सबैलाई समेटेर संस्थालाई अगाडि बढाउने विचार व्यक्त गर्नुभयो ।

मानक नेपाली भाषा अभियान अन्तर्राष्ट्रिय सञ्जालका अध्यक्ष प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलले अनेसासले अझ थुपै कार्य गर्न बाँकी रहेको र विधान संशोधन गरी संस्थालाई अझ व्यापक र साहित्यिक गतिविधिहरूबाट पहिचान बनाउनु पर्ने कुरामा जोड दिनुभयो । भाषामाथि खेलवाड गर्ने क्रम बढेकाले आफूले सरकार र सम्बन्धित सरोकारहरूलाई खबरदारी गर्दैआएको भनाइ उहाँले राख्नुभएको थियो । कार्यक्रममा विशेष अतिथि नेपाल अमेरिका पत्रकार सङ्घको अध्यक्ष सुदीप पन्तले प्रवासमा नेपाली समाज उन्नत र ऐक्यबद्ध बनाउन भाषा र साहित्यले महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा आफू आबद्ध संस्थाले अनेसाससँग सहकार्य गर्दै समाज बलियो र पहिचानमुखी बनाउन लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सो अवसरमा अनेसासका उपाध्यक्ष शान्तिराम ढकालले बोर्ड अफ ट्रस्टीका सदस्यहरूलगायत सम्पूर्ण सहयोगीहरूलाई हार्दिक आभार प्रकट गर्दै संस्थालाई क्रियाशील बनाउन आफूले सक्दो सहयोग गर्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा एनआरएन आइसिसीका सदस्य बलराम थापा, साहित्यिक एवम् व्यावसायिक व्यक्तित्व राम लामाले आउँदै गरेको पर्वहरूको अवसरमा शुभकामना व्यक्त गर्नुभएको थियो ।

सो अवसरमा पूर्व अध्यक्ष गोकुल पौडेल, मदन पाठक, लायन्स क्लबका अध्यक्ष सूर्य प्रसाईं, शारदा श्रेष्ठ, नवीन पोखेल, डिल्ली थापा, ईश्वरी भट्टराई रामचन्द्र लामिछानेलगायत स्थानीय साहित्य अनुरागीहरू एवम् सामाजिक व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन अनेसास लस एन्जलस च्याप्टरका उपाध्यक्ष तिलक कार्कीले गर्नुभएको थियो ।

ooo

# अनेसास नर्वे च्याप्टरका गतिविधि

अन्य विभिन्न क्रियाकलाप तथा साहित्यिक जमघटका साथै अनेसास नर्वेले आफ्नो स्थापनाकालदेखि (नोबेम्बर, २०१६) लक्ष्मीजयन्ती, भानुजयन्ती र मोतीजयन्ती नियमित रूपमा मनाउँदै आइरहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

१. **११ मे २०१८ :**

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको अमेरिकाको न्युहम्पसायरमा आयोजित दोस्रो अन्तर्राष्ट्रिय च्याप्टर सम्मेलनमा अनेसास नर्वेले प्रतिनिधित्व गर्दै आफ्नो प्रगति विवरणसहित सङ्क्षिप्त कार्यपत्र प्रस्तुत ।



२.	**३० जुलाई २०१८ :**

भिगिलान्सपार्क, ओस्लो नर्वे : आदिकवि भानुभक्त आचार्यको २०५ औँ जन्मजयन्ती तथा रचनावाचन कार्यक्रम सम्पन्न ।

३.	**२२ सेप्टेम्बर, २०१८ :**

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज नर्वे (अनेसास, नर्वे) को आयोजनामा नर्वेको राजधानी ओस्लोमा १५३ औँ मोतीजयन्ती तथा रचनावाचन कार्यक्रम सम्पन्न ।

४.	**२९ सेप्टेम्बर, ओस्लो नर्वे :**

साहित्यिक जमघट तथा रचनावाचन कार्यक्रम सम्पन्न ।

०००

# बेल्जियम च्याप्टरद्वारा लक्ष्मी जयन्तीको आयोजना

अन्तर्राष्ट्रिय साहित्य समाज बेल्जियमले लुभेनमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११० औँ जन्मजयन्ती भव्य रूपमा मनाएको छ । नेपाली दूतावास बेनेलक्सका सचिव सुधीर भट्टराईको प्रमुख आतिथ्य र अन्तर्राष्ट्रिय साहित्य समाज बेल्जियमका अध्यक्ष राजकुमार पुडासैनीको सभापतित्वमा सञ्चालित लक्ष्मीजयन्तीको कार्यक्रम सोही सङ्गठनका महासचिव सौरभ करञ्जितले सञ्चालन गर्नुभएको थियो । त्यस्तै, संस्थाका उपाध्यक्ष मोहन खत्रीले कार्यक्रममा आगन्तुक अतिथि र साहित्य प्रेमीहरूलाई मन्तव्यसहित स्वागत गर्नुभएको थियो ।



'हाम्रो संस्कृति र भाषा साहित्य थिलोथिलो भएको समयमा नेपाली भाषाको पुनरुत्थानका लागि महाकविको आवश्यकता खड्केको' बताउँदै 'संसारभरि रहेका साहित्यकारहरू एकजुट हुँदै अझै तिखारिनुपर्ने बेला आएको' खत्रीले विचार राख्नुभयो ।

अन्तर्राष्ट्रिय साहित्य समाज बेल्जियमका पूर्व अध्यक्ष दीपेन्द्र केसीले महाकवि देवकोटाको साहित्यिक बाटो बहुआयामिक रहेकाले अबको पुस्ताले उनका कृतिहरूबारे अझ गहन अध्ययन गर्दै साहित्यको सेवामा आफ्नो क्षमताले भ्याएसम्म लाग्नुपर्ने बताए ।

यसैगरी बेल्जियममा प्रजातान्त्रिक समाजवादी पार्टीको राजनीतिमा होमिएका युवा नेता सूर्य ढकालले समेत महाकविलाई हार्दिक श्रद्धाञ्जलि दिँदै साहित्य सेवा पनि देश सेवा भएको बताए भने सोही अवसरमा उहाँले रचनासमेत वाचन गर्नुभएको थियो । त्यस्तै, महाकविको सच्चा श्रद्धाञ्जलि साहित्यिक सेवाबाट मात्र हुनसक्ने भन्दै महाकवि साहित्यिक समारोहका संयोजक माधव सापकोटाले आफ्नो रचना वाचन गर्नुभएको थियो ।

अन्तर्राष्ट्रिय साहित्य समाज बेल्जियमका पूर्वअध्यक्ष तथा संस्थापक उपाध्यक्ष विमल गिरीले देशप्रेम, प्रकृतिप्रेम र मानवीय संवेदना साहित्यकारको रचनाका स्रोत हुन् भन्दै साहित्यिक रचनामार्फत् उसभित्र रहेको मानवीय चेतना झल्किने बताउनुभयो । उहाँले महाकवि एसियाकै साहित्यिक प्रकाश भएकाले उनको सम्मान शब्दबाट भन्दा हृदयको भाव र साहित्यिक कर्मबाट मात्र सम्भव हुने बताए ।

गैरआवासीय नेपाली सङ्घ बेल्जियमका निवर्तमान अध्यक्ष गङ्गाधर गौतमले अतिथिको तर्फबाट बोल्ने क्रममा नेपालका साहित्यिक नक्षत्र स्वर्गीय महाकवि देवकोटालाई सम्मान गर्ने अवसर प्रदान गरेकोमा आयोजकलाई धन्यवाद दिँदै साहित्यिक कार्यक्रमहरू कुनै पनि देशको सिमानासँग जोडिएको विषय नभएर भावनासँग जोडिएको विषय भएको बताउनुभयो । उहाँले स्रष्टाहरूको सम्मान सदैव गर्नुपर्ने र अन्तर्राष्ट्रिय साहित्य समाजले निरन्तर उहाँहरूलाई गर्दै आएकोमा धन्यवाद दिनुभयो ।

कार्यक्रममा साहित्यका अनुरागीहरू विमल गिरी, दीपेन्द्र केसी राजकुमार पुडासैनी, मोहन खत्री, सौरभ करञ्जित, माधव सापकोटा, अनाथ अङ्कल,

लोकनाथ शर्मा, बुद्ध बस्नेतलगायतले कविता वाचन गर्नुभएको थियो। कार्यक्रममा अनुपस्थित कवि सन्तोष न्यौपानेले वाचनका लागि पठाएको कविता सञ्चालक आफैले वाचन गरी सुनाउनुभयो ।

कार्यक्रमको समापन मन्तव्यको क्रममा सभापति पुडासैनीले अन्तर्राष्ट्रिय साहित्य समाज साहित्यकारहरूको साझा संस्था हो भन्दै जनमानसमा साहित्यिक रुचि, लगाव र उत्प्रेरणालाई जागृत गराउन नै समाज बनेको बताउनुभयो ।

बेल्जियममा साहित्यिक उत्सव, स्रष्टाहरूको सम्मान र कवि गोष्ठीहरूमा सङ्घ-सङ्गठनका प्रतिनिधिहरू सहित नेपालीको दोस्रो पुस्ताबाट समेत उल्लेख्य उपस्थिति रहने गरेको छ ।

कार्यक्रम सकिएलगत्तै अन्तर्राष्ट्रिय साहित्य समाज बेल्जियम शाखाको बैठकले साहित्यिक समृद्धिका लागि अझ सशक्त रूपमा लाग्ने भन्दै आगामी भानु जयन्तीभित्रै एक कविता सङ्ग्रह प्रकाशित गर्ने निर्णय गरिसकेको छ। जसमा बेल्जियमभरिका साहित्यप्रेमीहरूका कविताहरू सङ्कलन गर्ने जिम्मा महासचिवलाई दिइएको छ भने प्राप्त कविताहरूको सम्पादनका लागि साहित्यकार राजकुमार पुडासैनी, विमल गिरी र दीपेन्द्र केसीको सम्पादक मण्डलमा चयन गरेको छ ।

ooo

# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज स्पेन च्याप्टरले गऱ्यो साहित्यिक रचनावाचन भेला

– **भोला लामिछाने**, युरोप

स्पेन, मे १३ । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज स्पेन च्याप्टरले राजधानी म्याड्रिडको रेतिरो पार्कमा तेस्रो (अनौपचारिक) साहित्यिक रचनावाचन भेला आयोजना गऱ्यो ।

उक्त भेलाको सभापतित्व अनेसास स्पेन अध्यक्ष श्री शारदा पौडेल (सापकोटा) ले गर्नुभएको थियो भने अतिथिको आसन ग्रहण क्रमशः एनआरएनए म्याड्रिडका अध्यक्ष उत्तरकुमार राई, उपाध्यक्षद्वय मेघनाथ ढकाल, सुजिल गोले, सदस्य वसन्त प्राद्दे र सल्लाहकार भूपेन्द्र मास्के र निवर्तमान एनआरएनए आइसीसी महिला सदस्य श्री गङ्गादेवी शर्माज्यूले गर्नुभएको थियो ।

संस्थापक श्री रामकृष्ण पुडासैनीले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा रचना वचन र मन्तव्यलाई आलोपालो गरी प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमको सुरुवात अध्यक्षज्यूको मार्मिक मुक्तकबाट गरिएको थियो भने एनआरएनए म्याड्रिडका अध्यक्ष उत्तरकुमार राई र उपाध्यक्षद्वय सुजिल गोले र मेघनाथ ढकालले मन्तव्य राख्दै यस्तै साहित्यिक कार्यक्रमको अपेक्षा आगामी दिनमा समेत गरिएको र उहाँहरूको पूर्ण साथ र सहयोग रहने बताउनुभएको थियो ।

कार्यक्रममा अध्यक्ष श्री शारदा पौडेल (सापकोटा) ले केही गजल तथा मुक्तकहरू वाचन गर्नुभएको थियो । उहाँको गजलमा विदेसिएका छोरीलाई आफ्नी आमाले स्वदेश फर्कन आग्रह गर्नुभएको थियो भने मुक्तकमा नेताहरूले देशमा केही काम गर्न नसकेको आक्रोश पोखिएको थियो । त्यसैगरी गङ्गादेवी शर्माले काम गर्ने र धन कमाउने आशामा युरोप आउँदा पनि बेरोजगार बस्नुपर्ने पीडादायी मार्मिक कविता वाचन गर्नुभएको थियो । संस्थाका संरक्षक रामकृष्ण पुडासैनीले 'छिमेकी हौ दाइ होइनौ', 'आमा म डाक्टरी नै पढ्छु', 'आमा म अब नेपाल फर्कन्छु' शीर्षकका तीन कविता वाचन गर्नुभएको थियो । उहाँका हरेक कविताले समाजका यथार्थ पक्षलाई समेटेका थिए । हामी नेपालीले छिमेकीबाट भोग्नुपरेका समस्याहरू पनि प्रस्ट भावमा व्यक्त थिए । उहाँले साह्रै सुन्दर शैलीमा मार्मिक र यथार्थपरक रचना वाचन गर्नुभएको थियो । त्यसैगरी सचिव पार्वती ओलीले 'अभिमान' शीर्षकको कविता वाचन गर्नुभएको थियो । उहाँको कविताले वास्तवमा मानव प्रवृत्तिलाई प्रस्ट्याउन सफल भएको थियो ।

सबै उमेर समूहका गरी बाक्लो उपस्थिति रहेको उक्त कार्यक्रममा सबैले रचना वाचनको आनन्द लिएका थिए । सभापतिको तर्फबाट कार्यक्रम समापनको घोषणा गर्दै अध्यक्षज्यूले उपस्थित सबैलाई धन्यवाद र निकट भविष्यमा अर्को कार्यक्रम लिएर यहाँहरूमाझ उपस्थित हुने बताउनुभएको थियो ।

ooo

# अन्तर्राष्ट्रिय बेलायत च्याप्टरको गतिविधि – २०१८

– **सुमलकुमार गुरुङ**

अध्यक्ष, अनेसास, बेलायत च्याप्टर

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) बेलायत च्याप्टरले प्रत्येक वर्ष नेपाली भाषा साहित्यको सम्बर्धनका लागि आधा दर्जनभन्दा बढी कार्यक्रमहरू

स्थापनाकालदेखि सम्पन्न गर्दै आएको छ । आ-आफ्नो व्यवसाय वा कामहरूमा व्यस्तताको बावजुद अनेसास बेलायत च्याप्टरका सदस्यहरू विभिन्न साहित्यिक कार्यक्रमहरूमार्फत् साहित्यिक यात्रामा अविच्छिन्न रूपमा गतिशील छन् । यस वर्षको सुरुदेखि हालसम्म निम्न कार्यक्रमहरू सम्पन्न गरेर नेपाली भाषा साहित्यका लागि योगदान गरेको छ ।

०००

## अनेसास बेलायत च्याप्टरद्वारा स्रष्टाहरूप्रति श्रद्धाञ्जलि

२१ जनवरी २०१८ । लन्डनस्थित चार्लटन एफसीको सभाकक्षमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज बेलायत च्याप्टरले नेपाली साहित्य, कला, सङ्गीतका वरिष्ठ लिजेन्डहरू क्रमशः वरिष्ठ बहुमुखी प्रतिभाशाली सर्जक मास्टर मित्रसेन, आधुनिक नेपाली चित्रकलाका पिता लैनसिंह वाङ्देल, अत्यन्त लोकप्रिय कवि भूपी शेरचन, स्वरसम्राट नारायणगोपाल र आधुनिक नेपाली सङ्गीतका पिता अम्बर गुरुङ जयन्ती सामूहिक रूपमा २१ जनवरी २०१८ का दिनमा मनाएको छ । बेलायतको विभिन्न ठाउँमा हिमपात र वर्षा भएको दिन परे तापनि पिटर्सबर्ग, फोक्स्टन, फार्नबारो र लन्डनका विभिन्न ठाउँहरूबाट झन्डै दुई दर्जनजति गायक, कवि, साहित्यकार र सङ्गीतकर्मीहरूको उपस्थितिमा बडो रमाइलो साथ श्रद्धाञ्जलि कार्यक्रम तथा कविता गोष्ठी सम्पन्न भएको थियो ।



अनेसास बेलायत च्याप्टरका अध्यक्ष सुमलकुमार गुरुङको अध्यक्षता र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका केन्द्रीय उपाध्यक्ष (युरोप च्याप्टर) डा. रूपक श्रेष्ठको विशेष आतिथ्यमा सो कार्यक्रमलाई संस्थाका महासचिव सन्तोष कार्कीले औपचारिक कार्यक्रम सञ्चालन गर्नुभएको थियो । कार्यक्रमको दोश्रो चरणलाई संस्थाकी उपाध्यक्ष लारा (लक्ष्मी थापा राई) ले सञ्चालन गर्नुभएको थियो । सभाध्यक्ष तथा अतिथिहरूबाट पानसमा दीप प्रज्ज्वलन भएपश्चात् कार्यक्रमको प्रारम्भमा महासचिवद्वारा कार्यक्रमबारे प्रकाश पार्दै केही समयअघि स्वर्गारोहण भएका वरिष्ठ साहित्यकारहरू क्रमशः डा. कविताराम श्रेष्ठ, कृष्ण पहारी र पण्डित ईन्द्रप्रसाद लुइटेल (अनेसासका सल्लाहकार डा. खगेन्द्रप्रसाद लुइटेलका पिता) प्रति एकमिनट मौन धारणा गरी श्रद्धाञ्जलि अर्पण गरेका थिए ।

त्यसपछि पाँचजना नेपाली वाङ्मयका नक्षत्रहरूको तस्बिरमा पुष्प अर्पण गरी श्रद्धाञ्जलि दिएका थिए । महासचिव सन्तोष कार्कीले लैनसिंह वाङ्देलको बारेमा प्रकाश पार्नुभएको थियो । विश्व नेपाली साहित्य महासङ्घ दक्षिणका अध्यक्ष विजय हितानले मास्टर मित्रसेन थापामगरबारे शुभकामना मन्तव्य दिने क्रममा अत्यन्त प्रभावशाली शैलीमा प्रकाश पार्नुभएको थियो । त्यसै क्रममा डा. रूपक श्रेष्ठले नारायणगोपाल र भूपी शेरचनबारे बोल्नुभएको थियो । उहाँले त्यसबेलाका समकालीन अम्बर गुरुङ, भूपी शेरचन र नारायणगोपालका मधुर सम्बन्धबारे तथा एकआपसमा सहकार्य रहेकोबारे पनि प्रकाश पार्नुभयो । समाजका अध्यक्ष सुमलकुमार गुरुङले अम्बर गुरुङको बारेमा बोल्नुभयो । यस कार्यक्रममा संस्थाका कार्यकारी सदस्य लीलादेवी गुरुङ, जिगेसाका अध्यक्ष तथा एनआरएनए बेलायतका महिला संयोजक पदमा नियुक्ति पाएको उपलक्ष्यमा खादा र पुष्पगुच्छाद्वारा सम्मान गरिएको थियो ।

यस कार्यक्रममा क्या. वीरबहादुर थापा र उहाँको साङ्गीतिक टिमद्वारा जोडदार गीत-सङ्गीत प्रस्तुत गरिएको थियो । नारायणगोपाल, भूपी शेरचन, मास्टर मित्रसेन र अम्बर गुरुङका दर्जनजति गीतहरू पस्काएर कार्यक्रमको माहोल रमाइलो बनाइएको थियो । सङ्गीत वादन समूहका पहलमान थापा किबोर्डमा, दिनेश गुरुङ बाँसुरी, मीनबहादुर गुरुङ र मीन थापा मादलले राम्रो धुनमा ७७ वर्षीय क्या. वीरबहादुर थापाले आफ्नो मीठो स्वरको जादूले सबैलाई मन्त्रमुग्ध पार्नुभएको थियो ।

कविता वाचनमा क्रमशः शिम्मी पुन, डा. सुदर्शन (एउटा आधुनिक गीत पनि गाउनुभयो), सेवन्त राई (बाँसुरी वादनसहित), माया गुरुङ, लीलादेवी गुरुङ, विजय हितान, रिदम बस्नेत, सञ्जिता देउजा, नृपेश उप्रेती, रेखा खरेल, दलबहादुर थापा, गोकुल भण्डारी, डा. रूपक श्रेष्ठ, सुमलकुमार गुरुङ तथा होम किरात सुनुवारले पठाएका कविता सुमल गुरुङले वाचन गरेर सुनाउनुभयो । यस कार्यक्रमलाई मगर सङ्घ युके, लीलादेवी गुरुङ, सारादेवी गुरुङ, रेखा खरेल, कल्पना हितान, सन्तोष कार्की र माया गुरुङले प्रायोजन गर्नुभएको थियो । यस कार्यक्रमका लागि हलको बन्दोबस्त सोनिया थापा र फत्ता थापाबाट गरिएको थियो । प्रायोजकहरू र सहभागीहरूलाई सभाध्यक्ष सुमलकुमार गुरुङले आभार तथा धन्यवाद ज्ञापन गरेर कार्यक्रम समापन गरेका थिए ।

ooo

# लन्डनमा पारिजात जयन्ती तथा मुक्तकमणि तीर्थराज अधिकारीको एकल मुक्तक वाचन

४ मार्च २०१८, लन्डन । यस वर्षको पारिजात जयन्ती अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज बेलायत च्याप्टरले ४ मार्च, २०१८ को दिनमा चार्लटन, लन्डनस्थित चार्लटन फुटबल क्लब परिसरमा भव्यताका साथ मनाएको थियो । वर्षभरि आधा दर्जन जति साहित्यिक कविता गोष्ठी कार्यक्रमहरू निरन्तर सञ्चालन



गर्दै आएको अनेसास बेलायत च्याप्टरले यसपालि पारिजात जयन्तीको अवसरमा अमेरिकाबाट बेलायत भ्रमणमा आउने वरिष्ठ साहित्यकार तथा मुक्तकमणि तीर्थराज आधिकारीलाई प्रमुख अतिथिको हैसियतमा स्वागत सम्मान तथा उनको मुक्तक एकल वाचनको कार्यक्रम सम्पन्न गरेको थियो । बेलायतका अन्य नेपाली साहित्यका संस्थाहरूबाट दर्जनौ साहित्यकारहरूको सहभागिता रहेको यस कार्यक्रममा वरिष्ठ साहित्यकार तीर्थ अधिकारीका धर्मपत्नीलाई पनि यस अवसरमा स्वागत सम्मान गरिएको थियो ।

ooo

# वातावरण गोष्ठी कविता

३ जुन २०१८ । वातावरण गोष्ठी कविता कार्यक्रम प्रत्येक वर्ष वातावरण दिवसको अवसर पारेर बेलायतका १४ वटा साहित्यिक संस्थाहरू समेटेर सम्पन्न गरिन्छ । सदाझैँ यस वर्ष पनि महामहिम राजदूत डा. दुर्गाबहादुर सुवेदीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । बडो चाखलाग्दो विषय यस कार्यक्रममा सधैँ नेपालको राष्ट्रिय फूल लालीगुराँसलाई सभाध्यक्ष मानिने परम्परा बनाएको छ । सुरुको कार्यक्रमको संयोजन अनेसास विनेसामको संयोजनमा यो कार्यक्रमको थालनी गरिएको थियो । प्रत्येक वर्ष उत्कृष्ट सिर्जनालाई सम्मान-पत्रसहित सभाध्यक्ष लालीगुराँस प्रदान गरेर विजेता कविलाई पुरस्कार प्रदान गरिन्छ । यस कार्यक्रममा



केवल वातावरण सम्बन्धी सिर्जना वाचन गरिन्छ । यस वर्षको विजेता युवाकवि लाहाँग थिए । कार्यक्रम संयोजक विजय हितानद्वारा सम्पादित बेलायतभरिका कविहरूको एउटा वातावरण कवितासङ्ग्रह **सुसेली** त्यसैदिन सामूहिक रूपमा विमोचन सम्पन्न गरिएको थियो ।

ooo

# लन्डनमा भानुजयन्ती र पाँचौं सुप्रमा पुरस्कार समारोह सम्पन्न

२८ जुलाई २०१८ । प्रत्येक वर्ष अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज बेलायत च्याप्टरद्वारा सम्पन्न गरिने आदिकवि भानुभक्त जयन्ती र सुन्दरप्रसाद मानन्धर 'सुप्रमा' पुरस्कारको वितरण समारोह २८ जुलाई २०१८ को दिनमा आबिवुड लन्डनस्थित दक्षिणपूर्व क्षेत्रीय तमुधिं लन्डनको सभाकक्षमा सफलता साथ सम्पन्न गरेको थियो ।

संस्थाका अध्यक्ष सुमलकुमार गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि नेपाल मुक्तक प्रतिष्ठानका अध्यक्ष रामकाजी कोने, विशिष्ट अतिथि सुप्रमा पुरुस्कारका प्रायोजक जानकी मानन्धर, अनेसास केन्द्रीय उपाध्यक्ष तथा अनेसास युरोपका अध्यक्ष डा. रूपक श्रेष्ठ तथा अतिथिहरूमा प्रतिभा प्रतिष्ठानका कोषाध्यक्ष देवेन्द्र खेरेस तथा नेपाल मुक्तक प्रतिष्ठानका अध्यक्ष दुर्गाप्रसाद पोखेल उपस्थित हुनुहुन्थ्यो । कार्यक्रमलाई संस्थाका महासचिव सन्तोष कार्कीले सञ्चालन



गर्नुभएको थियो । सभाध्यक्ष, प्रमुख अतिथि लगायत अतिथिहरूद्वारा सामूहिक रूपमा दीप प्रज्ज्वालन गरेर कार्यक्रम प्रारम्भ गर्नुभएको थियो। प्रत्येकवर्ष मनाउने भानुजयन्तीमा सुप्रमा पुरस्कारका संस्थापक तथा बेलायती नेपाली साहित्यका आदिकवि स्व. ईश्वरप्रसाद मानन्धरको पनि जन्म जयन्ती अनेसासद्वारा मनाउँदै आएको छ ।

कार्यक्रमलाई संस्थाकी उपाध्यक्ष लारा (लक्ष्मी थापा राई) ले आभार व्यक्त गर्दै सहभागीहरूलाई स्वागत गर्नुभएको थियो । आदिकवि भानुभक्त, ईश्वरप्रसाद मानन्धर र सुप्रमा पुरस्कारबारे डा. रूपकले सम्बोधन गरेका थिए । सभाध्यक्षले अनेसासको सङ्क्षिप्त इतिहास पावर प्वाइन्टमार्फत् प्रकाश पारेका थिए । पाँचौं सुप्रमा पुरस्कार समाजसेवी तथा वरिष्ठ साहित्यकार, त्रि.वि.का लेक्चरर, पूर्व किरात राई यायोक्खा केन्द्रीय अध्यक्ष, सुमाया राईलाई उनका कृति 'अव्यक्त अभिव्यक्ति' कवितासङ्ग्रहका लागि घोषणा अध्यक्षले गरेपश्चात् पुरस्कृत कृतिबारे संस्थाकी उपाध्यक्ष लाराले प्रकाश पार्नुभएको थियो ।

प्रमुख अतिथि, पुरस्कार प्रायोजक जानकी मानन्धर तथा संस्थाका अध्यक्षद्वारा खादा, पुष्पगुच्छा, पुरस्कृत रकम (दुईसय एकाउन्न पाउन्ड) तथा सम्मान-पत्रद्वारा सुमाया राईलाई सम्मान गरेका थिए । पुरस्कार विजेता सुमाया राईले आफूलाई यसरी सम्मानित गरेकोमा सिर्जनाप्रति थप जिम्मेवारी बढेको कुरा मन्तव्य प्रकट गर्ने क्रममा बताउनुभयो । त्यसपछि कविता वाचनको क्रम प्रारम्भ भएको थियो । कविता वाचन गर्नेहरूमा क्रमशः लारा, रामकाजी कोने, दुर्गाप्रसाद पोखेल, माया गुरुङ, सन्तोष कार्की, सचिन गुरुङ, राज श्रेष्ठ, रेखा खरेल, सारा गुरुङ, सुमलकुमार गुरुङ, प्रतिमा मानन्धर, डा. सुनिल बुढाथोकी र सेमान्त राई हुनुहुन्थ्यो । यस कार्यक्रममा सेमन्त राईले मीठो बाँसुरीको धुन प्रस्तुत गर्नुभएको थियो तथा रिदम खरेलले एउटा गीत प्रस्तुत गर्नुभएको थियो ।

ooo

# पूर्वी लन्डनमा अनेसास तथा नेपाली समाजले ऐना बार्कालाई स्वागत

बार्सेलोना, स्पेन निवासी एकजना युवती, समाजसेवी ऐना बार्का विगत ६ वर्षदेखि नेपालमा हेटौंडास्थित नेपाली विकलाङ्ग/शारीरिक अपाङ्गता भएका



बालबालिकाहरूलाई आफ्नै खर्चमा भवन निर्माण गरेर पढाउने, खानपिन र रहने सुविधा प्रदान गर्दै आउनुभएको छ । सामाजिक सञ्जालहरूमा उहाँको निःस्वार्थ परोपकारी कार्यहरू सम्प्रेषण भइरहेको अवस्थामा उहाँ लन्डनमा आउनुभएको थियो ।

पूर्वी लन्डन, रमफोर्ड निवासी समाजसेवी तथा साहित्यकार लारा (लक्ष्मी थापा राई) को संयोजकत्वमा उनलाई आज पूर्वी लन्डन गुर्खा कम्युनिटीका अध्यक्ष मिमकाजी गुरुङ, आमा समूहकी अध्यक्ष लालिता चोङबाङ, अनेसास बेलायत च्याप्टरका अध्यक्ष सुमलकुमार गुरुङसहित संस्थाका अन्य सदस्यहरूद्वारा स्वागत गरिएको थियो ।

उपस्थित सबैलाई आभार व्यक्त गर्दै ऐना बार्काको बारेमा लाराले सङ्क्षिप्त परिचय दिनुभएको थियो । ऐना बार्कालाई खादा तथा पुष्पगुच्छा दिएर स्वागत गरिएको थियो । यस स्वागत कार्यक्रममा मिमकाजी गुरुङ, सुमलकुमार गुरुङ, ललिता चोङबाङलगायत सहभागी सबैजनाले उनको महान् कार्यको प्रशंसा गर्दै आभार व्यक्त गर्नुभएको थियो ।

छोटो समयमा सम्पन्न यस कार्यक्रममा उपस्थित सहभागीहरूले नेपाली रुपैयाँ एकलाखजति सङ्कलन गरेर ऐना बार्काको प्रोजेक्टलाई दिइएको छ । ऐना बार्काले आफ्नो परोपकारी कार्यक्रमबारे र आफ्नो बारेमा सहभागीहरूलाई व्यक्त गर्दा सबैजना भावुक बनेका थिए ।

०००

# अनेसास बेलायत च्याप्टरको नेतृत्वमा पुनः सुमलकुमार गुरुङ

नर्थफाक, वेलिङ, केन्टमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज बेलायत च्याप्टरको वार्षिक साधारण सभा तथा संस्थाको छैटौँ अधिवेशन भव्यताका साथ सम्पन्न भएको छ । संस्थाका अध्यक्ष सुमलकुमार गुरुङको अध्यक्षता र संस्थाका सल्लाहकार तथा अनेसास केन्द्रीय उपाध्यक्ष (युरोप) डा. रूपक श्रेष्ठको प्रमुख आतिथ्यमा अधिवेशन सम्पन्न भएको थियो ।

कार्यक्रम औपचारिक रूपमा सम्पन्न हुनुअघि सदस्यता नवीकरण र नयाँ सदस्यहरूको दर्ता सम्पन्न भइसकेको थियो । संस्थाका उपाध्यक्ष लक्ष्मी थापा राई (लारा) ले सबैलाई स्वागत गर्दै आभार व्यक्त गर्नुभयो । यस अधिवेशनले महासचिव सन्तोष कार्कीको प्रतिवेदन र कोषाध्यक्ष राजकुमार श्रेष्ठको संस्थाको कोष विवरणलाई सर्वसम्मत पारित गरेको थियो । अधिवेशनलाई संस्थाका सल्लाहकार, अनेसास केन्द्रीय उपाध्यक्ष डा. रूपक श्रेष्ठले सम्बोधन गर्ने क्रममा अनेसास



बेलायत च्याप्टरको विगतदेखि वर्तमानसम्मको क्रियाकलापहरू र प्रगतिको बारेमा सङ्क्षिप्त जानकारी हललाई बताउनुभएको थियो । धन्यवादज्ञापन गर्ने क्रममा अध्यक्ष सुमलकुमार गुरुङले अनेसासको सङ्घारमा आएको आगामी कार्यकारी समितिको चयनबारे छलफल, यस वर्षको भानु जयन्ती र सुप्रमा पुरस्कारबारे प्रकाश पार्नुभएको थियो । पाँचौँ कार्यकारी समितिको विघटन विधिपूर्वक घोषणा गरेर निर्वाचन आयुक्त डा. सुनिल बुढाथोकीलाई नयाँ कार्यकारी समिति चयनका लागि आग्रह गरिएको थियो ।

हलमा सदस्यहरूको सहभागितालाई मध्यनजर गरी निर्वाचन आयुक्त डा. सुनिल बुढाथोकीले उपस्थित सदस्यहरूसँग छलफल गर्नुभएको थियो । उम्मेदवारहरूबाट निवेदन प्राप्त भएपछि साविककै कार्यकारी समितिलाई अर्को थप एक कार्यकालका लागि चयन गरिएको थियो । सुमलकुमार गुरुङको नेतृत्वमा ११ सदस्यीय कार्यकारी समितिको गठन भएको जानकारी डा. सुनिल बुढाथोकीले दिनुभयो । नयाँ कार्यकारी समितिमा क्रमशः अध्यक्ष सुमलकुमार गुरूङ, उपाध्यक्ष, लक्ष्मी राई (लारा), महासचिव सन्तोष कार्की, सचिव रेखा खरेल, कोषाध्यक्ष सचिन गुरुङ, सदस्यहरूमा क्रमशः लीला गुरुङ, मन्जु भण्डारी, मोहन आचार्य, माया गुरुङ, सारादेवी गुरुङ, दुर्गा थापा रहेका छन् । कार्यकारी समितिको चयनपश्चात् नयाँ कार्यकारी समितिले छलफल गरेर सल्लाहकारमा डा. रूपक श्रेष्ठ र डा. सुनिल बुढाथोकीलाई चयन गरिएको छ । नवनिर्वाचित कार्यकारी समितिले भावी कार्यक्रमका बारेमा त्यसै दिनको बैठकले निर्णय गरेको छ ।

ooo

## पर्थ च्याप्टरमा नयाँ नेतृत्व

निरज क्षेत्रीको अध्यक्षयतामा १५ सदस्यीय नयाँ कार्य समिति गठन भएको छ । २०१८, जुन ५ मा एक भव्य समारोहका बीच पर्थमा सम्बद्ध संस्थाको अधिवेशनले घोषणा गरेको हो । कार्यकाल दुईवर्ष (२०१८-२०२०) को हुनेछ ।

| | | |
|---|---|---|
| अध्यक्ष | : | निरज क्षेत्री |
| उपाध्यक्ष | : | हरि अधिकारी |
| महासचिव | : | राजेन्द्र सापकोटा |
| सचिव | : | दीपक सुवेदी |



कोषाध्यक्ष : मञ्जु कोइराला

सह-कोषाध्यक्ष : लक्ष्मी सापकोटा

सदस्यहरू : राजेश बुढाथोकी

कमल सिलवाल

रुक्मिनी अर्याल

रिजा प्रधान

देवकी थानी

सैलेश मैनाली

शेखर घिमिरे

सन्देश कंडेल

दीपक पराजुली

**पर्थ च्याप्टरको साहित्यिक गतिविधि**

- भानुजयन्ती (अगस्ट १८, २०१८)
- कविता तथा बिदाइ कार्यक्रम
- डा. नवराज लम्साल तथा डा. काशीराज पाण्डे
- अगस्ट २०१८ मा भएको केन्द्रीय समितिमा महासचिवमा पर्थको प्रतिनिधित्व

- महासचिव गणेश घिमिरे निर्वाचित (सेप्टेम्बर १५, २०१८)
- पुरानो कार्य समितिलाई बिदाइ तथा नयाँ समितिलाई स्वागत कार्यक्रम (अक्टोबर २५, २०१८)
- साहित्यिक कृति अन्तर्क्रिया कार्यक्रम तथा सल्लाहकार एल.बी. क्षेत्री राजेश बुढाथोकी तथा शेखर घिमिरेसँग अन्तरङ्ग कुराकानी । (प्रस्तोता गणेश घिमिरे)
- अनेसास देउसी-भैलो कार्यक्रम
- लक्ष्मीजयन्ती (नोभेम्वर १०, २०१८)

**पर्थबाट २ जना ट्रस्टी सदस्य थप**

- गणेश घिमिरे
- राजेश बूढाथोकी

ooo

# अनेसास एन.एस.डब्लु सिड्नी, अस्ट्रेलियाका गतिविधि

## चर्चित साहित्यकार डा. नवराज लम्सालको अस्ट्रेलियामा काव्ययात्रा सम्पन्न

२५ अगस्त, २०१८ । 'अनेसास काव्य यात्रामा डा. नवराज लम्साल' नाराका साथ अस्ट्रेलियाको साहित्य यात्रामा आएका डा. नवराज लम्सालले ब्रिसबेन, पर्थ, क्यान्बेरा र सिड्नीमा एकल कविता वाचन प्रस्तुत गरेका छन् ।



२०५ औँ भानुजयन्तीको अवसर पारेर अनेसासका विभिन्न च्यापटरहरूले कार्यक्रम आयोजना गरेका हुन् । सिड्नीमा यो कार्यक्रम २५ अगस्त २०१८ मा अनेसास न्यु साउथ वेल्स च्याप्टरद्वारा आयोजना गरिएको थियो ।

प्रत्येक कार्यक्रममा डा. लम्सालले गद्य र पद्य गरी करिब २० भन्दा बढी कविता सुनाएका थिए भने नेपाली साहित्य र साहित्यिक लेखनका विषयमा उनीसँग खुला अन्तर्क्रिया समेत गरिएको थियो । प्रस्ट वक्ताको छवि बनाएका वाकपटुताका धनी लम्सालले जीवनका सारा अनुभव खुलेर बाँड्नुभयो ।

डा. लम्साल गद्य-पद्य दुवै विधाका राम्रा कवि मानिनुहुन्छ र उहाँका करिब तीनसय गीत रेकड भएका छन्, जसमध्ये धेरै गीत चर्चित पनि छन् ।

रेडियो नेपाल र बी.बी.सी.मा रहेर सुविख्यात रेडियोकर्मीको परिचय बताउनु भएका डा. लम्साल विद्वान् सञ्चारकर्मी, देश बुझेको/जानेको र राष्ट्रिय सँस्कृति प्रवर्द्धनका लागि क्रियाशील साहित्यकारको रूपमा परिचित हुनुहुन्छ । उहाँका कर्ण र धरा महाकाव्य सहित ७ पुस्तक प्रकाशित छन् ।

पहिलोपल्ट अस्ट्रेलिया आएका लम्साल आफै पनि खुसी देखिनुहुन्थ्यो तर ठाउँठाउँमा साहित्यिक स्तर माथि उठ्न नसकेकोमा उनको चिन्ता पनि देखिन्थ्यो । डायस्पोराले लेखनका स्तर उन्नतिका लागि धेरै काम गर्नुपर्ने उहाँको सुझाव थियो ।

साहित्यप्रेमी र अस्ट्रेलिया भ्रमणमा रहेका अभिभावकहरूको उल्लेख्य सहभागिता रहेको कार्यक्रममा सहभागीहरूले यस्ता कार्यक्रमले प्रवासी नेपालीलाई मातृभूमिसँग जोड्ने काम गर्ने बताए । विशेषतः लेखन कलाका विषयमा आफूहरू प्रशिक्षित भएको अनुभव सहभागी साहित्यकारहरूले बताएका छन् ।

ब्रिसबेनमा डा. केशव शर्मा, पर्थमा निरज क्षेत्री, क्यान्बेरामा विनायक अधिकारी र सिड्नीमा महेश्वर शर्माले डा. लम्सालको अभिनन्दन गर्नुभयो । लम्सालको उपस्थितिले अस्ट्रेलियाको नेपाली साहित्यमा नयाँ तरङ्ग आएको र अब उच्चस्तरको साहित्यका लागि नयाँ बाटो खुलेको अनेसास सिड्नीका अध्यक्ष महेश्वर शर्माले वताउनुभयो । हृदयले कवि एक सशक्त गीतकार, एक प्रभावशाली सञ्चारकर्मी र एक लेखक डा. लम्सालले सिड्नीमा आयोजना गरिएको कार्यक्रममा जीवनका रोचक अनुभव खुलेर बाँड्नुभयो । सो कार्यक्रममा **कर्ण र धरा** महाकाव्य, गीत, कविता र रेडियो नेपालका बारेमा अन्तर्क्रियासमेत

गरियो । सर्वाधिक रुचाइएको कार्यक्रम मधुवन र सुर-सङ्गमका बारेमा कार्यक्रम सञ्चालनका अनुभव खुलेर बाँड्नुभयो । साथै सो कार्यक्रममा सुशील चालिसेको मुक्तकसङ्ग्रह **गुराँसहरू पलाँसहरू**को लोकार्पणसमेत गरिएको थियो ।

## अनेसास नयाँ कार्य समितिलाई जिम्मेवारी हस्तान्तरण

१९ अगस्त, २०१८ । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) एन.एस.डब्लु. सिड्नी, अस्ट्रेलियाको भर्खरै सम्पन्न अधिवेशनको घोषणाअनुरूप नवगठित कार्य समितिको नामावलीलाई सार्वजनिक गर्दै पुरानो कार्य समितिबाट नयाँ कार्य समितिलाई जिम्मेवारी हस्तान्तरण गरिएको छ, जसअनुसार नवगठित कार्य समितिको अध्यक्षमा महेश्वर शर्मा, उपाध्यक्षमा ममता तिवारी (सापकोटा), महासचिवमा दीपक निरौला, सचिव प्रवीण टण्डन, कोषाध्यक्षमा विष्णु घिमिरे, सदस्यहरूमा मनोज पाण्डे, कृषिका पण्डित, ईश्वर बराल, युवराज अधिकारी, विनोद महर्जन रसाइली, गणेश भट्टलगायत रहनुभएको छ ।

यस्तै सल्लाहकार समितिमा पूर्वअध्यक्षहरू भीमसेन सापकोटा, सानु घिमिरे रहनुभएको छ । सङ्गीत र सांस्कृतिक विभागमा मनोज पाण्डे, सूचना प्रविधिमा प्रवीण टण्डन, जनसम्पर्क अधिकृत ईश्वर बराल रहनुभएको छ । सो अवसरमा निवर्तमान कार्य समितिका अध्यक्ष सानु घिमिरे तथा अनेसास केन्द्रीय समितिका उपाध्यक्ष आचार्य राजन शर्मा (भीमसेन सापकोटा) ले उपस्थितमध्येका



नवनियुक्त पदाधिकारीहरूलाई खादा लगाएर कदर गर्नुभएको थियो भने पुरानो कार्य समितिको योगदानको कदर गर्दै निवर्तमान अध्यक्ष सानु घिमिरेलाई एक सम्मान-पत्र प्रदान गरिएको थियो ।

## 'सुखसूत्र' कृतिको अन्तर्क्रिया सम्पन्न

१९ अगस्त, २०१८ । अन्तर्राष्ट्रिय उत्प्रेरक वक्ता, सकारात्मक सोच अभियन्ता तथा योग र अध्यात्म प्रचारक आचार्य राजन शर्माद्वारा लिखित **सुखसूत्र**को सिड्नीका साहित्यप्रेमीबीच एक बहस र अन्तर्क्रिया भयो । सो आयोजित उत्प्रेरणा कार्यक्रमले दर्शक दीर्घामा एक सकारात्मक तरङ्ग मात्र फैलाएन बरु कहिले उत्प्रेरणाका भनाइ र कहिले निस्कने हाँसोका फोहराले कार्यक्रम अवधिभर सबैलाई आकर्षण गरिरह्यो ।



सोचको शुद्धि, ध्यान, आत्म अवलोकन, आहारविहार र प्रत्याहार शुद्धिका विधि, मस्तिष्क शक्ति बढाउने योग, मुद्रा र हास्यचिकित्सा सो अवसरका आकर्षण थिए । पुस्तक टिप्पणीको क्रममा साहित्यकार मन्जिला उप्रेतीले नेपाली साहित्यमा सकारात्मक सोचको खडेरीलाई चिर्दै एक युगपुस्तक **सुखसूत्र** जन्मिएको भन्दै आज प्रत्येकको विचलित मनलाई एक उत्तम सकारात्मक खुराक पुस्तकको रूपमा आएको चर्चा गर्नुभयो । उहाँले **सुखसूत्र**का केही चर्चित प्रसङ्गलाई समेत वाचन गर्दै उपहारको रूपमा दिन मिल्ने यो पुस्तक समाज रूपान्तरणको कारक बन्न सक्ने धारणा राख्नुभयो ।

## भानुजयन्ती विशेष सम्पन्न

१५ जुलाई, २०१८ । एस.बी.एस. रेडियो तथा अनेसास एन.एस.डब्लु.को संयुक्त आयोजनामा सिड्नीस्थित एस.बी.एस. रेडियोको प्राङ्गणमा भानुजयन्ती विशेष सम्पन्न भयो । भानुजयन्तीको सेरोफेरोमा एस.बी.एस. रेडियोको फेसबुक पेजबाट समेत प्रत्यक्ष प्रसारण गरिएको सो कार्यक्रममा साहित्यकारहरू महेश्वर शर्मा, प्रवीण टण्डन, भीमसेन सापकोटा, सानु घिमिरे र मन्जिला उप्रेतीले रचना सुनाउनुभयो ।



## बालसाहित्य महोत्सव भव्यताका साथ सम्पन्न

२७ मे, २०१८ । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज एन.एस.डब्लु. अस्ट्रेलियाको आयोजनामा सिड्नीमा बालसाहित्य महोत्सव भव्यताका साथ सम्पन्न भएको छ । प्रवासमा रहने पछिल्ला पुस्ता नेपालीभाषी बालबालिकाहरूमा नेपाली भाषा संस्कृति तथा साहित्यप्रति अभिरुचि जगाउने मूल उद्देश्यका साथ बालकविता प्रतियोगिता सहितको 'बालकविता महोत्सव' आयोजना गरिएको हो ।

२७ मे २०१८ आइतबार एस. फिल्डको पोलिस क्लब, ७३ नोर्टन स्ट्रिट, एस. फिल्डमा सम्पन्न सो कार्यक्रममा ५ वर्षदेखि १४ वर्षसम्मका २२ जना सहभागी बालबालिकाहरूले कविता प्रतियोगितमा भाग लिएका थिए । सो प्रतियोगितामा मोनिका काफ्ले प्रथम, विभु सापकोटा द्वितीय र ऋतिका तिवारी तृतीय स्थान हासिल गर्न सफल भएका थिए ।

सो कविता प्रतियोगितामा साहिल कार्की, विजिसा थपलिया, कृष्णा गिरी, आकृति घिमिरे रोज कर्माचार्य, कियोना श्रेष्ठ, मोनिका काफ्ले, रोशनी सापकोटा, सलिका जी.सी., तिप्सु पाण्डे, सुकीर्ति आचार्य, सहज गौतम, दीपेन भण्डारी, दीपेन ढुङ्गेल, आकृति गौतम, प्रीति नेपाल, विवेक दवाडी, ऋतिका तिवारी, सदीक्षा शर्मा, अमरा रिमाल, विनम श्रेष्ठ, विभु सापकोटा गरी २२ जना बालबालिकाहरूले भाग लिएका थिए । प्रथम, द्वितीय तथा तृतीय हुने बालबालिकालाई पुरस्कारसहित



प्रमाण-पत्र र बालसाहित्यको पुस्तक प्रदान गरिएको थियो भने प्रतियोगी सबै बालबालिकाहरूलाई प्रमाण-पत्रसहित बालसाहित्यको पुस्तक प्रदान गरिएको थियो।

मदन पुरस्कार प्राप्त गर्न सफल साहित्यकार मुकुन्दशरण उपाध्यायका सुपुत्र साथै अनेसास एन.एस.डब्लु.का पूर्वअध्यक्ष साहित्यकार महेन्द्र पौडेल सो कार्यक्रममा निर्णायक प्रमुखको भूमिकामा हुनुहुन्थ्यो भने साहित्यकार तथा अनेसास कोलोराडोकी पूर्वअध्यक्ष आचार्य प्रभा तथा वरिष्ठ कृषिविज्ञ तथा प्राज्ञ डा. जगदीश तिम्सिनासहित तीनजनाले निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो ।

ooo

# अनेसास अस्ट्रेलियाको गतिविधि

विगत दुईवर्षदेखि अनौपचारिक रूपमा क्रियाशील अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज क्विन्सल्यान्ड च्याप्टरले २३ मार्च २०१८ मा विधिवत दर्ता भएपश्चात् आफ्नो पहिलो साधारण सभा ११ अगस्त, २०१८ मा सम्पन्न गरेको छ। उक्त साधारण सभाले आगामी दुई वर्षका लागि कार्य समिति गठन गरेको छ। विधानमा भएको व्यवस्थाअनुसार ६ अक्टोबर २०१८ मा बसेको कार्य समितिको बैठकले रिक्त दुई सदस्य पदमा मनोनयन गरेपछि कार्य समितिले पूर्णता प्राप्त गरेको छ। कार्य समितिमा हाल निम्न पदाधिकारीहरू रहनु भएको छ :

| | | |
|---|---|---|
| अध्यक्ष | : | डा. केशव शर्मा |
| उपाध्यक्ष | : | राजन अधिकारी |
| सचिव | : | ईशा शर्मा कोइराला |
| कोषाध्यक्ष | : | विनोदभक्त आचार्य |
| सदस्य | : | मोहन शर्मा काफ्ले |
| सदस्य | : | रीना पराजुली |
| सदस्य | : | गिरीराज खनाल |
| सदस्य | : | राजेन्द्र शर्मा |
| सदस्य | : | आशीष न्यौपाने |

अनेसास क्विन्सल्यान्ड च्याप्टरको आयोजनामा १६ जुन, २०१८ मा ब्रिसबेनमा कवि तथा गीतकार डा. केशव शर्माद्वारा रचित गीत तथा गजलहरूको सङ्ग्रह **सपना हजार**को अस्ट्रेलियाव्यापी सार्वजनिकीरणको कार्यक्रमको आयोजना



गरिएको थियो । कार्यक्रममा **सपना हजार** गीति सङ्ग्रहमा समावेश भएका गीतहरूको विक्रम तिमिल्सिनाले विवेचना गर्नुभएको थियो र साथमा डा. केशव शर्माले आफ्ना रचनाहरू वाचन गर्नुभएको थियो ।

अनेसास क्विन्सल्यान्ड च्याप्टरले ११ अगस्त, २०१८ मा भानुजयन्तीको अवसरमा कवि तथा पत्रकार डा. नवराज लम्सालको प्रमुख आतिथ्यमा एउटा विशेष साहित्यिक कार्यक्रमको आयोजना गरेको थियो । सो कार्यक्रममा नेपाली भाषा र साहित्यमा आदिकवि भानुभक्त आचार्यको योगदानको बारेमा चर्चा गरिनुका साथै



अतिथि कवि डा. नवराज लम्सालले आफ्ना काव्य सिर्जनाहरू वाचन गर्नुभएको थियो । कार्यक्रममा ब्रिसबेनमा रहेका नेपाली साहित्यप्रेमी महानुभावहरूको उत्साहपूर्ण सहभागिता रहेको थियो ।

विगत दुईवर्षदेखि **ब्रिसबेन बिसौनी** शृङ्खलामार्फत् नियमित रूपमा भैरहेको काव्य वाचनको कार्यक्रमको छैठौँ संस्करण पहिलोपल्ट अनेसास क्विन्सल्यान्ड च्याप्टरको आयोजनामा ४ नोभेम्बर, २०१८ मा सम्पन्न भएको छ । यस वर्षको लक्ष्मी जयन्तीको विशेष अवसरमा आयोजित सो कार्यक्रममा १४ जना स्थानीय कविहरूले आ-आफ्ना रचनाहरू वाचन गर्नुभएको थियो । यसप्रकारको कार्यक्रमले सर्जकहरूलाई नियमित रूपमा काव्य रचना गर्न उत्प्रेरित गर्ने र आफ्ना सिर्जनाहरू अरूलाई सुनाउने र अरूका रचनाहरू सुन्ने अवसर प्रदान गर्ने गरेको सहभागीहरूको धारणा रहेको छ र अनेसास क्विन्सल्यान्ड च्याप्टरले यो कार्यक्रम ३/३ महिनामा निरन्तर रूपमा गर्ने प्रतिबद्धता सार्वजनिक गरेको छ ।



ooo

# काठमाडौँमा ११० औँ देवकोटा जयन्ती सम्पन्न

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) ले गत २०७५ कात्तिक १६ गते नेपाल प्रज्ञा प्रतिष्ठानको सभाकक्षमा विशेष साहित्यिक कार्यक्रमको आयोजना गरेर ११० औँ देवकोटा जयन्ती मनायो ।




सो कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ सर्जक चेतन कार्की, साहित्यकारहरू डा. रामदयाल राकेश र तोया गुरुङलाई अनेसास विशिष्ट सम्मानबाट सम्मानित पनि गरियो । यसैगरी राष्ट्रकवि माधव घिमिरे गीत पुरस्कारबाट वरिष्ठ सङ्गीतकार एवम् नेपाल सङ्गीत नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बास्कोटालाई नगद रु. २१,०००।- राशिसहित सम्मान गरियो ।

यसैगरी वरिष्ठ आख्यानकार पद्मावती सिंहलाई नगद रु. ४०,०००।- राशिसहित अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कार प्रदान गरियो । यसैगरी साहित्यकारहरू डा. बेन्जु शर्मा, नरेन्द्रराज पौडेल, मुक्तिप्रसाद उपाध्याय रामजी घिमिरे, शारदा सुवेदी र सागर मुखियालाई जनही २०,०००।- राशिसहित विभिन्न अनेसास उत्कृष्ट पुस्तक पुरस्कारबाट सम्मान गरियो ।

यसैगरी अनेसास नवरत्न सम्मानबाट नगद २०,०००।- राशिसहित वरिष्ठ गीतकार प्राज्ञ उन्नति बोहरा ‘शीला’, हरिदेवी कोइराला, लक्ष्मी माली, मीना के.सी. र सम्पदा मल्ललाई सम्मान गरियो ।

सोही अवसरमा अनेसासका पूर्व अध्यक्ष एवम् बोर्ड अफ ट्रस्टीका उपाध्यक्ष गीता खत्री, सल्लाहकार माया ठकुरी, केन्द्रीय सदस्य सन्ध्या पहाडी, अनेसास आर्थिक समितिका सदस्य अस्मिता सुमार्गी र सांस्कृतिक समितिका संयोजक राजेन्द्र के.सी.लाई अनेसास प्रशंसा-पत्र प्रदान गरियो ।

यसैगरी शब्दपथ, टिभी टुडे, रेडियो हिमालय डट कम, न्युज अभियान डट कम तथा अश्विनी कोइराला, मोहराज शर्मा, डब्बु क्षेत्री, फूलमान बल, ठाकुर

बेलवासे, कृष्ण भूषाल, उमेश पाण्डे र श्याम रिमाललगायतलाई पनि अनेसास प्रशंसा-पत्र प्रदान गरियो। सोही अवसरमा अनेसासका सदस्यहरू डा. लक्ष्मणप्रसाद गौतम, सन्ध्या पहाडी, बाबा बस्नेत, डा. रेणु थापा 'सोलु', राजेन्द्र के.सी., कमला रिसाल वि.के., ऋषि बराल, लकास पौडेल, युवराज नयाँघरे, विष्णु विश्वकर्मालाई अनेसास पाँचौं सम्मेलनमा सहभागी भएवापत प्रमाण-पत्र र मेडल प्रदान गरियो।

कार्यक्रममा अनेसास बोष्टन च्याप्टरले आयोजना गरेको कविता प्रतियोगिताका विजयीहरूलाई नगद रु. २३,२००।- राशिसहित सम्मान गरियो।

सोही अवसरमा विभिन्न सदस्यहरूलाई आजीवन सदस्यताको प्रमाण-पत्र पनि प्रदान गरिएको थियो। अनेसास अध्यक्ष राधेश्याम लेकालीले कार्यक्रमको उद्देश्य र महत्त्वमाथि प्रकाश पार्नुभएको थियो। अनेसास नेपाल च्याप्टरका कार्यवाहक अध्यक्ष प्राज्ञ उन्नति बोहरा 'शीला' को अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा प्रमुख अतिथि चेतन कार्की, माया ठकुरी, सल्लाहकारहरू प्रा. डा. खगेन्द्रप्रसाद लुइटेल, अनेसास बोर्ड अफ ट्रस्टीका उपाध्यक्ष गीता खत्री, सर्जकहरू शम्भुजीत बास्कोटा, तोया गुरुङ, सन्ध्या पहाडीलगायतले आ-आफ्नो मन्तव्य राख्नु भएको थियो।

कार्यक्रममा कवि गीता कार्कीले महाकवि देवकोटाको कविता वाचन तथा गायकहरू विश्व नेपाली, कल्पना दाहालले गीत र नृत्यकार देवु वराको समूहद्वारा नृत्य प्रस्तुत गरिएको थियो।

ooo

# अध्यक्ष लेकालीलाई बधाई तथा सम्मान कार्यक्रम

अनेसास जनकपुर र सर्लाही साहित्य समाजको आयोजनामा अनेसासका अध्यक्ष राधेश्याम लेकालीलाई बधाई तथा सम्मान कार्यक्रमका साथमा रचना वाचन कार्यक्रम २०७५।०८।०८ गते सर्लाहीको चन्द्रनगर गाउँपालिकाको सुन्दर, शान्त, विशाल नाडीमन तालमा सु-सम्पन्न गरियो।

उक्त कार्यक्रमको सञ्चालन अनेसास जनकपुर सचिव मैयाँ लामिछाने र स्रष्टा सरोजकुमारले गर्नुभएको थियो। कार्यक्रममा सभाध्यक्ष अनेसास जनकपुरका तोयाराज घिमिरे, प्रमुख अतिथि प्रदेश सभा सदस्य बेची लुङ्गेली, विशिष्ट अतिथि वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमल, लालबन्दी न.पा.का उपमेयर शान्ता



लामा, वाशुदेवलाल दास (इतिहासविद्), अतिथिमा राजेन्द्र के.सी. अनेसास BOT सदस्य र चलचित्रकर्मी मिथिला, गौरी शङ्करका साहित्य संयोजक धनलाल योञ्जन राजेन्द्र विमल एकेडमीका अध्यक्ष महेन्द्रकुमार मिश्र, सर्लाही साहित्य समाजका अध्यक्ष मीना देवकोटा, साहित्यकार राधा कोइराला, तुलसा भट्टराई रेडियो ढुकढुकी प्रतिनिधि, पत्रकारहरू, मोतीलाल जैन, सर्लाही साहित्य समाज हरिवन शाखा संयोजक घनश्याम पन्त, लालबन्दी बहुमुखी क्याम्पसका अध्यक्ष रेणुकान्त ढुङ्गाना, लालबन्दी जेसिसका संस्थापक मनोज बखेललगायत स्थानीय सङ्घसंस्थाका प्रतिनिधि, बुद्धिजीवी, समाजसेवीको गरिमामय उपस्थिति थियो ।

कार्यक्रममा वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमल र प्रदेश सभा सदस्य बेची लुङ्गेलीको हातबाट अन्तर्राष्ट्रिय साहित्य समाजका अध्यक्ष राधेश्याम लेकालीलाई बधाई तथा सम्मान पत्र प्रदान गरिएको थियो । नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय नारी सम्मेलन सिक्किमसम्म पुऱ्याएको र सहित्यमा गरेको योगदानको कदर गर्दै अनेसास जनकपुर र सर्लाही साहित्य समाजले नीला घिमिरे (धनुषा) राजेश्वरी काफ्ले (सर्लाही), मैयाँ लामिछाने (सिन्धुली), प्रविना पल्लवी (महोत्तरी) लाई सम्मान पत्र प्रदान गरिएको थियो । विभिन्न वक्ताहरूले आफूले साहित्य सिर्जना गर्न नसके नि संरक्षण गर्न सकेको पहल गर्ने प्रतिबद्धता जाहेर गर्नुभएको थियो ।

साथमा ३५ जना स्रष्टाले रचना वाचन गर्नुभएको थियो । सर्लाही साहित्य समाजले 'साहित्य र पर्यटनसँगै' भन्ने मूल नारासहित सुन्दर ठाउँ चन्द्रनगर गाउँपालिकाको नाडीमन तालमा बोटिङसहित साहित्यिक कार्यक्रम सप्पन्न भएको थियो ।

०००

# 'भन्दिनू है बा !' को लोकार्पण

काठमाडौँ, २०७५ पुस १३ गते । अमेरिकाको न्युयोर्कमा बस्दै आउनुभएकी कवि शकुन ज्ञवालीको कवितासङ्ग्रह **भन्दिनू है बा** ! को लोकार्पण नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले गर्नुभयो । कार्यक्रम समितिका उपाध्यक्ष दिव्य गिरीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वाग्मती समितिले आयोजना गरेको सो समारोहमा कुलपति उप्रेती, नेपाल सरकारका सचिव मोहनकृष्ण सापकोटा, अनेसासका केन्द्रीय अध्यक्ष राधेश्याम लेकाली, मानक नेपाली भाषा अभियान अन्तर्राष्ट्रिय सञ्जालका अध्यक्ष प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल, नेपाल स्रष्टा समाजका अध्यक्ष विधान आचार्य, साहित्यकार दामोदर पुडासैनी, गीता मैनाली उपाध्यक्ष गिरीलगायतले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो ।

अनेसास न्युयोर्क च्याप्टरले प्रकाशन गरेको **भन्दिनू है बा** ! कवितासङ्ग्रहबाट केही कविताहरू वाचन पनि गरिएको थियो । साथै सो लोकार्पण समारोहमा गायिका कमला रिसाल वि.के.ले गीत गाउनुभएको थियो भने साहित्यकार सुमन वर्षाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।



सोही समारोहमा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति उप्रेती, प्राज्ञ दिनेशराज पन्त र डा. उषा ठाकुरलाई अनेसासको तर्फबाट बधाई ज्ञापनसमेत गरिएको थियो ।

समारोहमा साहित्यकारहरू ललिता दोषी, सविता गौतम दाहाल, उषा तिवारीलगायतलाई अनेसासको आजीवन सदस्यताको प्रमाण-पत्र पनि प्रदान गरिएको थियो ।

कवि शकुन ज्ञवालीले कविता, मुक्तक, गीत र गजल लेख्नु हुन्छ । उहाँका 'पालुवा' र 'मञ्जरी', 'तिमी र म' जस्ता कविताका कृतिहरू यसअघि नै प्रकाशित भएका छन भने दर्जनौं गीति एलबमहरू पनि निस्किएका छन । उहाँ अनेसास न्युयोर्क च्याप्टरका उपाध्यक्षको जिम्मेवारीमा हुनुहुन्छ ।

ooo

# अनेसास बोर्ड अफ ट्रस्टीको निर्वाचन सम्पन्न, गीता खत्री अध्यक्ष निर्वाचित

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) बोर्ड अफ ट्रस्टिज (बिओटी) को २०१८-२०२२ को नयाँ कार्य समितिको निर्वाचन सम्पन्न भएको छ । परिणामअनुसार अध्यक्षमा गीता खत्री, उपाध्यक्षमा पदम विश्वकर्मा र पुरु सुवेदी, सचिवमा शिव लामिछाने, कोषाध्यक्षमा राम लामा 'अविनाशी', पुरस्कार



समिति अध्यक्षमा डा. गोपी उप्रेती तथा सदस्यमा तीर्थराज अधिकारी निर्वाचित हुनुभएको छ ।

हरेक चार वर्षका लागि हुने कार्य समितिको निर्वाचनमा दुईजना उपाध्यक्ष पदका लागि मात्र निर्वाचन भएको थियो भने अध्यक्षलगायतका बाँकी पदका लागि उम्मेदवारहरूको चयन निर्विरोध भएको थियो ।

अनेसास बोर्ड अफ ट्रस्टी सदस्यहरू संयुक्त राज्य अमेरिका, नेपाल, जापान, अस्ट्रेलिया, कुवेत, इजरायल र म्यानमारमा गरी कुल ६१ जना रहेकामा यसपटकको निर्वाचनमा कुल ५७ मत खसेको थियो ।


नेपालबाहिरका मुलुकमा छरिएका नेपालीहरूका बीच नेपाली भाषासाहित्यको विकास विस्तार गरी नेपाली भाषासाहित्यलाई प्रवासका नेपालीका नयाँ पुस्ताबीच जीवन्त राख्ने भावनाले सन् १९९१ मा होमनाथ सुवेदीको संस्थापक अध्यक्षतामा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको स्थापना संयुक्त राज्य अमेरिकाको वासिङ्टन डी.सी.मा भएको हो । हाल अनेसासका विभिन्न ३० भन्दा बढी देशमा करिब ८० शाखाहरू क्रियाशील छन् ।

अनेसासको इतिहास करीब तीन दशक पुरानो हुनुका साथै अनेकन देशमा धेरै शाखामा विस्तार भइसक्दा पनि केन्द्रीय कार्यालय भवन नभएको अवस्थामा यस कार्य समितिले अनेसासको केन्द्रीय कार्यालय भवन आगामी दुई वर्षभित्रमा अमेरिकामा खरिद गरिसक्ने योजना रहेको कुरा नवनिर्वाचित अध्यक्ष गीता खत्रीले बताउनुभयो ।

साथै उहाँले अनेसासले हरेक दुई वर्षमा वितरण गर्ने अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारको छनौट प्रक्रिया र पुरस्कारको स्तरलाई अझ व्यवस्थित र पारदर्शी बनाउने उद्देश्य रहेको बताउनुभयो । कुराकानीका क्रममा अध्यक्ष खत्रीले निर्वाचनलाई सहज र सौहार्द्रपूर्ण बनाउन भूमिका निर्वाह गरेकामा वर्तमान अध्यक्ष डा श्याम कार्की, उपाध्यक्ष रोहिणी शर्मा, सचिव शिव लामिछाने, पुरस्कार समिति अध्यक्ष सीता पाण्डे, पूर्व केन्द्रीय अध्यक्ष पुरु सुवेदी र पदम विश्वकर्मा, पूर्वकेन्द्रीय महासचिव गोवर्धन पूजालगायतलाई आभार व्यक्त गर्नुभयो । साथै उहाँले अनेसासलाई सधैँ माया गर्ने भीम कार्कीले प्रमुख निर्वाचन अधिकृतको जिम्मेवारी सम्हाल्दै सफल रूपमा निर्वाचन सम्पन्न गराउनु भएकामा कार्की र समितिका सदस्यहरू तीर्थराज पाण्डे तथा वेदराज बस्नेतलाई पनि धन्यवाद व्यक्त गर्नुभयो ।

अनेसासले विभिन्न च्याप्टरहरूमा नेपाली बालबालिकाका लागि नेपाली भाषा पाठशाला सञ्चालनमा ल्याएको छ भने यसको विस्तार गर्ने उद्देश्यसहित नेपाली पाठ्यक्रमसमेत तयार गरिसकेको जानकारी बिओटीमा दोस्रो कार्यकालका लागिसमेत निर्विरोध निर्वाचित सचिव शिव लामिछानेले इनेपलिजलाई बताउनुभयो। सचिव लामिछानेका अनुसार अनेसासको वेभसाइटलाई अरू सूचनामूलक र पठनीय बनाउने योजना पनि यस कार्य समितिले तयार गरेको बताउनुभयो ।

अनेसासको विधानअनुसार बिओटीले अनेसास केन्द्रीय समितिलाई आवश्यक परामर्श दिनुका साथै केन्द्रका गतिविधिलाई अनुगमनकारी भूमिका निर्वाह गर्ने गर्दछ । बिओटीले अनेसास केन्द्रीय कार्य समितिसित अनुगमनकारी भूमिकाका साथ सहकार्य गर्ने कुरा नवनिर्वाचित अध्यक्ष गीता खत्रीले जानकारी दिनुभयो । साथै उहाँले केन्द्रमार्फत् च्याप्टरहरूसमक्ष पुगी च्याप्टरलाई थप सक्रिय बनाउन निरन्तर लागिरहने साथै बिओटीले अन्य नेपाली संस्थाहरूसित सुमधुर सम्बन्ध विस्तार गर्ने जानकारी गराउनुभयो ।



# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)


## नवनिर्वाचित केन्द्रीय कार्य समितिका पदाधिकारीहरु (सन् २०१८-२०२०)



**राधेश्याम लेकाली**
अध्यक्ष



**प्रकाश पौडेल 'माइला'**
वरिष्ठ उपाध्यक्ष



**शान्तिराम ढकाल**
उपाध्यक्ष (अमेरिका)



**भीमसेन सापकोटा**
उपाध्यक्ष (अस्ट्रेलिया)



**निशा अर्याल**
उपाध्यक्ष (एसिया)



**सुनील सङ्गम**
उपाध्यक्ष (युरोप)



**गणेश घिमिरे**
महासचिव



**लालगोपाल सुवेदी**
सचिव



**विकास विष्ट**
कोषाध्यक्ष



**सानु घिमिरे**
सदस्य



**लक्ष्मी राई**
सदस्य



**अग्निप्रसाद पराजुली**
सदस्य

# अनेसास बोर्ड अफ ट्रस्टी


| | | | |
|---|---|---|---|
| १. | गीता खत्री, अमेरिका | - | अध्यक्ष |
| २. | पदम विश्वकर्मा, अमेरिका | - | उपाध्यक्ष |
| ३. | पुरु सुवेदी, अमेरिका | - | उपाध्यक्ष |
| ४. | शिव लामिछाने, अमेरिका | - | सचिव |
| ५. | राम लामा 'अविनाशी', अमेरिका | - | कोषाध्यक्ष |
| ६. | तीर्थराज अधिकारी, अमेरिका | - | सदस्य |
| ७. | डा. श्याम कार्की, अमेरिका | - | सदस्य |
| ८. | रोहिणी शर्मा, अमेरिका | - | सदस्य |
| ९. | वासु सत्याल, अमेरिका | - | सदस्य |
| १०. | होमनाथ सुवेदी, अमेरिका | - | सदस्य |
| ११. | भीमप्रसाद रेग्मी, अमेरिका | - | सदस्य |
| १२. | सुमन तिमिल्सेना, अमेरिका | - | सदस्य |
| १३. | सीता पाण्डे, अमेरिका | - | सदस्य |
| १४. | अच्युत श्रेष्ठ, अमेरिका | - | सदस्य |
| १५. | शिवप्रसाद सत्याल 'पिठ', नेपाल | - | सदस्य |
| १६. | लव गाउँले, नेपाल | - | सदस्य |
| १७. | सरला श्रेष्ठ, अमेरिका | - | सदस्य |
| १८. | तीर्थ पाण्डे, अमेरिका | - | सदस्य |
| १९. | डा. विजय शर्मा, अमेरिका | - | सदस्य |
| २०. | भीम उदास, नेपाल | - | सदस्य |
| २१. | देवमान हिराचन, जापान | - | सदस्य |
| २२. | डा. कुमार बस्नेत, जापान | - | सदस्य |
| २३. | ज्ञानेन्द्र गदाल, अमेरिका | - | सदस्य |
| २४. | होमबहादुर क्षेत्री, कुवेत | - | सदस्य |
| २५. | सतीदेवी थापा, अमेरिका | - | सदस्य |
| २६. | प्रकाश पौडेल 'माइला', जापान | - | सदस्य |
| २७. | दामोदर पुडासैनी, नेपाल | - | सदस्य |
| २८. | प्रकाश नेपाल, अमेरिका | - | सदस्य |
| २९. | गोबर्धन पूजा, अमेरिका | - | सदस्य |
| ३०. | शान्तिराम ढकाल, अमेरिका | - | सदस्य |
| ३१. | एकराज पाण्डे, अमेरिका | - | सदस्य |

| | | | |
|---|---|---|---|
| ३२. | भवन भट्ट, जापान | - | सदस्य |
| ३३. | गुणराज लुइटेल, अमेरिका | - | सदस्य |
| ३४. | निरज छेत्री, अस्ट्रेलिया | - | सदस्य |
| ३५. | भीमसेन सापकोटा, अस्ट्रेलिया | - | सदस्य |
| ३६. | ऋषि ढकाल, अमेरिका | - | सदस्य |
| ३७. | डोनबहादुर कार्की, अमेरिका | - | सदस्य |
| ३८. | बलराम थापा, अमेरिका | - | सदस्य |
| ३९. | रामबाबु पाण्डे, अमेरिका | - | सदस्य |
| ४०. | गोकुल ढकाल, अमेरिका | - | सदस्य |
| ४१. | वेदभक्त जोशी, अमेरिका | - | सदस्य |
| ४२. | रामबाबु पाण्डे, अमेरिका | - | सदस्य |
| ४३. | कृष्णप्रसाद कोइराला, अमेरिका | - | सदस्य |
| ४४. | विष्णुप्रसाद घिमिरे, जापान | - | सदस्य |
| ४५. | खेमनाथ दाहाल, अमेरिका | - | सदस्य |
| ४६. | प्रकाश सुवेदी, अमेरिका | - | सदस्य |
| ४७. | नवराज सिलवाल, नेपाल | - | सदस्य |
| ४८. | ऋषि बराल, नेपाल | - | सदस्य |
| ४९. | सर्वज्ञ वाग्ले, अमेरिका | - | सदस्य |
| ५०. | राधेश्याम लेकाली, नेपाल | - | सदस्य |
| ५१. | राजेन्द्रकुमार श्रेष्ठ, अमेरिका | - | सदस्य |
| ५२. | राजेन्द्र के.सी., नेपाल | - | सदस्य |
| ५३. | उन्नति बोहरा (शीला), नेपाल | - | सदस्य |
| ५४. | निशा अर्याल, इजरायल | - | सदस्य |
| ५५. | दीपा पुन राई, अमेरिका | - | सदस्य |
| ५६. | ममता कर्माचार्य, अमेरिका | - | सदस्य |
| ५७. | गणेश घिमिरे, अस्ट्रेलिया | - | सदस्य |
| ५८. | राजेश बुढाथोकी, अस्ट्रेलिया | - | सदस्य |
| ५९. | ईश्वरीप्रसाद भट्ट, अमेरिका | - | सदस्य |
| ६०. | रमेश कोइराला, नेपाल | - | सदस्य |
| ६१. | लालगोपाल सुवेदी, अमेरिका | - | सदस्य |
| ६२. | दुर्गा दाहाल, अमेरिका | - | सदस्य |
| ६३. | रश्मि भट्ट, अमेरिका | - | सदस्य |

●

## अनेसास केन्द्रीय कार्य समितिका हालसम्मका अध्यक्षहरू

| | |
|---|---|
| • राधेश्याम लेकाली, नेपाल | २०१८-हालसम्म |
| • पदम विश्वकर्मा, अमेरिका | २०१६-२०१८ |
| • पदम विश्वकर्मा, अमेरिका | २०१४-२०१६ |
| • गीता खत्री, अमेरिका | २०१२-२०१४ |
| • ज्ञानेन्द्र गदाल, अमेरिका | २०१०-२०११ |
| • डा. कुमार बस्नेत, जापान | २००८-२०१० |
| • मोहन सिटौला, अमेरिका | २००५-२००८ |
| • डा. दुबसु क्षेत्री, नेपाल | २००४-२००५ |
| • पुरूषोत्तम सुवेदी, अमेरिका | २००२-२००४ |
| • भीम रेग्मी, अमेरिका | २००१-२००२ |
| • सरला श्रेष्ठ, अमेरिका | २०००-२००१ |
| • वसन्त श्रेष्ठ, अमेरिका | १९९७-२००० |
| • अच्युत श्रेष्ठ, अमेरिका | १९९६-१९९७ |
| • किरण ढुङ्गाना, क्यानडा | १९९५-१९९६ |
| • होमनाथ सुवेदी, अमेरिका | १९९१-१९९५ |

## अनेसासको मुखपत्र 'अन्तर्दृष्टि' का प्रधान सम्पादकहरू

| | | |
|---|---|---|
| • पुरुषोत्तम सुवेदी | १९९१-१९९५ सम्म | अमेरिका |
| • लव गाउँले | १९९६-१९९६ सम्म | नेपाल |
| • होमनाथ सुवेदी | १९९७-१९९९ सम्म | अमेरिका |
| • राधेश्याम लेकाली | २०००-२००० सम्म | नेपाल |
| • जय छाङ्छा | २०००-२००१ सम्म | नेपाल |
| • होमनाथ सुवेदी | २००२-२००३ सम्म | अमेरिका |
| • सुमन तिम्सिना | २००४-२००४ सम्म | अमेरिका |
| • ज्ञानेन्द्र गदाल | २००५-२००८ सम्म | अमेरिका |
| • प्रकाश पौडेल 'माइला' | २००८-२०१० सम्म | जापान |
| • राधेश्याम लेकाली | २०१०-२०१२ सम्म | नेपाल |
| • लक्ष्मण न्यौपाने | २०१२-२०१३ सम्म | म्यानमार |
| • सन्ध्या पहाडी | २०१३-२०१६ सम्म | नेपाल |
| • छविरमण सिलवाल | २०१६-२०१८ सम्म | नेपाल |
| • दीप पाठक | २०१८-हालसम्म | जापान |

# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)

## बोर्ड अफ ट्रस्टी (BOT) को नवनिर्वाचित कार्य समिति




**गीता खत्री**
अध्यक्ष



**पदम विश्वकर्मा**
उपाध्यक्ष



**पुरु सुवेदी**
उपाध्यक्ष



**शिव लामिछाने**
सचिव



**राम लामा 'अविनाशी'**
कोषाध्यक्ष



**प्रा.डा.गोपी उप्रेती**
अध्यक्ष : पुरस्कार समिति



**तीर्थ अधिकारी**
सदस्य

# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
# International Nepali Literary Society (INLS)

## अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन
## सम्पन्न भएका स्थान, मिति र संयोजकहरू

**१. पहिलो अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन**

१५-१६ अगस्ट, २००९, न्युयोर्क, अमेरिका

संयोजक - **भारती गौतम**



**२. दोस्रो अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन**

२६-२८ अगस्ट, २०११, लन्डन, बेलायत

संयोजक - **जया लक्ष्मी राई**



**३. तेस्रो अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन**

३० नोभेम्बर-१ डिसेम्बर, २०१३, वासिङ्टन डि.सी., अमेरिका

संयोजक - **सीता पाण्डे**



**४. चौथो अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन**

१८-२२ सेप्टेम्बर, २०१५, टोक्यो, जापान

संयोजक — **प्रकाश पौडेल 'माइला'**



**५. पाँचौं अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन**

९-१० सेप्टेम्बर, २०१७, पर्थ, अस्ट्रेलिया

संयोजक — **गणेश घिमिरे**

